भाद्र १ को संझौता - यसको अन्तरकथा र चिरफार

# मूल्याङ्कन

मूल्य रु. १२/-

विचार अन्तर्क्रियामुखी मासिक

वर्ष ११, अंक १४



## प्रलयंकारी बाढी:

कुलेखानी
र वागमती बाँध
कति जिम्मेवार ?

## बाढी प्रकोपको यो भयानक रुप

वास्तवमा भयो कसरी ?

## बरहथवा गोली काण्ड: अन्तरंग रिपोर्ट

# NEPAL GRINDLAYS BANK

CONNECTING THE ANZ GROUPS EXTENSIVE INTERNATIONAL
NETWORK WITH IT'S GROWING NATIONAL PRESENCE IN NEPAL

## NEPAL GRINDLAYS BANK

ACROSS THE GLOBE - AROUND THE NATION
BRINGING INTERNATIONAL STANDARD BANKING
SERVICES TO THE KINGDOM OF NEPAL.

" THE BETTER BANK "

MEMBER ANZ GROUP



यस भित्र


# मूल्याङ्कन

(विचार-अन्तर्क्रियामुखी मासिक)

वर्ष : ११ पूर्णाङ्क १४
२०५० भाद्र-आश्विन



**संरक्षक**
डा. मथुराप्रसाद श्रेष्ठ

**सल्लाहकार**
डा. कमलकृष्ण जोशी
डा. कृष्णबहादुर थापा
खगेन्द्र संग्रौला
चन्द्रराज ढुंगेल
डा. चैतन्य मिश्र
डी.आर. पोखरेल
पद्मरत्न तुलाधर
डा. भरत प्रधान
डा. महेश मास्के
महेश्वरमान श्रेष्ठ
प्रा. हर्षनारायण धौभडेल

**प्रधान सम्पादक**
श्याम श्रेष्ठ

**कार्यकारी सम्पादक**
हरिगोविन्द लुइटेल

**सह-सम्पादक**
राजेन्द्र महर्जन

**व्यवस्थापक**
श्याम खड्का

**व्यवस्थापन सहयोगी**
वेख बहादुर महर्जन



अन्तर्क्रिया प्रकाशन (प्रा.) लि.का लागि सुवास श्रेष्ठद्वारा प्रकाशित

**सम्पर्क कार्यालय**
**"मूल्यांकन" मासिक**
अन्तर्क्रिया प्रकाशन (प्रा.) लि.
न्यूसाल, फोर्छें, ख-२,२३७
काठमाडौं- २३
फोन २१३६९४
पो.व.नं. ३०२६ काठमाडौं


प्रलयंकारी बाढी:



बाढी प्रकोपको यो भयानक रुप

## वास्तवमा भयो कसरी ?

**कुलेखानी र बागमती- बाँध कति जिम्मेवार ?**

**सीमा क्षेत्रको भारतीय छेका- बाँधको भूमिका कति ?**

*पानीको फोक्कादेखि गोलीको चोटसम्म (सर्लाहीको चिठी)*
*बरहथवा गोली काण्ड : अन्तरंग रिपोर्ट*
*राहत: दायित्व कि दया ?* ३४

## भाद्र १ को संझौताको चिरफार



**क. मोहनविक्रम सिंह, क.शंभुराम श्रेष्ठ, क.कृष्णदास श्रेष्ठ, क. रोहित, क.माधव नेपाल एवं क. बाबुराम भट्टराईद्वारा व्यक्त संझौताको अन्तरंग स्थिति र यसबारेका विचारहरु** ५

१० लाख कम्युनिष्टहरुको आम हत्यापछि
## इण्डोनेशियामा कम्युनिष्ट आन्दोलन कस्तो छ ? १४

**हास्य-व्यंग्य कलाकार**
*साम्दे शेर्पा संग साक्षात्कार/२६*

पूर्वी यूरोपीय मुलुकहरुमा वजार अर्थतन्त्रले पारेको बेहाल
जो फेरि कम्युनिज्म चाहन्छन्
यूरोपीय कम्युनिष्ट पार्टीहरुको हालखवर

खगेन्द्र संग्रौलाको आलोचनाप्रति प्रज्ञानरत्नको प्रतिकृया २०





**हाम्रो मूल्यांकन**
अहिलेको वाम कार्यनीति के हुनु पर्छ ?/४
**घटना प्रवाह**
-क. गन्जालोलाई मृत्यु दण्डको संभावना /१२
क. मदन, आश्रितको भिसेरा रिपोर्ट /४६
खेतानको गिरफतारी /४६
**नीति/ संस्कृति**
जव नेताहरुलाई एकता घांडो लाग्न थाल्छ
-चन्द्रदेव नेपाली/२३
**अर्थतन्त्र**
आर्थिक उदारवादले नेपाललाई कता लादैछ ?
- गोविन्दप्रसाद लोहनी /३२
**आँखी-झ्याल**
चीनका गाउंहरुमा हालैको किसान विद्रोह
- किरणप्रकाश श्रेष्ठ/ १९
पूंजीवादी मुलुकको विदेशी ऋण /१९
सि.आई.ए.का गोप्य कारवाहीहरु/३२
**विज्ञान / प्रविधि**
आखिर बाढी कसरी आउंछ ?
-डा. नारायण पोखरेल /३३
**मनोविज्ञान**
हामी कसरी हीन भावनाको शिकार हुन्छौ ?
-डा. करुणा वन्त/३०
**पर्दा/रंगमंच**
फिल्म "संपत्ति" /२४
गाईजात्रा कार्यक्रम /२९
उत्पल दत्तको शव रातो झण्डामा/२५
**साहित्य**
कविता: रक्त-पत्र
-विमल निभा/२५
कविता: गंहु गोरो अफ्रिका
-आहुती/२५
गाईजात्रे पत्रिकाहरु/२९
**विविध**
सात वाम पार्टीहरुका मागहरु/६
एमाले - कांग्रेस सहमतिका बुंदाहरु /७
माओको भाषण डिस्कमा /१५
बाढी पहिरो पीडितहरुको तथ्यांक/ ४४
**पाठकको कुरो**/४६



आवरण फोटो : बाढीको निर्मम शिकार भएका सर्लाहीका जनताहरु:/ फोटो ग्राफर: डी.एन. राय / आवरण कला: सोम राई / कलर स्क्यानिङ: प्रिज्म कलर ल्याव, कुलेश्वर
**कम्प्युटर सेटिङ : मल्टी च्यानल कम्प्युटर, बागबजार** कला: दिलीप महर्जन: संघराम महर्जन (आर्ट कन्सर्न,कीर्तिपुर)

# प्रतिकूलतालाई अनुकूलतामा बदल्न अहिलेको वाम कार्यनीति के हुनुपर्छ ?

भाद्र १ को संझौतापछि आन्दोलनकारी बाम शक्तिबीच बिभेद पैदा भएको छ । यस्तो बिभेद पैदा गर्नु जन-आन्दोलनको व्यापकताको कारणले अत्यन्त संकटग्रस्त भैसकेको नेपाली कांग्रेसको कार्यनीतिक लक्ष्य नै थियो । तथापि यो लक्ष्य उसले यति राम्ररी र सस्तो मूल्यमा पूरा गर्न सक्नुमा अरु कोही जिम्मेवार छैन , हामी आन्दोलनकारी शक्ति आफै यसका लागि जिम्मेवार छौं ।

यसका लागि हाम्रो सुधारवादी चिन्तन जिम्मेवार छ, जसले हामीलाई जन-आन्दोलनको बाटोबाट निर्वाचित तानाशाहलाई फाल्नु हुन्न, यसका लागि फगत संसदीय बाटो मात्रै अप्नाउनु पर्छ भन्ने अत्यन्त आपत्तिजनक कांग्रेसी सिद्धान्त स्वीकार्न प्रेरित गर्‍यो । यसका लागि हाम्रो आफ्नो स्वार्थलाई धुरी मान्ने स्वार्थपरक प्रवृत्ति र जनताको संकटग्रस्त शत्रुसित पनि निर्णायक घडीमा शान्ति सुलह खोज्ने उदारवादी प्रवृत्ति जिम्मेवार छ, जसले हामीलाई एक्लै संझौता गर्न उत्प्रेरित गर्‍यो । अर्कातिर, यसका लागि "पहिले मित्रले गल्ती नै गरोस्, अनि उसको भण्डाफोर गरौंला" भन्ने गैरजिम्मेवार मानसिकता र उद्देश्यको गंभीरताबिना एवम आवश्यक तम्तयारीबिना नै शत्रुका विरुद्ध युद्धको घोषणा गर्ने हचुवा देखे प्रवृत्ति पनि जिम्मेवार छ, जसले हामीलाई आन्दोलनका सीमित उपलब्धिमाथि पनि आँखा चिम्लनतिर र आधा मनको र बेतयारीपूर्ण आन्दोलन गर्नतिर डोर्‍याइरहेछ ।

यो विभेदले नेपाली कांग्रेसलाई चारैतिरबाट फाइदै फाइदा भएको छ । जन-आन्दोलनको व्यापकताबाट गिरिजा सरकार अत्यन्त संकटग्रस्त भै सकेको थियो । ऊ जनताको शक्तिबाटै सत्ताच्यूत हुने संभावनाको संघारमा पुगिसकेको थियो तर संझौतापछिको बिभेदबाट उसको यो संकट अहिलेलाई टरेको छ । उसले अब आन्दोलनकारी शक्तिकै उर्जा खर्च गरेर आफ्नो निकटतम प्रतिद्वन्द्वीलाई जनसमुदायको आँखाबाट गिराउने मौका भेट्टाएको छ । सहमति र संझौतालाई कार्यान्वयन गर्न आलटाल गर्ने निहुं पनि उसले अहिले फेला पारेको छ । आन्दोलन कसैले चर्काइहालेमा फूटको मौका प्रयोग गरी छानी छानीकन खास खास वाम समूहमाथि दमन गर्ने चोर-ढोका पनि उसले अहिले प्राप्त गरेको छ । त्यसैले यही बिभेद चर्काउने लक्ष्य पूरा गर्न कहिल्यै विपक्षका कुरा संचार माध्यममा प्रमुखताका साथ प्रचार नगर्ने गिरिजा सरकार संझौतापछि भने धुँवाधार प्रचार गर्न उद्दत देखिएको छ ।

आन्दोलनकारी वाम शक्तिको विडम्वना के हो भने- शत्रुले जन-आन्दोलनको तागत बुझ्यो, तर आन्दोलनकारी शक्ति आफैंले आफ्नो आन्दोलनको सामर्थ्य बुझेन । शत्रुले वामशक्तिको एकताको महत्व बुझ्यो, तर वाम शक्ति आफैंले बिभेदको परिणाम बुझेन ।

जन-आन्दोलनको गिरिजालाई पदच्यूत गर्ने सामर्थ्य कृष्णप्रसाद र गणेशमानहरुले प्रष्टै देखे । त्यो नदेखेका भए गिरिजालाई संसदीय बाटोबाट पदच्यूत गर्ने मौखिक वचन कदापि दिइन्नथ्यो । त्यो संभावना प्रष्ट देखेपछि उनीहरुले चलाखीपूर्ण दाउपेच अप्नाए - वाम शक्तिबीच बिभेद ल्याएर सके पदच्यूतकै संभावना पनि टार्ने, नसके कमसेकम जनशक्तिबाटै पदच्यूत भएको नदेखाउने । त्यसैले त उनीहरुले सात वाम शक्तिको मोर्चा हुँदाहुँदै फगत एउटासित वार्ता गर्ने र संझौता गर्ने कार्यनीति अप्नाए । र कमसेकम नोक्सानीमा संझौता गर्न सफलता पनि प्राप्त गरे ।

यसरी घटना क्रमले देखाएको छ - प्रतिक्रियावादीहरु आफ्नो लक्ष्यमा जति प्रतिवद्ध र प्रष्ट छन्, त्यति वाम शक्ति देखिएका छैनन् । निर्णायक बेलामा दिशाहीनता, गैर जिम्मेवारपन, स्वार्थपरकता र शत्रुप्रतिको उदारता नेपाली वाम आन्दोलनको मुख्य रोग देखिएको छ । यही रोगका कारणले हरेक पटक ऐजन ऐजन घडीमा जनताका शत्रुहरु आफ्नो संकट व्यवस्थापन गर्न समर्थ भइरहेछन्।

यस पटकको संझौतामा केही उपलब्धि भएका छैनन्- वास्तविकता यो पनि होइन । वास्तविकता के हो भने, जन-आन्दोलनकै तागतले यस पटक यही संझौतामा पनि केही महत्वपूर्ण माग पूरा गर्न कांग्रेस बाध्य भएको छ । तर जन-आन्दोलनको सामर्थ्य यस पटक निर्णायक उपलब्धि हासिल गर्ने ल्याकतको थियो । संझौतामा मुख्य गल्ती यसैमा भएको हो । जन-आन्दोलनबाटै गिरिजा सरकारलाई पदच्यूत गर्न सकिएको भए जनताको शक्तिको सर्वोच्चताको प्रजातान्त्रिक सिद्धान्त स्थापित हुन्थ्यो । नेपाली कांग्रेसको मनपरीतन्त्र, भ्रष्टता र तानाशाहीमाथि जनशक्तिको नियन्त्रण कायम गर्न एक हदसम्म सफलता प्राप्त हुन्थ्यो । यो मौका उम्क्यो, गल्ती यसैमा भएको हो ।

प्राकृतिक प्रकोप गिरिजा सरकारको निम्ति आन्दोनलको धार भुत्ते पार्ने औजार बन्न सक्यो । राहत कार्यमा भइरहेको व्यापक भ्रष्टाचार, कांग्रेसीकरण र हेलचक्र्याइँलाई विषयवस्तु बनाएर संयुक्त वाम-राहत- आन्दोलन चलाउन सकिएको भए राहत कार्य स्वयम आन्दोलनको औजार बन्न संभव थियो । तर एक्लै जस लिने स्वार्थपरक प्रवृत्तिले हामीलाई संयुक्त रुपमा राहत आन्दोलन चलाउन छेक्यो ।

अहिले सडकमा आन्दोलन चल्दैछ । आन्दोलनको मुख्य माग नै पूरा हुन बाँकी स्थितिमा आन्दोलन चलाउनु अपरिहार्य थियो । तर अहिलेको आन्दोलनको विसंगति के छ भने, आन्दोलनकारी शक्तिमा चलाइरहेको आन्दोलनप्रति प्रतिवद्धता र उद्देश्यको गंभीरता देखिन्न । एक्लो समूहले कार्यक्रम गर्दा जति कार्यकर्ता शक्ति यसअघि मैदानमा परिचालित देखिन्थे, त्यसको आधा कार्यकर्ता शक्ति पनि चार समूहको संयुक्त कार्यक्रममा परिचालित भएको देखिन्न, आम जनसमुदाय परिचालित गर्ने त टाढैको कुरा रह्यो । आन्दोलन लक्ष्य प्राप्त गर्ने नियतले कम, भण्डाफोर मात्र गर्ने नियतले बेसी भइरहेको देखिन्छ । जहाँ पनि लक्ष्यहीन र आधा मनको संघर्षले नोक्सानी सिवाय केही गर्दैन । यसले जनतालाई निराश पार्छ र शत्रुको मनोबल चाहिं बढाउँछ ।

आन्दोलन गरिनु पर्छ, तर लक्ष्यको प्रष्टता र दृढताकासाथ, उद्देश्य हासिल गर्ने प्रतिवद्धता र आन्दोलन कुन लक्ष्यसम्म कसरी पुर्‍याउने भन्ने दिशाको स्पष्टताको साथ । सही कार्यनीति भनेको त्यो हो, जसले दुश्मनलाई पहिलेभन्दा कमजोर र एक्लो बनाउँछ र उसको उद्देश्यमा विफल बनाउँछ । हाम्रा काम कार्बाहीहरुले घुमाई फिराई शत्रु झन मजबूत र आफ्नो दाउपेचमा सफल बनेको छ भने ठान्नुपर्छ - हामी गलत कार्यनीति अप्नाउँदैछौं ।

संझौताले ल्याएको बिभेद र आधा मनको संघर्षले अहिले शत्रुलाई मजबूत पार्ने र उसको उद्देश्यमा सफल बनाउने कार्य मात्र गरिरहेको देखिन्छ ।

यस हिसावले अहिले चलिरहेको आधा मनको संघर्ष स्थगित गर्नु उचित छ । केही समयपछि उल्लिखित दोषहरु हटाएर पूरा तयारीका साथ फेरि आन्दोलन उठाउनु जरुरी छ । एउटा आवश्यक तयारीको समयावधि राखेर अहिले नै अल्टीमेटम तिथि घोषणा गर्ने र त्यतिञ्जेल पनि भएका सहमति संझौता र पूरा गर्न बाँकी सबै माग पूरा नगरेमा फेरि आन्दोलन शुरु गर्ने कार्यनीति यतिखेरको साझा सहमतिको विषय हुन सक्छ । यो कार्यनीति अप्नाइएमा नेपाली कांग्रेसलाई पूरा गर्न बाँकी माग पूरा गर्न र भएका सहमति संझौता लागू गर्न सशक्त जनदवाव पनि परिनै रहने छ । संझौताकारी पक्षलाई सहमति संझौता लागू गर्न आन्दोलनले बाधा दियो भन्ने ठाउँ पनि बाँकी रहने छैन र ने.का. फेरि एक्लो पर्नेछ । उसको "फुटाऊ र शासन गर"को दाउपेच विफल हुनेछ, अहिलेको प्रतिकूलता अनुकूलतामा बदलिनेछ । ●

## आन्दोलनरत ४ वामपन्थी पार्टीहरु

- संयुक्त जनमोर्चा नेपाल
- ने.क.पा. मसाल
- नेपाल मजदूर किसान पार्टी
- ने.क.पा. मालेमा

## आन्दोलनका कार्यक्रमहरु

- असोज ४ गते सम्म
  - स्थानीय स्तरका कार्यक्रमहरु
- असोज ४ गते साँझ
  - देशव्यापी मशाल जुलूश
- असोज ५ गते
  - "नेपाल बन्द"

यस अंकका केही फोटोहरु उपलब्ध गराई दिनु भएकोमा "प्रकोप रोकथाम तथा व्यवस्थापनको निम्ति स्वास्थ्यकर्मीहरु" र विश्वभूमि दैनिकलाई हार्दिक धन्यवाद ।

# आन्दोलनको सामर्थ्य

# आन्दोलनको दुश्मनले बुझ्यो; आन्दोलनकारी शक्ति आफैंले भने बुझेन

## भाद्र १ को संझौताको चिरफार

**- श्याम श्रेष्ठ**

हरेक संघर्षको मैदानमा संझौताको संभावना हुन्छ । संझौता भनेको संघर्षरत शक्तिहरुको सीमाहरुको मिलन विन्दु हो । प्रत्येक संघर्षरत शक्तिको सामर्थ्यको सीमा हुन्छ । जब संघर्षरत शक्तिले आफ्नो सामर्थ्यको सीमालाई तौलँदा महशूस गर्छ कि यहाँभन्दा अगाडि बढ्दा उसले पाउने कुराभन्दा गुमाउने कुरा बेसी हुन्छ, ऊ केही नोक्सानीको शर्तमा पनि संघर्ष त्यही विन्दुमा स्थगन गर्नु बुद्धिमानी ठान्दछ। जुन विन्दुमा आफ्नो सामर्थ्यको सीमालाई बुझेर संघर्षरत सबै शक्तिहरु केही गुमाउने शर्तमा पनि उपलब्ध कुराहरु जोगाउन सहमत हुन्छन्, त्यहाँ संझौता हुन्छ । आफ्नो सामर्थ्य बेसी छ र संघर्षबाट पाउने कुराहरुको संभावना पनि बेसी छ भनेर महशूस गरुन्जेल कोही संझौता गर्दैन । संझौताको पहल हमेसा त्यसैले गर्छ, जसले आफ्नो सामार्थ्यको सीमा आँक्छ र त्यो भन्दा अघि बढ्दा बेसी नोक्सानी हुने संभावना देख्छ ।

आफ्नो सामर्थ्य बेसी छ, तथापि त्यसको सही मूल्याङ्कन नगरेर शत्रुको प्रचार जालोमा फँसेर कोही संझौताको निम्ति हतारो गर्छ भने- त्यो गल्ती हुन्छ । त्यो दायाँ गल्ती हो । आफ्नो सामर्थ्यको सीमा प्रष्ट भईसक्यो, तथापि अघि बढ्दा बेसी नोक्सानी हुने शर्तमा पनि सघर्ष जारी राख्ने काम कसैले गर्छ भने त्यो पनि गल्ती हुन्छ । त्यो बायाँ गल्ती हो ।

यी दुवै खालका गल्तीहरु संघर्षको मैदानमा हुने गर्छन् । तर दुवै गल्तीको स्रोत एउटै हो -आफ्नो र शत्रुको शक्तिको अयथार्थवादी मूल्याङ्कन । स्थितिको मनगढन्त मूल्याङ्कन ।

यो गल्तीबाट बच्न संघर्षशील शक्तिले हरहमेशा र लगातार आफ्नो र शत्रुको शक्तिको यथार्थसम्मत मूल्याङ्कन गरिरहनु पर्ने हुन्छ । स्थितिको विचारै नगरी अन्धतामा संघर्ष हाँक्नु उत्तिकै गल्ती हुन्छ, जति अन्धतामा संझौता गर्नु ।

### आन्दोलनको विशेषता र सामर्थ्य

यस पटको जन-आन्दोलनमा संझौताको पहल नेपाली कांग्रेस र गिरिजा सरकारलें नै गर्‍यो । यस्तो उसले किन गर्‍यो भने - उसले जनआन्दोलनको सामर्थ्य बेसी देख्यो र त्यसको तुलनामा आफ्नो सामर्थ्यको सीमा पनि प्रष्टै तवरले आँक्यो ।

यस पटकको जन आन्दोलनका केही छुट्टै विशेषताहरु थिए, जुन २०४६ सालको जन-आन्दोलनमा पनि थिएन । यस अघि वर्षा मासमा नेपालमा आन्दोलन शिथिल हुन्थ्यो । यो नेपालको इतिहासमै पहिलो पटक थियो कि वर्षाको याममा पनि यति व्यापक जन-आन्दोलनको उभार देखियो । २०४६ सालको जन आन्दोलनमा व्यापक जन-सहभागिता चैत्र १६ गते पछि मात्र देखिएको थियो । तर यस पटक आन्दोलनको शुरुदेखि नै जन आन्दोलनमा आम जन-साधारणको स्वस्फुर्त सहभागिता व्यापक रुपमा



देखियो । २०४६ सालमा जन-आन्दोलन देशको कुना कुनामा फैलिएको थिएन । यस पटकको आन्दोलनको एउटा विशेषता के देखियो भने- देशका अधिकांश भाग आन्दोलित भए । २०४६ सालमा वाम शक्तिहरु दुई मोर्चामा विभाजित थिए तर यस पटक सबैजसो वाम शक्तिहरु एउटै थलोमा एकताबद्ध थिए, जसले आम जनतामा शक्ति सञ्चार गरिरहेको थियो । आन्दोलनका सम्पूर्ण कार्यक्रम सफल र प्रभावकारी भईरहेका थिए । आषाढ २० को "नेपाल बन्द" र श्रावण ४ र ५ को "चक्काजाम" कार्यक्रमको अपार सफलताले नेपाली कांग्रेसको मनोवल निकै गिराईसकेको थियो ।

त्यसो त गिरिजा सरकारले यस पटक पनि मरीचमान शैलीमा आन्दोलनको शुरुदेखि नै जनहत्या गरेर आन्दोलनकारी शक्तिहरुलाई तर्साउने प्रयत्न नगरेको होइन । तर प्रत्येक जन-दमनले आन्दोलनको ज्वारभाटा सेलाउनुको बदला अरु तेजिलो र जनव्यापी बन्यो । उसले पश्चिमा साम्राज्यवादी शक्तिहरुलाई गुहारेर आन्दोलनकारी शक्तिलाई तर्साउने प्रयत्न पनि नगरेको होइन । अमेरिकी र भारतीय राजदूत त कुटनैतिक मर्यादा नाघेर प्रत्यक्ष रुपमा धम्की दिन नेकपा (एमाले) केन्द्रिय कार्यालयमा समेत पुगेका थिए । तर यसको फल पनि आम रुपमा नकारात्मक निस्कियो ।

गिरिजा सरकारले सैनिक दमनको निम्ति दरवारलाई पनि सहमत गराउन नखोजेको होइन । तर २०४६ सालकै जन-आन्दोलनबाट उतर्सिएको दरवारले फेरि मैदानमा उत्रेर जन आक्रोशको शिकार हुने आँट यस पटक गरेन ।

श्रावण ५ र ६ गते भएको प्राकृतिक प्रकोपले आन्दोलनको घोषित कार्यक्रम केही समय स्थगित गर्नु पर्ने स्थिति त ल्यायो, तर प्राकृतिक प्रकोपको बेला उद्धार कार्यमा देखिएको सरकारी असक्षमता, पक्षपात र भ्रष्टाचार आफैं आन्दोलनको विषय बन्न सक्थ्यो । प्राकृतिक प्रकोप आन्दोलनको वाधक नभएर साधक हुन सक्थ्यो । यसको लागि जरुरी कुरा थियो - वाम शक्तिको तर्फबाट प्रतिबद्धतापूर्ण उद्धार कार्य, उद्धार कार्यमा पनि संयुक्त वाम नेतृत्वको स्थापना र दुश्मनका सारा गलत काम कार्वाहीको भण्डाफोर गर्ने कार्यनीति । यस्तो गर्न सकिएको भए आम जनताले आपदको बेला आफ्नै अनुभूतिले वाम शक्तिको उच्चता र नेपाली कांग्रेसको नीचता महशूस गर्थे नेपाली कांग्रेसको वास्तविक चरित्र अरु थप जन समुदायमा उदांगिन्थ्यो । र, नेपाली कांग्रेस फेरि पनि जन-आक्रोशको शिकार बन्थ्यो ।

तर एक्लै जस लिने मानसिकता, शत्रुप्रति उदार दृष्टिकोण र आन्दोलनप्रति गहीरो प्रतिबद्धताको कमीले गर्दा यो कार्यनीति अप्नाउँदैअप्नाइएन । आन्दोलनको दुश्मनसित मिलेर संयुक्तउद्धार समिति बनाउन संभव भयो, तर संयुक्त वाम उद्धार समिति बनाउन संभव भएन । असंगठित र असंयोजित रुपमा एक्ला एक्लै उद्धार कार्यकालागि जाने कार्य भयो र राहत कार्यमा दुश्मनका बेठीकहरुको भण्डाफोर त अत्यन्त थोरै मात्र भयो । यसले गर्दा प्राकृतिक प्रकोप संकटग्रस्त दुश्मनको निम्ति चाहिं राहत हुन सक्यो । सही दाउपेच अप्नाइएको स्थितिमा यो आफै आन्दोलनको साधक हुन सक्थ्यो।

यी सबै स्थितिको परिप्रेक्ष्यमा यस पटक जन-आन्दोलनले घोषित माग पूरा गराउने सामर्थ्य राख्दथ्यो । त्यसैले, गिरिजा सरकार संझौताको निम्ति व्यग्र भएको थियो । जन संघर्षको मैदानबाट गिरिजा सरकारलाई पदच्यूत गर्ने संभावना प्रष्ट नदेखिएको भए कांग्रेसी नेतृत्व अघोषित र अलिखित रुपमा गिरिजाको राजीनामा गराउने सवालमा कदापि सहमत हुने थिएन । चतुर शत्रुहरु संघर्षको मैदानमा जे कुरा स्पष्टत: गुम्ने संभावना हुन्छ वा गुमिसकेको हुन्छ, त्यही कुरा वार्ताको टेवुलमा इज्जतसाथ गुमाउन तयार



यो सफल "बन्द" को उपलब्धी के भयो त ?

हुन्छन् र संझौता गर्छन् । र यसरी अरु थप धेरै कुरा गुम्ने संभावनाबाट आफूलाई बचाउँछन् ।

तर यस पटकको आन्दोलनको एउटा ठूलो विसंगति के भयो भने-दुश्मनले जन-आन्दोलनको सामर्थ्य राम्ररी बुझ्यो । तर आन्दोलनकारी शक्ति आफैंले आफ्नो आन्दोलनको सामर्थ्य सही तवरले बुझेन । आन्दोलनकारी शक्ति यस पटक गिरिजाको राजिनामा सहित अधिकतम कुरा आन्दोलनबाट लिन सक्ने ताकतमा थियो । तर आफ्नो शक्तिकै सही विश्लेषण नहुनाले र त्यसमा भरोसा नहुनाले संझौतामा उसले न्यूनतम कुरा मात्र प्राप्त गर्न सक्यो । र , त्यसैलाई ठूलो उपलब्धी ठान्ने मनस्थितिमा रह्यो ।

हो, विगतमा भएका थुप्रै उपलब्धीशून्य र असफल जन-आन्दोलनका तुलनामा दाँज्ने हो भने त यस पटकको यो उपलब्धी पनि ठूलै ठहरिन सक्छ । किनकि शून्यको तुलनामा २० वा ३० पनि निकै ठूलो अंक हुन सक्छ । तर हरेक आन्दोलनको उपलब्धीको मूल्याङ्कन त्यस आन्दोलनको वास्तविक सामर्थ्यको दाँजोमा गर्नु मात्र सही मूल्याङ्कन हुन सक्छ । ९०-१०० उपलब्धी हुने सामर्थ्य छ, तर ५० मात्र प्राप्त भयो भने त्यो उपलब्धिलाई के भन्ने ? यस पटकको जन-आन्दोलनमा यस्तै भएको छ । उपलब्धि अवश्यै भएको छ । तर सामर्थ्यको तुलनामा नितान्त थोरै ।

## दुश्मनको दाउपेंच

जन आन्दोलनको सामर्थ्य श्रावण ४ र ५ को "चक्काजाम" कार्यक्रमबाटै प्रष्ट भईसकेको थियो । यो राम्ररी बुझेको गिरिजा सरकार र पश्चिमा साम्राज्यवादले सकेसम्म छिटो र न्यूनतम नोक्सानीमा आन्दोलनलाई संझौतामा टुग्याउन दुई वटा कार्यनीति अप्नायो ।

पहिलो, मुख्य आन्दोलनकारी शक्तिलाई बाँकीबाट अलग्याउने र टुक्र्याउने कार्यनीति । दोश्रो, निर्वाचित सरकारलाई जन आन्दोलनबाट फाल्न् हुन्न भन्ने कुरामा मुख्य शक्तिलाई सिद्धान्ततः सहमत गराउने कार्यनीति ।

यी दुबै दाउपेंचमा उनीहरु सफल भए । र, यो सफलताको लागि मलिलो जग्गा हामी आफैंले दियौं ।

सारा जस एक्लै लिने र मूल शक्ति आफैं हो भनेर प्रदर्शित गर्ने हाम्रो अहंकारजन्य व्यक्तिवादी मानसिकताले हामी एक पक्षलाई एक्लै वार्तागर्ने र संझौता गर्ने दिशामा डोऱ्यायो । जब संयुक्त मोर्चाको पद्धति र संस्कृति विपरीत एक्लै संझौता गर्ने कार्य भयो, आन्दोलनकारी शक्ति बीच फाटो ल्याउने दुश्मनको उद्देश्य सफल भयो।

अर्कोतिर, संयुक्त वाम शक्तिले सजगता लिएको भए एक्लै वार्ता गर्ने प्रक्रियामा बीचैमा हस्तक्षेप गर्न सक्थ्यो र संयुक्त वार्ता समितिले वार्ता संचालन गर्न सक्थ्यो । तर "पहिले उसले गल्ती नै गरोस्, अनि उसको भण्डाफोर गरौंला" भन्ने हाम्रो अर्को पक्षको गैर जनमुखी र गैर जिम्मेवार मानसिकताले यो पहल लिनबाट उनीहरुलाई निरुत्साहित गऱ्यो । फलस्वरुप एक्लै वार्ता गर्ने प्रक्रियाएक्लै संझौता गर्ने प्रक्रियासम्म निष्कंटक बढ्न सक्यो ।

जन आन्दोलनबाट निर्वाचित प्रधानमन्त्री फाल्ने परम्परा बस्ने हो भने भरे हामी आफैं चुनावबाट सत्तामा आयौं भने त्यही कुरा नदोहरिएला ? -यो सत्तास्वार्थ प्रेरित भयलेदुश्मनको निर्वाचित प्रधानमन्त्रीलाई जन आन्दोलनबाट फाल्नु हुँदैन, नाक बचाउन संसदीय बाटो दिनु पर्छ भन्ने सिद्धान्तमा सहमत हुन हामीलाई प्रेरित गऱ्यो । फलतः हामीले यसको सबै परिणति

### आजको विचार

बिर्सेर - यो सिद्धान्तमा सहमति जनायौं । गिरिजालाई आन्दोलनबाट पदच्यूत गर्ने सामर्थ्य भएर पनि पछि संसदीय उपायबाट राजीनामा गराईने मौखिक आश्वासनका भरमा उत्तिकै छोड्नु त त्यो सहमतिको परिणाम मात्र हो ।

## उपलब्धिहरु र दोषहरु

यी सब दाउपेच गर्दा गर्दै पनि कांग्रेसको नेतृत्व र गिरिजा सरकार आन्दोलनका केही माग पूरा गर्न भने बाध्य भएको छ ।

पहिलो कुरा त अलिखित रुपमा भए पनि कांग्रेसी नेतृत्व गिरिजाको राजिनामा गराउने बचन दिन बाध्य भएको छ । आन्दोलनकारी शक्तिको उदारवादी प्रवृत्तिले गर्दा उसले यसको लागि कुनै सार्वजनिक प्रतिवद्धता जाहेर गर्नु परेको छैन । सार्वजनिक प्रतिवद्धता नभएपछि यस अघि पनि धोखाधडीको इतिहास बोकेको नेपाली कांग्रेसले यो माग पूरा नगर्ने संभावना प्रवल छ । अहिल्यै ने.का.महामन्त्री महेन्द्रनारायण निधि र प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले एमालेसित कुनै गोप्य सहमति नै भएको छैन भनेर भनी पनि सकेका छन् । तथापि कांग्रेसी शीर्षस्थ नेतृत्वले गिरिजाको राजीनामा गराउने मौखिक बचन संयुक्त वाम वार्ताकारहरुलाई (के. शंम्भुराम, माधव नेपाल र बाबुरामलाई ) दिन बाध्य भएको थियो । यो कुराले जन आन्दोलनको उर्जा कति थियो भन्ने कुरा प्रष्ट पार्छ।

दास ढुंगा सम्बन्धी आयोग बनाउने माग, पंचायत कालदेखिका झूठा मुद्दा खारेज गर्ने माग, सन्धि ऐन संशोधनको माग, घाइतेहरुको उपचार खर्चको माग र सर्वपक्षीय महँगी नियन्त्रण आयोगको माग लगभग पूरा गर्न नेपाली कांग्रेस बाध्य भएको छ । यी यस आन्दोलनका ठोस उपलब्धिहरु हुन् ।

टनकपुर विषयको मागमा दुई तिहाई बहुमतबाट राष्ट्रिय हित अनुकूल हुने गरी संसदबाट पास गराउने मामलामा कांग्रेसको शीर्षस्थ नेतृत्व सहमत भईसकेको थियो । तर पनि संझौता पत्रमा यो प्रष्ट भाषामा उल्लेख गराउन असमर्थ हुनुमा हाम्रो प्रतिवद्धताको अभाव र हाम्रो शत्रुप्रतिको अत्यन्त उदार दृष्टिकोण जिम्मेवार छ । संझौता पत्रमा यो अत्यन्त महत्वपूर्ण माग दोधारे दोषपूर्ण भाषामा उल्लेख छ । आन्दोलनको क्रमसा मारिएका शहीदहरुको निम्ति व्यापक छानवीन गर्ने मागसम्म नहुनु, फगत मारिएकाहरुलाई रु. ५० हजार क्षतिपूर्ति दिने कुरा उल्लेख हुनु यो संझौताको अर्को गम्भीर दोष हो । यसबाट देशमा नागरिकहरुको हत्या एउटा सामान्य ख्याल ख्यालको खेल हुन जानेछ र प्रहरी मनपरीतन्त्र अरु बढ्नेछ ।

शिक्षकहरुको र कर्मचारीहरुको समस्या सम्बन्धी माग अर्को महत्वपूर्ण माग थियो तर यो मागको पूर्ति यो संझौतामा झाराटराई ढंगले मात्र भएको छ । यस्तो कार्यदल बन्ने प्रावधान यस सम्बन्धमा राखिएको छ, जसमा कांग्रेसको स्पष्ट बहुमत हुनेछ । त्यसले निष्काशित कर्मचारी र पीडित शिक्षकको हितमा कति राम्रो सिफारिश गर्न सक्ला ? -सन्देहास्पद छ ।

जम्मामा, यो संझौताले केही पनि ल्याएको छैन भन्ने मूल्याङ्कन पनि यथार्थसम्मत छैन । →

## एमाले-काँग्रेस माग र सहमति

### मागहरू

१.दासढुंगा दुर्घटनाका सम्बन्धमा सर्वोच्च अदालतका वहालवाला न्यायाधिशको अध्यक्षतामा अर्को छानवीन आयोग गठन गरियोस्

२.आन्दोलनका क्रममा मारिएका प्रत्येक नागरिकका परिवारलाई क्षतिपूर्ति वापत रु. १ लाख प्रदान गरियोस् ।

३.घाइतेहरुको सम्पूर्ण उपचार खर्च सरकारले व्यहोरोस् ।

४.विभिन्न राजनीतिक कार्यकर्ताहरुमाथि पंचायतकाल र त्यस यता लगाइएका झुट्टा मुद्दाहरु खारेज गरियोस् ।

५.शिक्षा नियमावली ०४९ खारेज गरियोस र शिक्षकहरुमाथि वैचारिक प्रतिवद्धताका आधारमा गरिएको कार्वाही फिर्ता गरियोस ।

६.कर्मचारी संघर्ष २०४८ पश्चात कारवाहीमा परी अवकाश प्राप्त गर्ने सम्पूर्ण निजामती कर्मचारीहरुको पुनर्वहाली गरियोस् ।

७.टनकपुरका सम्बन्धमा नेपालको राष्ट्रिय हित अनुकुल हुनेगरी सन्धि गरियोस

८.राष्ट्रिय सभाद्वारा पारित सन्धि ऐनलाई संविधानको धारा १२६ को मर्म अनुरुप संशोधन गरियोस् ।

९.सर्वपक्षीय महंगी नियन्त्रण आयोग बनाइयोस् ।

१०.प्रधानमन्त्री गिरिजा प्रसाद कोइरालाले आफ्नो पदबाट राजिनामा दिनुहोस् ।

यसले ठूलो उपलब्धि ल्याएको छ भन्ने समीक्षा पनि यथार्थसम्मत छैन । यथार्थ केहो भने -यो संझौताले केही उपलब्धि त ल्याएको छ, तर जन आन्दोलनको सामर्थ्यको दाँजोमा यो उपलब्धि नितान्त थोरै छ ।

हाम्रो नीति र दृष्टिकोण पाएका उपलब्धिहरुको संरक्षण गर्ने र नपाएकाको निम्ति फेरि जोडदार आन्दोलन उठाउने हुनुपर्छ ।

## सैद्धान्तिक विचलन

यो जन आन्दोलन एउटा सैद्धान्तिक जगमा शुरु भएको थियो । त्यो के भने- जनता नै देशका सर्वशक्तिमान शक्ति हुन र जनताको आन्दोलन देशको निर्णायक शक्ति हो । यदि देशको निर्वाचित वा अनिर्वाचित शासक देश र जनताको हितको विरुद्धमा खडा हुन्छ, र देशको संसदले उसलाई बेठीक गर्नबाट रोक्न सक्दैन भने जनता र जनताको आन्दोलन नै त्यस्तो सार्वभौम शक्ति हो, जसले उसलाई दण्डित गर्न सक्छ । आवश्यकता परे पदच्यूत समेत गर्न सक्छ । यो सिद्धान्तको धरातलमा जन आनदोलनको थालनी भएको थियो ।

तर संझौता भने यो सिद्धान्तलाई पूरै अस्वीकार गरेर भएको छ, जसको जगमा आन्दोलन थालिएको थियो । निर्वाचित प्रधानमन्त्रीलाई पदच्यूत गर्न जनताको आन्दोलनले सक्दैन, सम्बन्धित पार्टीले मात्र सक्छ भन्ने कांग्रेसी सिद्धान्त स्वीकार गरेर अहिलेको संझौता सम्पन्न भएको छ । संझौताले गरेको अत्यन्त गम्भीर सैद्धान्तिक विचलन यो हो ।

स्वयम् वुर्जुवाहरु पनि यो सिद्धान्तमा विश्वास राख्दैनन् । बंगलादेशका राष्ट्रपति एर्शाद निर्वाचित राष्ट्रपति थिए । तर उनलाई बुर्जुवाहरुले जन आन्दोनबाटै पदच्यूत गरेका थिए । पाकिस्तानका प्रधानमन्त्री नवाज शरीफ निर्वाचित प्रधानमन्त्री हुन् । जन आन्दोलनले नै उनलाई राजीनामा दिन वाध्य तुल्यायो । जर्जियाका वामपन्थी राष्ट्रपति गाम्सा खुर्दिया पनि बकाइदा चुनावबाट निर्वाचित राष्ट्रपति थिए । तर वुर्जुवाहरुकै आन्दोलनले उनलाई पदच्यूत गऱ्यो । उनलाई देश छोडेर भाग्न समेत वाध्य गराइयो र अहिले पनि त्यहाँ संघर्ष जारी छ । त्यस्तै घटना अल्वानिया लगायत थुप्रै देशहरुमा पनि घटेको इतिहास साक्षी छ । त्यसैले, निर्वाचित शासकलाई जन आन्दोलनले पदच्यूत गर्ने हुन्न भन्ने सिद्धान्त त वुर्जुवाहरुलाई समेत स्वीकार्य छैन । यो कसरी एउटा वामपन्थी पार्टीलाई स्वीकार्य भयो ?

प्रजातन्त्रको मूल मर्म हो - जनताको सर्वोच्चता । तर हाल अवलम्वन गरिएको यो सिद्धान्त मान्ने हो भने जनता सर्वोच्च भन्ने कुनै कुरै बाँकी रहँदैन । एक चोटि चुनिदिएपछि पाँच वर्षसम्म एउटा शासकले जस्तोसुकै भ्रष्ट, अनैतिक र वेठीक काम गरेपनि जनताले उसलाई दण्डित गर्ने र पदच्यूत गर्ने ठाउँ नै यसले दिँदैन । उसको नियति हुनेछ - चूपचाप अर्को चुनावसम्म सहेर बस्नु वा सम्बन्धित पार्टीसमक्ष विन्तिपत्र हाल्नु । जनतालाई सर्वोच्च बनाउनुको बदला यस्तो निरीह बनाउने गैर प्रजातान्त्रिक सिद्धान्त एउटा वामपन्थी समूहलाई कसरी स्वीकार्य हुन गयो ?

फेरि, मानौ, यो सिद्धान्त सही थियो नै भने पनि, एउटा निर्वाचित प्रधानमन्त्री विरुद्ध आन्दोलन शुरु भयो नै किन त ? यो आन्दोलनको थालनी नै गलत प्रस्थापनामा भएको थियो भनेर किन आत्मालोचना गरिन्न ?

यी सब दृष्टिकोणबाट यो सिद्धान्त स्वीकार गर्नु निकै गम्भीर सैद्धान्तिक विचलन भएको छ । यदि यो सिद्धान्त मान्ने हो भने यो व्यवस्था स्वयम् अवैध सावित हुनेछ । किनकि पंचायत व्यवस्था आफैं पनि त जनमत संग्रहमा चुनावद्वारा जितेको व्यवस्था थियो । र, जन आन्दोलनले नै त्यसलाई खत्तम पारेको थियो । मरीचमान स्वयम् निर्वाचित प्रधानमन्त्री थियो ।

अर्को सैद्धान्तिक विचलन संझौताको दौरानमा संसदीय व्यवस्थालाई सुदृढ गर्ने कुरा गरेर भएको छ । हामी संसदीय व्यवस्थालाई सुदृढ पार्न चाहन्छौं भन्ने सारका वक्तव्यहरु आई नै रहेका छन् ।

हो, यो भन्दा खराव समाज व्यवस्था आउने स्थिति भयो भने त्यसको तुलनामा कम्युनिष्टहरु संसदीय व्यवस्थाको पनि रक्षा गर्छन् । यो सही हो, किनकि कम्युनिष्टहरु हर कुरा तुलनामा हेर्छन् ।

तर कम्युनिष्टहरुलाई कम्युनिष्ट यस कारण भनिएको हो कि उनीहरुको लक्ष्य कम्युनिज्म हो, साम्यवाद हो । संसदीय व्यवस्था सारमा वुर्जुवा तानाशाही हो । हामी नेपालको संसदीय व्यवस्था भोग्दैछौं र दिनदिनै देख्दैछौं - संसदमा हमेशा वहुमतले तानाशाही लाद्दैछ र सडकमा त्यही वहुमतको सरकारले निहत्था जनता विरुद्ध जायज कुराका लागि संघर्ष गर्दा पनि लाठी, गोली प्रयोग गर्दैछ । यो बुर्जुवा तानाशाहीकै उदांगो उदाहरण हो । त्यसैले, संसदीय व्यवस्थालाई सुदृढ पार्नु भनेको सारमा वुर्जुवा तानाशाहीलाई नै मजवूत बनाउनु हो । यो व्यवहारिक र सैद्धान्तिक दुबै हिसाबले निश्चित छ, हामी बुर्जुवा तानाशाहीलाई सुदृढ बनाएर कदापि नयाँ जनवाद, समाजवाद र साम्यवाद प्राप्त गर्न सक्दैनौं । यो त हामी आफूलाई साम्यवादी हौं भन्ने घोषणा वा हामी साम्यवादमा जानेछौं भन्ने हाम्रो लक्ष्य नै बदल्नु पर्छ, या बुर्जुवा तानाशाहीलाई सुदृढ पार्ने सिद्धान्त नै त्याग्नु पर्छ । हाम्रो लक्ष्य त्यही हो भने हामी संसदीय व्यवस्थालाई सुदृढ पारेर कदापि साम्यवादी लक्ष्यतिर गईरहेका हुने छैनौं । आन्दोलनमा २/४ वटा माग यताउति भएमा फेरि लडेर त्यो लिन सकिन्छ । तर यी दुई सवालमा सैद्धान्तिक पथ विचलन गर्ने हो भने हामीसित भरे कुनै पनि निर्वाचित अत्याचारी शासक विरुद्ध र वुर्जुवा तानाशाही विरुद्ध जन आन्दोलन गर्ने हक र धरातल नै बाँकी रहनेछैन । त्यसैले यो पथ विचलन अत्यन्त गंभीर सवाल हो । यसलाई सच्याइनु पर्छ ।



## भाद्र-१ का सहमतिहरु

१. दासढुङ्गा घटनाको न्यायिक छानवीनको लागि सर्वोच्च अदालतका वहालवाला न्यायधीशको अध्यक्षतामा उच्चस्तरीय आयोग गठन गर्न प्रारम्भ भएको कार्यवाही यथाशीघ्र टुङ्गो लगाई दुवै पक्ष सहमत हुने गरी आयोग गठन गर्ने, भिसेरा परीक्षण गर्न उच्च प्राविधिक सुविधा युक्त विदेशी प्रयोगशालामा पठाउने र यस आयोगलाई छानवीनका सिलसिलामा ख्यातिप्राप्त अन्तरराष्ट्रिय अपराध अनुसन्धानकर्ताको सहयोग समेत श्री ५ को सरकारले उपलव्ध गराउने ।

२. यस आन्दोलनका वेला भएको जनधनको क्षतलाई यो वार्ता समिति दुःखद घटनाकोरुपमा लिन्छ । यस सिलसिलामा गिरफ्तार गरिएका सम्पूर्ण व्यक्तिहरुको रिहाई, मुद्दाको खारेजी र घाइतेहरुको सम्पूर्ण उपचार श्री ५ को सरकारले अविलम्व गर्ने ।

३. मुलुकमा आएको राजनीतिक परिवर्तन पश्चात आजसम्म भएको आन्दोलनमा मारिएका व्यक्तिहरुको परिवारले पाउने क्षतिपूर्तिको रकम अपुग देखिएकोले भैरहेको व्यवस्थामा रु. २५,०००- (पच्चीस हजार रुपैया) को थप रकमको व्यवस्था गर्ने र त्यस सिलसिलामा भएका घाइतेहरुको उपचार खर्च व्यहोर्ने तथा अङ्गभङ्ग भएका व्यक्तिहरुको लागि जीविकोपार्जनको व्यवस्था गर्न प्राथमिकता दिने ।

४. पंचायतकालदेखि आजसम्म राजनैतिक कारणलेलागेका मुद्दाहरु खारेज गराउन र तोकिएको सजाय माफी गराउन आवश्यक गृहकार्य गर्न श्री ५ को सरकारको १ (एक) प्रतिनिधि, संसदवाट सत्तापक्ष २ (दुई), प्रतिपक्ष २ (दुई) समेत सदस्यहरुको ५ (पाँच) सदस्यीय कार्यदल गठन गर्ने । उक्त कार्यदलको सिफारिशमा मुद्दा फिर्ता गर्ने र सजाय माफी गर्ने ।

५. बहुदलीय प्रजातान्त्रिक व्यवस्थाको आदर्श र भावना अनुरुप प्राज्ञिक वातावरणलाई सुनिश्चित गर्ने गरी शिक्षा नियमावलीमा संशोधन गर्न र शिक्षकहरुको पेशागत हित र सरुवा तथा अन्य समस्यामा छानवीन गरी समाधान तथा नियमित गर्न सत्तापक्ष र प्रमुख प्रतिपक्षवाट १/१ जना सांसद, १ जना शिक्षा मन्त्रालयको प्रतिनिधि तथा शिक्षक संघ र शिक्षक सङ्गठनका १/१ जना प्रतिनिधि रहनेगरी कार्यदल गठन गर्ने ।

६. टनकपुर परियोजना सम्बन्धी सन्धिको विषयमा राष्ट्रिय हित अनुकूल सहमति कायम गर्न समयावधि बढाउने ।

७. सन्धि ऐनको संशोधनलाई संविधान तथा यसको भावना अनुरुप परिमार्जन गरी प्रतिनिधि सभामा प्रस्तुत गर्ने ।

८. बढ्दो महङ्गी नियन्त्रण र सुपरिवेक्षण गर्नएउटा सर्वपक्षीय अधिकार सम्पन्न आयोग गठन गर्ने ।

९. विगत कर्मचारी आन्दोलनको सिलसिलामा कार्यवाहीमा परेका कर्मचारीको हकमा यसको विविध पक्षको अध्ययन गरी पुनर्वहालीको सम्बन्धमा आवश्यक सिफारिश गर्न श्री ५ को सरकारको प्रतिनिधिको संयोजकत्वमा नेपाली कॉंग्रेसको एक र ने.क.पा. (एमाले) को एक प्रतिनिधि रहेको तीन सदस्यीय कार्यदल गठन गर्ने ।

१० नेकपा (एमाले) सहित सात वाम पार्टीहरुवाट सञ्चालित आन्दोलनका सम्पूर्ण कार्यक्रमहरु अन्त्य गर्ने ।

साभार: "प्रजातन्त्र", भाद्र ३

अन्तर्क्रियाका सहभागी

क. मोहनविक्रम सिंह
क. शंभुराम
क. माधव नेपाल
क. रोहित
क. बाबुराम भट्टराई
क. कृष्णदास श्रेष्ठ











# भाद्र १ को संझौताबारे बाम नेताहरु के भन्छन् ?

"संझौताप्रतिको हाम्रो विरोध यान्त्रिक वा निरपेक्ष छैन"

"कार्यान्वयन नभएमा सिर्जना हुने भयावह स्थितिको जवाफदेही ने.का. हुने छ"

"एमाले एक्लैले संझौता गरेर पनि एकता टुटेको हो"

## शक्तिशाली जन-आन्दोलन विना हाम्रा माग पूरा हुन सक्तैनन्

**क. मोहन विक्रम सिंह,**
महामन्त्री, नेकपा (मसाल)

*० भाद्र १ गतेको संझौताबारे तपाईंको प्रतिक्रिया ?*

- अवसरवाद जहाँ र जहिले पनि जन आन्दोलन विरुद्ध प्रतिक्रियावादी शक्तिको एउटा मुख्य हतियार रहने गरेको छ र भाद्र १ गतेको सम्झौता वा गद्दारी पनि त्यही प्रकारको एउटा उदाहरण हो । अहिलेको आन्दोलनको मुख्य माग गिरिजा सरकारको अन्त नै हो । यो अवस्थामा त्यो मागलाई छाडेर ने.का. सित सम्झौता गर्नु र आन्दोलनबाट हट्नु विश्वासघात नै हो । ए.मा.ले.ले बारम्बार आन्दोलनमा त्यसरी विश्वासघात गर्ने गरेको छ । त्यसकारण अहिले त्यसको व्यवहार पनि कुनै आकस्मिक कुरा नभएर त्यसको सैद्धान्तिक चिन्तन र राजनीतिक चरित्रमा भैरहेको अधपतनको स्वाभाविक परिणाम हो ।-

*० प्रतिकृयावादी शासकसित संझौता भनेको कहिलै गर्नु हुन्न भन्ने तपाईहरुको नीति छ रे त ? त्यसैले तपाईहरुले संझौतामा सहमत भएर पनि हस्ताक्षर गर्न नसक्नु भएको रे । वास्तविकता के हो ?*


-कहिल्यै पनि कुनै सम्झौता नगर्ने सोचाइ मार्क्सवादी-लेनिनवादी होइन, अराजकतावादी चिन्तन हो । हामीले कहिल्यै कुनै सम्झौता नगर्ने विचारलाई कहिल्यै अगाडि प्रस्तुत गरेका छैनौं । कुनै सम्झौताको प्रकृति तथा स्वरुप हेरेर नै कुनै सम्झौता सही हो वा गलत ? त्यो छुटिन्छ र छुट्याउनुपर्दछ । त्यसरी नै अहिलेको सम्झौताको स्वरुप राष्ट्रिय हितहरु र जन आन्दोलनको विपरीत भएकाले हामीले त्यसको विरोध गरेका हौं । आन्दोलनको मुख्य माग गिरिजा सरकारको अन्त हो । उनीहरुले त्यसलाई नै छाडेका छन् । पहिले ७ पक्षहरुका बीचको समझदारीमा सबैको सहमति पछि नै आन्दोलनलाई स्थगित गर्ने भनिएको छ । त्यो समझदारीलाई पनि उल्लंघन गरिएको छ । जुन मागहरु पूरा गरिएको भनिएको छ, ती पनि निश्चित छैनन् । हाम्रो ने.का.-ए.मा.ले.का बीचको सम्झौताको विरोध यिनै तथ्यहरुमाथि आधारित छ, सम्झौताको यान्त्रिक वा निरपेक्ष विरोधको दृष्टिकोणमाथि होइन ।

*०यो आन्दोलनलाई कसरी सफलतामा टुङ्याउन सकिन्छ भन्ने ठान्नुहुन्छ ?*

-शक्तिशाली जन आन्दोलनबिना हाम्रा माग पूरा हुन सक्दैनन् । तर संयुक्त आन्दोलन स्वयंमा एउटा कठीन र जटील प्रक्रिया हो । खास गरेर बेग्ला बेग्लै पक्षहरुमा देखिने दुलमुलपन, अस्थिरता, वैचारिक अस्पष्टता वा अवसरवादिता आदि तथा जनतामा व्याप्त बेग्ला बेग्लै प्रकारका अवसरवादी विचारहरुको असरका कारणले संयुक्त आन्दोलन सन्तोषजनक किसिमले अगाडि बढ्न सकेको छैन । संयुक्त आन्दोलनका यी कमजोरीहरुबाट सत्तापक्षले फाइदा उठाईरहेको छ । त्यसकारण संयुक्त आन्दोलनमा विद्यमान बेग्ला बेग्लै प्रकारका कमजोरीहरुको आलोचना र त्यसका विरुद्ध संघर्ष गर्दै र त्यसरी जनताको चेतनालाई उठाउँदै संयुक्त आन्दोलनलाई शक्तिशाली बनाउन सकिन्छ । तर हामीले कार्यगत एकतामाथि पूरै नै भर पर्नु हुँदैन र स्वतन्त्र तथा क्रान्तिकारी प्रकारको संयुक्त मोर्चाको आधारमा पनि आन्दोलन उठाउने प्रयत्न गर्नु पर्दछ । किनभने अन्तत: दीर्घकालीन प्रकारको आन्दोलन र क्रान्तिकारी परिवर्तनद्वारा नै जनताका मागहरु पूरा हुन्छन् र समस्याको समाधान हुन सक्दछ । तात्कालिक रुपमा चल्ने कुनै संयुक्त आन्दोलन त्यो दीर्घकालीन प्रकारको आन्दोलनको एउटा कडी मात्र हो । ●



# "राजीनामा सम्बन्धमा भट्टराईमार्फत नेता त्रयले नै हामीलाई बचन दिइका छन्"



**-क.शंभुराम श्रेष्ठ**
महामन्त्री, नेपाल कम्युनिष्ट लिग

*० किन तपाईले माघ १ गतेको संझौता समारोह बीचैमा छोडेर हिंड्नु भो ?*

- किनभने, यो संझौता गर्ने हो भने हामी तीन जनाले (क.माधव, क.बाबुराम र मैले) गर्नुपर्ने । सात वामले संझौता गर्न चुनेको आधिकारिक प्रतिनिधि हामी थियौं । त्यहाँ संझौता भयो -दुई वटा मात्र पार्टीको बीचमा । बहिष्कार गर्नुपर्ने एउटा मूल कारण यो हो । यदि ती दुई बीच मात्र संझौता हुनु थियो भने हामीले त्यहाँ जाने कुनै कारण थिएन ।

*० सम्पूर्णतामा तपाईलाई संझौता कस्तो लाग्यो ?*

-मलाई त उपलब्धिपूर्ण नै लागेको छ । पहिलो माग त गिरिजाप्रसादलाई प्रधानमन्त्रीबाट हटाउने माग नै हो । त्यो पनि उनीहरुले मंजुर गरेका छन् । खालि फेश सेभ गर्ने (नाक जोगाउने) उपाय मात्र मागेका हुन- उनीहरुले। त्यति दिनु उचित संझेर हामीहरुले उहाँहरुलाई निश्चित समयावधिका लागि छोडिदिएका हौं । समयावधि सम्बन्धमा हामीबीच संझौता भएको छ । टनकपुरको सम्बन्धमा दुई तिहाइले पास गर्ने कुरामा कृष्णप्रसाद भट्टराईसंग सहमति भईसकेको थियो । तर संझौता पत्रमा त्यो उल्लेखै नगरी संझौता गरिएको छ । त्यसको मैले संझौता हस्ताक्षर-समारोहमै विरोध गरें । अरु बाँकी ८ वटा माग पनि ठीकै भएको छ, सानोतिनो कुरामा चित्त नबुझे पनि । ती ८ वटा मागमा गिरिजा सरकार सत्तामा आएदेखि जे जे अपराध गरेको छ, ती सबै पल्टिएका छन् ।

*० यस्तो 'अधिकतम उपलब्धि' हुँदाहुँदै किन टुट्यो भन्ठान्नु हुन्छ त कम्युनिष्टहरुको एकता ?*

- एउटा त, तीन जना आधिकारिक प्रतिनिधिले संझौता गर्नु पर्नेमा एमाले एक्लैले संझौता गरेर हो । अर्को, प्रधानमन्त्रीले राजीनामा दिने कुरा खालि मौखिक आश्वासनका भरमा छोड्नु हुँदैन, लिखित रुपमा निश्चित समयभित्र हुन्छ भन्ने ग्यारेण्टी हुनु पर्छ या तुरुन्तै राजीनामा दिनुपर्छ भन्ने मसाल र संयुक्त जनमोर्चाको अडान रह्यो । यो राजनीतिक रुपमा गलत अडान हो । गरीदिए राम्रो हो, तर उनीहरुले मान्नु न पर्‍यो । माँनी नै नदिएपछि हामीले उनीहरुलाई नाक जोगाउने मौका दिनै पर्‍यो । त्यसको मतलब हामीले राजीनामाको अडान छोडेको होइन ।' एउटा निश्चित समयावधि दिइएको छ । त्यसभित्र बचन मुताबिक काम नगरे फेरि उठाउनु पर्छ आन्दोलन । धोखा दिएको आरोप लगाइनु पर्छ कांग्रेसको नेतृत्वलाई । त्यसो नगरी जनमोर्चा र मसालले अलच्किलो ाडान लिएकाले पनि फुट भएको हो ।

*० अहिले चालु भईरहेको आन्दोलनबारे तपाईको के प्रतिक्रिया छ ?*

- राजीनामाको आश्वासन मात्र दिएको छ नेपाली कांग्रेसले । त्यही माग पूरा हुनुपर्छ भनेर सडकमा आन्दोलन चलिरहेछ । त्यसैले, त्यो आन्दोलनलाई गलत भन्ने त कुरै आएन । तर यहाँनेर एउटा गडबडी के भएको छ भने - एमालेले एकातिर आन्दोलन नै फिर्ता लिईसक्यो । अर्कोतिर जनमोर्चा र मसालले आन्दोलन गर्दैछन् । यसले कांग्रेसलाई माग लागू नगर्न अत्तो थाप्ने निहुँ दिन सक्छ । तिनीहरुलाई यो मौका दिनु हुँदैनथ्यो मसाल र जनमोर्चाले । उनीहरु भावनामा बगेर यो काम गरिरहेछन् । मैले त अनुरोध गरेको छु- तपाईहरुले त्यो अवधिसम्म आन्दोलन स्थगित गरी दिनुहोस् ।

*तपाईहरुलाई आश्वासन दियो कसले ? भट्टराई एक्लैले कि नेता त्रयले ?*

- नेता त्रयले नै दिएका छन् । हाम्रै अगाडि दिने त भट्टराई नै हुन । तर भट्टराई मार्फत श्रावण ३२ गते साँझमा अरु दुई नेताको पनि सहमति छ भनेर बचन प्राप्त भएको थियो ।

*० तपाईहरुले जनहत्याको बारे छानबिन आयोगको माग किन राख्नु भएन ?*

-राखेको हो । कांग्रेसले हमेशा त्यसको विरोध गर्‍यो । पछि पनि यो माग छोड्नु हुँदैनथ्यो । भरत मोहनहरुले छाडेर आएछन् । यो छोड्नु गलत भएको छ । यो छोड्यो भने यहाँ पुलीस-तन्त्र चल्न सक्छ ।

*०अब भईसकेको गल्ती सच्याएर फेरि पनि सफलतातिर बढ्नको लागि के गरिनु पर्छ भन्ने लाग्छ तपाईलाई ?*

-सके गल्ती गर्नेले आत्मालोचना गरेर आउनु पर्छ - लेनिनवादी स्पिरिटमा । नसके सात वामको बीचमा फेरि कार्यमुखी समझदारी बिकास गर्नुपर्छ । कांग्रेसलाई बीचैमा फाइदा उठाउन कदापि दिनु हुँदैन । माग पूरा नगरेमा फेरि संयुक्त संघर्षमा जुट्नु पर्छ । यस्तो भयो भने कांग्रेसले हाम्रा सबै माग पूरा गर्न वाध्य हुनेछ । ●



आन्दोलन: इतिहासको पाना ?

# संझौता दक्षिणपन्थी अवसरवादको अभिव्यक्ति हो

**क. नारायणमान विजुक्छें**
अध्यक्ष, नेपाल मजदूर किसान पार्टी

*० भाद्र १ गतेको संझौताबारे तपाईको प्रतिक्रिया ?*

-यसमा मेरो प्रतिक्रिया के छ भने, पहिले पछिको परिस्थिति नै ख्याल नगरीकन चर्का चर्का नारा दिईयो, यस पल्ट "वार कि पार" भनियो, प्रधानमन्त्रीको राजीनामा नभईकन हामी छोड्दै छोड्दैनौं भनियो । जनताको आशा बेसी जगाइयो । जनतालाई उल्क्याउनसम्म उल्क्याइयो । त्यो वामपन्थी अवसरवादको अभिव्यक्ति थियो । अहिले सडकमा गईसकेपछि, जनताहरु हाम्रै आह्वानमा व्यापक रुपमा सडकमा उत्रिसकेपछि, थुप्रैको अनाहकमा ज्यान समेत गईसकेपछि मूल माग र अडानलाई छोडेर संझौता गरिएको छ । त्यो दक्षिणपन्थी अवसरवादको अभिव्यक्ति हो । प्रधानमन्त्रीको राजीमामालाई मूल माग बनाईसकेपछि त्यो मागलाई नै छोडेर र अरु मागहरु पनि आधा आधै छोडेर जो संझौता गरेको छ एमालेले, त्यो आत्म- समर्पणवादको भावनाले पीडित छ ।

यो आन्दोलनमा जनतामाथि गोली चलाइएको छ, अनाहकमा मान्छे मरेका छन् । त्यस बारेमा एउटा छानवीन आयोग गठन गर्ने सवाल समेत छैन, यो संझौतामा । टनकपुरको मामलामा एमाले पनि "यो सन्धि २।३ बहुमतबाट पारित हुनुपर्छ" भनेर आवाज उठाउँदै आएको हो । संझौतामा त्यो उल्लेखै छैन । अरु मागहरु पनि कार्यटोली गठन गर्ने कुरा मै सिध्याइएको छ र यो कार्यटोलीमा कांग्रेसको बहुमत छ । यी सबै मेलमिलापका बाटा हुन् । मागहरुको पूर्ति स्पष्ट भाषामा नलेखिएकाले आलटाल हुने संभावना



(रोहित)

व्यापक छ ।

पहिले हामीले गिरिजालाई "राष्ट्रघाती" र "जन हत्यारा" भन्यौं । हामीले पछि त्यही "राष्ट्रघाती" र "जन हत्यारा" लाई जोगाउने संझौता गर्‍यौं । पहिले उल्फ्याउनुसम्म उल्फ्याउने, पछि खुरुक्क फिर्ता हुने-यो प्रवृत्ति ठीक छैन भन्ने मलाई लाग्छ ।

आन्दोलनमा संझौता नै गर्नु हुन्न भन्ने मेरो ठम्याइ होइन । जिम्मेवार राजनीतिक पार्टीले त पहिले नै विचार गरेर शब्द चयन गर्नु पर्छ, माग चयन गर्नुपर्छ र, आन्दोलन उठाईसकेपछि एउटा टुंगोसम्म त्यसलाई पुर्‍याउनु पर्छ । टुंगोमा पुर्‍याउन नसकिने भयो भने जनतालाई स्पष्ट रुपमा त्यसको कारण बताएर फिर्ता हुनुपर्छ । यसरी जनतालाई बीचैमा छोड्नु हुन्न भन्ने मात्र मेरो ठम्याइ हो ।

*० एमालेले किन यसरी संझौता गर्‍यो होला त ?*

- यस बारेमा मैले उहाँहरुको केन्द्रीय समितिको एउटा निर्णय सुनेको छु । त्यसमा सात समूह मिलेर पनि संझौता गर्ने, फरक मत दर्शाएर भएपनि संझौता गर्ने र एक्लै भएपनि संझौता गर्ने कुरा उल्लेख छ । त्यसले संयुक्त-आन्दोलन र जनताको आन्दोलनप्रति एमालेका साथीहरुको विश्वास टुटेको हो कि भन्ने देखाएको छ ।

*० त्यस्तो दोष छ भन्ने थाहा पाईपाईकन पनि संझौताको हस्ताक्षर समारोहमा तपाई किन जानु भयो त ?*

-भाद्र १ गते एमाले र कांग्रेसको बीचमा जुन सम्झौता भयो, त्यो सम्झौता हुने निहित कुरा मलाई थाहा थिएन । मैले त अन्तिम बार्ताको रुपमा सोचेको थिएँ । प्रधान मन्त्रीको अफिसमा पुग्दा एमाले र कांग्रेसका साथीहरु संझौतामा हस्ताक्षर गर्न तयार भएर बस्नु भएको थियो । हामी पुग्नासाथ नेपाली कांग्रेसका सर्वोच्च नेता र पत्रकारहरु पुगे र हस्ताक्षर शुरु भईहाल्यो त्यहाँ । हस्ताक्षर भएका दस्तावेज पढ्न शुरु गर्दा एन. के. प्रसाईंले "यो त भएन" भन्नुभयो । त्यसपछि माधव नेपालले आफ्नो लिखित भाषण पढ्नु भो । भट्टराईले सानो लेखेर ल्याएको एक टुक्रो पढ्नु हुंदा खेरि शंभुरामजी उठ्नु भयो र "हामीलाई धोखा भो" भनेर उहाँले बताउनु भयो । नेपाली कांग्रेसका नेताहरुले-" यो तपाईहरुको आन्तरिक मामिला हो, तपाईहरु नै सल्टाउनुस्" भनेर भन्नु भयो । प्रधानमन्त्रीले "पहिले बामपन्थी साथीहरु बार्ता गर्न मान्नुभएको थिएन, अब देशमा आतंकको स्थिति समाप्त भो" भनेर सटीक व्यंग्य कस्नु भो । मलाई पत्रकारहरुले मेरो प्रतिक्रिया सोधे । मैले यो कांग्रेस र एमाले बीचको संझौता हो, हाम्रो प्रतिक्रिया पछि आउनेछ भनेर भनें । एमालेका साथीहरुले एउटा समर्थन वक्तव्यमा सही गर्न भन्नुभयो । मैले सही गर्न मानिनं ।

*० संझौताको सिलसिलामा निर्वाचित प्रधानमन्त्रीलाई जन आन्दोलनले फाल्नु हुन्न भन्ने सिद्धान्त आएको छ । त्यसमा तपाईंको सम्मति-असम्मति के छ ?*

-गिरिजा कोइराला राष्ट्रघाती हो भने, जन हत्यारा हो भने, जन आन्दोलनले फाल्नु पर्छ उसलाई-यदि संसदीय उपायले फाल्न सकिन्न भने । राष्ट्रघाती र जन हत्यारा हो भने "परम्परा बिग्रन्छ" भन्ने कुरै हुँदैन । देश बिग्रन्छ यहां । प्रजातन्त्र भनेको देशको लागि नै हो, प्रजातन्त्र प्रजातन्त्रकै लागि त होइन । हैन, "राष्ट्रघाती" हैन, "जन हत्यारा" हैन भने, हामीले त्यो विशेषण नै फिर्ता लिनुपर्‍यो । अनि जन-आन्दोलनले हटाउनु हुन्न भन्ने कुरा हुन्छ ।

*० अहिलेको आन्दोलन कसरी लगिएमा सफलता प्राप्त हुन्छ भन्ने लाग्छ तपाईलाई ?*

- अहिले एमालेले एक्लै संझौता गरेर आन्दोलन छोडेर जानाले शक भएको छ -जनतालाई । शक र फूटले गर्दा तुरुन्तै आन्दोलन अपेक्षाकृत पहिले जस्तो तेजीलो र व्यापक नहुन सक्छ । तर हामीले उठाएको आवाज जायज छ । यो देश र जनताको हितमा छ । त्यसैले यो आन्दोलनले ढीलो वा छिटो जोड पक्रिनेछ । हामी एकताबद्ध भएर लागि पर्नु जरुरी छ । जनतालाई यथार्थ बताउनु जरुरी छ । सफलता त्यसपछि हात लाग्ने कुरा हो ।

# एमालेले सिद्धान्त छोडेर सत्ता र सुविधा भोग गर्न यस्तो संझौता गरेको हो !

*० भाद्र १ गतेको संझौताप्रति तपाईको प्रतिक्रिया ?*

- भाद्र १ गते नेपाली कांग्रेस र ने.क.पा. (एमाले) बीच जुन संझौता भएको छ, त्यसबाट राष्ट्र, जनता र अमर शहीदप्रति विश्वासघात भएको छ । जन आन्दोलनको मूल माग तथा राष्ट्रको र जनताको हित भन्दा बाहिर गएर जुन संझौता भएको छ - त्यो सरासर निन्दनीय छ ।

*० तपाईले संझौताको त निन्दा गर्नु भो । तर प्रधानमंत्रीको राजिनामा संबन्धमा नाक जोगाउने उपाय दिनुपर्छ भन्ने कुरामा त त पाईहरुको पनि सहमति थियो रे नि त ।*

-नाक जोगाउने उपाय दिने भन्ने कुरा कुनै ठूलो कुरो होइन । मुख्य कुरा प्रधानमंत्रीको राजिनामाको कुरा हो । त्यसबारे संझौतामा कुनै संकेतसम्म पनि छैन । प्रधानमंत्रीको राजिनामा सडक संघर्षद्वारा मात्र हुन सक्छ । बीचैमा संझौता गरीदिने कार्यले प्रधानमंत्रीको राजिनामाको संभावनालाई कमजोर पारीदिएको छ ।

*० तपाईहरुको त्यस्तो विरोध थियो भने प्रधानमंत्री कार्यालयमा भएको हस्ताक्षर समारोहमा किन तपाईको पार्टी-प्रतिनिधि जानु भयो त ?*

-त्यहाँ सबैले मिलेर संझौता गर्ने भन्ने कुरा थियो । संझौताका बूंदाहरु के के हुनेछन भन्ने केही थाहा थिएन । हामी पनि संझौतामा सरिक भएको भए त्यस्तो संझौतामा हामी कुनै पनि हालतमा संझौता गर्न सक्दैनथ्यौं । किनभने, संझौताका बूंदाहरु जन आन्दोलनको मागको स्पिरिट विपरीत छ र संसदीय व्यवस्थाको भावना अनुकूल छ । त्यस्तो संझौतामा हस्ताक्षर गर्ने त सबाले उठ्दैन ।



**-क.कृष्णदास श्रेष्ठ**

**ने. क.पा. (मालेमा)**

*० संझौतामा नै के छ भन्ने थाहा नभईकन संझौताको हस्ताक्षर समारोहमा जाने काम कसरी भयो त, त्यसो भए ?*

-त्यहाँ संझौता गर्ने कुरा त थियो तर के के विषयमा भन्ने कुरा छलफल गर्न बाँकी नै थियो ।

*० संझौता हस्ताक्षर गर्ने समारोहमा नै संझौताबारे छलफल गर्ने योजना थियो ?*

-संझौता पत्रमा हस्ताक्षर गर्नलाई त संझौता पत्र नपढीकन हस्ताक्षर गर्ने कुरा आएन नि । वास्तवमा कुरा के रहेछ भने, त्यहाँ उनीहरु दुई थरिले पहिले नै कुरा मिलाएर - हाम्रो पनि त्यसमा समर्थन छ भनेर देखाउने योजना रहेछ । त्यहाँ संझौता हुनासाथ भट्टराई र माधव नेपालले जुन बक्तव्य पढेर सुनाउनु भयो, त्यसले उनीहरु सुनियोजित रुपमा आएका थिए भन्ने कुरा देखाएको छ ।

*० तपाईहरुलाई त्यस प्रक्रियाबारे केही पनि रिपोर्टिङ्ग भएको थिएन ?*

-त्यो चाहिँ, यस्तो संझौता-पत्र भन्नेबारे केही रिपोर्टिङ्ग भएको थिएन ।

*० अब यो आन्दोलनलाई कसरी सफलतामा टुंग्याउन सकिन्छ भन्ने बिचार छ त ?*

-ने क पा (एमाले) ले आन्दोलन छाडेर संझौतातिर गएको हुनाले स्वभावत: आन्दोलनमा त फुट भएको छ । फुटले गर्दा आन्दोलन पहिलेभन्दा केही शिथिल र कमजोर हुनु स्वभाविक छ । तर गिरिजा सरकार बिरुद्धको हाम्रो आन्दोलन हर तरहले जारी राखिनेछ ।


*० एमालेले किन यस्तो गर्‍यो भन्ने तपाईको विश्लेषण छ ?*

-मूल कुरो त एमालेले सिद्धान्त छोड्वाले यस्तो गर्न सकेको हो । सत्तासित नजिकिने र सत्ताबाट पाउने सुविधा उपभोग गर्ने मनसायले यस्तो गरेको हो भन्ने हाम्रो विश्लेषण छ ।

## संझौता लागु गरेन भने

# नेपाली कांग्रेससित वार कि पारको लडाइँ लड्नु सिवाय अर्को बाटो बाँकी रहने छैन"

- क.माधवकुमार नेपाल
महासचिव, नेकपा (एमाले)



**अन्य समूहसित हाम्रै प्राविधिक त्रुटीले विभेद रहन गयो, उहाँहरु सबै कुरामा सहमत भइसक्नु भएको थियो, तर पनि संझौतामा हस्ताक्षर गर्दा उहाँहरुलाई हामीले सामेल गर्न सकेनौं**

***० यो भाद्र १ गतेको संझौता गर्ने बिन्दुमा कसरी पुगियो ?***

- हाम्रा दश वटा मागहरु थिए । नौ वटा मागहरु लिखित रुपमा पूरा गरेको र एउटा माग मौखिक रुपमा पूरा गर्ने वचन दिएकाले हामीले आन्दोलन रोक्ने निर्णय गरेका हौं ।

***० नेपाली कांग्रेसको नेतृत्वले यस्तो वचन पहिले पनि थुप्रै चोटि दिएको छ र कुनै पनि वचन पूरा गरेको इतिहास छैन । अहिले त गिरिजाको राजीनामा सम्बन्धी मुख्य माग नै मौखिक वचनका भरमा छोडिएको छ । यसले पहिले जस्तै वचन पूरा गरेन भने ?***

- हामी लिखित वा मौखिक रुपमा भएको सहमतिका हरेक बुंदा कार्यान्वयन हुन्छ कि हुँदैन, हेर्दै जानेछौं । त्यसको एउटा बुंदा मात्र पनि कार्यान्वयन भएन भने नेपालमा अब एउटा कुरा स्थापित हुन बेर छैन । त्यो के भने - नेपाली कांग्रेससित संवादको कुनै अर्थ छैन, नेपाली कांग्रेससित वाद-विवाद-संवाद भनेको खालि ढाँट- छल मात्रै हो र नेपाली कांग्रेस भनेको ढाँट-छल गर्ने व्यक्तिहरुको पार्टी हो । त्यो स्थितिमा नेपाली कांग्रेससित वार कि पारको लडाई लड्नु सिवाय कुनै विकल्प बाँकी रहने छैन । त्यसरी लड्नु पर्‍यो भने त्यसबाट जे जस्तो भयावह स्थितिको सिर्जना हुनेछ, त्यसको संपूर्ण जवाफदेही नेपाली कांग्रेसको सिंगो पार्टी हुनेछ, त्यसको नेतृत्व हुनेछ ।

यस्तो अवस्थामा कम्युनिष्टहरु शान्ति चाहँदैनन्, सहमति र संझौता चाहँदैनन्, खालि अन्तहीन आन्दोलन चाहन्छन् भन्ने तथाकथित आरोप स्वत: खण्डित हुन पुग्नेछ । नेपाली कांग्रेसको विश्वासघाती चरित्र आम जनतामा पर्दाफाश हुनेछ । यसबाट अर्को कुरा पनि साबित हुनेछ- कम्युनिष्टहरु देश र जनताको निम्ति जतिसुकै लचिलो पनि हुन सक्छन्, शान्ति र संझौता गर्न पनि तयार हुन सक्छन् , तर चाहिएको खण्डमा उनीहरु देश र जनताको लागि जस्तोसुकै अत्याचारी संस्था विरुद्ध पनि संघर्षको आँधीबेहरी उठाएर त्यसलाई फाल्न पनि सक्षम छन् ।

***० संझौता गर्ने सवालमा अन्य समूहहरुसित तपाईहरुको विभेद किन भयो ?***

- अन्य समूहहरु मध्ये संयुक्त जनमोर्चासित आन्दोलन संचालन र टुंग्याउने सवालमा स्पष्ट दृष्टिकोण र धारणा नभएको कारणले विभेद हुन गएको हो । उनीहरुमा रहेको उग्र-वामपन्थी दृष्टिकोणका कारणले र बाहिर उग्र वामपन्थी झैं नदेखिन उनीहरुले अप्नाउने मध्य-मार्गका कारणले यस्तो स्पष्ट धारणा उनीहरुमा हुन नसकेको हो । वार्तामा, कुराकानीमा जम्मै कुरामा सहमत हुने, जब त्यसको टुंगो गर्ने बखत आयो, तब कुरा फेर्ने र अघि नबढ्ने उहाँहरुको प्रवृत्तिले गर्दा उहाँहरुसित विभेद रहन गएको हो । अन्य समूहसित हाम्रै प्राविधिक त्रुटीले विभेद रहन गयो । उहाँहरु सबै कुरामा सहमत भईसक्नु भएको थियो । तर पनि संझौतामा हस्ताक्षर गर्दा उहाँहरुलाई सामेल गर्न सकेनौं । सबैको सहमतिले नै संझौता टुंग्याउनु पर्दथ्यो । त्यसैले अरुको हामीसित विभेद रहनु स्वाभाविक हो ।

***० त्यस्तो प्राविधिक त्रुटी हुने गरी संझौतामा हस्ताक्षर गर्न हतारिनुको कारण चाहिं के हो त ?***

- यसको कारण के हो भन्दाखेरी, क. बाबुराम भट्टराई र क. शंभुराम श्रेष्ठ समेत भएर हामीले नेपाली कांग्रेसको शीर्षस्थ नेतृत्व कृष्णप्रसाद भट्टराईसंग ३२ गते गरेको कुराकानीमा नै सबै कुरा टुंगीसकेको थियो । त्यहाँ त भोलि पल्ट भाद्र १ गते २ बजे संझौतालाई अन्तिम रुप दिने भन्ने कुरा टुंगिएको थियो । जनमोर्चाका नेताहरुले आपत्ति गर्नुपर्ने भए त्यतिखेरै आपत्ति जनाउनु पर्थ्यो - "भोलि संभव छैन" भनेर । तर उहाँहरुले त त्यस्तो आपत्ति केही जनाउनु भएन । त्यस्तो आपत्ति नभएपछाडि हामीले त त्यहाँ भन्यौं - "हुन्छ, भोलि त्यहाँ अन्तिम टुंगो गर्ने ।" कृष्णप्रसाद भट्टराईले बोल्ने कुरा र हामीले बोल्ने कुराहरुबारे नेपाली कांग्रेसको नेतृत्वबाट अन्तिम सहमति पाउन मात्र बाँकी थियो । त्यो सहमति पनि साँझमा प्राप्त भएपछाडि अब भोलिपल्ट सबै कुरा टुंग्याउने तय भयो ।

त्यस्तो अवस्थामा भोलिपल्ट बिहान सात वाम पार्टीको बैठकमा अरु पार्टीबाट खास आपत्ति भएन । जनमोर्चाका साथीहरुले बिहान ८ बजेदेखि १ बजेसम्म हाम्रो पार्टी कार्यालयमा बसेको बैठकमा एक एक निहुं खोज्ने कार्य बाहेक केही गर्नु भएन । अन्तमा, शंभुराम श्रेष्ठले "यस्तो गर्नु मिलेन" भनेर आपत्ति जनाएपछि - "हुन्छ, हामी संझौतामा सामेल हुन सक्छौं तर हामीले केही कुरामा भिन्न मत राख्न पाउनु पर्छ" भन्नु भएको थियो । त्यसपछि २ बजे सिंहदरबारमा नै भेट्ने कुरा तय भएको थियो ।

हामीहरु २ बजेदेखि नै उहाँहरुको प्रतीक्षामा बस्यौं । तीन बजेसम्म पर्खंदा पनि जनमोर्चाका साथीहरु नआउनु भएको र अन्तिम अवस्थामा "आउन सक्दिनं" भनेर जवाफ आएपछि के गर्ने ? -भनेर हामी अन्यौलको स्थितिमा रह्यौं । सिंहदरबारमा प्रधानमन्त्रीको कार्यालयमा सबै कुरा टुंग्याउँन समारोहको आयोजना गरिसकिएको छ, देशीविदेशी पत्रकारहरु, अन्य पार्टीका सहमत साथीहरु सब आईसकेका, खालि मसालका साथीहरुले मात्र प्रष्ट भाषामा पहिले नै भन्नुभएको थियो - "हामी हस्ताक्षर समारोहमा सामेल हुन सक्दैनौं, तपाईहरु संझौता गर्नुहोस्- यो उपलब्धि 'हो- हाम्रो आपत्ति छैन"।

हामी त्यो स्थितिमा त्यहाँ नजानु गैर-जिम्मेवार कुरा हुन्थ्यो । कम्युनिष्टहरुको वचनको मूल्य हुँदैन भन्ने कुरा स्थापित हुन्थ्यो । त्यसैले, त्यहाँ गएर टुंग्याउनु सिवाय अर्को विकल्प हामीसंग थिएन । यस्तो अन्यौलको स्थितिमा हामीले त्यहाँ गएर हस्ताक्षर गर्नु परेको थियो । त्यसैले हतारो देखिएको हो ।

***० प्रधानमन्त्रीको राजिनामा संबन्धी मुख्य मागमा राजिनामाको अन्तिम हद मिति किटान समेत भएर कुनै भरपर्दो वचन प्राप्त नभएको र टनकपुरको सवालमा पनि २/३ बहुमतबाट पारित गर्नु पर्ने प्रावधानमा तपाईहरुको अडान नरहेकाले संझौता गर्नुमा बिरोध रहेको भन्ने जनमोर्चाका साथीहरुको भनाइ छ नि त ...***

- यसमध्ये टनकपुर संबन्धी सवालमा हाम्रो जोड दुई वटा कुरामा थियो -पहिलो, त्यो राष्ट्रिय हित अनुकूल हुनुपर्छ । दोश्रो, त्यो संसदको संयुक्त अधिवेशनको दुई तिहाई बहुमतबाट पारित गराइनु पर्दछ ।

***० यही कुरा संझौतामा किन उल्लेख गर्न सकिएन ?***

- राष्ट्रिय हित अनुकूल भन्ने कुरामा उहाँहरुले जोड दिन चाहनु भएन । हामीले जोड दियौं । जहाँसम्म दुई तिहाईको सवाल छ, त्यो त अब कांग्रेसले पनि भनिरहेको छ । टनकपुर सम्बन्धी विशेष समितिमा नै उनीहरु त्यो दुई तिहाईको प्रस्ताव ल्याईरहेका छन् । त्यसैले, दुई तिहाईको समस्या त समस्या नै होइन । समस्या भनेको त्यो सन्धिलाई राष्ट्रिय हित अनुकूल बनाउने कि नबनाउने भन्ने कुराको हो । संझौता हस्ताक्षर समारोहमा क. शंभुरामले दुई तिहाईको कुरा झिक्दा कृष्णप्रसाद भट्टराईले त्यहीं "राष्ट्रिय सहमति अनुकूल भनेको दुई तिहाई बहुमतबाट पारित गराउने कुरामा नै सहमति भएको हो" भन्नुभएको थियो । तारिणीदत्त चटौतले पनि उठेर त्यही भन्नुभयो । त्यसको भिडियो टेप पनि मसंग छ । सार्वजनिक रुपमा त्यो कुरा भनिसकेपछि त्यो त विबादको विषय नै रहेन । त्यसैले, हाम्रो जोड राजीनामाको कुरामा, कर्मचारीको कुरामा, शिक्षकको कुरामा रहेको हो ।

जहाँसम्म राजीनामाको कुरा छ - लिखित रुपमा र निश्चित टाइम फ्रेममा हुनु पर्छ भनेर हाम्रो पनि जोड रहेको छ । तर नेपाली कांग्रेसका नेताहरुले हामीलाई यसमा "फेश सेभ गर्ने (नाक बचाउने) उपाय दिनुहोस्, हामी कसरी पनि राजिनामा गराउँदछौं" भनेर लगातार विश्वास दिलाएपछि हामी यसमा एक पटक मौका दिने कुरामा सहमत भएका छौं । यसको समाधान पनि लिखतबाटै भएको छ । कृष्णप्रसाद भट्टराईले संझौताको दिन के बोल्ने ?, हामीले के बोल्ने ?, -त्यो कुराको लिखत भएको छ ।

***० भट्टराईले दिएको वक्तव्यमा संबिधान अनुकूल सरकार परिचालन गर्ने कुरामा विपक्षीसित सहमति भएको कुरा उल्लेख छ । त्यसले त्यो अर्थ नै इंगित गर्दैन .......***

- त्यसबाट के अर्थ लाग्छ ? के सरकार परिचालन गर्छु भनेको मन्त्री मण्डलका मान्छेलाई हामीले परिचालन गर्ने भन्ने कुरा हो र ?

***० "संबिधान अनुसार सरकार परिचालन गर्ने" भन्ने वाक्यबाट के सरकारले राजीनामा दिने भन्ने अर्थ इंगित हुन्छ भन्ने तपाईको भनाइ हो त ?***

- त्यसमा "विपक्षीसित सहमति भएको छ" भन्ने शब्द पनि परेको छ । एउटा खास परिप्रेक्ष्यमा नै खास शब्दको अर्थ बुझिने हुन्छ । त्यसको अर्थ त्यही हो । अर्को अर्थ लाग्दैन । अहिले यसमा म धेरै व्याख्या गर्न चाहन्न । भरे यो मामलामा धोखाधडी भयो भने त्यतिखेरै सबै कुरा खोलौंला । बचनको पालना भएन भने एक एक कुरा बाहिर आउनेछन् । कांग्रेसले पनि यही धर्तीमा राजनीति गर्ने हो । हामीले पनि यही माटोमा राजनीति गर्ने हो । जनतालाई ढाँटेर कति दिन चल्छ ?

***० अहिले जो सार्बजनिक रुपमा बामपन्थीहरु बीच नै टकराब परिरहेछ, त्यसले त नेपाली कांग्रेसलाई हर तरहले सघ पर्दैछ । यो समस्या हल गर्ने उपाय के होला ?***

- यो कुरा हल गर्नलाई सबभन्दा पहिले जनमोर्चाका साथीहरुले हामीलाई, हाम्रो पार्टीलाई अनाहक रुपमा आक्षेप र लांछना गर्ने काम जो गर्दै हुनुहुन्छ, त्यो बन्द हुनुपर्छ । अहिले केही पनि उपलब्धी भएको छैन भनेर भन्न बन्द गर्नुपर्छ । बढी क्रान्तिकारी देखाउन राजनीतिक स्टण्टबाजी गर्ने कार्य बन्द हुनु पर्‍यो । जनताको त्याग र बलिदानले यत्रो ठूलो उपलब्धि भएको छ, दुई वर्षभित्र भएका सारा त्रुटीहरु सच्याउने मौका मिलेको छ । यो कुरा बुझीदिनु पर्‍यो । नेपाली कांग्रेस यति धेरै कहिल्यै झुकेको थियो ? -त्यो बुझीदिनु पर्‍यो । अहिले जति उपलब्धी भएका छन्, त्यसको उच्च मूल्याङ्कन गर्दै त्यसको कार्यान्वियन र रक्षाको लागि फेरि संयुक्त रुपमा दबावको स्थिति बनाइराख्ने, सजगताको स्थिति बनाईराख्ने र जरुरत परेमा फेरि पनि संयुक्त रुपमा आन्दोलन उठाउने स्थिति बनाईराख्ने कुरामा समझदारी विकसित भयो भने अहिलेका सारा असमझदारी र गलतफहमीहरु हल हुनेछन् ।

***० संझौतामा तपाईहरुले "निर्वाचित प्रधानमन्त्रीलाई हटाउने अन्तिम अधिकार सम्बन्धित पार्टीकै हो" भनेर स्वीकार गर्नुभयो । तर आन्दोलनको शुरुवात - निर्वाचित प्रधानमन्त्रीले पनि अन्याय अत्याचार गरेको खण्डमा सार्वभौम जनताले सडक आन्दोलनबाटै त्यस्तालाई पदच्यूत गर्न सक्छन् भन्ने सिद्धान्तको जगमा भएको थियो । आन्दोलनको अन्त र संझौता त्यो सिद्धान्त गलत हो भन्ने नेपाली कांग्रेसको भनाइ स्वीकार गरेर भएको छ । के यो ठीक भयो ?***

- हेनुहोस्, आन्दोलन गर्नु जनताको जन्मसिद्ध अधिकार हो । त्यो कसैले दिएर दिइने, खोसेर खोसिने अधिकार होइन । जनता सार्वभौम छन् भन्ने स्वीकार गरेपछि, संविधानमै त्यो कुरा उल्लेख भएपछि जनताको त्यो अधिकारलाई कसैले चुनौति दिन सक्दैनन् । अर्को कुरा, नेपाली कांग्रेसलाई शासन गर्न जुन जनादेश दिएका छन् जनताले, त्यो संबिधान मिच्नका लागि होइन, राष्ट्रघात गर्नका लागि होइन, जनतालाई दु:ख दिनका लागि होइन, जनतालाई गोलीले भुट्नका लागि होइन विपक्षी मार्नका लागि होइन । देश र जनताको हित गर्नको लागि, प्रगति गर्नको लागि त्यो जनादेश दिइएको हो । यदि त्यसो नगरी उल्टो काम गर्छ भने-नेपाली जनता त्यसलाई टुलुटुलु पाँच वर्षसम्म हेरिरहन सक्दैनन् । हरेक अन्याय, अत्याचार विरुद्ध जनताले विद्रोह गर्न सक्छ, आन्दोलन गर्न सक्छ र ज्यादती नै भयो भने सत्ताबाट फालिदिन पनि सक्छ । जन विरोधी र राष्ट्रघाती त्यस्ता संस्थाहरु जन-आन्दोलनले फालेको उदाहरण विश्वका विभिन्न भागमा देख्न पाईन्छन । त्यसैले, हामीले यो सिद्धान्तलाई अस्वीकार गरेका छैनौं । ●

घटना प्रवाह

पेरु

# क. गोञ्जालोलाई मृत्युदण्ड दिइने संभावना



*यही भाद्र १० गते पेरुको संसदले मृत्यु दण्ड दिने प्रावधान भएको नयाँ सविधान अनुसार"लागू "औषधिका तस्कर" र "आतंकवादी "हरुलाई अब मृत्युदण्ड दिन सकिन्छ । यो संविधान अब जनमत सग्रहका लागि लगिने छ । त्यसवाट पारित भए पछि यो पेरुमा लागू हुनेछ ।*

*यसको पहिलो शिकार क.गोञ्जालो र उहाँका सहयोगीहरु हुन सक्ने संभावना छ । स्मरणीय छ, पोहोर सेप्टेम्वर१२ मा पक्राउ गरे पछि उहाँहरुलाई लागू औषधिको तस्करी र आतङकवादको आरोपमा आजिवन कारावासको सजाय दिइएको छ । पेरुको कम्युनिष्ट पार्टीले उहाँहरुलाई छुटाउन सक्ने प्रवल संभावना रहेकाले अहिले उहाँहरुलाई अत्यन्त कडा पहरामा जमिनमुनिको वन्दी गृहमा राखिएको छ ।*

*पारित नयाँ सम्बिधानलाई पेरुका प्रमुख प्रतिपक्षी दलका नेता लौड्रेज फ्लोरेशले स्वागत गरेका छन् ।" छापामार समूहद्वारा गरिएका क्षतिहरुको बदलामा यो न्यायोचित छ" भन्ने उनको भनाइ छ । संविधान पारित हुनु भन्दा अगाडि नै गिरफ्तार गरिएका भए पनि पे.क.पा. साइनिंग पाथका अध्यक्ष गोञ्जालो जस्ता नेता बिरुद्ध पनि मृत्युदण्ड दिने स्थिति हुन सक्छ"- उनले भनेका छन् ।*

*यसरी अब क.गोञ्जालोलाई र उहाँका सहयोध्दाहरुलाई मृत्युदण्ड दिने टड्कारो संभावना भएकाले क.गाञ्जालोको जीवन प्रतिरक्षाका लागि बनेको अन्तरराष्ट्रिय आकस्मिक समिति (आई.ई.सी.) ले यस बारेमा नयाँ विश्वब्यापी अभियान चालाइ रहेको छ। अन्तर्राष्ट्रिय आकस्मिक समितिले क.गोञ्जालोको गिरफ्तारीको एक वर्ष पूरा भएकोयही भाद्र २७ गतेदेखि असोज ८ गते सम्म पेरुको जनयुद्धको प्रचार अन्तर्गत क.गोञ्जालोको जीवनमाथि मृत्युदण्डको खतरालाई प्रमुख मुद्दाको रुपमा उठाइरहेको छ ।*

यसै सन्दर्भमा नेपालमा पनि पेरुको क्रान्ति समर्थक समिति, नेपाल र गोञ्जालो जीबन प्रतिरक्षार्थ समितिले संयुक्त रुपमा भाद्र २७ गते काठमाडौंमा बिरोध प्रदर्शनको आयोजना गरे । का. गोञ्जालोको गिरफ्तारीको प्रथम बार्षिकीको सन्दर्भमा साइनिङ पाथले देशव्यापी रुपमा तीव्र आक्रमण चलाउने संभावना बढ्ने देखेर सरकारी सेनाले राजधानी लिमामा कडा पहरा दिइरहेकै बेला पेरुका जनताले उहाँको गिरफ्तारीको प्रथम बार्षिकी मनाएका छन् । लिमा नजिकैको एल कालाओ नौसैनिक अखडामा बन्दी बनाइनु भएका का. गोञ्जालोलाई आफ्नो परिबारसंग भेट्न एक महिनासम्म अनुमति दिइने, तर त्यस अवधिमा उहाँलाई शारीरिक श्रम गर्न लगाइने घोषणा गरेर आफ्नो दानवीय अनुहार पुनः प्रकट गरेको छ । ●

# "चक्का जाम" को अघिल्लो दिनमै पनि एमाले संझौता गर्न तयार थियो

## पूरा नभएका मागहरु पूरा गराउन फेरि संघर्ष गर्नु पर्छ

बाबुराम भट्टराई
संयोजक, संयुक्त जनमोर्चा, नेपाल



**० यो भाद्र १ को संझौताबारे तपाईको प्रतिकृया ?**

- जुन घोषित मागहरुलाई लिएर आन्दोलन भईराखेको थियो र आन्दोलन जुन गतिमा गईराखेको थियो , त्यो आन्दोलनले यी मागहरु पूरा गराउन सक्ने स्थिति थियो । तर बीचैमा ने.क.पा. (एमाले) को नेतृत्वले आन्दोलनको पंक्तिबाट अलग्गिएर एक्लै नेपाली कांग्रेससंग संझौता गऱ्यो र त्यो संझौता राखेका मागहरु भन्दा निकै तल ओर्लिएर गऱ्यो, त्यो आन्दोलनको स्पिरीट , जनताको चाहना र देशको आवश्यकता अनुसार भएन भन्ने हामीलाई लागेको छ । त्यसैले पूरा नभएका मागहरु पूरा गराउनका लागि फेरि संघर्ष जारी गर्नु पर्छ भन्ने हामीलाई लागेको छ ।

**०जून मागहरुमा अहिले संझौता भएका छन् ती सबै त तपाईहरुले , क. प्रचण्ड र क. किरणले समेत मानिसक्नु भएको थियो , खालि हस्ताक्षर समारोहमा मात्र तपाईहरु नजानु भएको भन्ने कुरा छ नि त ?**

-संयुक्त जनमोर्चाले अडान नलिएको भए एमालेले असार१९ गते नै कांग्रेससित संझौता गर्थ्यो ।अन्य पार्टीहरुसित पनि तपाई यो कुरा बुझ्न सक्नुहुन्छ । "नेपाल बन्द"को अघिल्लो दिन असार १९ गते गिरिजाहरुले बालुवाटारमा ए.मा. ले.लाई बोलाएका थिए र मनमोहन र राधाकृष्ण मैनाली त्यहाँ जान तयार समेत भईसक्नु भएको थयो । हामीले यस्तो गर्नु अहिले गलत हुन्छ भनेर रोकेका थियौं । फेरि श्रावण ३ गते अर्थात "चक्का जाम"को अघिल्लो दिन पनि उहाँहरु अहिलेकै व्यहोरामा संझौता गर्न तयार हुनु भएको थियो, त्यतिखेर पनि यस्तो सहमतिमा संझौता गर्नु हुन्न भनेर रोक्ने संयुक्त जनमोर्चा नै हो । हामीले यस्तो अडान राखेकाले सरकारले हामीलाई गिरफ्तार गर्न खोजेको पनि जगजाहेर भईसकेको छ । त्यसपछि "अब संयुक्त जनमोर्चाले हामीलाई यसरी संझौता गर्न नदिने भो" भन्ने धारणा बनाएर एमालेले एक्लै भए पनि संझौता गर्ने नीति बनायो । त्यही नीति अनुसार ५३ घण्टा वार्ता गरेर अहिलेको संझौता भएको हो । अन्तिम समयमा हामीलाई र अरुलाई झुक्याएर उहाँहरुको संझौतामा हाम्रो "लाहाछाप" लगाउने प्रयत्न उहाँहरुले गर्नु भएको थियो । हामीले त्यो मानेनौं, पछि आफ्ना संघर्षशील कार्यकर्तालाई चित्त बुझाउनका निम्ति हाम्रो पनि त्यसमा सहभागिता थियो भनेर उहाँहरुले प्रचार गर्न खोज्नु भएको हो, वास्तवमा कुनै तथ्यले पनि त्यो सावित गर्दैन । अन्यथा, सात वटा पार्टी सामुन्ने बसेर आफूले भनेका कुरा सार्वजनिक रुपमा सावित गर्न हामी उहाँहरुलाई चुनौति दिन्छौं ।

**०क. शंभुराम श्रेष्ठले पनि कृष्णप्रसाद भट्टराईसित श्रावण ३२ गते वार्ता हुँदा तपाईले त्यहाँ संझौतामा पुग्न सहमति ब्यक्त गर्नु भएको थियो, कुनै आपति जनाउनु भएको थिएन, पछि गएर मात्र अत्तो थाप्नु भो भनेर पत्रकार सम्मेलनमा भन्नु भएको छ नि त ?**

-यो संवन्धमा एमालेले छुट्टै आफ्ना तीन जना सांसद वार्ताकारहरु खटाएर सबै कुरा टुंग्याई सकेपछि हामीलाई पनि त्यही टुंगोमा सहमत गराउनका निम्ति हामी सात वाम समूहले वार्ताका निम्ति तीन जना शीर्षस्थ वार्ताकारहरुलाई कृष्णप्रसाद भट्टराईसंग कुरा गराउने प्रवन्ध गर्नु भयो । त्यतिखेर हामीले के पूर्वशर्त राख्यौं भने -हाम्रा सात वाम समूहमै के के कुरामा र कसरी संझौतामा पुग्ने भन्ने कुरामा स्पष्ट समझदारीमा नपुगीकन त्यहाँ वार्ता गर्नुको कुनै अर्थ रहदैन । त्यसपछि माधव नेपाल आफै यहाँ मकहां आएर "भट्टराईकहां गएर आजै सबै कुरा टुंगो लगाउने भन्ने कुरा होइन , त्यहाँ गएर आफ्नो कुरा राख्नुहोस, उहाँहरुको कुरा सुन्नुहोस र कुरा टुंग्याउने त सात पार्टी बसेरै हो" भनिसकेपछि त्यही शर्तमा हामी त्यहाँ गएका हौं । त्यहाँ म आफैले प्रधानमंत्रीको राजिनामा र टनकपुरको बारेमा प्रश्न उठाएको हुं । त्यहाँ त्यतिखेर भट्टराईबाहेक राधाकृष्ण मैनाली, वामदेव गौतम, शंभुराम श्रेष्ठ र माधव नेपाल हुनुहुन्थ्यो । मैले प्रश्न उठाईसके पछि भट्टराईले जवाफ दिनु भयो ।

> "त्यहाँ म आफैले प्रधानमन्त्रीको राजिनामा र टनकपुरको बारेमा प्रश्न उठाएको हुँ ।"

**० भट्टराईले त्यतिखेर के भन्नु भयो त ?**

-भट्टराईले त्यतिखेर सात वाम समूहलाई मान्य हुने कुरा भन्नु भएन । हामीलाई त्यहीं संझौता गर्न सात वाम पार्टीको म्याण्डेट पनि थिएन । हामीसंग रहेको विकल्प त सात पार्टीलाई आएर रिपोर्ट गर्नु मात्र थियो । तर राधाकृष्ण मैनालीले त्यहीं झुकेर संझौता गर्ने खालका कुरा गर्नु भो, त्यो हाम्रो म्याण्डेट विपरीत कुरा थियो । हामीले, त्यसैले यसलाई सात पार्टीसंग बसेर टुंग्याउने कुरा विनम्रतापूर्वक राख्यौं । भट्टराईले आफूले गणेशमानजी संग भेट्ने कुरा राख्नु भो । त्यसरी हामी उठेका हौं । फेरि त्यहां अन्तिम टुंगो भन्ने त केही कुरा भएकै छैन । शंभुरामजीलाई एमालेहरु छुट्टै बसेर संझौताबारे टुंग्याएको कुरा थाहा रहेनछ । त्यसैले उहाँलाई भ्रम पर्न गएको मात्रै हो । तीन जना शीर्षस्थ वार्ताकारले त्यहीं भटराईकहां गएर सबैकुरा टुंग्याउने होइन, सात वाम पार्टीहरुबीच छलफल गरेर टुंग्याउने हो भन्ने कुरा पनि भुल्नु भयो । त्यसैले यस्तो हुन गएको हो । पछि मैले शंभुरामजीसंग भेटेर कुराकानी पनि गरें । अब उहाँमा त्यो भ्रम बाँकी छैन ।

**० तपाईहरुको आफ्नो गल्ती कमजोरीको कुनै भूमिका छ भन्ने तपाईलाई लाग्दैन, यसरी संझौता हुनुमा ? आत्मआलोचक भएर भन्न सक्नु हुन्छ ?**

-मुख्य कमजोरी त एमालेकै हो । सात वाम पार्टीले खटाएको वार्ताकारसित संझौता हुनु पर्नेमा म्याण्डेट विपरीत आफै अघेल्याई गरेर एक्लै संझौता गर्ने उहाँहरु नै हो । हाम्रो कमजोरी के रह्यो भने, एमाले एक्लैले वार्ता गरेको कुरा अखवारमा आउँदै थियो, हामीले त्यसमा स्पष्टीकरण मात्र माग्यौं , सामान्य विरोध मात्र गऱ्यौं । उहाँहरुले पनि "यो अनौपचारिक कुराकानी मात्र हो, सारा कुरा त सात वाम पार्टीले नै टुंग्याउने हो नि " भनीरहनु भयो र हामीले त्यो कुरा पत्याईरह्यौं । त्यसरी पत्याईरहनु हाम्रो कमजोरी रह्यो । किनभने, पछि त्यही अनौपचारिक भनिएको ५३ घण्टे वार्ता नै औपचारिक वार्तामा परिणत हुनपुग्यो ।



**०अब आन्दोलनलाई कसरी पूरा नभएका माग पूरा गराउने गरी सफलताको दिशातिर लैजाने सोच्नु भएको छ त ?**

-बाँकी रहेका शक्तिहरु एक भएर हामी आन्दोलन गर्दैछौं । एमालेको नेतृत्वले गरेको गलत कामको विरुद्धमा त्यसका अधिकांश संघर्षशील कार्यकर्ताहरु भएको प्रष्ट रुपमा देखिदैछ । हाम्रो संघर्ष न्यायपूर्ण छ र हाम्रो ,लक्ष्य सही छ । त्यसैले सवैथरी गोलवन्द भएर व्यापक जन-आन्दोलन छेड्दा हामी अवश्य सफल हुने छौं ।

गएको भाद्र १ गतेको संझौतामा प्रधानमंत्रीको राजिनामा त भएन भएन, त्यो भन्दा पनि चिन्ताको विषय चाहिं के हो भने - त्यस संझौतामा प्रधामंत्रीको राजिनामाको माग गर्ने अधिकार मात्र प्रतिपक्षको हो, त्यसलाई स्वीकार/अस्वीकार गर्ने अधिकार संवन्धित पार्टीको हो भनेर स्वीकार गरिएको छ । यसैलाई "संसदीय प्रजातन्त्र" भनिएको छ । यो हामीलाई नितान्त गलत लागिरहेछ । हाम्रो मान्यता के हो भने -कुनै पनि व्यक्ति निर्वाचित भएर सत्तामा पुगेपछि पनि उसले देश र जनताको हित विपरीत काम गर्छ भने उसलाई वीचैमा सत्ताबाट हटाउने अधीकार जनतालाई छ । यो नै प्रजातन्त्रको मर्म हो । यो परंपरा हामी बसाल्न चाहन्थ्यौं, र चाहन्छौं । अहिले हामीले आन्दोलन जारी गरेको यसैका लागि हो ।

# दशलाख कम्युनिष्टको आम-हत्यापछि




# इन्डोनेशियामा कम्युनिष्ट गतिविधि हाल कस्तो छ ?

***इण्डोनेशीया** !–यो नाम नेपाली कम्युनिष्ट आन्दोलनकारीका लागि अमेरिकी साम्राज्यवादको निर्देशनमा त्यहाँको प्रतिकृयावादी सुहार्तो सरकारद्वारा १९६५ मा गरिएको दशौं लाख कम्युनिष्टहरुको संहारको परिचायक बनीसकेको छ । इण्डोनेशियाको नाम लिनासाथै १९२० मा स्थापित भई १९६५ सम्ममा विश्वकै तेस्रो सवैभन्दा ठूलो र पूरै एशियामा निकै प्रभावशाली र शक्तिशाली मानिएको इण्डोनेशियाली कम्युनिष्ट पार्टीलाई ध्वस्त पारिएको घटना सम्झनुमा कुनै अस्वाभाविकता छैन ।*

*साञ्चै, अमेरिकी साम्राज्यवाद र त्यसका मतियार सुहार्तो सरकारले त्यत्रो शक्तिशाली कम्युनिष्ट पार्टीलाई कसरी ध्वस्त गर्न सके ? किन र कसरी दशौं लाख कम्युनिष्टहरु संहार गरिए ? यस सम्वन्धमा गतांकमा हामीले विस्तृत रिपोर्ट दिएका थियौं ।*

*यस अंकमा प्रस्तुत छ- १९६५/६६को कम्युनिष्ट संहार पछि बाँकी बचेका कम्युनिष्टहरु विगतका कमी-कमजोरीहरुबाट पाठ सिक्दै कसरी त्यहाँ संघर्ष गरिरहेका छन् ?- यस सम्बन्धी विवरण*

**फा**सिष्ट सुहार्तो सरकारको राज्य आतंकमा पिल्सिएको इन्डोनेशियाली कम्युनिष्ट पार्टीको नेतृत्व तहमा रहका केही बचेका नेताहरुले पार्टी केन्द्रीय समिति र पोलिट्व्यूरो सम्हाले । यस नयाँ नेतृत्वले विगतका संशोधनवादी भड्काउहरुको गम्भीर आत्मालोचना गरेर आव्हान गऱ्यो-"इन्डोनेशियामा जनताको जनवादी क्रान्तिको नेतृत्व गर्न इ.क.पा.लाई मार्क्सवादी-लेनिनवादी लाइन अनुसार पुनर्निर्माण गरौं ।"

तर पार्टी पुनर्निर्माणको यस नारालाई व्यहारमा उतार्ने क्रममा सकृय भएका पार्टीका पोलिट्व्यूरो सदस्य तथा 'सेन्ट्रल अफ इन्डोनेशिया वर्कर्स अर्गनाइजेशन'का नेता क. मोहम्मद मुनीरलाई १९६८-६९ तिर कम्युनिष्ट संहारक सुहार्तो सरकार गिरफ्तार गर्न सफल भयो । त्यसै अवधिमा क. सुपोनो मार्सु दियोनो, क. सुबोनो उर्फ क. बालुयो, क. मुल्योनो तथा क. स्याम कामारुज्जामन जस्ता पोलिट्व्यूरो सदस्यहरु र केन्द्रीय नेताहरुलाई पनि गिरफ्तार गरियो । उनीहरु सहित अन्य ९ जना कमरेडहरुलाई १९७३ मै मृत्युदण्डको सजाय सुनाइएको थियो, तर तत्कालीन विद्यार्थी संघर्ष र त्यसबाट सिर्जित जनदवावबाट सुहार्तो सरकार अलिकति हच्कियो. तर अन्तत: १९८५-८६ तिर आएर चाहिं त्यसले उहाँहरुको निर्ममतापूर्वक हत्या गरी छाड्यो । यसका साथै १९८६ तिरै अन्य २६ जना इ.क.पा.का सदस्यहरु, ट्रेड यूनियनका सदस्यहरु एवं सुकार्णो कालीन सैनिक अधिकारीहरुलाई समेत फायरिंग स्क्वाडले हत्या गऱ्यो । यस्तै गरी १९८७ नोभेम्बरको मध्यतिर, १९६८ मै गिरफ्तार गरी १९७६ मा मुत्युदण्डको सजाय सुनाइएका इ.क.पा. का पोलिट्व्यूरो सदस्य क. सुकर्मान र क. सोयवन्दीलाई हत्या गरी निर्मम नर संहारलाई निरन्तरता दिनेकाम सुहार्तो सरकारले गर्दै आयो ।

यसरी १९६५-६६ देखि ६९सम्म गरेको ठूलो कम्युनिष्ट संहार र त्यसपछिका वर्षहरुका गिरफ्तारी, जेल नेल, हत्या, यातनाका वावजूद पनि वचेखुचेका इण्डोनेशियाली कम्युनिष्टहरु कोही कम्युनिष्ट पार्टीकै नाममा, कोही किसान, मजदूर विद्यार्थी, महिला संगठनहरु मार्फत भूमिगत रुपमा सकृय भइरहेका देखिन्छन । प्रतिकृयावादीहरुद्वारा छिन्न भिन्न र ध्वस्त पारिएको भएपनि इ.क.पा. र त्यसका कार्यकर्ताहरु विशेषत: देशको आधारभूत समूदाय किसान र मजदूर समूदायका संगठनं, सचेतनता र संघर्षको बृद्धिमा लागेका छन् । त्यहाँ कम्युनिष्टहरु एवं अन्य सवै राजनीतिक समूहहरु सैनिक शासनबाट मुक्ति पाउन जे-जस्तो-सुकै सुधारवादी कामलाई पनि उपयोग गरिरहेका छन् । उनीहरु सैनिक शासन विरोधी प्रत्येक मौकाहरु , जस्तो कि – संसदको पुनर्वहाली, पार्टी स्वतन्त्रता जस्ता पूंजीवादी प्रजातान्त्रिक अधिकारहरुको स्थापनाका लागि हुने संघर्षहरु संगठित गर्ने र सडकमा उत्रने कार्य गर्ने गर्छन ।

इन्डोनेशियाको जनसंघर्षको इतिहासमा १९७४ र १९७८ मा फासिष्ट सुहार्तो-सरकारको विरोधमा उठेका संघर्षहरु उल्लेखनीय छन् जसले न्यायप्रेमी समूदायको मनोबल उँचो पार्न सहत्वपूर्ण भूमिका खेलेका छन् । संघर्षका क्रममा संघर्षशील विद्यार्थीहरुले आफ्नो देश र जनताको शोषणमा लिप्त जापानी पूंजीमाथि आक्रमण गर्ने काम मलारीमाथि आक्रमण गरेर देखाए । उनीहरुले फासिष्ट सुहार्तोको तानाशाहीपनको भण्डाफोर गर्न सुहार्तो परिवारको कृयाकलापलाई संघर्षको मुद्दा बनाए ।

यस्ता संघर्षहरुबाट भयभित भएको सरकारले क्याम्पस जीवनलाई सामान्य पार्ने नाममा विद्यार्थी कृयाकलाप"माथि नियन्त्रण जमाउने कानूनी प्रावधानहरु अगाडि बढाउने काम गऱ्यो । यस कडा प्रावधानलाई छिचोल्न संघर्षकारी विद्यार्थीहरुले पनि संघर्षका नयाँ-नयाँ रुप निर्माण गरे ।"विद्यार्थी अध्ययन समूह," "छलफल समूह" आदि गठनगरी "विकास" सम्वन्धी सिद्धान्त र इण्डोनेशियाली भूमिमा सरकारद्वारा लागू "विकास सम्वन्धी कृयाकलापको आलोचनात्मक अध्ययन र छलफल" गरिने क्रम पनि शुरु गरियो । सरकारले "विकास"को नारालाई खुव घन्काउन थालेर जनतालाई भ्रममा पार्न थालेकोले यसो गरिएको थियो ।

यो विद्यार्थी संघर्षले १९८०को दशकको मध्यतिर आएर नयाँ मोड लियो । विद्यार्थीहरुले किसान समस्या, जग्गा-जमीन सम्वन्धी मतभेदहरु , जग्गा सरकारीकरण लगायत केदुङ्ग आम्बो डायम (वाँध) र लाम्पुङ्गमा भएको कफी खेतको दंगा सम्वन्धी विषयहरुमा संघर्ष चर्काए । विद्यार्थी र किसानहरु संयुक्त रुपमा "संसद" समक्ष विरोध जनाउने तथा किसानहरुको समर्थनमा विद्यार्थी एक्लैले भएपनि ऱ्याली, जुलूस प्रदर्शन तथा अन्य जन संघर्षहरु संचालन गर्न थाले ।

यसका साथै ठूला-ठूला शहरका विद्यार्थीहरुले सुहार्तो सरकारको दमन विरोधी संघर्षमा मजदूरहरुको योगदान महत्वपूर्ण हुने तथ्यबोध गरे, त्यसैले धेरै जस्तो विद्यार्थीहरुले जाकार्ता, तान्जेराङ्ग, बेकासी, वाङ्गदुङ्ग, सोलो, सेमाराङ्ग, योग्या आदिका औद्योगिक क्षेत्रहरुमा जनसम्पर्कसंगै मजदुरहरुसंग एकाकार हुने काम गर्न थाले । १९८० को अन्ततिर यी प्रयत्नहरुको फलस्वरुप स्थापित विद्यार्थी, किसान र मजदूरहरुको सम्पर्क, सम्वन्ध र संयोजनले सुहार्तोको "नयाँ शासन व्यवस्थारुपी तानाशाही" विरोधी संघर्षमा नयाँ ऊर्जा थप्ने काम गऱ्यो।

नयाँ ऊर्जाबाट हौसिएका विद्यार्थीहरुका सामु अव विस्तारै देशको सत्ता-शक्तिका नियन्त्रक सैन्य शक्तिसंग सिधै मुकाविला गरेर अगाडि बढ्नु पर्ने स्थिति सृजना भयो । यसका ज्वलन्त नमूनाहरु हुन्- योग्या, बर्देरह, तानाश बादेगा, सीमाकान र केदुङ्ग आम्बो को हिंसक संघर्ष ! यी संघर्षहरुका क्रममा विद्यार्थीहरुलाई डर, धम्की, यातना, गिरफ्तारी र लामो जेल जीवन भोग्न बाध्य गर्ने काम सैनिक सरकारले गऱ्यो , तापनि संघर्ष रोकिएन ।

### विभाजन र संघर्षमा कम्युनिष्टहरु

इण्डोनेशियामा यो र यस्ता विद्यार्थी संघर्ष, मजदुर र

किसानहरुको संयुक्त र बेग्लाबेग्लै संघर्ष हाल पनि जारी छ । यसैबीच यस्ता जन-संघर्षहरुको निर्माण, संगठन विस्तार र सचेतनता अभियानमा भूमिगत रुपमा संलग्न इ.क.पा.को नेतृत्वमा विभाजन पनि आएको छ ।

त्यहाँ १९६५-६६ को नरसंहार भन्दा अगाडिको इकपाका अध्यक्ष का. अदितको संशोधनवादी फर्मुलालाई नै स्वीकार्ने एउटा समूह ख्रुश्चोभ पछिका पूर्व सोभियत नेताहरु कै अनुशरण गरेर अगाडि बढिरहेको छ । वर्तमानमा यस समूहको नेतृत्व लामो समयसम्म पूर्वी यूरोपीय देशहरुमा प्रवासको जीवन बिताएका क. सातिद्जाया सुदिमानले सम्हाली रहेका छन् ।

क. सुदिमानले नेतृत्व सम्हाल्नु अगाडि क. तोमास सिनुरायाले महासचिवको जिम्मेवारी वहन गर्दै आएका थिए । यी दुवै नेताहरु राष्ट्रिय रुपमा मात्रै होइन, अन्तर्राष्ट्रिय रुपमा समेत भएको रुस-पन्थी नेताहरुको रुपमा चर्चित र परिचित छन् ।

यी दुवै नेताहरुले आफ्नो प्रवासमा बस्ने बाध्यतालाई इण्डोनेशियाली कम्युनिष्ट आन्दोलनको बारेमा अन्तर्राष्ट्रिय जगतमा प्रचार प्रसार गर्ने र सम्पर्क विस्तार गर्ने अवसरको रुपमा पनि प्रयोग गरे । उनीहरुले यसै क्रममा विश्व प्रख्यात पत्रिका World Marxist Reiew मा लेख रचना प्रकाशित गर्ने-गराउने, त्यस पत्रिकाद्वारा आयोजित अन्तर्राष्ट्रिय स्तरका सभा, सम्मेलन, गोष्ठी र छलफलहरुमा सहभागी हुने आदि कार्यहरु पनि गरेका थिए ।

यी नेताहरु बुडापेष्टमा सम्पन्न कम्युनिष्ट पार्टीहरुको अन्तर्राष्ट्रिय कांग्रेसमा समेत सहभागी भएको तथ्य यहाँ उल्लेखनीय देखिन्छ उक्त कांग्रेसमा ती दुई नेताहरुका साथै इण्डोनेशियाली कम्युनिष्ट पार्टीका अन्य ३५ जना कमरेडहरुको पनि सहभागिता रहेको थियो । ती ३५ जना कमरेडहरुको सहभागिताले सुहार्तो सरकारलाई आश्चर्यचकित र भयभित समेत पारिदिएको थियो , किनकि ती सवै कमरेडहरु नयाँ नयाँ अनुहारका थिए, सि.आई ए. र इण्डोनेशियाली गुप्तचर हरुको लागि समेत उनीहरु अपरिचित थिए । उनीहरु प्रतिक्रियावादी यमराजको वहीखातामा नाम नै उल्लेख नभएका व्यक्तिहरु थिए ।

यस मस्कोपन्थी नेतृत्वले राष्ट्रिय र अन्तर्राष्ट्रिय रुपमा आफ्नो सैद्धान्तिक विचलनद्वारा जन्मिएको संशोधनवादी विचार अनुसार



**अमेरिकी साम्राज्यवाद र त्यसका मतियार सुहार्तो सरकारबीचको यो सैनिक गठवन्धन कम्युनिष्टहरुको विरोधको एउटा विषय रहेको छ**

तत्कालीन सोभियत संघका सम्पूर्ण प्रभुत्ववादी कृयाकलापहरुको आँखा चिम्लेर समर्थन गर्ने गरेको देखिन्छ । तापनि यसले इण्डोनेशियाली जनता र देशको भविष्यमाथि खेलवाड गरिरहेको अमेरिकी , साम्राज्यवादविरोधी जनसंघर्षमा सकृय कृयाशीलता देखाएको पनि देखिन्छ । सुहार्तो सरकार पनि सदस्य रहेको दक्षिणपूर्वी राष्ट्रहरुको संगठन (ASEAN) को अमेरिकामुखी परराष्ट्र नीतिको आलोचना र जनसंघर्ष माथिको दमन-नीतिको भण्डाफोर गर्न यो नेतृत्व कहिले पनि पछि परेको देखिदैन । यी सवका बाबजूद पनि आसियानसंग सोभियत संघको सम्वन्ध विस्तारलाई भने आँखा चिम्लेर समर्थन गर्न गई र त्यसले दक्षिण पूर्व-एसियामा व्यापक राजनीतिक स्थिति- सामान्यीकरण गर्न सहयोग मिल्ने बिचार र व्यवहार प्रदर्शन गर्न यो नेतृत्व पुग्यो । यसले वर्ग -संघर्षको आवश्यकतालाई भाषण र किताबमा सीमित राख्न थाल्यो ।

यस सोभियत संघमुखी नेतृत्वको सोच र स्थितिको सम्बन्धमा केही सामान्य ज्ञानका लागि यसका पूर्व महासचिव क. तोमास सानुरायाले "वर्ल्ड मार्क्सिष्ट रिभ्यू"द्वारा आयोजित राउण्ड टेबुल छलफलको क्रममा "एशिया-प्रशान्त क्षेत्रमा शान्ति सुरक्षा, प्रजातन्त्र र सामाजिक प्रगतिको लागि संघर्ष र कम्युनिष्टहरु" बिषयमा बोल्दै पोखेका केही बिचारहरु यहाँ उल्लेखनीय छन् -

"इण्डोनेशियामा शान्तिको लागि भइरहेका जन-संघर्षहरुमा जन समर्थन जुटाउन र्‍यालीहरु आयोजना गर्न खोज्दा खोज्दा पार्टी निराश भइसक्यो, किनकि त्यहाँ सवै खालका जनसंघर्षहरु, जस्तो कि- प्रदर्शन, र्‍याली, उत्सवहरु सवै नै सैनिक शासकहरुबाट प्रतिवन्धित छन् , किनकि- संचारका साधनहरुमाथि मूलत: सैनिक शासक र साम्राज्यवाद समर्थक सर्कलको नियन्त्रण छ ।

भूमिगत रुपमा काम गर्ने क्रममा हाम्रो सानो र कमजोर पार्टीमा अहिलेसम्म पनि ठूला ठूला एवं खुला जन-संघर्षहरु उठाउन जनताहरुलाई संगठित गर्ने आफ्नो पुरानो क्षमताको कमी देखिन्छ । जनतालाई आकर्षित गर्न सक्षम हुन इ.क.पा. प्रजातन्त्रको स्थापना, सामाजिक जीवनको उत्थान र शान्तिका उद्देश्यहरु बीचका अन्तरसम्वन्धहरुबारे उनीहरुलाई बुझाउनु पर्छ भन्ने बिचारमा विश्वास गर्दछ । यसको सफलता पार्टीले आफ्नो राष्ट्रमा गर्ने कार्यहरुमा मात्र निहित छैन, बरु क्षेत्रीय स्तरमा गरिने अन्तर्क्रियाहरुसंग पनि सम्वन्धित छ ।"

## अर्को सक्रिय कम्युनिष्ट पार्टी

क. सुदीमानको नेतृत्वमा चलिरहेको समूह भन्दा पृथक, राष्ट्रिय अन्तर्राष्ट्रिय रुपमा सक्रिय इ.क.पा. कै अर्को समूहको नेतृत्व क. युसुफ अद्जीतोरोप (Jusuf Adjitorop)ले गरिरहेका छन् । यस इ.क.पा. घटकको प्रमुख पहिचान हो- माओकालीन चीनलाई समर्थन गर्नु र विगतका संशोधनवादी फर्मुलाहरुप्रति आलोचनात्मक सोच राख्नु । यसै कारणले सी.आई.ए.ले यसलाई "बेइजिंगपन्थी समूह" भनेर प्रचार गर्ने गरेको छ ।

क. युसुफको नेतृत्वमा चलिरहेको यस "बेइजिंगपन्थी" समूहले मूलत: विगतमा इ.क.पा.को सर्वोच्च नेतृत्वले १९६५/६६ को नरसंहार र त्यस अगाडिको अदित-फर्मुलाको आत्मालोचनालाई स्वीकारेको छ । यसले हाल भूमिगत काम-कारवाही चलाइरहेको ज्यादा



## अब क. माओको भाषण कम्प्याक्ट डिस्कमा

*विश्वका न्यायप्रेमी श्रमिक वर्गका श्रद्धेय नेता क. माओ त्से तुङ्को शत वार्षिकीको उपलक्ष्यमा केही समय अगाडि चीनमा क. माओको छवि अंकित विशेष घडीहरुको निर्माण गरिएपछाडि अब यहाँका भाषणहरु ७ वटा कम्प्याक्ट डिस्कमा बजारमा आउँदैछन् ।*

*शियान्के एम्यूजमेन्ट एण्ड कम्युनिकेशन कम्पनीद्वारा चिनियाँ कम्युनिष्ट पार्टीको केन्द्रीय कमिटीको केन्द्रीय संग्रहालयको सहयोगमा बनाइएका यी डिस्कहरुमा क. माओका १९४९ देखि १९५६ सम्मका भाषणहरु समावेश गरिएका छन् । यसमा क. माओको अक्टोवर २१, १९४९ का दिनमा जनवादी गणतन्त्र चीनको स्थापना भएको ऐतिहासिक घोषणा पनि सामेल छ ।*

देखिन्छ । विशेषत: विद्यार्थी पुस्तालाई सचेत, संगठित र संघर्षशील बनाउने १९६५/६६ पश्चातको कार्य शैलीलाई निरन्तरता दिने काम यसले गरिरहेको छ । यसले सचेत विद्यार्थीहरुलाई किसान र मजदूर समूदायलाई गोलवन्द गर्ने काममा लगाउने कार्य पनि गरिरहेको छ ।

अन्तर्राष्ट्रिय स्तरमा यस समूहले फिलिपिनी कम्युनिष्टहरुसंग एकगठ भई अमेरिकी साम्राज्यवाद विरोधी संघर्ष समेत गरेको थियो । यस संघर्षको सिलसिलामा फिलिपिनी कम्युनिष्ट पार्टी (Communist Party of the Philippines) संग एकतावद्ध भई फिलिपिन्समा राखिएका अमेरिकी सैनिक अखडाहरु हटाउने संघर्षमा यो लागेको थियो, जुन अखडाहरु हटाउन अन्तत: अमेरिका बाध्य भयो पनि । यस एकतावद्ध संघर्षबाट के देखिन्छ भने यस समूहले अन्तर्राष्ट्रिय कम्युनिष्ट आन्दोलनसंग आफूलाई पनि गाँस्ने कामलाई महत्व दिएको छ ।

## कम्युनिष्टहरुको भूत !

सन् १९८८ मा सुहार्तो सरकारद्वारा आफ्ना "ज्यानी दुश्मन"-कम्युनिष्टहरु सखाप गर्ने १९६५/६६ को नरसंहार चलाइसकेपछि त्यसको भूत बिउँझेको अनुभव गरियो । त्यसबेला इण्डोनेशियाको प्रान्तीय राजनितिक काउन्सिलमा इ.क.पा.का पुराना कार्यकर्ताहरु नेतृत्व स्तरमा चुनिएर आएका थिए, जसले गर्दा इ.क.पा.ले पुनर्जीवन पाएको देखेर सुहार्तो सरकार पुन: भयभीत भएको थियो ।

त्यस्तै, पूर्व गुप्तचर अधिकारी सुग्यार्सो सुरोजोले इण्डोनेशियाका संस्थापक राष्ट्रपिता सुकार्णो १९२० तिरको आफ्नो विद्यार्थी जीवनदेखि नै मार्क्सवादी भएको तथ्य समावेश गरी Who Sows the wind, Reaps a Tempest नामक किताव प्रकाशित गरेका थिए । १९८७ को चुनावी प्रचारको क्रममा रातो लुगा लगाएका युवाहरुले सुकार्णोको तस्वीर लिई परेड गरेको घटना देखेर यो किताव उनले लेखेका थिए । यस कितावको प्रकाशनबाट जनता र सरकारमा ठूलो हलचल मच्चियो । हलचलपूर्ण प्रतिक्रियाले इण्डोनेशियाली समाजमा साम्यवादले अझै ठूलो र प्रभावकारी भूमिका खेलिरहेको तथ्य प्रमाणित गरेको छ भन्ने कुरा नेशनल डिफेन्स इन्ष्टिच्यूटका गर्मनर जनरल सुबिकास्तोले समेत स्वीकारेका छन् ।

जे होस् सुहार्तो सरकार कम्युनिष्टको "भूत"देखि कति थर्कमान छ भने हाल "कम्युनिष्ट", "साम्यवाद" ,"१९६५ का नसंहारको मूल्यांकन" आदि उल्लेख हुनासाथै इन्डोनेशियामा पत्रिकाहरु सेन्सर्ड गरिन्छन् । कितावहरुमाथि प्रतिवन्ध लगाइन्छ ।

यसै क्रममा त्यहाँ केही वर्षअघि प्रमुद्या अनन्माता तोसरको उपन्यास Pantai, Siti Mari र वाहनो मिलिप्राविरोको किताब Tealogi Pembebasan लाई त्यहाँको सरकारी निकायले "मार्क्सवादको प्रचार प्रसार गर्ने प्रचार सामग्री"को आरोपमा प्रतिवन्ध लगाएको थियो ।




इण्डोनेशियामा "साम्यवाद सुहाउँदैन" भन्ने "तर्क" र "भय" का प्रचारक सुहार्तो

सरकारले पूर्व कम्युनिष्ट कामदार र कम्युनिष्टहरुको लेख रचना बढी प्रकाशित गरेको निहुँमा अनेकौं राष्ट्रिय पत्र-पत्रिका र प्रकाशनमा छानवीन गर्ने गरेको छ । केही वर्ष अघि सूचना मन्त्रालयका ३७ जना कर्मचारीहरुलाई "पूर्व कम्युनिष्ट भएको" आरोपमा सरकारले जागिरबाट निकालेको छ र ७४४ कर्मचारीको जागिर खाने घोषणा पनि यसले गरेको थियो । कतिसम्म भने, लेखक प्रमुद्याको किताब पढ्ने विद्यार्थीहरुलाई समेत गिरफ्तार गरी साढे ८ वर्षको कैद सजायँ दिइएको छ । यी सबै दमनात्मक कारवाहीहरु राष्ट्रपति सुहार्तोको "मार्क्सवाद-लेनिनवादबारे कुनै पनि प्रकाशन विरुद्ध कडा कारवाही गर्ने" प्रत्यक्ष निर्देशनमा भइरहेको तथ्य यहाँ उल्लेखनीय छ ।

कम्युनिष्टहरुको "भूत" बाट भयभीत सरकारका यी कृयाकलापहरुबाट के आभास मिल्छ भने- इण्डोनेशियामा भूमिगत र खुल्ला रुपमा कम्युनिष्टहरुको सकृयता र प्रभावमा वृद्धि भैरहेको छ । सी.आई.ए.ले इ.क.पा.का जम्माजम्मी सदस्य १ हजार देखि ३ हजारसम्म मात्र भएको कुरा प्रचार गरेपनि अन्तत: सी.आई.ए.ले स्वीकारेको छ- "कम्युनिष्टहरुको ठीक तथ्याङ्क थाहा पाउन निकै गाह्रो छ, चाहे त्यो मस्कोपन्थी होस्, या बेइजिङ्गपन्थी ! तर सरकारी तथ्याङ्क मात्रै हेर्दा पनि के देखिन्छ भने- १९७३ मा मात्रै सरकारले बि- सूची अन्तर्गत ३३ हजार कम्युनिष्टहरुलाई सेना, राजनीतिक पार्टी, शिक्षण संस्था, धार्मिक नेतृत्व, पत्रकारिता वा सरकारी कृयाकलापमा सहभागी हुन नपाउने शर्तमा रिहा गरेको थियो । त्यस्तै १९४८ को मेदियोन संघर्षको क्रममा गिरफ्तार गरिएका ५ लाख कम्युनिष्टलाई सि- सूची अन्तर्गत सरकारी एजेन्सीहरुमा कडा शर्तसहित काम गर्न लगाइएको छ ।"

यसबाट इण्डोनेशियामा कम्युनिष्टहरुको प्रभाव चानचुने नभएको कुरा प्रमाणित हुन्छ । यसबाहेक, सरकार र संचार माध्यममा प्रतिवन्धित इ.क.पा. का कार्यकर्ताहरु "घुस्न थालेको" विषयमा सत्तासीन गोल्कर (GOLKAR) पार्टीको सम्मेलनमा हंगामा मच्चिएको र त्यसै हंगामाबाट उब्जेको प्रतिक्रिया स्वरुप थुप्रै "कम्युनिष्ट"-सरकारी अधिकारीहरु-ले जागिरबाट हात धुनु पर्‍यो । अझ, गोल्कर पार्टीकै पश्चिमी सुमात्राको पायाकुम्वुहको क्षेत्रीय कार्यकारी काउन्सिलका अध्यक्षलाई समेत "कम्युनिष्ट भएको" आरोपमा निस्काशित गरियो । त्यस्तै दुई जना इ.क.पा. सदस्यहरुले गोल्कर पार्टीको कांग्रेस सकिनासाथै अर्को नयाँ पार्टी गठन गर्न खोजेको, अर्को क्षेत्रीय पार्टी- अधिकारी इ.क.पा.को सदस्य भएको प्रमाणित भएको तथ्यले पनि कम्युनिष्टहरुले प्रतिवन्धित अवस्थामा सकृय रहन विभिन्न उपाय र रुपहरु प्रयोग गर्न थालेको स्पष्ट संकेत मिल्छ ।

हाल सुहार्तो सरकार इण्डोनेशियामा "साम्यवाद सुहाउँदैन" भन्ने तर्क दिने र साम्यवादको ठूलो "भय" देखाउने काम गरिरहेछ । यसले "इण्डोनेशियामा कम्युनिष्टहरु फर्कन सक्ने" हाउ पनि खडा गरिरहेछ । तर यथार्थमा कम्युनिष्टहरु त्यहाँ विगतमा झैं ठूलो स्केलमा छिट्टै फर्कन सक्ने स्थिति छ त ?

वास्तवमा यो कुरा त्यति रंगीन र आकर्षक चाहिँ पक्कै छैन । यसका लागि त इण्डोनेशियामा कार्यरत कम्युनिष्ट पार्टीहरुका छिन्ने भिन्न भएका पार्टी संगठनहरु र पुन: संगठित र संघर्षशील हुँदै गइरहेका जनवर्गीय संगठनहरुले एक त, आफ्ना विगतका काम कारवाहीहरुका बारेमा पटक पटक आत्म मूल्याङ्कन गरी त्यसबाट कडा पाठ सिक्नु जरुरी छ । त्यस्तै अर्को महत्वपूर्ण कुरा के हो भने, इण्डोनेशियालाई लुँछाचुँडी गरिरहेका अमेरिकी एवं जापानी साम्राज्यवादी शक्तिहरुको आर्थिक, राजनीतिक एवं सैनिक सहायताको वैशाखीको भरमा टिकिरहेको फासिस्ट र तानाशाही सुहार्तो सरकारका विरुद्ध उनीहरुले एकतावद्ध, दृढ र सचेत संघर्ष चलाउनु जरुरी छ ।

यी नै संघर्षहरुमा इण्डोनेशियाका कम्युनिष्टहरु र उनीहरुसंगसंगै संघर्षरत इण्डोनेशियाली जनताको चम्किलो भविष्य र विश्वका न्यायप्रेमी जनताको उज्यालो आशाको एक टुका फल्ने-फुल्ने कुरा निर्भर गर्दछ ।

**– राजेन्द्र महर्जन**

प्रत्येक दिनको ताजा समाचार र विचारको लागि
दैनिक लुम्बिनी

# पूर्वी यूरोपेली मुलुकहरुमा खुला बजार अर्थतन्त्रले पारेको वेहाल

-विवेक प्रधान

पूर्वी यूरोपका मुलुकहरुमा समाजवादी केन्द्रिकृत र योजनावद्ध आर्थिक प्रणाली ध्वंश गरेर पूंजीवादी खुला बजार अर्थतन्त्र लागु गरेपछि त्यहाँ "छु मन्तर" गरे झैं गरी विकास हुन थाल्नेछ, जनताको जीवन स्तर एकदमै राम्रो हुनेछ भनी पश्चिमेली पूंजीवादी मुलुकहरुले प्रचार गरेका थिए। तर वास्तविकता त्यस्तो रहेन। यो त्यसको ठीक उल्टो निस्कियो। त्यतिखेर पूर्वी यूरोपमा समाजवादी प्रणालीलाई ढाल्नका लागि र यो प्रणाली त्यहाँ ढलेको लगत्तैपछि विश्वभरका पूंजीवादीहरुले पूंजीवादी प्रणाली नै आखिरमा "शास्वत जनपक्षीय प्रणाली हो" भन्ने व्यापक प्रचार प्रसार गरेका थिए। साम्राज्यवादी संचार माध्यमहरु अत्यन्त उत्ताउलो भाषामा यो प्रचार-प्रसार गर्दथे। पूर्वी यूरोपका असचेत युवाहरुलाई "समाजवाद खराब हो" र "पूंजीवाद नै एक मात्र सर्वोकृष्ट व्यवस्था र विकल्प हो" भनी भ्रममा पारी पूंजीवादी कथित "प्रजातन्त्र" को पक्षमा तानिएको थियो।

विश्वभरि नै "आखिर पूंजीवाद नै राम्रो व्यवस्था हो" र "समाजवाद ढल्यो" भनी गरिएको यस प्रचारबाजीको राँको नेपालमा पनि पसेक्रो कुरा ताजै छ। नेपालका पूंजीवादीहरु पनि चिच्चाई चिच्याई यी प्रचारहरु गर्थे।

सांच्चै पूंजीवादी प्रणाली उनीहरुले भने जस्तै एक मात्र उत्कृष्ट व्यवस्था भएको भए पूर्वी यूरोपका ती मुलुकहरुमा समाजवादी कालमा भन्दा द्रुत गतिमा विकास हुनुपर्ने थियो। जनताले सुख सुविधा पाउनु पर्ने थियो। तर यस्तो हुन सक्ने संभावना नै थिएन। किनभने, मुट्ठीभर बलियाबांगाले मोजमस्ती गर्ने र बांकी बहुसंख्यक जनताले चुसिनु पर्ने स्थिति नै पूंजीवादी अर्थ-प्रणालीको प्रत्यक्ष विशेषता हो। यो कुरा ती देशहरुमा हालको ययार्थले कसरी प्रमाणित गरेको छ भन्ने कुरा तलको वास्तविकताले दर्शाएको छ।

## पोलैण्ड

पोलैण्डले अप्रिल ५, १९८९ देखि खुला बजार अर्थतन्त्रमा पाइला राखेको हो। तर १९९० मा पोलैण्डको राष्ट्रिय उत्पादन १२ प्रतिशतले घट्यो। १९९१ मा त्यो थप ७ प्रतिशतले घट्यो। करीव २० लाख मानिसहरु एकै वर्षमा बेरोजगार हुन पुगे। १९९२ मा त बेरोजगारहरुको संख्या २७ लाख पुग्यो। अर्थात, कुल श्रमशक्ति मध्ये १४.७ प्रतिशत मानिसहरु बेरोजगार हुन पुगे। कृषि उत्पादन १९९२ मा १४ प्रतिशतले घट्यो। १९९० मा मुद्रा स्फीति अर्थात महंगी बृद्धि दर ६०० देखि ७०० प्रतिशत रह्यो। १९९१ मा यो ६० प्रतिशत रह्यो र १९९२ मा ४६ प्रतिशत।

यसरी महंगी त बढ्यो तर ज्याला र आम्दानी भने त्यो अनुपातमा बढेन। यसले गर्दा जनताको जीवनस्तर १९८९ मा भन्दा पनि निकै खस्कियो। ज्याला बृद्धिको माग गर्दै देशभरि मजदूर हड्तालको लहर फैलियो। १९९२ को डिसेम्बरमा मात्र ३ लाख कोइला मजदूर-हरु ज्याला बृद्धिको माग गर्दै हड्तालमा उत्रे। ४ वर्ष बितेको छैन, अहिले पोलैण्डका ६० देखि ८० प्रतिशत जनताहरु के ठान्न थालेका छन् भने- उनीहरुको जीवन अहिले भन्दा, १९८९ अघि अर्थात समाजवादी अर्थतन्त्रको समयमा धेरै राम्रो थियो।

## चेकोस्लोभाकिया

चेकोस्लोभाकियाले समाजवादी आर्थिक प्रणाली छाडेर पूंजीवादी प्रणाली अप्नाउन शुरु गरेको डिसेम्बर १०, १९८९ देखि हो। त्यहाँ यसको लगत्तै पछि महंगी एकदमै चुलियो। १९९१ मा मात्र ६० प्रतिशतले महंगी बढ्यो। जनवरी १, १९९३ देखि चेकोस्लोभाकिया चेक र स्लोभाक नाम गरेका दुई देशमा बाँडियो। चेकमा महंगी बृद्धि दर १८४ प्रतिशत रह्यो र स्लोभाकमा १९३ प्रतिशत। यसले त्यहाँका जनताको जीवन स्तर अत्यन्तै डाँवाडोल पार्‍यो। पहिले चेकोस्लोभाकियामा बेरोजगारी दर शून्य थियो। पूंजीवाद लागु गरेपछि अहिले चेक गणतन्त्रमा ३ प्रतिशत मानिसहरु र स्लोभाक गणतन्त्रमा १२ प्रतिशत मानिसहरु बेरोजगार हुन पुगेका छन्। उत्पादनमा त्यहाँ १६ प्रतिशतले गिरावट आएको छ।

## हंगेरी

हंगेरीले अक्टोबर १९८९ देखि पूंजीवादी बजार अर्थतन्त्रतिर पदार्पण गरेको हो। तर बजार अर्थतन्त्रले ल्याएको महंगी, बेरोजगारी र उत्पादन ह्रासले हंगेरीलाई पनि संकटग्रस्त पारेको छ। १९९१ मा त्यहाँ महंगी बृद्धि दर ३४ प्रतिशत रह्यो। १९९२ मा पनि महंगी बृद्धि दर २० देखि २५ प्रतिशत रह्यो। कुल श्रमशक्तिको ९.७ प्रतिशत मानिसहरु पूर्ण रुपमा बरोजगार रहे। त्यहाँ १९९१ मा उत्पादनमा ६.५ प्रतिशतले गिरावट आयो र त्यो गिरावट अहिले पनि जारी नै छ। त्यहाँको बजेट घाटा नै २.३ अरब अमेरिकी डलर पुगीसकेको छ। यो

# जो फेरि कम्युनिज्म चाहन्छन्

पूर्वी यूरोप तथा सोभियत संघमा समाजवादी संरचनाको समाप्ति पछि विश्वबाट नै कम्यूनिज्म लोप भएको पूंजीवादी डंकालाई यतिखेर त्यहाँकै जनताले अस्वीकार गरेका छन्। समाजवादको श्रेष्ठ विकल्पको रुपमा ठाँउ लिन नसकेको पूंजीवादले त्यहाँका जनतामाथि अभाव र गरीवी मात्र थोपरेको छैन, सामाजिक सुरक्षाको ग्यारेन्टी पनि दिन सकेको छैन र भविष्यप्रति आशा र भविष्यको कुनै सांकेतिक रेखा पनि कोर्न सकेको छैन। फलत: त्यहाँका ५० प्रतिशत भन्दा बढी जनता यतिखेर पूंजीवादी व्यवस्थाप्रति व्यापक रुपमा आफ्नो असन्तुष्टी व्यक्त गर्दै भन्दैछन्- बरु कम्युनिष्ट व्यवस्था नै राम्रो थियो, हितकार थियो। प्रस्तुत छ, त्यसबारेको एक सर्वेक्षण:

सर्वेक्षण गरिएका मुलुकहरु -
अल्बानिया, आर्मेनिया, इस्टोनिया, चेक, जर्जिया, पोल्याण्ड , बुल्गेरिया, बेलोरुस, मेसेडोनिया, मोल्दाभिया , यूक्रेन, रुस, रोमानिया, लात्भिया, लिथुआनिया, स्लोभकिया, स्लोभानिया, हंगेरी।
सर्वेक्षण गरिएको संख्या- १८,७००(१५ वर्ष माथिका)
संस्था- यूरोपियन कम्युनिटि
भाषा- स्थानीय
अवधि-अक्टोबर/ नोभेम्बर - ९२

तथ्यांक:

१. मुलुक कस्तो दिशातिर जाँदैछ ?

| राम्रो % | नराम्रो % | अनिर्णित % |
|---|---|---|
| तथ्यांक छैन | ५१ | छैन। |

२. समाजवादको तुलनामा अहिलेको जनजीवन कस्तो छ ?

| राम्रो % | नराम्रो % | अनिर्णित % |
|---|---|---|
| २७ | ५७ | १६ |

३. तपाई वर्तमान राजनीतिक प्रणालीसंग सन्तुष्ट हुनुहुन्छ ?

| छु % | छैन % | अनिर्णित % |
|---|---|---|
| २० | ६३ | १७ |

४. मानव अधिकारको स्थिति कस्तो छ ?

| | राम्रो% | नराम्रो % |
|---|---|---|
| रुस | २१ | ७९ |
| जर्जिया | १४ | ८६ |

(अरु मुलुकको तथ्यांक नदिइएको )

५. तपाई पुरानो व्यवस्थाको अन्त्यबाट सन्तुष्ट हुनुहुन्छ ?

| | छु % | छैन % | अनिर्णित % |
|---|---|---|---|
| अल्बानिया- | ७७ | २३ | - |
| अर्मेनिया - | ११ | ६७ | २२ |
| मोल्दाभिया- | २३ | ७७ | - |
| हंगेरी, रुस | | | |
| पोल्याण्ड | ३० | ६७ | ३ |
| यूक्रेन | | | |

६. तपाई पश्चिम प्रवासिन चाहनु हुन्छ ?

| | हो | होईन |
|---|---|---|
| अल्बानिया | ५३ | ४७ |
| जर्जिया | २६ | ७४ |
| मेसेडोनिया | २२ | ७८ |
| आर्मेनिया | २१ | ७९ |

स्रोत : "दृष्टि" साप्ताहिक फागुन २०, २०४९

भनेको नेपाली रुपियाँमा एक खरब रुपियाँ भन्दा पनि बेसी हो । यो अपार बजेट घाटा पूर्ति गर्न हंगेरीले विदेशी ऋणको भीख माग्न शुरु गरेको छ ।

## बुल्गेरिया

बुल्गेरियाले नोभेम्बर १०, १९८९ देखि समाजवादी अर्थतन्त्रको बाटो छोडेर पूंजीवादी बजार अर्थतन्त्रको बाटो अप्नाउन थालेको हो । तर यसले त्यहाँको जनताको जीवन स्तरलाई माथि उकास्नु टाढैको कुरा रह्यो, पहिलेकै स्थितिमा समेत राख्न सकेन । त्यहाँ बजार अर्थतन्त्रको फलस्वरुप १९९० मा महंगी ६०० प्रतिशतले बढ्यो र १९९२ मा थप २५० प्रतिशतले । यो अत्यासलाग्दो महंगीले त्यहाँको जनताको जीवन स्तरलाई पहिले भन्दा निकै गिराएको छ । बजार अर्थतन्त्रले त्यहाँको उत्पादनमा १९९० मा १३ प्रतिशत गिरावट ल्याएको छ र १९९१ मा १५ प्रतिशतले । यसले कुल श्रमशक्तिको ८ प्रतिशतलाई बेरोजगार पारेको छ ।

## रुमानिया

रुमानियाले डिसेम्बर २३, १९८९ देखि समाजवादी अर्थतन्त्रको बाटोबाट पूंजीवादी बजार अर्थतन्त्रको बाटोमा पाइला राख्न थालेको हो । तर त्यहाँ पनि यस अर्थतन्त्रले "सुनको बिहान" ल्याएन। महंगी १९९० मा ७५ प्रतिशतले बढ्यो र १९९१ त झन ३०० प्रतिशतले । यो अप्रत्यासित अक्काशिंदो महंगीले रुमानियालीहरुको जीवन स्थितिलाई डाँवाडोल पारेको छ । अहिले पनि त्यहाँ प्रति महिना १.५ प्रतिशतका दरले महंगी बढिरहेछ । पूजीवादी बजार अर्थतन्त्रले त्यहाँको राष्ट्रिय उत्पादनमा १९९० मा १० प्रतिशत भन्दा पनि बेसी गिरावट ल्याएको छ र १९९१ मा त त्यो गिरावट झनै बढेर १२ प्रतिशत पुगेको छ । त्यहाँ १९९१मा नयाँ अर्थतन्त्रले कुल श्रमशक्तिको ३ प्रतिशतलाई बेरोजगार पारेको छ र बेरोजगारी अहिले पनि तीव्र गतिले बढीरहेछ ।

यसरी पूंजीवादी खुला बजार अर्थतन्त्रले समाजवादी अर्थतन्त्रको बाटो छाडेका कुनै एउटा पूर्वी यूरोपेली मुलुकमा पनि जनताको लागि सुखको दिन ल्याउन सकेको छैन ।

उल्लेखित सबै मुलुकले १९८९ देखि बजार अर्थतन्त्रमा पाइला हालेका छन् । तर ४ वर्ष बितिसकेको छ, सबैमा जनताको जीवन स्तर १९८९ को स्तर भन्दा निकै तल गिरेको छ । कल्पनै गर्न नसकिने महंगीले उनीहरुको पैसाको किन्ने क्षमता सारै घटाईदिएको छ । अभाव र गरीबी बढाईदिएको छ । त्यसमाथि थप बेरोजगारीको समस्या थपिनाले उनीहरुको जीवन डाँवाडोल र भविष्य भयावह बनेको छ। राष्ट्रिय उत्पादन घट्नाले देशको आम्दानी घटेको छ र त्यो सँगै राज्यले जनतालाई दिने सुविधा, सुरक्षा पनि । यही कारणले- हालै गरिएको एक जनमत सर्वेक्षण अनुसार यी सबैजसो मुलुकहरुमा त्यहाँका बहुसंख्यक जनताहरुले उनीहरुको जीवन अहिले भन्दा १९८९ अघि नै सुख सुविधापूर्ण थियो भनेका छन् ।

तथ्यांक स्रोत:-

१ Time, February 17, 1992
२. Encyclopaedia Americana Annual, 1993
३. Encyclopaedia Britannica Annual, 1993

# आत्ममूल्यांकन र आत्मशुद्धी गर्दै अगाडि बढ्दैछन्

# यूरोपीय कम्युनिष्ट पार्टीहरु

*सोभियत संघमा समाजवादको पतनबाट सबैभन्दा प्रभावित क्षेत्र यूरोपीय कम्युनिष्ट आन्दोलन अब विघटन, पलायन र विभाजनलाई चिर्दै अगाडि बढिरहेको छ । यसरी अगाडि बढ्नु भन्दा अघि यूरोपीय कम्युनिष्ट पार्टीहरुले आ-आफ्ना गल्ती, कमी-कजोरीहरुको मूल्यांकन गरेका छन् । ती आत्म मूल्यांकनबाट निस्केका निस्कर्षहरुका आधारमा आफ्नो पार्टीलाई आत्मशुद्धिकरण गरेर मात्रै उनीहरु अगाडि बढेका छन् ।*

*यसैबीच, ती यूरोपीय कम्युनिष्ट पार्टीहरु मध्ये एउटा हंगेरियन सोसलिष्ट वर्कर्स पार्टीले आफ्ना लाखौं सदस्यहरु माझ सोभियत संघको विघटनको प्रभाव स्वरुप आफ्नो पार्टीको नाम फेर्ने चुनाव आयोजना गरेको थियो । चुनावले "हंगेरियन वर्कर्स पार्टी" नाम राख्ने तय गरेको छ । कैयौं वर्षदेखि सत्तासीन उक्त पार्टीले सत्ताकालीन समयमा भएका आफ्ना कमजोरीहरुको आलोचना गर्दै अगाडि बढ्ने सिलसिलामा स्पष्ट रुपमा समाजवाद, मार्क्सवाद र क्रान्तिकारी सिद्धान्तलाई समातिरहने वचनवद्धता प्रकट गरेको छ ।*

*हंगेरियन वर्कर्स पार्टीको नेतृत्वले आफ्नो पार्टीको स्थितिलाई विश्लेषण गरी भनेको छ- "गत तीन वर्षको बीचमा हाम्रो पार्टी हंगेरियाली श्रमिक समुदायभित्र सबैभन्दा शक्तिशाली र सबैभन्दा राम्ररी संगठित पार्टीको रुपमा विकसित भएको छ । हामीले भयबाट मुक्त हुने तरीका सिक्यौं । त्यस्तै हामीले विपक्षी भई लड्ने ज्ञान सिक्यौं । हामीले नयाँ परिस्थितिमा श्रमिक समुदायको हितका लागि लड्न सिक्यौं । अत: Munkaspart (वर्कर्स पार्टी) भविष्यमा पनि सम्पूर्णत: मार्क्सवादी नै भइरहने छ । यो श्रमिकहरुको, किसानहरुको र सबै काम गरीखाने जनताहरुको पार्टी हो । "*

*नाम फेर्ने होडवाजीमा चेक र मोराभिया कम्युनिष्ट पार्टी (Communist Party of Czechia and Moravia) ले चाहिं हार खानु पर्‍यो ।*

*सोसल डेमोक्रेटिक ढांचामा पार्टी नाम फेर्नका लागि ४ लाख कम्युनिष्ट पार्टी सदस्यहरु बीच गरिएको चुनावमा कम्युनिष्ट पार्टी नै नाम कायम राखी राख्ने निर्णय गरिएको छ । सोभियत संघको विघटनपछि पूर्वा यूरोपमा बगेको पूंजीवादी "प्रजातन्त्र" को लहरबाट देशनै टुक्रा भएका यी चेक गणराज्यहरुमा चेक र मोराभिया कम्युनिष्ट पार्टीले भास्लाभ हाभेल निर्वाचित भएका राष्ट्रपतीय निर्वाचनमा आफ्नो उम्मेदवार उठाई २५ प्रतिशत भोट लिन सफलता प्राप्त गरेको थियो । त्यस्तै, क्यान्सर सम्बन्धी अनुसन्धानकर्ताको रुपमा अन्तर्राष्ट्रिय जगतमै प्रख्यात वैज्ञानिक तथा कम्युनिष्ट जन प्रतिनिधि क. मारिया स्टिवोरोभाले २०० सदस्यीय प्रतिनिधि सभाबाट ४९ भोट प्राप्त गर्न सफलता पाएकी थिइन् । यस २५ प्रतिशत भोटमा १४ वटा मत त गैर- वामपन्थी प्रतिनिधिहरुबाट पनि उनले प्राप्त गरेकी थिइन ।*

*१९८० को दशकमा क. ओले सोहन को अध्यक्षतामा महासचिव क. पाउन इमान्यूयलको नेतृत्वमा करीव १० हजार पार्टी सदस्य भएको डेनमार्क कम्युनिष्ट पार्टी पनि सोभियत संघबाट समाजवादको पतनपछि विघठित भएको थियो । तर यो विघटन स्थायी चाहिं हुन पाएन । सक्रिय कम्युनिष्टहरुको पहलकदमीमा यसै वर्षको नोभेम्बर महिनामा डेनमार्क कम्युनिष्ट पार्टीलाई पुनर्स्थापित गर्न जोडतोडका साथ गृहकार्य भईरहेको रिपोर्ट प्राप्त भएको छ ।*

*यस्तै गरी १९०९ मै स्थापित भई क. इल्लि इजेवाउदको अध्यक्षतामा संचालित नेदरल्याण्ड कम्युनिष्ट पार्टी पनि यही वर्ष पुन: निर्माण गरिदैछ । सोभियत "समाजवाद"को पतनपछि ग्रीनहरु अर्थात् वातावरण आन्दोलनकारी र अन्य विभिन्न सामाजिक आन्दोलनकारीसंग मिली तिनीहरुमै पलायन भएको यस कम्युनिष्ट पार्टीलाई यसै वर्ष पुन: निर्माण गर्नका लागि गत वर्ष तयारी समिति बनेको थियो ।*

*यसरी यूरोपीय कम्युनिष्ट आन्दोलन पनि पुनर्निर्माण र पुन: संघर्षको बाटोमा देखा परेको स्थितिमा एउटा विचारणीय पक्ष के रहेको छ भने- विगतका कमी-कमजोरहरु कतै आफ्नो कमरेडसीपमा, आफ्नो हँसिया-हथौडाको रातो झण्डामा जुका झैं टाँसिएर बास गरिरहेका त छैनन् ? यस पक्षमाथि निरन्तर सजग रहन सकेमा मात्र हंगेरियाली कम्युनिष्ट पार्टीले भने जस्तै "हामी कम्युनिष्टहरु जस्तोसुकै कठीन परिवर्तित परिस्थितिसंग पनि लड्न सक्छौं, लडेर श्रमिक, किसान र मेहनतकश जनताको हित र मुक्ति प्राप्त गर्न सक्छौं ।"*



# चीनका गाउँहरुमा किसान विद्रोह

किरणप्रकाश श्रेष्ठ



स्रोत : Far Eastern Economic Review , 15 July 1993

चीनका १ अरब २० करोड जनसंख्या मध्ये ९० करोड जनताहरु गाउँमा बस्छन् र उनीहरु किसान छन् । गएको महीना चीनको सिचुवान प्रान्तमा तिनै किसानको विद्रोह भड्केको खबर चीनका सरकारी समाचारपत्रले दिएका छन् ।

सबैभन्दा चर्को किसान विद्रोह सिचुआन प्रान्तको रेन्शोउमा भएको छ । अत्यधिक महंगी, गाउँप्रति लगातार उपेक्षा र करै करको भारले आजित भएका त्यहांका किसानहरुमाथि स्थानीय अधिकारीहरुले नयाँ सडक निर्माण गर्नको लागि भनेर कर लगाए। उनीहरुले सरकार समक्ष यसको विरुद्ध तीव्र विरोध जनाए। केन्द्रीय सरकारले किसानहरुको कुल आम्दानीको ५ प्रतिशत भन्दा पनि बेसी हुने गरी कुनै कर नलाउन आदेश पनि पठायो। तर जब स्थानीय अधिकारीहरुले सो आदेशलाई टेरपुच्छर लगाएनन्, किसानहरु गएको मेमहिनामा खुल्ला विद्रोहमा उत्रे। उनीहरुले बाटोमा व्यवधान (Barricade) खडा गरे । पार्टी नेताहरुलाई अपहरण गरे र पिटे। सरकारी भवनलाई घेरे र आक्रमण गरे। गएको जुन ६ का दिन विद्रोहका नेताहरुलाई पक्रन सरकारले सशस्त्र अर्द्ध-मिलिटरी प्रहरीहरु पठायो । प्रहरीहरुले अश्रुग्यांस छोडेर ज्यान त बचाए, तर उनीहरुले भाग्नु पर्‍यो ।

यस्तै विद्रोह शान्सी, हेनान, हुबेइ, हुनान, गुइजाउ, गुवान्सी, जियाङ्सी, आङहुइ, शान्डोङ र जियाङ्सु प्रान्तमा पनि भड्केको छ ।

किसान विद्रोहको मूल कारण समुद्र छेउका शहरी क्षेत्रको जनताको तुलनामा गाउँले किसानहरुको आम्दानी निकै कम हुँदै जानु, महँगी बढ्दै जानु, करको भार बढ्दै जानु र अत्यधिक भ्रष्टाचार बढ्नु भएको बताइएको छ ।

१९८० को दशकको शुरुमा चीनका गाउँहरुमा १९५० को दशकमा निर्माण गरिएका कम्युनहरु भटाभट् भंग गरेर जिम्मेवारी व्यवस्था (Responsibility System) अन्तर्गत ठेक्कामा व्यक्तिगत खेती गर्ने प्रणाली लागु गरियो। यो कदमले किसानहरुको तत्काल त निकै आम्दानी बढ्यो। जमीनको उत्पादकत्व पनि बढ्यो। तर पछिल्लो पाँच वर्ष यता गाउँले किसानहरुको जीवन स्तर शहरी क्षेत्रको जनताको तुलनामा निकै गिर्न थाल्यो ।

चीनीयाँ सरकारले १९८६ देखि देशको अत्यधिक स्रोत र साधनहरु गाउंबाट शहरमा सार्न थाल्यो । १९८५ मा गाउंका किसान र शहरी क्षेत्रको बासिन्दाको आम्दानी बीचको खाडल १ बराबर १.७ (१:१.७) थियो। तर १९९१ मा पुग्दा यो खाडल निकै बढेर १:२.४ पुग्यो।

१९९२ मा गाउँको औसत किसानको आम्दानी ७७० युआन थियो, तर शहरी बासिन्दाको आम्दानी भने २,००० युआन। गएको १८ महिना यता पनि चीनको तटीय शहरी क्षेत्रको आम्दानी निकै अक्कासिँदै गयो । तर गाउँले क्षेत्रको जीवन स्तर गिर्दै गयो। पेकिङको औसत बासिन्दाले ५,१०० रेन्मीन्वी, संघाईकाले ६,४०० रेन्मीन्वी (चीनको मुद्रा) आम्दानी गर्दा गाउँले क्षेत्रका किसानहरुको आम्दानी ९०० देखि १३०० रेन्मीन्वी भन्दा बेसी रहेन ।

अहिले किसान विद्रोहको सबभन्दा मुख्य कारण यही हो- सरकारले दक्षिणका तटीय प्रान्तहरुको निम्ति त्यति धेरै सुविधा र सहुलियतहरुको बन्दोबस्त गर्‍यो । तर देशको असंख्य भित्री गाउंले क्षेत्र भने निकै उपेक्षित रह्यो । तर कारण यति मात्रै चाहिं होइन ।

उपेक्षित गाउंले क्षेत्रमा अत्यधिक करको भार- किसान असंतोष भड्कनुको थप कारण हो । आन्हुइ प्रान्तका २० वर्षे किसान होङ्जीन भन्छन्"हामीले सास फेर्ने हावा बाहेक उनीहरु हरेक कुरामा कर थोपर्छन् । " यदि तिरेन भने सरकारी अधिकारीहरुले पक्रने र पिट्ने समेत गर्छन् । जेलमा पनि हाल्छन् र हरेक दिन पाँच युआन तिराउंछन् ।

उता किसानहरुको मूल आम्दानीको सवालमा भने राज्यले अन्न त किन्छ, तर तुरुन्तै नगद दिदैन । IOU नाम गरेको एउटा अन्न बुझेको भर्पाइ मात्र दिन्छ। त्यो साट्न नयाँ बर्षको चाड पर्खनु पर्ने हुन्छ । त्यसले गाउंका किसानहरुलाई निकै दिक्क र हैरान पारेको छ। अहिले गाउँमा किसान विद्रोह भड्केपछि केन्द्रिय सरकारले किसानहरुको अन्नको लागि IOUदिने प्रथामा प्रतिवन्ध लगाएको छ र नगद दिने निर्देशन जारी गरेको छ ।

शहरी क्षेत्रका बासिन्दाको तुलनामा गाउँले किसानहरुको आम्दानी निकै कम भईरहेको बेलामा महंगी भने शहरी क्षेत्र सरह गाउँमा पनि बढ्यो । शहरी क्षेत्रको अहिलेको महंगी वृद्धि दर २० प्रतिशत छ । गाउँले क्षेत्रमा १९ प्रतिशत । यो अत्यधिक महंगी दरले उत्तिकै आक्रोशित गाउँले किसानहरुलाई झन् आक्रोशित पार्ने काम गरेको छ ।

त्यसमाथि थप, चीनमा बजार -अर्थतन्त्रले "जसरी पनि पैसा कमाउने" प्रवृत्ति व्यापक पार्‍यो । यो प्रवृत्तिले भ्रष्टाचार गर्ने प्रवृत्ति पैदा गर्‍यो । सानो सानो कामको निम्ति पनि घुस दिनै पर्ने स्थितिले चीनमा उत्तिकै आजित किसानहरुलाई झन् आजित पारेको छ।

यी सबै कारणहरुको गठजोडले किसानहरुको धैर्यको बाँध फुट्यो र उनीहरु ११ वटा प्रान्तमा विद्रोहको मैदानमा उत्रे । अहिले विद्रोह देशभरि व्यापक भई सकेको छैन,तथापि चीनका धेरैजसो भित्री गाउँले क्षेत्रहरुमा भूसको आगो झैं असन्तोषको आगो सल्किन थालेको छ । सबैजसो गाउँले क्षेत्रले आफूलाई उपेक्षा गरेको महशुस गरेको छ ।

किसान विद्रोह भडकिए पछि चीनको पार्टी र सरकारले किसानहरुको असंतोषलाई ध्यान दिन शुरु गरेकोछ । तर अप्नाइएका उपायहरु टालटुले प्रकारका मात्र छन् । जस्तो, अबदेखि किसानहरुलाई अन्न किन्दा नगदै दिनु, IOU नदिनु, किसानहरुलाई दिइने ऋणको मात्रा बढाउनु। यी उपायले यो विद्रोहको आगोलाई शान्त गर्ने देखिन्न । चीनको वर्तमान किसान विद्रोहको मूल जरो त चीनीयाँ पार्टी र सरकारले गाउँ र शहर बीच, किसान र मजदूर बीचं भेद कम गर्दै लाने साम्यवादी कार्यदिशा छोड्नु हो । जसले, जुन क्षेत्रमा बढ्ता नाफा हुन्छ, ती क्षेत्रमा मात्र बेसी ध्यान दिने फगत नाफामुखी, बजारमुखी कार्यदिशा अप्नाउनु हो । अहिले चीनमा शहर र गाउँ बीच, शहरीया बासिन्दा र गाउँले किसान बीच जुन खाडल खडा भएको, कर, महंगी र भ्रष्टाचार बढेको पीडाको अनुभूति किसानहरु गर्दैछन्, त्यो त त्यो कार्यदिशाको परिणाम मात्र हो ।

त्यसैले, मूल उपाय त वर्तमान कार्यदिशा नै बदल्नुमा छ । तर चीनीयाँ कम्युनिष्ट पार्टी र सरकारले यो बदल्ने काम कति गर्ला, त्यो चाहिं सन्देहको विषय छ ।

## कुन पूंजीवादी मुलुकको विदेशी ऋण कति छ ?

अरब -अमेरिकी डलरमा

| देश | ऋण | देश | ऋण |
|---|---|---|---|
| जापान | ०.० | न्यूजिलैण्ड | ३५.० |
| स्विट्जरलैण्ड | ०.० | दक्षिण कोरिया | ४२.५ |
| अमेरिका | ३८२.० | थाइलैण्ड | २७.३ |
| जर्मनी | ०.० | फिलिपिन्स | २९.८ |
| फ्रान्स | ०.० | पाकिस्तान | २२.३ |
| क्यानाडा | २३८.० | मेक्सिको | ७५.७ |
| इटाली | १०७.० | ब्राजिल | १११.२ |
| ब्रिटेन | ०.० | इजिप्ट | ३८.४ |
| अस्ट्रेलिया | ११६.१ | श्रीलंका | ६.१ |
| भारत | ७३.५ | सिंगापुर | ०.० |

स्रोत:- Asiaweek June 2,1993

## खगेन्द्र संग्रौलाको आलोचनाप्रति प्रतिक्रिया

# मैले आग्राको कुरा गरेको छु, संग्रौलाजीले गाग्राको आलोचना गर्नु भएको छ

- प्रज्ञान रत्न

मूल्यांकन अंक १२ मा खगेन्द्र संग्रौलाजीको आलोचनात्मक लेख प्रकाशित भएको छ- " के प्रगतिशील हो र के प्रतिगामी ?" । यो आलोचनात्मक लेख मैले मूल्यांकन कै अंक १० मा लेखेको दर्शन सम्बन्धी लेख "कुन कुरालाई प्रगतिशील भन्ने कुनलाई प्रतिगामी ? " को प्रतिक्रिया स्वरुप लेखिएको छ ।

म संग्रौलाजीको आलोचनाको स्वागत गर्छु । अधिकांश विचारहरु विना कुनै आलोचनात्मक टीकाटिप्पणी, उत्तिकै प्रवाहित भइरहने हाम्रो देशमा संग्रौलाजीको जस्तो आलोचनाले होशियारीपूर्ण लेखनको निम्ति प्रेरणा दिन्छ । यस्तो आलोचनाले लेखक र पाठक दुबैको आलोचनात्मक सजगता बढाउँछ । मेरो निम्ति यो आलोचना थप लाभदायक भएको छ किनकि यसको कारणले मैले आफ्नो लेखनमा रहेको गुण/दोष केलाएर निरीक्षण गर्ने मौका पाएको छु ।

अंक १० मा प्रकाशित मेरो लेखको मूल सार थियो - संसारमा कुनै पनि कुरा आफैंमा प्रगतिशील वा प्रतिगामी हुने गर्दैन, न त ठीक वा बेठीक नै हुनेगर्छ । एउटा निश्चित ऐतिहासिक सन्दर्भ र सम्बन्धमा मात्र कुनै पनि कुरा प्रगतिशील वा प्रतिगामी हुने गर्छ । एउटै कुरा एउटा निश्चित ऐतिहासिक सन्दर्भमा - प्रगतिशील हुने गर्छ , अर्को सन्दर्भमा त्यही कुरा प्रतिगामी पनि ठहरिन सक्छ । यदि कुनै कुराले तात्कालीन समय र परिस्थितिको सन्दर्भमा र तुलनामा मानव समाजलाई जम्माजम्मीमा अघिल्तिर वा उज्यालोतिर लैजाने काम गरेको छ भने त्यो प्रगतिशील कुरा हो । हैन, त्यसले मानव समाजलाई पछिल्तिर वा अँधेरोतिर लैजाने काम गरेको छ भने त्यो प्रतिगामी कुरा हो ।

यो सवाललाई स्पष्ट पार्न त्यसमा थुप्रै उदाहरणहरु दिइएका थिए, जस्तो बहुदलीय व्यवस्थाको उदाहरण, फुट स्केलको उदाहरण, बयल गाडाको उदाहरण, बुद्धको उदाहरण, धनुष वाणको उदाहरण आदि आदि ।

बहुदलीय व्यवस्थाको उदाहरणको सिलसिलामा त्यस लेखमा भनिएको थियो - यो पनि प्रगतिशील हो कि प्रतिगामी हो भनेर ठहर गर्न यसलाई फुट्टो रुपमा हेर्नु हुँदैन । यो प्रगतिशील ठहरिन सक्छ पनि, सक्दैन पनि । कुनै मुलुकमा सामन्ती निरंकुश राजतन्त्र विद्यमान भईरहेको ऐतिहासिक सन्दर्भमा त्यही वहुदलीय पूँजीवादी प्रजातन्त्र प्रगतिशील कुरो हुन सक्छ, जस्तो विगत जन-आन्दोलनताका भएको थियो । समाजवाद विद्यमान भईरहेको ऐतिहासिक सन्दर्भमा त्यही पूंजीवादी प्रजातन्त्र प्रतिगामी कुरो पनि हुन सक्छ । देशमा पहिले नै बहुदलीय पूंजीवादी प्रजातन्त्र अस्तित्वमा भई रहेको ऐतिहासिक सन्दर्भमा त्यसैमा अड्डीकस्नु वा फेरि क्रान्तिद्वारा त्यही बहुदलीय पूंजीवादी प्रजातन्त्र नै ल्याउने काम गर्नु यथास्थितिवादी कदम हुन सक्छ ।

यसरी, उही बहुदल एउटा ऐतिहासिक सन्दर्भमा प्रगतिशील हुन सक्छ, अर्को सन्दर्भमा प्रतिगामी र अर्कोमा यथास्थितिवादी । त्यसैले कुनै पनि कुरा प्रगतिशील हुन्छ पनि, हुन्न पनि । त्यो हाम्रो मन र इच्छामा भर पर्दैन । हाम्रो इच्छा र मन भन्दा बाहिर, स्वतन्त्र रुपले अस्तित्वमा रहेको तात्कालीन समय र परिस्थिति वा वस्तु जगतसंगको तुलना र अन्तर्सम्बन्धमा मात्र, एउटा निश्चित ऐतिहासिक सन्दर्भमा मात्र, त्यो प्रगतिशील हो कि प्रतिगामी हो भन्ने कुराको सही निर्क्यौल हुन सक्छ । अन्यथा, हाम्रो निर्क्यौल मनगढन्त वा मनोगत हुनसक्छ ।

बयल-गाडाको उदाहरण दिँदै त्यस लेखमा भनिएको थियो- जतिखेर मानव समाज हिंड्नु, दौड्नु सिवाय अरु उपायले छिटो काम गर्न सक्दैनथ्यो, त्यतिखेरको समय र परिस्थितिमा बयल-गाडा पनि प्रगतिशिल कदम थियो । तर आज मानव समाज रकेट र जेटको युगमा पुगेको समय र परिस्थितिमा फेरि बयल-गाडाको अविष्कार प्रगतिशील कदम हुन सक्छ ? कदापि हुँदैन । त्यही कुरा धनुष वाणमा पनि लागू हुन्छ ।



**नेपाली साहित्यको भावी उचाइका आधारमा संग्रौलाजीको साहित्यिक सिर्जनाको प्रगतिशीलताको मूल्याङ्कन गर्नु संग्रौलाजीप्रति सरासर अन्याय गर्नु हुन्न र ?**

बुद्धको उदाहरण दिँदै त्यो लेखमा भनिएको थियो- बुद्धका विचारहरु प्रगतिशील कि प्रतिगामी ? त्यो कुराको सही निर्क्यौल गर्न बुद्धले बाँचेको, चलखेल गरेको त्यतिखेरको समय र परिस्थिति, त्यतिखेरको समाज बिकासको ऐतिहासिक सन्दर्भ थाहा पाउनु पर्छ । अनि मात्र बुद्धका विचारहरुको सही र बैज्ञानिक मूल्याङ्कन हुनु संभव हुन्छ । आजको समय र परिस्थिति, आजको सन्दर्भको नापोबाट बुद्धका विचारहरुको प्रगतिशीलता वा प्रतिगामिताको सही र न्यायपूर्ण मूल्याङ्कन हुन सक्दैन ।

यसरी सबै उदाहरणहरु मार्फत परिपुष्ट गर्न खोजिएको के थियो भने- कुनै पनि कुराको प्रगतिशिलता र प्रतिगामिताको मूल्यांकन गर्दा, कुनै पनि बस्तुको मूल्याङ्कन गर्दा तात्कालीन समय, परिस्थिति र सन्दर्भबाट अलग-थलग रुपमा, फुट्टो रुपमा, मनगढन्त तरीकाले गर्नु हुँदैन । त्यसो गर्नु अवैज्ञानिक र अन्यायपूर्ण हुन्छ । हरेक कुरालाई तात्कालीन समय र परिस्थितिको सन्दर्भमा, तात्कालीन ऐतिहासिक बिकासको सन्दर्भमा, अरु बस्तु र घटनासितको अन्तर्सम्बन्धमा नै मूल्याङ्कन गर्नुपर्छ । यसरी मूल्याङ्कन गर्नु मात्र बैज्ञानिक र न्यायपूर्ण मूल्याङ्कन हुन सक्छ ।

तर खगेन्द्र संग्रौलाजीले लेखको मूल दार्शनिक प्रस्थापना र त्यो पुष्टि गर्ने यति धेरै उदाहरणहरुको बीचबाट फगत बहुदलीय पूँजीबादी व्यवस्थाको प्रगतिशीलताको उदाहरण मात्र थपक्क टिपेर आफ्नो संपूर्ण आलोचना केन्द्रित गर्नु भएको छ । उहाँको चरम आपत्ति छ- बहुदलीय व्यवस्थालाई प्रगतिशील भनेकोमा । उहांको आरोप छ - मैले बर्तमान पूँजीवादी बहुदलीय व्यवस्थालाई प्रगतिशील भनेको छु र त्यसो गरेर हरेक कुरालाई समय सापेक्ष ढंगले, तुलनात्मक दृष्टिले, ऐतिहासिक सन्दर्भमा केलाउनु पर्छ भनेर मैले आफैंले अघि सारेको मापदण्ड मिचेको छु । उहाँले लेख्नु भएको छ- "बर्तमान व्यवस्था प्रगतिशील हो भनी ठोकुवा गर्दा प्रज्ञान रत्नको चिन्तन चाहिं पंचायतकालभित्रै कतै अड्केको बुझिन्छ । बर्तमान व्यवस्थालाई प्रगतिशील भनी ठोकुवा गर्दा लेखकले यस व्यवस्थाको वर्ग प्रकृति, यसको यथास्थिति प्रेम र बिगत तीन बर्षमा यस व्यवस्थाले गरेको अन्याय र अत्याचार, हिंसा र हत्याका अनेकौं घटनालाई बिर्सनु भएको छ, र, हामीलाई वस्तुलाई समय सापेक्ष ढंगले हेर्नु पर्छ भनी अर्ती दिएर आफूले चाहिं आफ्नै अर्तीलाई कुल्चिदिनु भएको छ ।"

उहाँले आफ्नो लेखमा बिगत तीन बर्षमा बहुदलीय व्यवस्थामा गरिएका ज्यादतीहरुको एउटा लामो फेहरिस्त पेश गर्नु भएको छ । त्यस फेहरिस्तका आधारमा बहुदललाई प्रतिगामी ठहऱ्याउनु भएको छ । उहाँले प्रश्न गर्नुभएको छ- हालको पूँजीवादी वहुदलीय व्यवस्थाको पेटभित्र पंचायत आफ्ना सारा बिकृतिहरुसहित घुसिसकेको

छ । दाँज्नका लागि हालको व्यवस्था बाहिर पंचायतको अस्तित्व नै बाँकी छैन । अब पंचायतलाई पंचायतसँग दाँजेर कसरी प्रगतिशील भन्न मिल्ला ?

तर उहाँले त्यही लेखमा स्वीकार्नु भएको छ र लेख्नु भएको छ- "साँचो हो, हुकुमी पंचायतशाही विरोधी जुद्धमा पूँजीवादी बहुदलीय व्यवस्था तुलनात्मक रुपले प्रगतिशील थियो ।" अर्को ठाउँमा लेख्नु भएको छ- "उसबेला बहुदलीय व्यवस्था यथास्थिति विरोधी नारा थियो र, पंचको दाँजोमा कांग्रेस परिवर्तनकामी तत्व थियो । पूंजीवादी बहुदललाई तुलनात्मक हिसाबले प्रगतिशील ठान्नु त्यसताका समय सापेक्ष दृष्टिकोण थियो ।"

मैले मेरो लेखमा आजको बहुदलीय व्यवस्थाको अभ्यास र त्यसमा भएका ज्यादतीबारे कुनै चर्चा नै गरेको छैन । किनकि, मेरो लेखको सन्दर्भको विषय नै त्यो होइन । मेरो लेखको सन्दर्भको विषय त हरेक वस्तु र घटनालाई समय र परिस्थितिको अन्तर्सबन्धमा हेर्नुपर्छ भन्ने वैज्ञानिक द्वन्दवादी दृष्टिकोण विकास गर्नु हो । त्यसको उदाहरणस्वरुप मात्र बहुदलको उदाहरण आएको हो । तथापि उदाहरणकै सिलसिलामा पनि मैले पनि संग्रौलाजीले जस्तै तात्कालीन पंचायती व्यवस्थाको तुलनामा नै त्यतिखेरको समय परिस्थितिको सन्दर्भमा पूँजीवादी बहुदलीय व्यवस्था प्रगतिशील कुरो थियो भन्ने प्रस्थापना अघि सारेको छु । तर मैले बुझ्नै नसकेको अन्तरविरोध के हो भने संग्रौलाजीले त्यही बहुदलीय व्यवस्थालाई हुकुमी पंचायतशाहीसँग तुलना गरेर "तुलनात्मक रुपले प्रगतिशील," ठहऱ्याउँदा त्यो सही हुने , मैले त्यही अर्थ लाग्ने अर्को शब्दमा अर्थात् "सामन्तवादी निरंकुश राजतन्त्र" संग तुलना गरेर तात्कालीन समय र परिस्थितिमा त्यही पूंजीवादी बहुदलीय प्रजातन्त्रलाई प्रगतिशील ठहऱ्याउदा त्यो गलत हुने, त्यो "पंचायतकाल भित्रै अड्केको चिन्तन" हुने कसरी भयो ? खगेन्द्रजीले पनि आखिर पंचायती हुकुमशाहीसँग तुलना गरेर पूँजीवादी बहुदललाई "तुलनात्मक रुपले प्रगतिशील" भन्नु भएको हो । मैले पनि यही तुलनाको आधारमा नै त्यसलाई प्रगतिशील भनेको हुँ ।

आखिर एउटै ऐतिहासिक सन्दर्भसितको तुलनाकै आधारमा नै निकालिएका यी निष्कर्षहरु एउटै र समान हुँदाहुँदै मेरो निष्कर्ष चाहिं "गलत", "अतीतमुखी", "अद्वन्दवादी," "अवैज्ञानिक" कसरी भयो ? उहाँको चाहि सही, वर्तमानमुखी, द्वन्दवादी र वैज्ञानिक कसरी भयो ?

मैले उहाँको आलोचनामा रहेको यो विरोधाभाष बुझ्न सकिनं । एउटै उदाहरणमा उही चिन्तन पद्धति प्रयोग गर्दा, उही विश्लेषण गर्दा आफ्नो विचार चाहिं सही हुने, अरुको विचार चाहिं गलत हुने,-यो आलोचना पद्धतिमा मैले अलिकता पनि न्याय भेट्न सकिनं ।

मेरो लेखमा थुप्रै उदाहरणहरुमध्ये एउटा उदाहरणको रुपमा मात्र बहुदललाई पेश गरिएको छ । त्यही बहुदललाई पनि खालि एउटा ऐतिहासिक सन्दर्भवश र तुलनाको आधारमा प्रगतिशील मात्र भनिएको छैन, अर्को सन्दर्भमा यो प्रतिगामी वा यथास्थितिवादी पनि हुन सक्छ भनिएको छ ।



**राजतन्त्रले ०१७ सालमा गरेजस्तै यो बहुदलीय प्रजातन्त्र मासेर फेरि पहिलेकै जस्तो निरंकुश राजतन्त्र लाद्ने जमर्को गऱ्यो भने "दुबै उस्तै त हुन् नि" भनेर त्यो निरंकुश राजतन्त्रलाई स्वीकार्न संग्रौलाजी अहिले तयार हुनुहुन्छ त ?**

त्यसमा स्पष्ट रुपमा लेखिएको छ- "निरंकुश राजतन्त्रबाट पूंजीवादी प्रजातन्त्रमा फड्को मार्नु प्रगतिशील कदम हो । तर समाजवादबाट पूंजीवादी प्रजातन्त्रमा फड्को मार्नु भने प्रतिगामी कदम हो । त्यसैले पूँजीवादी प्रजातन्त्र प्रगतिशील कि प्रतिगामी व्यवस्था - त्यसको मुल्याङ्कन फुट्टो रुपमा हुन सक्दैन । अस्तित्वमा रहेको कुनै अर्को व्यवस्थासितको सन्दर्भमा मात्र, त्यससितको तुलनामा मात्र त्यो प्रगतिशील कि प्रतिगामी-त्यसको सही मूल्याङ्कन हुन सक्छ ।"

यसरी मैले सन्दर्भ र तुलनालाई जोड दिएको छु र त्यसको आधारमा मात्र प्रगतिशील कि प्रतिगामी छुट्याउनु पर्छ भन्ने धारणा अघि सारेको छु । मेरो लेखमा भनिएको छ- "कुनै पनि कुराको प्रगतिशिलताको सवाल आउने वित्तिकै हाम्रो प्रश्न हुनुपर्छ- के को सन्दर्भमा ? कुन कुरासँगको सम्बन्ध र तुलनामा ? कुन समय र परिस्थितिसँगको सम्बन्धमा र सापेक्षतामा ?"

तर संग्रौलाजीले आफ्नो आलोचनामा भने मैले आफ्नो लेखमा यसरी ऐतिहासिक सन्दर्भ र तुलनामा दिएको जोड र त्यसैको परिप्रेक्ष्यमा उही बहुदलीय पूंजीवादी प्रजातन्त्रलाई एउटा सन्दर्भमा प्रगतिशील र अर्को सन्दर्भमा प्रतिगामी वा यथास्थितिमुखी पनि हुन्छ र हुन सक्छ भनेर अघि सारेको द्वन्द्वात्मक प्रस्थापनालाई चटक्कै छोड्नु भएको छ । यस्तो प्रतीत हुन्छ, दुई-तीन वर्ष यता बहुदल अन्तर्गत भएका काम कार्यवाही हेरेर उहाँमा बहुदलप्रति अत्यधिक आग्रह र आक्रोश पैदा भएको छ । र कुनै ऐतिहासिक सन्दर्भमा पनि उहाँ बहुदलको अगाडि प्रगतिशील शब्द देख्न चाहनु हुन्न । आग्रह र आक्रोशले चेतना र विवेकलाई छाईदिने गर्छ र अन्धता पैदा गर्छ । यहाँ पनि आग्रह र आक्रोशले उहाँमा विद्यमान द्वन्द्ववादी चेतलाई नै खोन, मिच्न थालेको प्रतीत हुन्छ ।

आम असचेत नागरिकहरुमा त अहिले बहुदल र पंचायत उही हो वा बहुदल भन्दा पंचायतनै जाती भन्ने धारणा वा यस्तो आक्रोश र आग्रह पैदा हुनु स्वाभाविक छ, किनकि त्यस्तो पैदा हुने परिस्थिति छ । तर संग्रौलाजी त द्वन्द्वात्मक वस्तुवादी वैज्ञानिक विश्व-दृष्टिकोण अंगाल्न प्रतिबद्ध भएको सचेत र अग्रणी प्रगतिशील साहित्यकार हुनुहुन्छ । यस हैसियतमा उहाँले त हरेक कुरालाई बडो होशका साथ, द्वन्द्वात्मक तरीकाले विश्लेषण गरेर मात्र निष्कर्षमा पुग्नु आवश्यक छ ।

तर उहांको आलोचना हेर्दा लाग्दछ, उहाँमा त्यो होश र सजगता कतै क्षीण भएको त हैन ? र औसत सडकका असचेत मानिस झैं उहाँले पनि जम्मा जम्मीमा बहुदल र पंचायत त उही त हो नि भन्ने प्रचार गर्न थाल्नु भएको त हैन ? र, सन्दर्भवश, अर्कै दार्शनिक प्रस्थापना पुष्टि गर्ने सिलसिलामा, उदाहरण दिने क्रममा पंचायतभन्दा बहुदल एउटा ऐतिहासिक सन्दर्भमा प्रगतिशील थियो भन्ने साथीलाई पनि आशय र सन्दर्भलाई परतिर पन्छाएर उहाँ जाइलाग्न थाल्नु भएको छ । उहाँ जस्तो सचेत अग्रणी मानिसले पनि आक्रोशबाट यसरी सन्तुलन, होशियारी र सजगता गुमाउने हो भने, वैज्ञानिक पद्धति छाडेर असचेत मानिस झैं बहुदल र पंचायत उही त हो नि भन्ने धारणा फैलाउन थाल्ने हो भने, त्यसको परिणाम कति भयावह हुनसक्छ ? त्यसले प्रतिगामी तत्वलाई कति फाइदा पुग्छ ? विचार गर्न जरुरी छ ।

मेरो लेखमा विगत जन-आन्दोलनमा पंचायती सामन्तवादी निरंकुश राजतन्त्रको तुलनामा बहुदलीय पूँजीवादी प्रजातन्त्र प्राप्त हुनु एक कदम प्रगति भएकाले यो प्रगतिशील थियो भनिएको छ, जस्तो कि उहाँ स्वयम्ले पनि आफ्नो लेखमा भन्नुभएको छ । तर आलोचना गर्ने क्रममा उहाँले बहुदलीय पूँजीवादी प्रजातन्त्रको अभ्यासको प्रक्रियामा नेपाली कांग्रेसको प्रतिक्रियावादी पूँजीपति वर्गको सरकारले जनआन्दोलन पछि गरेका ज्यादती, अन्याय, अत्याचारको एक-एक- उदाहरण प्रस्तुत गरेर लौ फलानो कांग्रेसी- ज्यादती प्रगतिशील कुरा हो ? लौ तिलानो अत्याचार प्रगतिशील कदम हो ? भनेर आलोचना केन्द्रित गर्नु भएको छ । यो त लेखको ऐतिहासिक सन्दर्भ र मूल आशयलाई चटक्कै छोडेर अर्कै सन्दर्भ र आशयका आधारमा गरिएको आलोचना भएन र ? वर्तमानमा भईरहेका ज्यादतीका जुन उदाहरणहरु दिइएका छन्, ती बेठीक छैनन् र तिनमा मेरो पनि सहमति छ । तर त्यो त मेरो लेखले उल्लेख गरेको सन्दर्भको विषय नै होइन नि । त्यो त अलग्गै सन्दर्भ हो । के वर्तमानमा यी ज्यादतीहरु भएका छन भनेर कसैले सामन्तवादी निरंकुश राजतन्त्र भन्दा बहुदलीय पूँजीवादी प्रजातन्त्र तुलनात्मक रुपले प्रगतिशील हुँदैन, दुवै उस्तै हुन् भन्नु समाज विज्ञानको हिसाबले सही हुन्छ र ?

**नेपालमा राजतन्त्र बाँकी भएको बहुदलीय प्रजातन्त्र छ, भारतमा गणतन्त्र भएको बहुदलीय प्रजातन्त्र छ । तुलनामा दुईमध्ये कुन प्रगतिशील ? - दाँजो गर्नु संभव छैन र ?**

संग्रौलाजी त स्वयम् बहुदलीय पूँजीवादी प्रजातन्त्र नेपालमा ल्याउनका लागि मैदानमा भिड्नु भएको सचेत योद्धा हुनुहुन्छ । सामन्तवादी निरंकुश राजतन्त्रको तुलनामा पूँजीवादी बहुदलीय प्रजातन्त्र प्रगतिशील थिएन भने त्यो बहुदलीय प्रजातन्त्र ल्याउन तपाई खूदै ज्यान अर्पेर के का आधारमा र के कारणले मैदानमा भिड्नु भयो त ? "आफ्नो पेटभित्र पंचायतका सारा विकृति घुसार्ने," "खोल बहुदल, तर गूदी चाहिं उही पंचायत" भएको बहुदलीय प्रजातन्त्र ल्याउन त ज्यानको बाजी थापेर मैदानमा उत्रने काम त अवश्यै गर्नु भएको थिएन होला ? यी ज्यादतीहरुको आधारमा राजतन्त्रले ०१७ सालमा गरेजस्तै यो बहुदलीय प्रजातन्त्र मासेर फेरि पहिलेकै जस्तो निरंकुश राजतन्त्र लाद्ने जमर्को गऱ्यो भने "दुबै उस्तै त हुन् नि" भनेर त्यो निरंकुश राजतन्त्रलाई स्वीकार्न संग्रौलाजी अहिले तयार हुनुहुन्छ त ?

त्यसैले हालको "पूँजीवादी बहुदलीय व्यवस्थाको पेटभित्र पंचायत आफ्ना सारा विकृति सहित घुसिसकेको छ । दाँज्नका लागि हालको व्यवस्था बाहिर पंचायतको आस्तित्व नै बाँकी छैन । अब पंचायतलाई पंचायतैसँग दाँजेर कसरी प्रगतिशील भन्न मिल्ला ?" भन्ने अनुभूति संग्रौलाजीको पछिल्लो र वर्तमानको अनुभूति हो । त्यो चाहिं वर्तमान प्रतिक्रियावादी सरकारले विगत तीन वर्षमा बहुदलीय व्यवस्थाको अभ्यासको प्रक्रियामा गरेका ज्यादती, अन्याय, अत्याचारले पैदा गरको अनुभूति हो । उहाँकै व्यवहारबाट थाहा हुन्छ- यो अनुभूति उहाँमा २०४६।४७ को जन आन्दोलनताका थिएन । नत्र, यो अनुभूति उहाँमा त्यतिखेरै भएको भए, पंचायतको ठाउँमा पंचायत नै ल्याउन युद्धको मैदानमा ज्यान अर्पेर भिड्ने कार्य उहाँले किन गर्नुभयो त ? जसरी पंचायतको ठाउँमा पंचायत नै ल्याउन संग्रौलाजी मैदानमा भिड्नु भएको होइन, त्यसरी नै मेरो लेखमा पंचायतको पुनरावृत्ति भन्न सुहाउने वर्तमान कांग्रेसी सरकारका क्रियाकलापहरुलाई आधार बनाएर बहुदलीय पूँजीवादी प्रजातन्त्रलाई प्रगतिशील भनिएको होइन । संग्रौलाजीले त्यतिखेर जुन कुरालाई पंचायतको तुलनामा प्रगतिशील ठानेर लड्नु भो, मेरो लेखमा पनि त्यसैलाई आधार बनाएर २०४६ सालको जन आन्दोलनको त्यही समय परिस्थितिको सन्दर्भमा पंचायती सामन्तवादी निरंकुश राजतन्त्रको तुलनामा बहुदलीय पूँजीवादी प्रजातन्त्रलाई प्रगतिशील भनिएको हो ।

संसारमा कुनै पनि कुरा स्थिर छैन । त्यसैले फगत बहुदलीय पूँजीवादी प्रजातन्त्रलाई मात्र स्थिर पार्ने वा स्थिरतामा हेर्ने भन्ने चिन्तन गलत र अवैज्ञानिक हुन्छ । हो, हामी फेरि निरंकुश राजतन्त्र फर्काउन लागियो भने त्यसको प्रतिरोध गर्छौं र बहुदलीय प्रजातन्त्र नै गुम्न नदिन संघर्ष गर्छौं र तर त्यस्तो खण्ड नपरेको स्थितिमा समाजले प्रगति गर्ने हो भने अब यो बहुदलीय पूँजीवादी प्रजातन्त्रलाई पनि निषेध गरेर यो भन्दा पनि उन्नत प्रणालीतिर अघि बढ्नु पर्छ । नेपालमा राज्यको उपरी ढाँचामा बहुदलीय पूँजीवादी प्रजातन्त्र त अहिले अस्तित्वमान भईसकेको छ । अब त्यसैलाई सुदृढ पार्नु वा त्यसैमा अडी बस्नु प्रगतिशील कुरो हुन सक्दैन । यो यथास्थितिवादी कुरो मात्र हुन जान्छ । अब क्रान्तिद्वारा फेरि बहुदलीय पूँजीवादी प्रजातन्त्र नै ल्याउनु भनेको पनि प्रगतिशील कुरो हुँदैन । सारमा, यो यथास्थितिमै अड्ने कार्य मात्र हुन जान्छ । त्यसैले मैले आफ्नो लेखमा अघिल्लो सन्दर्भसँग जोड्दै प्रश्नवाचक वाक्यमा लेखेको थिएँ- अहिले नेपालमा बहुदलीय पूँजीवादी संसदीय व्यवस्था अस्तित्वमा छ । क्रान्तिद्वारा फेरि पनि बहुदलीय पूँजीवादी संसदीय व्यवस्था नै ल्याउँछौं भने त्यो समाजको निम्ति प्रगति हुन्छ कि हुन्न ? त्यो प्रगतिशील व्यवस्था हुन्छ कि हुन्न ? यो पनि एउटा त्यस्तै प्रश्न हो । अर्थात यो प्रगति र प्रगतिशील व्यवस्था हुन्न भन्ने सवाल हो ।

कुनै पनि आलोचकमा लेखकले जुन सन्दर्भमा र आशयमा कुराहरु लेखेको छ, त्यही आशय र सन्दर्भमा आफ्नो आलोचना केन्द्रित गर्ने पद्धति हुनुपर्छ । नत्र, आलोचना न्यायपूर्ण, नैतिकतापूर्ण र यथार्थसम्मत नै हुदैन । प्रगतिशील आलोचकमा त यो पद्धति झनै हुनुपर्छ । आफूले सम्मान गरेको प्रगतिशील लेखकको हैसियतबाट संग्रौलाजीले यो पद्धति परिपूर्ण होस्पूर्वक निर्वाह गर्नुपर्छ भनेर मैले माग गरें भने के त्यो अन्याय होला ? यो आलोचनामा त मैले "आग्राको कुरा गरेको छु, संग्रौलाजीले गाग्राको आलोचना" गर्नु भएको छ ।

यो आलोचनाको क्रममा संग्रौलाजीले एउटा नयाँ दार्शनिक प्रस्थापना पनि अघि सार्नु भएको छ । त्यो हो - कुनै पनि कुरालाई प्रगतिशील भविष्यसित दाँजेर मात्र त्यसको प्रगतिशीलताको मुल्याङ्कन गर्न सकिन्छ । उहाँ लेख्नुहुन्छ - "के वर्तमान व्यवस्थाको चरित्र ठहर गर्न यसलाई विगतको व्यवस्थासंग मात्र दाँज्न सकिन्छ ? कुरा, त्यसो होइन । प्रतिकृयावादी अतीतसंग दाँजेर होइन, बरु प्रगतिशील भविष्यसँग दाँजेर मात्र यसको चरित्र ठहर गर्न सकिन्छ । के त्यसो गर्न इतिहासको नियमले मिल्छ ?

किन मिल्दैन ? -भविष्यको व्यवस्थासँग दाँजेर पंचायतलाई प्रतिगामी व्यवस्था भनिएको थियो, हैन ? त्यसैगरी समय सापेक्ष दृष्टिबाट भविष्यको प्रगतिशील व्यवस्थाको दाँजोमा हालको यथास्थिति व्यवस्था प्रतिगामी भएन र ?

दाँज्न त कुनै पनि कुरालाई कुनै पनि कुरासित दाँज्न सकिन्छ । हालको व्यवस्थालाई भविष्यको प्रगतिशील आदर्शसित पनि दाँज्न सकिन्छ, सही कुरा हो । तर प्रगतिशीलता / प्रतिगामिताको मूल्याङ्कन फगत भविष्यसँग, भविष्यको आदर्शसित दाँजेर मात्र गर्न सकिन्छ भन्ने प्रस्थापना भने द्वन्द्ववादका मुताविक सही र वैज्ञानिक हुँदैन ।

यसमा दुई वटा सवालमा ध्यान पुग्नु पर्छ भन्ने मलाई लाग्छ । पहिलो सवाल हो- आमरुपमा कुनै पनि कुराको प्रगतिशीलताको सवाल वा प्रतिगामिताको सवाल हुने वित्तिकै द्वन्द्ववादी दृष्टिकोण अप्नाउने हो भने हाम्रो प्रश्न हुनुपर्छ- के के सन्दर्भमा ? के को तुलनामा ? कुन समय र परिस्थितिको सम्बन्ध र सापेक्षतामा ? अन्यथा सन्दर्भ र समय एवं परिस्थितिभन्दा अलग्ग निरपेक्ष रुपमा कुनै पनि कुरालाई न त प्रगतिशील भन्नु सही हुन्छ, न त प्रतिगामी नै । जस्तो कि, घोडा-गाडा प्रगतिशील बाहन हो कि होइन भन्ने सवाल उठ्यो । हवाइ जहाज र मोटरको तुलनामा हो भने यो प्रगतिशील बाहन होइन, तर ठेला र बयल-गाडाको तुलनामा त यो वाहन पनि प्रगतिशील बाहन हो । यसरी आम रुपमा कुरो गर्दा उही रथ प्रगतिशील बाहन ठहरिन सक्छ पनि, सक्दैन पनि । अर्को कुनै वस्तुसितको तुलना र सन्दर्भमा मात्र यसको प्रगतिशीलता-अप्रगतिशीलताको सही निर्क्योल हुन सक्छ । त्यसैले, संग्रौलाजीले भन्नुभए जस्तो जरुरी छैन कि-खालि प्रगतिशील भविष्यसंग दाँजेर मात्र यसको प्रगतिशीलता निर्धारित हुन सक्छ । यही मापदण्ड आम तवरमा बहुदलीय पूँजीवादी प्रजातन्त्र प्रगतिशील प्रणाली हो कि होइन ? भन्ने सवालमा पनि लागू हुन्छ । मानव समाजको विकासको क्रमका हिसावले साम्यवाद र सर्वहारा प्रजातन्त्रको तुलनामा भने यो प्रगतिशील प्रणाली होइन । तर सामन्ती निरंकुशतन्त्रको तुलनामा भने यो अवश्यै प्रगतिशील प्रणाली हो । तर समाजमा यो भन्दा उन्नत प्रणाली हुन संभव भएकाले हामी यही प्रणालीलाई त्यसको तुलनामा पछौटे र अप्रगतिशील ठानेर यसलाई ध्वंश गरेर यो भन्दा प्रगतिशील प्रणाली ल्याउन पनि कार्यरत छौं । यसरी आम तवरमा कुनै पनि कुराको प्रगतिशीलता निर्क्योल गर्दा, खालि भविष्यको कुनै आदर्शको तुलनामा मात्र निर्क्योल हुन सक्छ भन्ने दार्शनिक प्रस्थापना सही र द्वन्दवादी हुँदैन । त्यो तुलना भविष्यसंग पनि हुन सक्छ, विगतसँग पनि र वर्तमानकै पनि दुई वटा भिन्न कुरा बीच पनि हुन सक्छ । जस्तो, नेपालमा राजतन्त्र बाँकी भएको बहुदलीय प्रजातन्त्र छ, भारतमा गणतन्त्र भएको बहुदलीय प्रजातन्त्र छ । तुलनामा दुई मध्ये कुन प्रगतिशील ? दाँजो गर्नु संभव छैन र ?

दोश्रो सवाल के हो भने, आम तवरमा नभनेर ठोस रुपमा र ऐतिहासिक विकास क्रममा कुनै पनि कुराको प्रगतिशीलताको मूल्याङ्कन गर्नु पर्दा यो तत्कालीन समय र परिस्थितिको सन्दर्भमा नै

बाँकी ४४ पृष्ठमा

# जब नेताहरुलाई "एकता" घाँडो लाग्न थाल्छ

- चन्द्रदेव नेपाली

नेपालमा वामपन्थी पार्टीहरुका बीच एकता चाहने लाखौं जनता छन्, हज्जारौं कार्यकर्ताहरु छन् र सयौं नेताहरु पनि छन्।

यसैगरी, नेपालमा वामपन्थी पार्टीहरुका बीच एकता नहोस् भनी दिन रात चाहने र यिनीहरुलाई फुट गराउन प्रयत्नशील प्रतिक्रियावादी शक्तिहरु पनि छन्। साम्राज्यवादी विस्तारवादीहरुको आडमा रहेका यी शक्तिहरुलाई नेपालमा वामपन्थीहरु मिलेको देख्दा छट्पटी शुरु हुन्छ। यस्तो बेला यिनीहरु हिजोका आफ्ना अंशबण्डाका झैं - झगडाहरु बिर्सेर "एक" हुन्छन्। एक भएर वामपन्थीहरुको बदनाम गर्ने र वामपन्थीहरुको नेतृत्वमा भएका जनताको आन्दोलनमाथि दमन गर्ने काम यिनीहरुले गर्ने गर्छन्।

हालैको ७ वामपन्थी पार्टीहरुको जनआन्दोलनका क्रममा पनि यो प्रवृत्ति प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा केही मात्रामा देखापरेको थियो, देखापरिरहेछन्।

जनताले एकता चाहिरहेको तर शत्रु वर्गले भने यो एकता टुक्र्याउन चाहिरहेको स्थितिमा एकता गरिरहेका वामपन्थीहरु वा एकता गर्नु पर्ने वामपन्थीहरुका बीचमा एकतालाई मजबूत पार्न झन ज्यादा चनाखोपन बढ्नु पर्ने हो, उनीहरु यसबारे झन् झन् गम्भीर हुनुपर्ने हो।

तर वास्तविकता यसको ठीक उल्टो किन हुने गरेको छ?

एकतावद्ध भएका शक्तिहरुका नेताहरुमा एकतापछि झन उत्साह र जाँगर पैदा हुनुपर्ने हो। तर यस्तो किन भइरहेको छैन? यस्ता नेता-कार्यकर्ताहरु "एकता" लाई उपलब्धिको रुपमा हैन, बाध्यतावश आइलागेको "घाँडो" को रुपमा लिने गर्छन्।

एकतावद्ध भएका अरु शक्तिहरुसंग मिलेर कार्यक्रम गर्नु, खबर आदान प्रदान गर्नु, सहयोग आदान प्रदान गर्नु आदि कामहरु उनीहरुलाई "बेकारको झ्याउलो" लाग्ने गरिरहेछ। अझ यसभन्दा पनि बढी आम-सहमतिको बुँदा खोज्ने काम त झन ठूलो झंझटको विषय महशूस हुने गर्छ। अरुसंग एकता गरेर कार्यक्रम वा संघर्ष गर्दा ठूलो "बन्धन र बोझ" अनुभव गर्ने यो प्रवृत्ति निश्चय नै अत्यन्त खतरनाक प्रवृत्ति हो। आउन नचाहनेहरुलाई समेत कुरा बुझाएर एकतामा ल्याउनु पर्नेमा यो प्रवृत्तिले एकतामा आउन चाहनेहरुलाई पनि पर पन्छाउने गर्छ।

विश्वभरिका शोषित पीडितहरुलाई "एक" होऊ भनेर आह्वान गर्ने दिग्गज नेता-कार्यकर्ताहरुलाई नै जब "एक" हुने कुरा बोझ लाग्न थाल्छ भने बाँकी अरु असचेत जनताहरुलाई कसरी "एक" हुन रुची लाग्ला? यो प्रश्न अत्यन्त सोचनीय प्रश्न बनेको छ।

वास्तवमा यसरी यी नेता-कार्यकर्ताहरुलाई "एकता" किन झंझटयुक्त लाग्यो त?

यसको जवाफ उहाँहरुसंग यस्तो रहने गरेको छ :

-छलफल र निर्णय गर्ने बेलामा एकतामा रहेका अरु पार्टीहरु माथापच्ची गर्छन्, दशथरि तर्क निकाल्छन्, अडान र अड्को थाप्छन्, त्यसैले यसरी दशथरिलाई चित्त बुझाइरहनु भन्दा एक्लै हिंड्नु जाती।

- छलफल र निर्णय गर्दा किचकिच गर्ने तर काम चाहिं कम गर्नेहरु ज्यादा छन्, त्यसैले एक्लै हिंड्नु जाती।

- काम साझा गर्दा "जस" सबैले पाउने हुन्छ, आफ्नो योगदान नदेखिने हुन्छ, त्यसैले एक्लै हिंड्नु जाती।

- अरु शक्तिहरु "साना" छन् तर बरोबरीको स्थान खोज्छन् वा जो ठूला शक्तिहरु छन्, तिनले हेप्छन् - त्यसैले त्यस्ता व्यक्तिहरुसंग एकता गर्नु बेकारको काम हो।

आदि आदि।

यी सबै जवाफहरु जन्मने मूल स्रोत हो - हामीभित्र हावी रहेको "व्यक्तिवाद"।

समाज परिवर्तनको कुरा समाजका सकेसम्म ज्यादा मानिसहरुको एकतावद्ध प्रयत्नबाट मात्र संभव हुन्छ। सकेसम्म ज्यादा मानिसहरु सचेत बनेपछि र उनीहरु संगठित भई परिवर्तनको निमित्त संघर्षमा चरणवद्ध रुपमा उत्रिएपछि मात्र साँच्चिको अर्थमा समाजको रुपान्तरण हुन्छ। समाजको परिवर्तनलाई रोकेर आफ्नो सुखसम्वृद्धि कायम गरी बाँकी बहुसंख्यक जनतालाई चुस्न पल्केको मुठ्ठीभर प्रतिक्रियावादी वर्गसंग रहेको बलका विरुद्ध जुध्न बल पनि ज्यादा चाहिन्छ। निश्चय नै "एकता" मा बल हुन्छ।

निश्चय नै संयुक्त मोर्चामा भिन्न विचार राख्ने सामाजिक शक्तिहरु नै जम्मा भएका हुन्छन्। एउटै विचारको सामाजिक शक्ति भएको भए त्यो त पार्टी भईहाल्थ्यो। भिन्न विचार भएपछि विचार द्वन्द्व त हुन्छ नै। विचार द्वन्द्वमा सही र बस्तुसम्मत विचार जुनसुकै छेउबाट आए पनि संश्लेषण गर्ने, स्वीकार गर्ने पद्धति रह्यो भने विचार द्वन्द्वले समस्या जन्माउने होइन, विचार विकास गर्न मद्दत गरिरहेको हुन्छ। भिन्न विचार भइ हाल्यो भने पनि भिन्न विचारहरु बीचबाट साझा सहमतिको कुरा निकालियो भने विचार अघि बढ्छ र एकताको विन्दु निक्लिन्छ। तर समस्या त्यतिखेर जन्मिन्छ, जब हामी संयुक्त मोर्चाका सबैका सही कुरा संश्लेषण गरेर एउटा साझा र उन्नत सत्य भेट्टाउने नियतले जाँदैनौं। ठीक बेठीक जे भए पनि फगत आफ्नो कुरा पारित गराउने नियतले जान्छौं। समस्या त्यतिखेर पैदा हुन्छ, जब हामी विविधतामा पनि एकताको विन्दु खोज्ने नियतले जाँदैनौं। फगत आफ्नो कुरा पारित भयो भने एकता गर्ने नियतले जान्छौं। फगत आफ्नो कुरा पारित गर्ने र पारित भयो भने मात्र खुशी हुने र एकता संभव देख्ने नियत सारमा व्यक्तिवाद हो। किनभने यो नियतले के गर्दा सत्यको जीत हुन्छ, शत्रुको हार हुन्छ र समाजको हित हुन्छ भन्ने कुरालाई मुख्य धूरी बनाएको हुन्न। फगत आफ्नो जितवाजी, अहंकार तुष्टि र आफ्नो हितलाई मुख्य धूरी बनाएको हुन्छ। यो नियत भएपछि विचारद्वन्द्व स्वभावत: घाँडो लाग्छ। एकता गर्नु झंझट महशूस हुन्छ।

निश्चय नै संयुक्त मोर्चा बनाउँदा सबै शक्तिहरु उति नै क्रियाशील र उति नै आकारका नहुन सक्छन्। कोही बेसी क्रियाशील हुन्छन्, कोही कम, कोही ठूला हुन्छन्, कोही साना र कोही कोही त एकतावद्ध हुनुले "लौ एकतावद्ध भयो" भनेर खाली मनोवैज्ञानिक प्रभाव मात्र छोड्ने मूल्यका पनि हुन सक्छन्। तर संयुक्त मोर्चाको लाभ के हो भने यसले दुश्मन चारैतिरबाट एक्लिन्छ र, एक्लो शत्रुलाई नै पराजित गर्ने बेसी संभावना हुन्छ।

यो ठूलो लाभ हासिल गर्नका लागि एकदमै कम क्रियाशील र साना शक्तिलाई पनि शत्रुका विरुद्ध गोलबन्द गर्नु जरुरी हुन जान्छ। हामीले उनीहरुलाई गोलबन्द गर्दैनौं भने उनीहरुलाई दुश्मनले गोलबन्द गर्ने संभावना हुन्छ र दुश्मन मजबूत हुने संभावना हुन्छ। जब हामी आफू जतिकै क्रियाशील र ठूलो शक्ति होइन भनेर कुनै सामाजिक शक्तिलाई छोडिदिन्छौं, त्यतिखेर हाम्रो अहंकार त तुष्टि हुन्छ तर सत्य र जनताको जितबाजीमा यसले नोक्सानी पुऱ्याउँछ। आफ्नो अहंकार तुष्टि भयो भने सत्य र जनताको पक्षमा नोक्सानी पुगे पनि पुगोस् भने चिन्तन पनि सारमा व्यक्तिवाद हो। किनभने यसले पनि समाजको हितलाई होइन, आफ्नो अहंकारलाई धूरी बनाउँछ। यस्तो चिन्तन भएपछि एकता घाँडो लाग्नु स्वाभाविक हुन्छ।

संयुक्त मोर्चा कायम गरेर शत्रुका विरुद्ध साझा काम गर्दा निश्चय नै एक्लै काम गरे जस्तो हुँदैन। यसमा कामको जस एक्लैले लिन नपाइने त हुन्छ नै र जस सबैमा बाँडिन्छ नै। तर बढता क्रियाशील र बलवान शक्तिको बढ्ता →

## "दश थरिको चित्त बुझाईरहनु भन्दा एक्लै हिड्नु जाती"



नेपाली फिल्म

# केवल "सम्पत्ति" बटुल्ने व्यवसायिक नियत मात्र



"सम्पत्ति" फिल्म तपाईले भर्खरै हेर्नु भयो, कस्तो लाग्यो त ?"

-भर्खरै फिल्म हेरेर फर्केका एक अधबैंसे दर्शक यस प्रश्नको जवाफ दिन्छन्- "ठीक्कै लाग्यो । हिन्दी फिलिम हेर्नुभन्दा नेपाली फिलिम हेर्नु राम्रो भनेर हेरेको । हिन्दी फिलिमभन्दा कम छैन ।"

अर्का एक युवा गाउँले भन्छन्- " यै राम्रो भन्ने कि नराम्रो भन्ने ? तमासा गरेको देखाएको छ ।"

अर्की एक सचेत महिला भन्छिन् -" यस्तो फिल्मलाई नेपाली फिल्म भनेर सरकारले मनोरञ्जन कर छुट दिनुको कुनै अर्थ छैन । यस्ता फिल्महरु नयाँ बनाउनुभन्दा हिन्दी फिल्ममा सोझै नेपाली भाषा फिट गरिदिए हुन्छ । नेपाली फिल्म हुनलाई त नेपाली भाषामा फिल्म बनेर मात्र हुन्न, यसमा नेपाली समाजको चित्र पो उत्रिनु पर्थ्यो । यो फिल्ममा कोरा कल्पनायुक्त "मसला" हरु बाहेक अरु केही पनि छैन ।"

राजधानीमा केही हलहरुमा हालै प्रदर्शित नेपाली फिल्म "सम्पत्ति" हेरेर फर्केका केही दर्शकहरुका प्रतिकृया हुन् यी ।

यी बाहेक अरु प्रतिकृयाहरु पनि फिल्म हलमा व्यक्त भएका देखिन्थे । जब जब फिल्ममा उग्र मारमुंग्री वा कोरा कल्पनायुक्त "चमत्कारहरु" देखा पर्थे, यस्तो देखेर तालि बजाउनेहरु त्यहां प्रसस्तै थिए ।

"राम्रो लुगा लगाउँदैमा गंगू तेली भोज राजा हुन सक्दैन " भन्ने सम्वाद नीरशाहले बोल्दा वा "मायाँको संसारमा कोही रैती र कोही मालिक हुदैन " भन्ने सम्वाद अर्जुन श्रेष्ठले बोल्दा जोडजोडले थपडी बजाउनेहरु पनि हलमा थिए ।

खलनायकको गुण्डादलले चारैतिरबाट घेरेर आक्रमण गर्दाको भयावह क्षणमा समेत बिलकूलै अस्वाभाविक रुपले नायिकाको बालक छोराले लय मिलाएर गाएको करुण गीतमा पग्लनेहरु पनि थुप्रै थिए ।

हल भित्रको यो प्रतिकृया देखेर सजिलै भन्न सकिन्छ "सम्पत्ति" फिल्म असचेत दर्शकहरुलाई आकर्षित गरेर "सम्पत्ति" जम्मा गर्न सफल होला नै अर्थात व्यवसायिक रुपले सायद यो फिल्म सफल होला नै । तर आफूलाई त्यसरी सम्पति जुटाईदिने ती आम असचेत दर्शकहरुलाई भने यस फिल्मले जीवनको र समाजको यथार्थबाट पर भगाएर, पलायन गराएर, समाजमा हुनै नसक्ने हवाई-कल्पनामा डुबाउने कोशिस गरेको छ । कुनै स्तरहीन हिन्दी फिल्मको हुवहु नक्कल भन्दा बढी यो फिल्म केही पनि छैन ।

कोही भरत शमसेरको छोरो अर्जुन र निजको कामदार धनबहादुरकी छोरी कल्याणीको प्रेम कथा हो यो फिल्म । यसमा नृत्य, गीत, भिजेको - लुगामा नायक नायिकाहरुको प्रसंग, मारमुग्रीका २-४ श्रृंखलाहरु , अनावश्यक र अस्वाभाविक रहस्यहरुका अतिरिक्त साइबाबाको फोटोमुनि नायिकाको प्रार्थना पनि छ । यस प्रार्थनाद्वारा साइबाबाका कृपाले नायक गाडी-दुर्घटनाबाट बच्छ र खलनायकको एउटा दलाल साँपद्वारा टोकिन्छ र मर्छ । यस्तो खाले अन्धविश्वासलाई स्थापना गर्ने खतरनाक काम पनि यस फिल्ममा गरिएको छ ।

नायकलाई झुटो मुद्दा लाग्नु, हत्यारा अर्कै हुनु र बहादुरीसाथ नायकले हत्यारा र आफ्नो दुस्मनलाई परास्त गर्नु र पुलिसलाई सुम्पिनु अनि सबै जना पुनर्मिलन भई गीत गाउँदै जीपमा चढेर घर फर्कनु- यी घटनाहरु यस्ता फिल्मका आम दृश्यहरु नै भैहाले ।

"सम्पत्ति" जस्ता जनचेतना विरोधी व्यवसायिक फिल्महरुबाट पनि आम दर्शकहरु प्रभावित भइरहेको उदाहरण माथि शुरुमा प्रस्तुत दर्शक-प्रतिकृयाले पनि दर्शाएको छ । हाल हाम्रो समाजका सचेत अगुवाहरुले समाजमा यस्ता फिल्महरुका घातक पक्षहरुबारे जनचेतना फैलाउनु जरुरी छ । कम्तिमा पनि माथि प्रस्तुत सचेत महिलाको स्तरसम्म दर्शक पाठकहरुको चेतना उठ्न सकेमा पनि निकै फलदायी हुने थियो ।

---

योगदान त्यसमा अभिव्यक्त नै हुँदैन भन्ने कुरा चाहिं हुँदैन ।

चीनियाँ क्रान्तिमा पनि संयुक्त मोर्चा कायम भएको थियो तर त्यसमा सबैभन्दा बेसी शक्तिशाली र क्रियाशील चीनियाँ कम्युनिस्ट पार्टी नै ठहरियो । नेतृत्व उसैको कायम भयो । नेतृत्व भनेको विचारको सहीपनाले, संकटको बेलामा सही समाधान पेश गर्ने क्षमताले , र क्रियाशीलताले स्वत: कायम हुने कुरा हो । यो माग गरेर कायम हुने कुरा होइन । जस पनि सबैभन्दा बेसी त्यसलाई नै जान्छ, जो संकट र समस्याको बेला सही विचार पेश गर्न र शक्तिलाई सबैभन्दा राम्ररी संचालन गर्न समर्थ हुन्छ ।

तथापि हाम्रो आन्दोलनमा भने संयुक्त मोर्चा कायम गर्ने मामलामा जहिले पनि काम आफूले गरेर जस अरुले लेला कि भनेर भयभित हुने प्रवृत्ति विद्यमान छ । जस अरुले लिने भयले जस आउने कुरामा एक्लै काम गर्ने मानसिकता विद्यमान छ । यो पनि सारमा व्यक्तिवाद हो । किनभने जस कमाउने यो मानसिकता भनेको पनि व्यक्तिगत संपत्तिको मानसिकता जस्तै हुन्छ ।

सम्पत्ति कुम्ल्याए जस्तै सकेसम्म जस आफूले कुम्ल्याउन पाए भने उपलब्धि र सत्ता पनि एक्लै भोग गर्न पाइन्थ्यो - यसमा यही व्यक्तिगत सम्पत्तिको मानसिकता निहित भएको हुन्छ ।

जसको यो मानसिकता हावी भएपछि संयुक्त मोर्चा भनेको अमूल्य सम्पत्ति अरुलाई बाँडफाँट गरी दिनुपर्ने थलो महशूस हुन्छ । फलत: समाज र सत्यको जितको लागि शत्रुका विरुद्ध संयुक्त हुने होइन, एक्लै आफ्नो मात्र फाइदाको लागि काम गर्ने प्रवृत्ति हावी हुन्छ । अहिले बाढी र प्राकृतिक प्रकोपमा राहत कार्य गर्न समेत वाम समूहहरु यही "जस" को मानसिकताको कारणले एकतावद्ध हुन सकेनन् । यो दु:खको कुरा हो ।

त्यसैले, अहिले यही व्यक्तिवादी प्रवृत्तिले संयुक्त मोर्चालाई घाँडोको रुपमा लिने सोच जन्माएको हो । यो व्यक्तिवाद बिल्कूलै कुनै समाजवादी संस्कृति होइन । यो नितान्त पूंजीवादी संस्कृति हो । यही संस्कृति हाम्रो आन्दोलनमा हावी छ । समाजको हित "देखा जाएगा", आफ्नो हित हुनै पर्छ, शत्रु परास्त नभए नहोस्, आफ्नो जीत हुनैपर्छ, न्याय र सत्यको जितवाजी भर्सेलो परोस् फाइदा र जस जति आफ्नो भागमा आउनै पर्छ - यो नितान्त पूंजीवादी संस्कृति हो । समाजवादलाई जरैमा ढाल्ने संस्कृति पनि यही हो । जब प्रत्येक व्यक्तिले समाजको हितलाई होइन, आफ्नै हितलाई धूरी बनाएर सोच्छ, सत्य र न्यायको जितलाई होइन, आफ्नो जितलाई धूरी बनाएर सोच्छ, शत्रुको जितवाजी हुने शर्तमा पनि आफ्ना फाइदालाई धूरी बनाएर सोच्छ, समाजमा समाजवाद कसरी कायम हुन सक्छ ?

नेपालमा यसरी संयुक्त मोर्चालाई घाँडो ठान्ने जुन चिन्तन छ, त्यो सारमा एउटा सांस्कृतिक समस्या हो ।

समाजको हित नै मेरो हित हो, सत्य र न्यायको जित नै मेरो जित हो, शत्रु हार्नु नै म जित्नु हो - यो समाजवादी संस्कृतिको सार हो ।

यो संस्कृतिले वामपन्थी शक्ति लैश भएको खण्डमा - संयुक्त मोर्चा घाँडो होइन, यो अक्सीजन जतिकै जरुरी वस्तु हुन जानेछ । यो संस्कृतिको सट्टा पूंजीवादी संस्कृतिले लैश भएको खण्डमा, कसरी संयुक्त मोर्चा मजवूत पारेर शत्रु परास्त पार्ने भन्ने कुरा होइन, कुन निहुँमा संयुक्त मोर्चा फुटाएर फाइदा र जस जति आफूले सोहोर्ने भन्ने कुरा प्रमुख हुन जानेछ ।

कविता

# रक्त–पत्र



– विमल निभा

सत्तापुरुष निर्वस्त्र भएर
सडकमा दगुर्न थाल्छ भने
म के गर्न सक्छु ?

कुनै वनमानुषको
सनातन नङग्रालाई
करुणाको दृष्टिले हेर्ने अधिकार
मलाई मेरा मित्रहरूले
दिएका छैनन्

हत्याकुशल अमात्यको
हिंसक र घृणित प्रतिवेदन
तिमीलाई नै समर्पित
मेरो गद्दार छिमेकी !
आफ्नो घाउ चाटिरहने
घाइते सिंहनी जस्तो
मेरो स्वभाव छैन

फेरि आक्रमण गर्न थालेको छ
प्राग्ऐतिहासिक डायनासोरहरूले
मेरो वक्षमा रोपिएको भाला
एक हजार वर्ष पहिले
कुनै बर्बर शासकद्वारा
तयार गरिएको हो

नरमुंडको माला लगाएर
यदि सर्वोच्च पूजारी नै
रंगमञ्चको दृश्यमा झुल्किन्छन् भने
म श्रद्धानत हुन जान्दिनँ
राष्ट्रिय चमेराहरू
वृक्षमा उल्टो झुण्डिरहेका छन्
तर यस्तो मैले कुनै
अभ्यास गरेको छैन

मेरो नाभिमा सुरक्षित
अमृत कणहरू चोर्न नआऊ
नाग बंशका अन्तिम उत्तराधिकारी
तिम्रो विषदन्तबाट जोगिन
मैले दृढ कवचहरू
धारण गरिसकेको छु

सर्कसको डेढफुटे विदुषक झैं
कम्मर हल्लाई –हल्लाई
तथाकथित सन्त–महन्त नै
जहाँ–तहाँ पाखण्डी उछलकुद
प्रदर्शन गर्छन भने
म जोड–जोडले मुक्त हाँसो
किन नहाँसू ?

किरणको बीजलाई
सलह–आक्रमणबाट रक्षा गर्न
मलाई सहयोग गर
मेरो देश नेपाल ।
यो रक्त–पत्र म तिम्रो बलिष्ठ हातमा
सुम्पन चाहन्छु

अभिवादन !



यस वर्षको लोकेन्द्र साहित्य पुरस्कार प्राप्त गर्नुहुने कवि विमल निभा र कृष्णमणि अर्याल पुरस्कार प्राप्त गर्नुहुने कवि आहुतीका एक एक नयाँ कविताहरू पाठकहरुको मागलाई ध्यानमा राखी यहाँ प्रस्तुत गरिएका छन् – का.सं.

## रातो झण्डामा उत्पल दत्तको शव



भारतीय सिनेमा तथा नाट्य क्षेत्रका प्रशिद्ध कलाकार उत्पल दत्तको ६४ वर्षको उमेरमा गत भाद्र ४ गते निधन भएको छ । २०० भन्दा बढी सिनेमामा अभिनय गरेका उनले नाटकको क्षेत्रमा पनि विशेष योगदान पुऱ्याउनु भएको थियो । नन्दन फिल्म कम्प्लेक्स कलकत्तामा उहाँको शवलाई अन्तिम श्रद्धाञ्जली दिइयो । त्यतिखेर उहाँको शवलाई रातो झण्डाले बेरेर राखिएको थियो भने शवमाथि कार्लमार्क्स, लेनिन र स्टालिनका फ्रोटोहरु राखिएका थिए । शव वरिपरि मार्क्स र एंगेल्सका संकलित रचनाहरुका पुस्तकहरु राखिएका थिए । क्योरातला घाटमा उहाँको अन्तिम दाहसंस्कार गरियो ।

# गहुँगोरो अफ्रिका

–आहुति

मेरो रातो रगत
मानिसको पवित्र रातो रगत
नीलो पसीनाको बुँद बनेर जब झर्दछ
तिमी आफ्ना नरम अंजुलीहरूमा आली लगाएर
थाप्दछौ
जब म त्यो श्रमको सुवासयुक्त पसीना सुंघ्न खोज्छु
तिमी मेरो अपमान गर्छौ र मलाई टाढा राख्छौ
आँखा जुधाउने आँट गर पूजारी !
म बीसौं शताब्दीको "अछुत" हुँ !
यो गोल भूगोलको एउटा गहुँगोरो अफ्रिका हुँ ।
म न्याय चाहन्छु /म मुक्ति चाहन्छु ।

तिम्रो मन्दिरको मुर्तिमा मेरो आरनको गन्ध आउँछ
ओदानीमाथिको कराहीमा मेरो पसीनाको गन्ध
आउँछ
आँखा जुधाउने आँट गर धर्माती मान्छे ।
–कि मेरो अस्तित्वलाई भुंग्रोमा पोल र धर्म धान्ने
आँट गर
–कि मेरो अपमान गर्ने शास्त्रका पानाहरुलाई च्यात्ने
या जलाउने साहस गर
म तिम्रो मन्दिरको देवता बनाउने कामी हुँ !
यो गोल भूगोलको एउटा गहुँगोरो अफ्रिका हुँ ।

तिम्रो बस्तीको सफा भुईलाई सुंघ
बस्तीको हर चोक्टामा मेरो रगतको गन्ध आउँछ ।
आँखा जुधाउने आँट गर सफा मान्छे !
–कि मेरा रक्त नलीहरुमा पानी भर
–कि आफ्नो दिमागको फोहर सफा गर
म तिम्रो बस्तीको फोहर सोहर्ने च्यामे हुँ !
यो गोल भूगोलको एउटा गहुँगोरो अफ्रिका हुँ ।

तिम्रो मनका मनोरञ्जित ग्रन्थीहरुलाई च्यात
त्यहाँ मेरो संगीतको मधुर सरसराहट सुनिन्छ
आँखा जुधाउने आँट गर चेतनायुक्त मान्छे !
–कि मलाई जनावरसँगै बाँध र घाँस खुवाउँने आँट
गर
–कि तिमी आफूलाई जनावर भन्दा फरक पार्ने
साहस गर
म सारङ्गी रेट्ने,–मादल ठोक्ने, गाइने हुँ–बादी हुँ !
यो गोल भूगोलको एउटा गहुँगोरो अफ्रिका हुँ ।

माटोमा धस्सिएको मेरो जीवनलाई छाम
त्यहाँ मेरो आँशुको आहाल भेटिन्छ
आँखा जुधाउने आँट गर अघाएको मान्छे !
–कि तिम्रो गाँसमा मेरो आँशुको गन्ध छैन भन्ने
आँट गर
–कि मेरो दलित जीवनको सम्मान गर्ने साहस गर
म तिम्रो गोरुसँगै माटोमा पौडिने मुसहर हली हुँ !
यो गोल भूगोलको एउटा गाहुँगोरो अफ्रिका हुँ ।

तिम्रो पैतालाको जुत्तादेखि शीरको टोपीसम्म
तिम्रो दृष्टिको दूर क्षितिजदेखि मुटुको स्पन्दनसम्म
म कहाँ छैन ? म सर्वत्र छु ।
मलाई तिमी कसरी "अछुत" बनाउन सक्छौ "छुत"
मान्छे ?
–कि इतिहासको कठघरामा उभिने आँट गर
–कि आफूलाई बदल्ने साहस गर
आँखा जुधाउने आँट गर पूजारी !
म बीसौं शताब्दीको "अछुत" हुँ !
यो गोल भूगोलको एउटा गहुँगोरो अफ्रिका हुँ ।
म अपमानित इतिहासको हिसाब चाहन्छु
म कुनै पनि मूल्यमा मुक्ति चाहन्छु ।



## हास्य-व्यंग्य कलाकार साम्दे शेर्पाका अनुभव र दृष्टिकोणहरु

**' मैले गएर नेटिभिका जि.एम.संग हात जोड्दै "हे प्रभू ! हजूर !! हाम्रो कार्यक्रम देखाइबक्स्योस्" भन्न जाने कुरा आउँदैन ।'**

# "जनताको संपत्तिबाट चल्ने रेडियो र ने.टि.भि.हरुलाई एकलौटी पारिएको छ"

### अन्तर्वार्ता: साम्दे शेर्पासंग

***० विगत वर्षहरुमा पनि हास्य-व्यंग्य क्षेत्रका एक कलाकारको रूपमा समय-समयमा प्रस्तुत हुँदै आउँदा र यस वर्ष पनि राजधानीमा गाईजात्रा हास्य-व्यंग्य कार्यक्रममा भाग लिनु हुँदा तपाईले कस्तो अनुभव गर्नु भयो ?***

-हो, केही वर्ष अघिदेखि नै अन्य कार्यक्रमहरुका अतिरिक्त हामीले गाईजात्रा कार्यक्रममा पनि भाग लिदै आएका हौं । प्रगतिशीलताको नाममा हामी आफैं मात्र साँघुरिएर बस्ने हो भने हाम्रो कलाक्षेत्रको विकास नहुने हामीले देख्यौं । विद्यार्थी जीवनदेखि नै करीव एक दशक भन्दा बढी नै समय कला-क्षेत्रमा लागेर हिंड्दा मैले के अनुभव गरें भने, हामीले कलाक्षेत्रमा अरूसंग पनि प्रतिस्पर्धा गर्नु पर्छ । यसले हाम्रो कलाको स्तर उठाउन मद्दत गर्नेछ । त्यसैले, हाल मुलुकमा बहुदलीय व्यवस्था कायम भएको बेला समेत भएकोले अबहामीले आफ्नो विचारलाई दृढ राख्ने तर एकेडेमी, रेडियो, टि.भि आदिका कलाकारहरूसंग पनि संगै भएर प्रतिस्पर्धा गर्दै जाने गर्नु पर्छ । यही सोच अनुसार म विगत केही वर्ष यता एकेडेमी, सभागृह आदिमा हुने गाईजात्रा- कार्यक्रम लगायतमा प्रस्तुत हुन थालेको छु । अरु विचार राख्ने कलाकारहरुसंग एउटै मंचमा उत्रंदा कला क्षमताको आदान-प्रदान हुने हुनाले पनि कलाको स्तर बढ्ने छ भन्ने मलाई लाग्छ ।

***० यसपालीको गाईजात्रे कार्यक्रमको स्तर तपाईलाई कस्तो लाग्यो त ?***

-एकेडेमीमा यसपल्ट "नापा" ले आयोजना गरेको हास्य-व्यंग्य कार्यक्रम शिव श्रेष्ठ, गौरी मल्ल आदि सिनेमाका नायक-नायिकाहरुको नामलाई अगाडि सारेर व्यवसायिक ढंगले गरिएको थियो । उहाँहरु हास्य- कलाकार नभए पनि यसमा उहाँहरुलाई उतारिएको थियो ।

यसपालीको कार्यक्रमलाई सर्सरती हेर्दा मैले यसलाई ज्यादै हल्काफुल्का भएको पाएँ । यसमा मदन भण्डारी, जीवराज आश्रित, पासाङ ल्हामु शेर्पा जस्ता होनहार मानिसहरुको देहावसानको संवेदनशील कुरालाई पनि हास्यव्यंग्यको विषय बनाएको मैले पाएँ । शोकाकूल हुने यी विषयहरुमा पनि मानिसहरुलाई हँसाउन खोजिएको मैले पाएँ ।

यस बाहेक, कार्यक्रममा कतिपय कलाकारहरुले त घुंडा हल्लाएर, कम्मर हल्लाएर, नाक बंग्याएर वा उफ्रेर मात्र पनि हँसाउन खोजेको पाइयो । विषय वस्तु राम्रो टिप्न नसकेर नै यसो हुनु पुगेको हो।

कतिपय प्रस्तुति चाहिं सम-सामयिक राजनितिक-सामाजिक विषयका थिए, तिनीहरु स्तरीय नै थिए ।

***० तपाईको प्रस्तुति कस्तो भयो नि ?***

- मेरो प्रस्तुति कस्तो भयो भन्ने कुराको छानवीन गर्ने जिम्मा भने म दर्शकहरुलाई नै छोड्न चाहन्छु ।

***० तपाईले उल्लेख गर्नु भएको जस्तो यो जीऊ हल्लाएकै मात्र भरमा दर्शकलाई हँसाउनु पर्ने बाध्यता कलाकारलाई किन आइपर्छ होला ?***

- यो कुरा कलाकारको दृष्टिकोणमा भरपर्ने कुरा हो । कुनै कलाकारहरु यस्ता हुन्छन्, जो जसरी होस् दर्शकलाई हँसाएपछि कार्यक्रम सफल भएको मान्दछन् र हिप हल्लाएकै भरमा मानिसहरुलाई हसाउने कोशिस पनि उनीहरु गर्छन् ।

वास्तवमा, मैले माथि पनि भने- यसो हुनको कारण राम्रो विषय-बस्तुलाई पक्रेर त्यसलाई कलात्मक स्तरसहित प्रस्तुत गर्न नसक्नु नै हो ।

***० विषय वस्तुकै अभावको कारणले गर्दा पनि त यसो गरिएको होला नि ।***

- राजनीतिक र सामाजिक क्षेत्रका विसंगतिहरु नै हास्य-व्यंग्यका प्रमुख विषयहरु हुन् । यिनीहरु हास्य-व्यंग्यका "कच्चा पदार्थहरु" हुन् । कुनै पनि समाजमा यी कच्चा पदार्थहरु प्रशस्तै पाइन्छन् । झन हाम्रो जस्तो मुलुकमा त यिनीहरुको "ओभर फ्लो" नै भइरहेको छ, किनभने यहाँ सामाजिक-राजनीतिक विकृतिहरु बढी छन् ।

कलाकारहरुले यिनीहरुलाई टिप्न सक्नु पर्छ र राम्ररी प्रस्तुत गर्न सक्नु पर्छ । यसो गर्न नसक्नेलाई मात्र विषय-वस्तुको अभाव महशूस होला र "जसरी पनि" दर्शकलाई हँसाउन केवल जीउ हल्लाउने काम गर्नु पर्ने होला । हैन भने, विषय बस्तुको यहाँ कुनै अभाव हुने कुरै छैन ।

***०यत्रा धेरै विषय- बस्तु हुँदा हुँदै पनि किन ती कलाकारहरुले यी विषय वस्तुहरु टिप्न र राम्ररी प्रस्तुत गर्न नसकेका होलान् ?***

यो उहाँहरुमा दृष्टिकोणको अभावका कारण भएको हो जस्तो मलाई लाग्छ । नेपालमा हास्य- व्यंग्य कलाकारहरूको रूपमा प्रशस्त मानिसहरू देखा परेका छन् तर राम्रा खालका हास्य-व्यंग्य कलाकारहरू हातको औंलामा गन्न पुग्ने छन् । घटनालाई हेर्ने र लिने दृष्टिकोण भएकाहरू र कला क्षमता निरन्तर ब्रढाइरहनेहरू नै जनतामा लोकप्रिय र प्रसिद्ध हुन पुग्छन् ।

***०कुनै पनि सामाजिक विषय- बस्तुलाई आफ्नो हास्य-व्यंग्यमा कसरी लिने र कसरी प्रस्तुत गर्ने भन्ने विषयमा नेपालका हास्य-व्यंग्य कलाकारहरु कत्तिको गंभीर रूपले सोच्ने र छलफल गर्ने गर्दा रहेछन् ? के कुरालाई हाँसोको विषय बनाउनु पर्छ, के कुरामा व्यंग्य गर्नु पर्छ र के के कुरामा यसो गर्नु हुन्न भन्नेबारे चिन्तन गर्ने परिपाटी यहाँ रहेछ कि रहेनछ ? सर-संगतको क्रममा तपाईले यसबारे कस्तो स्थिति पाउनु भएको छ ?***

-चिन्तन-क्षेत्रमा गम्भीरता मैले ज्यादै कम मात्र

जनपक्षीय सांस्कृतिक संगठन "कोरस" विभिन्न रचनात्मक, कलात्मक कार्यहरु गरी सक्रिय रहेको छ ।" "फूलबारीको कथा हवाइको व्यथा" गिती-नाटक समेतबाट चर्चित यस परिवारले समय समयमा सांस्कृतिक कार्यक्रमहरु गर्ने, गिती क्यासेट एवं गिती पुस्तिकाहरु प्रकाशित गर्ने काम गर्दै आएको छ । निकट भविष्यमा पनि नयाँ क्यासेट तयार गर्ने योजनामा हाल यो संस्था सक्रिय छ ।
यस संस्थाका एक-जना प्रमुख कलाकार तथा नेपाली हास्य व्यंग्य क्षेत्रका ख्याती प्राप्त कलाकार साम्दे शेर्पासंग विविध विषयमा गरिएको कुराकानी यस पटक हामीले प्रस्तुत गरेका छौं । - का.सं.



पाएको छु । यसले गर्दा नै हल्का र स्तरहीन कुरालाई ज्यादा महत्व दिने काम हुन पुग्दोरहेछ । शोकको विषयलाई हाँसोको विषय बनाउने खालका अमिल्दा कुराहरूको जन्म पनि यसैबाट हुँदोरहेछ । व्यंग्य पनि अत्यन्त हल्का र वेठीक हुन पुग्ने यसकै कारणबाट हो । जस्तो कि- यसपल्ट एउटा प्रस्तुतिमा यस्तो भनाइ पनि समावेश भएको थियो-"दास ढुङ्गामा हाम्रा नेताहरू मरेकाले हामीले ढुङ्गा हान्ने काम त गर्नै पर्‍यो नि !"

***०अब एक छिन तपाईंको कला- यात्राबारे नै कुरा गरौं । तपाई हास्य- व्यंग्य क्षेत्रको कलाकार, तपाईंको हास्य- व्यंग्यको उद्धेश्य के हो ?***

-शुरूमा त म आधुनिक गीततिर आकर्षित थिएँ, पछि क्याम्पसहरूमा प्यारोडी गीतहरू गाउन थालें । मेरो यो प्रस्तुतिलाई दर्शकहरूले मन पराए, त्यसैले यस क्षेत्रबाट मेरो हास्य-व्यंग्य- यात्रा शुरू भएको हो ।

हास्य-व्यंग्यलाई कतिपय मानिसहरूले केवल मनोरंजनको विषय मात्र पनि ठान्ने गर्छन । तर म चाहिं यसलाई मनोरंजनसंगै सामाजिक उद्देश्यसंग जोड्न चाहन्छु।

हाम्रो समाजका विकृति र विसंगतिहरू हटाउन जनतालाई चेतनशील गराउने चेष्टा हास्य- व्यंग्यबाट हुनुपर्छ भन्ने मेरो मान्यता छ । यसले मनोरंजन पनि दिन्छ, वेठीक कुराहरूप्रति प्रहार पनि गर्छ । हाम्रा हास्य व्यंग्यहरुमा हामीले औंल्याएका कुराहरुद्वारा जनताले तथ्य



*अन्य जनपक्षीय समूहहरुसंग पनि मिलेर "कोरस" गाउँने हो कि ?*

कुरा बुझेको मात्र नभई कतिपय नेताहरुको बानी- व्यहोरा सुधार्न मद्दत गरेको पनि हामीले प्रसस्तै देखेका छौं ।

***० कला क्षेत्रमा हाल नेपालमा हास्य- व्यंग्यको स्थिति तपाईलाई कस्तो लागिरहेछ ?***

- मलाई के लागिरहेछ भने, हाल नेपालमा थुप्रै कलाकारहरु हास्य-व्यंग्य क्षेत्रमा प्रवेश गरिरहेछन् अरु क्षेत्रबाट भन्दा बढी यो क्षेत्रबाट चाडै जनताको वाहवाही लुट्न सकिनेरहेछ, दर्शकहरुमा ज्यादा र छिटो प्रभाव पार्न सकिनेरहेछ भन्ने देखेर नै यसो भएको हो । हाँस्य- व्यंग्य प्रस्तुत गर्ने स्तर र क्षमता आफूमा नहुनेहरु पनि यसतिर कुदेका छन् । रंगमंचकै एउटा उदाहरण लिऊँ- काठमाडौंको राष्ट्रिय नाचघरमा थुप्रै नाटकहरु प्रदर्शन गरिन्छन् । यिनीहरुको व्यानरमा लेखिएको हुन्छ - सम्पूर्ण हास्यले भरिएको नाटक । अनि नाटकको शीर्षक हुन्छ- "तैंले लभ गर्नै पर्छ", "तेरो खप्पर", "बाजेको श्राद्ध" आदि आदि ।

बेढंगका नाम र प्रस्तुति भएका यिनीहरुमा "च्वाँक" जस्ता शब्द उच्चारण गरेर वा महिला पात्रलाई चिमोटेर वा स्तरहीन अश्लिल संवाद बोलेर दर्शकलाई हँसाउन खोजिन्छ । हाल यस्ता खाले सस्ता कुराहरुमा ज्यादा मानिसहरु बगेको मैले पाएको छु ।

***० यस्तो सस्तो र तल्लो स्तरका कार्यक्रमहरुको प्रस्तुतिको परंपरा छोड्न र तिनीहरुलाई स्तरीयता दिन हाम्रा स्तरीय कलाकारहरुको पर्याप्त सचेत प्रयत्न रहेको छ कि छैन ?***

- यसमा प्रश्न उठ्छ- स्तरीय कलाकार नै कसलाई भन्ने ? यो त जनताले छुट्याउने कुरा हो । जहांसम्म अलि गम्भीर कलाकारहरुको प्रयत्नको कुरा छ, उनीहरु आफ्नो ठाउंमा प्रयत्नशील त छन् तर यसमा प्रमुख कुरा त दर्शकहरुको चेतना स्तरको कुरा पो हुंदोरहेछ । जस्तो कि- स्तरहीन नाटक वा सांस्कृतिक कायक्रमहरुलाई जनताले आफैं हेर्न छोडेको पनि पाइएको छ । यस्ता हल्का स्तरका कार्यक्रमहरु यसरी दुरुत्साहित हुने सिलसिला पनि हाल अगाडि बढ्दै छ

## "हाल ठूलो ठूलो एकता संभव छैन, तर न्यूनतम एकता भने हुन सक्तछ"

***० जनताको चेतनास्तर नै प्रमुख कुरा त हो नै, तर हास्य- व्यंग्यलाई सही दिशा दिन र जनताको रुचीको स्तर नै बढाउन पनि राम्रा कलाकारहरुको योगदानको भूमिका त हुन्छ नै । यो भूमिका हाल कस्तो रहेको तपाईले पाउनु भएको छ ?***

- राम्रा र स्तरीय कलाकारहरुको प्रयत्न त रहेको छ, तर यो अपर्याप्त छ र सन्तोषजनक छैन नै ।

***० तपाईंको आफ्नो प्रयत्न चाहिं ?***

- खास गरी स्टेजहरुबाट मैले आफूले सकेसम्म स्तरीय कार्यक्रम दिने प्रयत्न गरेको छु । यो कस्तो भएको छ, त्यो त जनताले हेर्ने कुरा हो । तर पनि सकेसम्म स्तरीय र विषय-वस्तुयुक्त कार्यक्रम दिने र त्यसमा कलात्मक साधना पनि ज्यादा गर्ने मेरो प्रयत्न रहेको छ ।

***० तपाई स्टेजमा मात्र सीमित हुनुहुन्छ, फिल्म, टेलिफिल्महरुमा जाने सोच पनि राख्नु भएको छ कि ?***

- नेपालमा यस्तो सोच्ने प्रवत्ति कायम भएको छ कि- टेलिभिजनमा अनुहार देखिन नपाई कलाकार भइहालिन्छ !

त्यसैले टि.भि.मा अनुहार देखाउन मानिसहरु जे गर्न पनि तयार छन् ।

तर म यसरी टि.भि.मा घुस्न जे गर्न पनि तयार रहने प्रवृत्तिको पछि पछि दगुरिरहेको छैन ।

परार साल स्टेजमा गाइजात्रे कार्यक्रम हुंदा मेरो प्रस्तुती टि.भि.मा देखाउन ने.टि.भि. आएको थियो । तर मैले त्यो दिईन । किन दिईन भने, हामी पनि कलाकार हौं । हामी आफ्नै प्रस्तुति लिएर टि.भि. मा आउंछौं । त्यतिखेर टि.भि.ले हामीलाई क्यामेरा र प्राविधिक लगायतका कुराहरु उपलब्ध गराइदिनु पर्छ । हामीसंग कला छ, दर्शकले हाम्रो कला हेर्न चाहिरहेको छ भने ने.टि.भि. ले नै यसमा राम्रो वास्ता गर्नु पर्छ । यो वास्ता ने.टि.भि. ले गरिरहेको छैन ।

मैले गएर ने.टि.भि. का जि.एम. संग हात जोड्न जाने कुरा



आउँदैन - "हे प्रभू ! हजूर !! हाम्रो कार्यक्रम देखाइदिवक्स्योस् " भन्न जाने कुरा आउँदैन ।

हाल यहाँ त कार्यक्रमको लागि टेलिभिजनबाट आर्थिक सहयोग लिने हैन, टेलिभिजनलाई नै आर्थिक सहयोग दिनु पर्ला जस्तो नराम्रो प्रवृत्ति कायम छ । चाकरी, चाप्लुसी र पक्षपात जस्ता अति घृणित कुराहरु त्यहाँ चालू छन् ।

त्यसमाथि पनि मलाई त पहिलेदेखि नै "जनपक्षीय" कलाकार वा "एमालेको कलाकार" भनेर वेवास्ता गरिहेछन् ।

मैले पनि ने.टि.भि.का वास्ता गरिरहेको छैन ।

***० किन रेडियो, टि.भि.ले तपाईहरुलाई यसरी पाखा पारेको हो ?***

- बहुदलीय स्पीरिट अनुसार सबैको विचारलाई प्रस्तुत हुन दिने नीति सरकारी संचार माध्यमको छैन । आफ्नो विचारभन्दा फरक विचारलाई दुरुत्साहित गर्ने काम यिनीहरुले गरेका छन् । जनपक्षीय, प्रगतिशील विचारको गीत/रचमा यिनीहरुले स्वीकृत नै गर्दैनन् । "कान्छा र कान्छी" का सस्ता गीतहरु नै यिनीहरुलाई चाहिन्छ । सस्ता र हल्काफुल्का छाडा कुरा मात्र हामीबाट यिनीहरु चाहन्छन् । हामी त्यसो गर्दैनौं । त्यसकारण हामीलाई यिनीहरुले पाखा पारेका छन् र जनताको संपत्तिबाट चल्ने साधनहरुलाई एकलौटी पारिरहेका छन् । एकपल्ट दशैंको समयमा मैले सानो कार्यक्रम ने.टि.भि.लाई दिएको थिएं । ठीक छ, दिनुहोस् ! भनेर लिए तर प्रसारण गरेनन्, किनभने त्यो गणेशमान र भट्टराईजीको क्यारिकेचरको कार्यक्रम थियो ।

***० देशमा बहुदलीय व्यवस्था आइसके पछि पनि तपाईहरुलाई यसरी ने.टि.भि.हरुले पक्षपात गरी वेवास्ता गरेको स्थितिमा जनताले चाहिं तपाईहरुलाई कत्तिको वास्ता गरिरहेको छ त ?***

- जनताबाट त हामीले

अत्यन्त न्यानो स्वागत र आत्मीयता पाएका छौं । हामीहरु जनतावीच खुला सडकमा पनि गएका छौं । एक-डेढ वर्षअघि मात्रै हामी पूर्व काकरभिट्टादेखि पश्चिम महेन्द्रनगरसम्म वा टनकपुरसम्म जनताको घर-दैलोमा पुग्यौं । २ महिनामा ६२ शो हामीले प्रदर्शन गर्‍यौं ।

त्यतिखेर हामीले थाहा पायौं - जनताले हामीलाई अत्यन्त ठूलो मायाँ गरिरहेछ । 'यिनीहरु समाजको भलाइको लागि चिन्तित र चिन्तनशील कलाकार रहेछन्' भनी जनताले हामीलाई जताततै ठूलो सम्मान पनि दियो ।

***० पंचायत कालको तुलनामा हालको नेपालको रंगमंचमा हास्य-व्यंग्यको स्थितिमा के कति अन्तर तपाईंले पाउनु भएको छ ?***

- स्थितिमा निकै अन्तर आएको छ नै । किनभने हिजो पंचायती कालमा पंचायती भाटहरु बाहेक सबै चेतनशील कलाकारहरु पंचायत व्यवस्थाको विरुद्ध थिए । समाजलाई हानी पुऱ्याइरहेको र समाजको बाटो छेकिरहेको पंचायती व्यवस्थाले गरेका कुकृत्यहरुको विरुद्ध नै हामी हास्य-व्यंग्य-कलाकारहरु पनि खनिएका थियौं । केही अवसरवादीहरु बाहेक सचेत कला क्षेत्रको मूल प्रवाह यही थियो ।

तर अहिले यस्तो छैन । कलाकारहरु विभिन्न विचार-कोणबाट कुराहरु उठाइरहेका छन् । यो नै मूल फरक हो ।

आज सरकारी क्षेत्रमा पक्षपात बाँकी नै भएपनि जनतामा जान भने खुला वातावरण छ ।

***० हास्य-व्यंग्यको स्तरमा चाहिं कत्तिको फरक आएको पाउनु भएको छ ?***

- स्तरमा भने खासै फरक आउन सकेको छैन । बहुदल आएपछि शुरुमा चाहिं कांग्रेस- कम्युनिष्ट मिलेर आन्दोलन गरेको हुनाले हामीले पनि कांग्रेस-कम्युनिष्टको विरोध गरेनौं । ढलेको पंचायतकै अवशेषहरुको विरोध गर्‍यौं । पछि कांग्रेस सत्तामा आएपछि यो विस्तारै पंचायती प्रवृत्तितिरै ढल्कन थालेपछि यसको विरोध हुन थाल्यो । अहिले यो विरोध बढ्दै छ ।

एक थरि मानिसहरु अहिले भन्दैछन् कांग्रेसको मात्रै हैन, कम्युनिष्टको पनि उत्तिकै विरोध गर्नु पर्छ । तर वातस्वमा यो ठीक हैन, किनभने समाजमा विसंगति बढ्नुमा सत्ताधारी दलको जत्ति भूमिका हुन्छ, प्रतिपक्षीहरुको पनि त्यतिकै भूमिका हुन्छ भन्न मिल्दैन ।

***० विचारको आधारमा कार्यक्रममाथि हस्तक्षेप हुने स्थिति पनि त तपाईहरुले भोग्नु भयो नि हैन ?***



- हो, बहुदल आएपछि हामीले काठमाडौंमा "कोरस हास्य-साँझ" को टिकट बेच्दा प्रचार प्रसारका लागि त्यसमा समाविष्ट "संविधानको घोषणा" भन्ने शीर्षकमा नेपालको राजाको नक्कल गरिएको क्यासेट बजाउँदा सडकमा त्यो क्यासेट बजाउन दिइएन । सरकारले हाम्रा क्यासेटहरू खोसेर लग्यो, २-३ जना साथीहरूलाई पक्रेर लग्यो । स्टेजमा पनि सिडियोले त्यो कार्यक्रम नदिन दवाव दियो । तर हामीले यो व्यवस्थामा पनि राजाको नक्कल (क्यारिकेचर) गर्न पाईन्न भन्ने व्यहोराको लिखित कागज माग्यौं, तर दिइएन । राजा स्वयम् नै संविधानमुनि परिसकेको स्थितिमा पनि यस्तो रोक लगाउन आएकोले हामीले कार्यक्रम भने गरेरै छोड्यौं । उक्त क्यारिकेचर भएको "टिकट" भन्ने क्यासेटको वितरण गर्न भने अझै पनि सरकारले दिइरहेको छैन, डिलरहरुलाई तर्साइरहेको छ । यस्तो छ यहाँको - "प्रजातन्त्र" ।

***० नेपालमा सत्ता नजीकका कतिपय चाटुकार कलाकार र समीक्षकहरुले थोरैपनि जनपक्षीय विचार लिने कलाकारहरुलाई जनपक्षीय बिचार लिएकोमा र साँचो बोलेकोमा "राजनीति गऱ्यो " भनी हतोत्साहित गर्ने कोशीस गरिरहेको पाइएको छ । यसबाट आत्तिएर कतिपय कलाकारहरु पनि "बीच-बचाव" को बाटो लिने, साँचो बोल्नु भन्दा ज्यादा "सबैलाई ठीक लाग्ने" कुराहरु गर्नेतिर लागेका पनि छन् । यस्तो हतोत्साहित गर्न आउनेहरुबाट तपाई चाहिं कत्तिको प्रभावित हुने गर्नुहुन्छ ?***

- म कसैको हच्काईबाट हच्किन्न । मेरो विचार आफ्नै ठाउँमा छ, र कला पनि आफ्नै ठाउंमा छ । दुवैलाई मिसाएर लाने प्रयत्नमा म तल्लीन छु । मलाई "राजनीतिक व्यंग्य ज्यादा भयो" भन्नेहरु पनि छन् , तर यस्तो व्यंग्य कम गर्दा फितलो भयो भन्नेहरु पनि छन् । दुवैलाई मिलाएर लैजादा व्यापक जनताले मलाई हौसला दिइरहेछ । म जनतामा विश्वास गर्छु त्यसैले, हतोत्साहित गर्नेहरुबाट म विचलित हुन्न ।

हाल कतिपय सत्तापक्षीय कलाकारहरु नै पनि आफूलाई सत्ता विरोधी देखाएर मात्र जनतामा जान सकिन्छ भनेर आफ्ना नाम र नारालाई त्यही अनुकूल बनाउँदैछन् भने झन हामी जनपक्षीय कलाकारहरुले बहकिनु पर्ने कुरै छैन । सत्ताधारीहरुले प्रोत्साहन दिँदैनन्, हतोत्साहित गर्छन, अवसरहरुमा पक्षपात गर्छन भनेर पलायन हुने प्रश्न नै उठ्दैन । इमान्दारीपूर्वक जनताको सेवा गर्नुपर्छ, जनताले राम्रो कामको उच्च मूल्याकन गरिरहेकै हुन्छ ।

***० नेपालमा स्वस्थ, सार्थक र जनपक्षीय कलाक्षेत्रमा लाग्नेहरुका बीच एकता हुन नसकेकोमा तपाईको बिचार के छ ?***

- कलाकारहरु ज्यादा सवेदनशील हुन्छन् - सानो कुराले पनि चित्त दुख्ने, तर अगाडि भन्न नसक्ने र, पछि बरु फुटेरै एक्लिने । पश्चिमी देशहरुका प्रख्यात संगीत टोलीहरु पनि यसरी फुटेका छन् ।




"प्रजातन्त्र" आएपछि पनि अघोषित रुपले प्रतिबन्धित क्यासेट

तर पनि एकता सम्भव नहुने भन्ने कुरा हैन, यसका लागि सचेत प्रयत्न गर्नु पर्छ ।

हामीकहाँ रहेका थुप्रै जनपक्षीय-प्रगतिशील कला समूहका बीच "अहं" ले ज्यादा काम गरेको छ । उनीहरु एकतावद्ध हुन यो "अहं" तोड्नु पर्छ र जनपक्षीय बिचारको व्यापक घेरा निर्धारण गरेर त्यसका आधारमा एकता गर्न नसकिने हैन । तर हालमा यो कुरा ज्यादै कठीन छ ।

ठूलो ठूलो एकता हाल संभवै छैन । तर न्यूनतम रुपमा भने एकता हुन सक्छ । यसका लागि केन्द्रिय स्तरमा संगै कार्यक्रम गर्ने, एक अर्कामा सम्पर्क बढाउने, सीपको आदान प्रदान गर्ने, रचना आदान प्रदान गर्ने आदि कार्य गर्नु पर्छ । यसले तलतल पनि एकताको भावनामा बृद्धि गराउने छ । यत्ति आपसी आदान प्रदान (Mutual Exchange) को वातावरण मात्र तयार भयो भने पनि धेरै ठूलो काम हुने थियो । यसबारे कुरा चाहिं बेलाबेलामा केही भएको छ तर कार्यान्वयन भएको छैन । वास्तवमा मिलौं भन्ने भावना कम भएर नै यसो भएको हो ।

***० तपाई हास्य व्यंग्यबाटै जीविका गर्दै हुनुहुन्छ ?***

- नेपालमा हाल कला क्षेत्रबाटै जीविका गर्ने स्थिति अत्यन्त कम छ । नेपालमा कार्यक्रमको बजार सानो छ, जनता कम शिक्षित छन् । शिक्षितहरु पनि कलातर्फ रुची भएका कम छन् । त्यसैले हामी जीविकाका लागि अर्को कुनै काम गर्न बाध्य छौं र यसै गरिरहेका छौं । स्टेज कार्यक्रम, क्यासेट उत्पादन आदिबाट मात्र हाल यो सम्भव छैन ।

वास्तवमा पूरै समय कलाक्षेत्रमा लाग्ने बाटो चाहिं हामीले खोज्नै पर्छ भन्ने पक्षमा हामी छौं, तर हाल यो सम्भव भइरहेको छैन ।

***० तपाईहरुले वर्तमान सत्तापक्ष र प्रतिपक्षी वामपन्थीहरुबाट कत्तिको सहयोग र प्रोत्साहन पाउनु भएको छ ?***

- सत्ता पक्ष त हामीलाई बिचारको आधारमा पक्षपात नै गरिरहेछ भने प्रतिपक्षीहरुबाट पनि हामीले खासै प्रोत्साहन पाएका छैनौं । कला-संस्कृतिलाई वामपन्थीहरुले पनि कम महत्व दिइरहेका छन् । ●

## यस वर्षको गाईजात्रा हास्य-व्यंग्य कार्यक्रम

# व्यवसायिक दृष्टिकोणले विषयवस्तुको छनौट



सन्तोष पन्त



साम्दे शेर्पा

**फो**टोकपि गर्ने मेशिनमा गिरिजाप्रसादको तस्वीर राखेको त मरिचमानको तस्वीर भएर पो निस्कियो ! शेरबहादर देउपाको तस्वीरको फोटोकपि निकाल्दा त याँ मानको बन्दुक पो निस्क्यो ! यसै गरी पंचायतको फोटोकपि निकाल्दा नेपाली कांग्रेस पो निस्क्यो ।

तर यस्तो चमत्कारी फोटोकपि मेशिन पनि विदेशी पर्यटकले किन्न चाहेन । ऊ त सिंगै नेपाल किन्न पो आएको थियो त !

गणेशमानदेखि मनमोहन अधिकारीको तस्वीरसम्मले पनि पर्यटकको चित्त बुझाउन सकेनन् । यता नेपाल किन्न नेपाली जनताले नदिने भएपछि पर्यटकले के किनोस् ?

काठमाडौंका नगरपिताले बनाएको "मास्टरप्लान" किन्न खोजेको त त्यो प्लान रहेछ- काठमाडौंलाई हिलो र अध्यारोमा चोपलेर "सिंगापुर" बनाउने प्लान !

विदेशीलाई यो प्लान पनि मन परेन, त्यसैले उसको सामु प्रस्तुत गरियो- नेपालकै "मास्टरप्लान" ।

नेपाली कांग्रेस सरकारले तयार गरेको यो प्लान (योजना) के होला त ?

यो कुरा जान्न दर्शकहरुको आँखा रंगमंचमा ध्यानपूर्वक तानियो । रंगमंचमा एउटा बोर्ड देखाइयो, त्यसमा लेखिएको थियो-"नेपाल" ।

बोर्डलाई अर्कोतिर फर्काइयो, फर्काउँदा अर्कोतिर देखियो "सिक्किम" ।

यसरी नेपाललाई सिक्किम बनाउने कांग्रेसी मास्टरप्लानको पर्दाफास गर्दै सकिन्छ प्रहसन- "मास्टर प्लान" ।

शैलेन्द्र सिंखडा र उज्वल भण्डारीद्वारा प्रस्तुत यो प्रहसन यस वर्षको गाईजात्राको उपलक्ष्यमा काठमाडौं प्रज्ञा भवनमा "नापा"द्वारा आयोजित गाइजात्रे हास्यव्यंग्य कार्यक्रममा देखाइएका हास्यव्यंग्यहरु मध्येको एक थियो ।

सन्तोष पन्तले हरेक आइटमपछि फरक फरक वेशभुषा सहित उद्घोषण गरी अघि बढाईएको यो कार्यक्रम करीव एक सातासम्म प्रदर्शित भयो ।

गाईजात्रालाई हास्य र व्यंग्यको पर्वको रुपमा प्रयोग गरिने परंपरालाई यस कार्यक्रमले कत्तिको स्तरीयता प्रदान गर्न सक्यो भन्ने कुरा केलाउनु जरुरी छ । किनभने, यो नेपाली रंगमंचमा हास्यव्यंग्यको वर्तमान स्तर कति बढेको छ या घटेको छ भन्ने कुराको संकेत ठहरिन सक्छ ।

"नापा" को यस कार्यक्रमले मूलत: नेपाली हास्यव्यंग्यको स्तर अभिबृद्धि भएको संकेत दिदैन । पोहोर सालभन्दा यसपाली कलाकारहरुले बढी मेहनत गरेको र कलाको स्तर बढाउन कोशिस गरेको लक्षण चाहिं समग्रतामा देखा पर्दथ्यो ।

यस पटक पनि सबैभन्दा ठूलो खडेरी -विषय वस्तुको नै रहयो ।

विषय वस्तु छनौट गर्ने शैली र दृष्टिकोण मूल रुपमा व्यवसायिक देखिन्थ्यो, जस अनुसार सत्तापक्ष र प्रतिपक्ष दुवैलाई हरेक कुरामा प्रहार गर्नै पर्ने मानसिकता हावी रहेको पाइन्थ्यो । सामाजिक-राजनैतिक विसंगतिमा सत्तापक्षको जिम्मेवारीको बराबरीमै प्रतिपक्षलाई पनि राख्ने पूर्वाग्रही दृष्टिकोणले यसमा ज्यादा काम गरेको देखिन्थ्यो । हुन त सरकारी संचार माध्यमको एकलौटी प्रयोग, अनिल आयोगको प्रतिवेदन, कांग्रेसी भारतमुखी प्रवृत्ति, अकर्मण्यता, नातावाद आदिमाथि व्यंग्य नगरिएका थिएनन् तर पनि व्यंग्यकर्ताहरु यी विषयहरुमा पनि केवल "नरम प्रहार" को स्तरमात्र सीमित थिए ।

व्यंग्य गर्ने नाममा जनता पक्षको "बन्द" कार्यक्रमको पनि विरोध र हास्यको नाममा दासढुंगा दुर्घटनाको पनि उल्लेख हुने काम पनि यसमा भयो । यस बाहेक, छाडा कुराहरु बोलेर दर्शकहरुलाई सस्तो हाँसो हसाउने काम पनि प्रसस्तै भए ।

गौरी मल्ल र लक्ष्मी श्रेष्ठको नृत्य र गीत कुनै हास्यव्यंग्य कार्यक्रम भन्दा "भड्किलो नृत्य" ज्यादा थियो । खेम शर्मा र शिवहरि पौडेलले फिल्म निर्देशकहरुको मनपरी दर्शाउन खोज्ने प्रहसन प्रस्तुत गर्न खोजेको हुन तर अनावश्यक लामो गराएर र छाडा प्रसंगहरु जोडेर उनीहरुले दर्शकहरुबाट उल्टो प्रतिकृया प्राप्त गरे । नायक शिव श्रेष्ठको उपस्थिति नाम मात्रको थियो

साम्दे शेर्पाको प्रस्तुति तुलनात्मक हिसावले आकर्षक थियो । रेडियो, टि.भी. कार्यक्रमहरुको क्यारिकेचरले प्रमुख स्थान लिएको शेर्पाको सो प्रस्तुतिले कलात्मकताको साथै विषयवस्तुको केही व्यापकता पनि लिन खोजेको थियो तर यसमा क. मोहनचन्द्र अधिकारीलाई "नेपाल बन्द" को बेला ढुंगामुढा गर्ने व्यक्तिको रुपमा प्रस्तुत गर्ने जुन कोशिस भयो, यो कोशिस भने पूर्वाग्रहपूर्ण देखिन्थ्यो ।

समग्रमा, यसपल्टको गाईजात्रा-कार्यक्रमले के दर्शाएको छ भने, नेपाली हास्यव्यंग्यलाई स्तरीयता दिन सचेत र गहन प्रयत्न हुनु पर्छ । गाईजात्राको समयमा हास्य व्यंग्यहरु हेर्न, सुन्न, पढ्न भानिसहरुमा पैदा हुने रुचीलाई उपयोग गर्न जनपक्षीय कलाकारहरुले पनि विशेष ध्यान दिनु पर्ने देखिन्छ ।

## गाईजात्रे पत्रिकाहरु

*यस पल्टको गाईजात्राको उपलक्ष्यमा पहिलेभन्दा कम संख्यामा मात्र गाईजात्रे पत्रिकाहरु निस्किए । निस्किएका यी पत्रिकाहरु प्राय:मा स्तरहीन र छाडा हास्य-व्यंग्यहरु समाबिष्ट थिए । यी नग्न चित्रहरु र उत्ताउला प्रसंगहरु एवं दृष्टिकोणबिहिन व्यंग्यहरुलाई यस पटक पाठकहरुले नरुचाएको कुरा प्रष्ट रुपले देखियो । उपत्यकाका पत्रिका बिक्रेताहरु अधिकांशले रिर्पोट गरे अनुसार एक-दुई पत्रिकाहरुबाहेक अरु सबैको हालत यही रहयो ।*

*पाठकहरुको रुचीमा आएको यो सकारात्मक स्तरबृद्धिले पत्रपत्रिकाहरुलाई स्तरीय पाठ्य सामग्री प्रस्तुत गर्न घच्घच्याएको छ । अन्य पाठ्य सामग्री र श्रव्य-दृश्य सामग्रीहरुकै बारेमा पनि यदि जनताको रुची यसरी परिमार्जित हुने हो भने यिनीहरु आफ्नो स्तर बढाउन बाध्य हुने थिए ।*



शुद्धताको प्रतीक
राजहंस
सोयाबिन तैल
राजहंस
वनस्पति घ्यू

# हामी कसरी हीन भावनाको शिकार हुन्छौं ?



-डा. करुणा वन्त

**हीनता ग्रन्थीको शिकार भएको मानिस अनेक बहानामा परिस्थितिबाट उम्कने, भाग्ने गरिरहेको हुन्छ**

मुखिया रामबहादुर जहिले पनि अफिसमा हाकिमको बेस्सरी गाली खाने गर्छन् । उनको हाकिमले जहिले पनि उनलाई डाँटिरहेको हुन्छ- उनको कुनै बुद्धि नै छैन, उनको काम गर्ने कुनै ढंग नै छैन । यो खप्कीको कारण उनले आजकाल काम राम्रोसंग गर्न छाडेका छन् । काममा उनको उत्साह मरेको छ । उनको क्षमताप्रति उनको आत्मविश्वास हराउन थालेको छ । काम झन बिग्रेपछि उनले झन बढी खप्की खान थालेका छन् । झन खप्की खाएपछि उनले आफूलाई झन हीन र असक्षम ठान्न थालेका छन् । उनलाई हाकिमको अगाडि पर्नै डर लाग्छ । चुं बोल्न सक्दैनन् उनी हाकिमको अगाडि । अफिसबाट कहिले उम्कौं जस्तो हुन्छ उनलाई । तर जहान बच्चा पाल्न काम गर्न बाध्य छन् ।

अचेल घर आएपछि स-सानो कुरामा पनि उनी बच्चा र श्रीमतीलाई हप्की दप्की गर्छन र बेस्सरी पिट्छन् पनि । भन्छन्- "तिमीहरूको कुनै बुद्धि नै छैन । काम गर्ने ढंग नै छैन ।"

यसरी अरु ठाउँमा आफू हीन भएको क्षतिपूर्ति उनले घरमा गर्ने गरेका छन् ।

बालक पियूषको पढाइ नराम्रो थिएन । तर उसका बाबुआमाले उसलाई कक्षामा "फष्ट" हुनु पर्छ भनेका थिए । उसले प्रयत्न त गऱ्यो । तर ऊ फष्ट हुन भने सकेन । रिजल्ट भएको दिन उसले बाबु आमाबाट सारै गाली खायो । उसका बाबु जहिले पनि भनिरहन्छन्- "त्यो फलानु छिमेकीको छोरो साँझ बिहान २/२ घण्टा पढ्छ, जहिले पनि फष्ट ल्याउंछ । यसको त खै केही क्षमता नै छैन । राम्ररी पढ्दै पढ्दैन ।"

घरमा प्रोत्साहनको कुनै वातावरण नै नभएकोले पियूष अचेल घरमा बस्नै मन पराउँदैन । पढाइमा दिलचस्पि मरेको छ । बाबुले भने झैं उसले आफूलाई पढाईमा खत्तम ठान्न थालेको छ । उसको संगत अहिले कक्षामा हाउडे केटाहरुसंग बढेको छ । कक्षामा फष्ट हुन नसके पनि ऊ "ग्यांग फाइट"मा फष्ट भएर आफ्नो मन बुझाउन थालेको छ ।

के यस्ता घटनाहरु समाजमा बग्रेल्ती घटेको तपाईले देख्नु भएको छ ? यी घटनाहरु हीनताको ग्रन्थीसंग सम्बन्धित घटनाहरु हुन ।

रामबहादुर र पियूष आ-आफ्नो परिप्रेक्ष्यको कारणले हीनताको ग्रन्थीको शिकार भएका मानिसहरु हुन ।

समाजमा हामी दिनहुँ थुप्रै रामबहादुर र पियूषहरु भेट्छौं ।

प्रत्येक मान्छेका आवश्यकता, चाहना र आकांक्षाहरु हुन्छन् । यी भौतिक पनि हुन सक्छन्, आत्मिक पनि । यिनै आवश्यकता, चाहना र आकांक्षाहरुले मान्छेलाई क्रियाशील बनाईरहेको हुन्छ । प्रत्येक मान्छेले आफ्नो आवश्यकता, चाहना र आकांक्षा मुताबिक नै आफ्नो लक्ष्य निर्धारण गरिरहेको हुन्छ ।

प्रत्येक मान्छेको योग्यता र क्षमता अलग अलग हुन्छ । प्रत्येक मान्छेले आफ्नो योग्यता र क्षमता मुताबिक नै आफ्नो आवश्यकता, चाहना र आकांक्षा पूर्ति गर्न प्रयत्न गरिरहेको हुन्छ । आफ्नो लक्ष्य प्राप्ति गर्न क्रियाशील भइरहेको हुन्छ ।

मान्छे बच्चैदेखि परिवार र समाजमा बस्छ । त्यसैले हरेक मान्छेको आवश्यकता, चाहना, आकांक्षा व्यक्ति खुदैले मात्र अविर्भाव गरेको हुँदैन । परिवार र समाजले पनि आवश्यकता, चाहना र आकांक्षा पैदा गर्न भूमिका खेलिरहेको हुन्छ ।

मान्छेले आफ्नो कुन आवश्यकता र चाहनालाई कुन प्राथमिकता क्रममा राख्छ, त्यो उसको रुचि र सोचाइका साथै उसको परिप्रेक्ष्यले निर्धारण गरिरहेको हुन्छ । मान्छेका कतिपय आकांक्षा र लक्ष्य त आमाबाबुले, आफन्तले गुरु वा साथीले निर्धारण गरिदिएका हुन्छन् । त्यसैलाई पूर्ति गर्न मान्छे निरन्तर क्रियाशील भएको हुन्छ ।

निर्धारित लक्ष्य सामान्य प्रयासले सजिलै प्राप्त भइहाल्यो भने त मान्छे स्वतः त्यो परिस्थितिमा घुलमिल हुन्छ र ऊ सुखी, सन्तुष्ट हुन्छ । तर गडबडी तब शुरु हुन्छ, जब अनेकौं उपायबाट पूरापूर प्रयत्न गर्दा पनि लक्ष्य प्राप्ति हुँदैन । त्यतिखेर मानिसमा निराशा आउनु स्वभाविक हुन्छ । मान्छेले आफ्नो असफलतालाई कसरी मूल्यांकन गर्छ, त्यसैमा मुख्य कुरो भर पर्दछ । तर हरेक मान्छेमा आत्म-मूल्यांकन गर्ने प्रवृत्ति चाहिं हुन्छ ।

असफलताको कारण अनेकौं हुन सक्दछन् । गलत र अवस्तुवादी लक्ष्यको निर्धारण, लक्ष्य प्राप्त गर्न गलत माध्यमको छनौट, आवश्यक प्रयत्नको अभाव, हचुवा नीति निर्णयहरु, स्थितिको गलत वा अपूर्ण जानकारी आदि आदि । तर असफलताको वास्तविक कारण पत्ता लगाउनुको सट्टामा मान्छेले "ममा त्यो क्षमता नै छैन, त्यो योग्यता नै छैन" भनेर आफूलाई हीन ठान्न थाल्यो भने उसमा हीनताको ग्रंथी (Inferiority Complex) शुरु हुन्छ ।

आत्म मूल्यांकन गर्ने दौरानमा लक्ष्य गलत वा अवस्तुवादी छ भने लक्ष्य नै बदल्नु जरुरी हुन्छ । लक्ष्य प्राप्त गर्ने माध्यम गलत भएको छ भने त्यो नै बदल्नु जरुरी हुन्छ । स्थितिको अवस्तुवादी वा हचुवा मूल्यांकन गरिएको छ भने सही मूल्यांकन गर्नु जरुरी हुन्छ । मान्छेले असफलतापछि यी कुराहरु गर्न थालेको छ भने उसले आफूलाई परिस्थितिसंग घुलमिल गर्ने प्रयत्न गर्दैछ भन्ने बुझ्नु पर्छ । त्यस्तालाई हीन भावना पैदा हुँदैन ।

तर यसको ठीक उल्टो, लक्ष्य गलत हुँदाहुँदै लक्ष्य पनि परिवर्तित गर्दैन, माध्यम गलत हुँदा हुँदै माध्यम पनि परिवर्तन गर्दैन, स्थितिको गलत वा अपूर्ण जानकारी भएको प्रष्ट हुँदाहुँदै त्यो गल्ती पनि सुधार्दैन, तर आकांक्षा, चाहना र लक्ष्य भने ज्यूँ का त्यूँ राख्छ र प्राप्त हुन नसक्ने लक्ष्यमा अडीबस्छ भने उसले आफ्नो निम्ति निराश हुने वातावरण तयार पारिरहेको हुन्छ । यही निराशाले हीन भावनालाई जन्म दिन्छ । जब मान्छेले असफलताको वास्तविक कारण खोजेर त्यसको निदान गर्नुको सट्टा आफ्नो क्षमता र योग्यतालाई हरेक असफलताको लागि कोस्न थाल्छ र अरु भन्दा आफूलाई तुच्छ, हीन, बेकम्मा ठान्न थाल्छ, ऊ हीनताको ग्रंथीको शिकार हुन्छ । ऊ मनमा सदैव पीडित भई राख्छ, उसलाई पीडा हुन्छ कि- कोही ऊ भन्दा अगाडि छ, कोही ऊ भन्दा माथि छ र कोही ऊ भन्दा श्रेष्ठ छ । यो पीडाले उसलाई सुखी हुनै दिँदैन । उसले आफ्नो भएको क्षमताप्रति पनि विश्वास गुमाउँदै जान्छ र जीवनमा हमेशा दुःखी र संत्रस्त रहन थाल्छ ।

बालकहरुमा हीनता भाव अक्सरतया बाबु, आमा र गुरुहरुले पैदा गरिदिएका हुन्छन् । आफ्नो बालकको रुचि र चाहना के हो, क्षमता के हो भन्ने कुरामा यादै नराखी जब उनीहरु बालकको निम्ति लक्ष्य किटान गरिदिन्छन्, बालकले त्यो लक्ष्य पूरा गर्न कोशिस त गर्छ, तर पूरा गर्न सक्दैन । उसको असफलतामा जब विभिन्न खाले टीका टिप्पणीद्वारा उसलाई अरु भन्दा



के हरेक असफलतामा आफ्नो असक्षमता मात्रै दोषी हुन्छ ?

तुच्छ वा न्यून महशुस गराउने काम हुन्छ, बालकले भित्र भित्रै आफ्नो क्षमताप्रतिको विश्वास गुमाउँछ र हीन अनुभूति गर्छ । साथी, भाइ र दौंतरीसित आफूलाई तुलना गरेर आफूलाई "हेय" ठान्न थाल्दछ । जुन बालक यसरी हीनता भावले ग्रस्त हुन्छ, उसले हरेक असफलतामा आत्म मूल्यांकनमा अझ बढी समय लाउँछ र हरेक असफलताका लागि आफ्नो असक्षमतालाई दोषी ठहऱ्याउँछ र दु:खी हुन्छ ।

यथार्थमा भन्ने हो भने वास्तविक क्षमता वा गुणसित यस लघुताभाषको कुनै सम्बन्ध हुँदैन । हामी बालकहरुको वास्तविक रुचि, चाहना र क्षमतासित अपरिचित रहन्छौं र आफ्नो चाहना र रुचि बालकमाथि लाद्छौं । समस्या त्यसैले जन्माइरहेको हुन्छ ।

बालकको क्षमता ४ नं.को छ, हामी १ नं.को अपेक्षा उसमाथि थोपरिरहेका हुन्छौं । बालकको रुचि चित्रकलाको छ, हामी डाक्टर हुने आकांक्षा उसमाथि लादिरहेका हुन्छौं । यो आकांक्षा उसले पूरा गर्न सक्दैन । अनि 'केही काम नलाग्ने बालक,' बुद्धि नै नभएको बालक' भन्दै हामी त्यस्तो परिस्थिति सिर्जना हुने गरी उसलाई डाँट्छौं, जसमा उसले आफूलाई हीन (Inferior) महशुस गर्न थाल्छ र भएको क्षमता पनि गुमाउन थाल्छ ।

वास्तवमा समस्याको जड चाहिं नाजायज तुलना (Unfavourable Comparison) हो ।

प्रत्येक मानिसको कुनै न कुनै कुरामा अयोग्यता र अक्षमता भए जस्तै कुनै न कुनै कुरामा योग्यता र क्षमता पनि हुन्छ, हुन्छ । तर जब हामी उसको योग्यता र क्षमताको क्षेत्रलाई उपेक्षा गरेर उसको अयोग्यता र असक्षमतालाई अरुको योग्यता र सक्षमतासित दाँजीदिन्छौं, सारा गडबड यहींबाट शुरु हुन्छ । नाजायज तुलना (Unfavourable Comparison) भनेको यही हो । जब नाजायज तुलना हुन्छ, बालकले आफ्नो योग्यता र क्षमतालाई बिना कामको ठान्न थाल्छ । उसले आत्म विश्वास गुमाउन थाल्छ । उसले आफूलाई अरुको तुलनामा हीन ठान्न थाल्छ । बालकहरुमा हीनताको ग्रन्थी यसरी शुरु हुन्छ । यसको लागि दोषी अरु नभएर बाबु, आमा, आफन्त र गुरुहरु नै हुन्छन् ।

*बालकको क्षमता ४ नं. को छ, हामी १ नं. को अपेक्षा उसमाथि थोपरिरहेका हुन्छौं*

हरेक बालकमा आ-आफ्ना रुचि र चाहनाहरु हुन्छन्, आ-आफ्नै योग्यता र क्षमता हुन्छन् । बाबु, आमा र गुरुहरुले त्यसको पहिचान, कदर र प्रशंसा गरीदिनुपर्छ । बालक असफल हुँदा पनि जायज तुलना (Favourable Comparison) द्वारा उसको मनोबल उच्च पार्न सकिन्छ र सक्नुपर्छ । आफ्नो आकांक्षा बालकमाथि लाद्ने होइन, बालकको रुचि र आकांक्षा र क्षमतालाई पत्तो लाउने, सम्मान गर्ने र त्यसैलाई कोपिला ठानेर फक्रन दिने वातावरण बाबु, आमा र गुरुहरुले तयार गर्नुपर्छ । त्यसो भयो भने बालकहरुमा हीनताको ग्रन्थी पैदा हुनबाट बचाउन सकिन्छ । भएको क्षमता, योग्यताको कदरद्वारा नै बालकको व्यक्तित्व विकास गर्न सकिन्छ । उसको कमजोरी हटाउन सकिन्छ ।

हीनता ग्रन्थी वास्तवमा कारण नभएर परिणाम हो । यो मान्छेको निराशालाई झेल्ने, रक्षा संयन्त्र (Defence Mechanism) हो । जुन मान्छे निराश हुन्छ र आफूलाई अरुको तुलनामा हीन वा लघु ठान्दछ, उसले आफ्नो बचाउ पलायन संयन्त्र (Escape Mechanism) द्वारा गर्छ । जुन परिस्थितिमा उसले आफूलाई हीन वा लघु ठानिरहेको हुन्छ, उसले अनेक बहानामा त्यसबाट उम्कने, भाग्ने, गरिराखेको हुन्छ । र हीनताको ग्रन्थीले ग्रस्त मानिसहरु अर्कोतिर त्यस्तो स्थितिको खोजीमा हुन्छन्, जहाँ उनीहरु अरुलाई लघु बनाउन सकिरहेका हुन् । हीनताको ग्रन्थीले ग्रस्त मानिसमा उच्चता प्रदर्शित गर्ने मनोभाव पनि साथसाथै लुकेको हुन्छ । ●

नेबिको
नयाँ
आवश्यकता
बिस्कुटहरु
तपाईंको स्वास्थ्य, बचत
र सम्मान प्रति जत्तिको
होसियार छ त्यत्तिकै
आफ्नो गुणस्तर प्रति छ।


नेबिको प्रा. लि.
काठमाडौं, नेपाल

# आर्थिक उदारवादले नेपाललाई कता लाँदैछ ?

## नेपाल जस्तो मुलुकका लागि छनौट-उदारवाद मात्र अनुकूल हुन सक्छ

**नेपाल जस्तो देशमा अमेरिका र जापानले समेत धान्न नसकेको प्रतिस्पर्धा गर्न दिने नीतिलाई सरकारले आर्थिक उदारवाद भनेर परिभाषित गरेको छ। यसलाई त म श्यालको हुइयाँ उदारवाद भन्छु।**



-गोविन्दप्रसाद लोहनी

हाल नेपालमा लागु भइरहेको आर्थिक उदारवादले नेपाललाई बर्बादीतिर लाँदैछ। यसले नेपालमा चलिरहेका उद्योगहरुलाई पनि बन्द गर्ने स्थितिमा लानेछ। रोजगारीको स्थिति झन खराब हुँदै जानेछ। धनी बर्गले खपत गर्ने वस्तुको उत्पादन पैठारी वा त्यस्ता वस्तु बनाउने कच्चा पदार्थमा मुस्किलले कमाएको विदेशी मुद्रा नाश हुनेछ।

यस्तो किनभने, अहिले यो देशको सरकारसित उत्पादन र पैठारीको प्राथमिकता नीति नै छैन।

जे सुकै पैठारी गर्न पनि विदेशी मुद्रा र लाइसेन्स दिने र पाइने गरेको छ। खुला इजाजत प्रणाली OGL सरकारले लागु गरेको छ। यस्तो उदारवाद नेपालले धान्न सक्दैन। भारतैले धान्न सक्दैन। भारतमा उत्पादन हुने माल भारतले बाहिरबाट पैठारी गर्न दिएको छैन। तर नेपालले भने दिएको छ।

नेपाल जस्तो पछौटे मुलुकमा थोरै परिमाणमा निम्न प्रविधिबाट उत्पादन हुने वस्तुहरुले विदेशमा उच्च प्रविधिबाट धेरै परिमाणमा उत्पादन हुने वस्तुसित प्रतिस्पर्धा गर्न सक्दैनन्। तर सरकारले आर्थिक उदारवादका नाममा नेपालमा नै उत्पादन भईरहेका वस्तुहरुलाई समेत बाहिरको वस्तुसित प्रतिस्पर्धा गर्न बाध्य पारेको छ। जस्तो, साबुनमा नेपाल आत्मनिर्भर छ। तर पनि सरकारले विदेशी साबुनलाई अनियन्त्रित परिमाणमा नेपालमा आउन दिईरहेछ। यसले नेपालको साबुन उद्योगलाई खत्तम पार्दैन ? स्मरणीय छ, यस्तो प्रतिस्पर्धा त जापान र अमेरिकाले समेत आ-आफ्नो मुलुकमा गर्न दिएका छैनन्। अहिले अमेरिका र जापानको व्यापार झगडा त्यसैको झगडा त हो नि। चीनले पनि आफ्नो देशमा बन्ने वस्तुलाई बाहिरको वस्तुसित प्रतिस्पर्धा गर्न दिएको छैन। उत्पादन र पैठारीको प्राथमिकता नीति निर्माण गरेर छनौट गरिएका वस्तुहरु मात्र उसले पैठारी गरिरहेको छ।

तर नेपाल जस्तो औद्योगिकरणतर्फ भर्खरै बामेसर्न लागेको देशमा अमेरिका र जापानले धान्न नसकेको प्रतिस्पर्धा गर्न दिने नीति सरकारले अप्नाएको छ। र यसैलाई आर्थिक उदारबाद भनेर परिभाषित गरेको छ। यसलाई त म "श्यालको हुइयाँ उदारवाद" भन्छु। यसले नेपालमा चलिरहेका उद्योगहरुलाई समेत एक एक गरी खत्तम पार्ने छ। चलिरहेका उद्योगहरु धराशायी भएपछि रोजगारीको स्थिति खराब हुँदै जानु अवश्यंभावी हुन्छ नै।

बाहिरबाट के कुरा किन्ने, के नकिन्ने भन्ने कुरामा राष्ट्रिय हित अनुकूलको यथार्थवादी नीति नभए पछि जे जस्तोमा नाफा बढ्ता हुन्छ, त्यही वस्तु बढ्ता आयात गर्ने स्थिति हुनेछ। देश र जनतालाई नभई नहुने वस्तु भन्दा विलासिताका वस्तुमा बढ्ता नाफा हुन्छ। फलस्वरुप, अत्यन्त मुश्किलले बचाएर देशको औद्योगिकरणको लागि जरुरी प्रविधि र वस्तु झिकाउन मात्र खर्च गर्नु पर्ने विदेशी मुद्रा धनीहरुको लागि विलासिताका वस्तुहरु किन्नमा नै सिद्धिनेछ। यसबाट व्यापारीहरुलाई खुब फाइदा हुनेछ, तर देशको विकासको लागि जरुरी कुराहरु किन्न हामीसित विदेशी मुद्रा नै रहने छैन। के यस्तो उदारवादले देशको विकास गर्न मद्दत गर्ला ?

नेपाल जस्तो पछौटे मुलुकका लागि छनौट उदारवाद (Selective Liberalism) मात्र राष्ट्रको हित अनुकूल हुन्छ। अर्थात, राष्ट्रिय हित मुताबिक छनौट गरिएका वस्तु मात्र बाहिरबाट आयात गर्ने, छनौट गरिएका क्षेत्रमा मात्र बाह्य पूंजी र प्रविधि निम्त्याउने, छनौट गरिएका वस्तुहरु र क्षेत्रहरुलाई मात्र विदेशी मुद्रा, सुविधा र सहुलियत प्रवाहित गर्ने। यस्तो छनौट उदारवाद मात्र हाम्रो जस्तो मुलुकको राष्ट्रिय हित अनुकूल हुन्छ। अरुमा देशभित्रै आन्तरिक प्रतिस्पर्धा हुन दिनु पर्छ। जुन माल हाम्रो मुलुकमा उत्पादन हुँदैन, वा हुन सक्दैन, त्यो माल जुन मुलुकमा सस्तो, राम्रो पाइन्छ किन्नु पर्छ। त्यसमा उदारवादी नीति ठीकै हुन्छ। त्यस्तो माल नेपालमै उत्पादन हुन थालेपछि र सकेपछि, त्यस्तो विदेशी माललाई निरुत्साहित गर्ने संरक्षणवादी कर नीति र भन्सार महसूल नीति हुनु पर्छ। देशभित्रै उत्पादन हुने र हुन सक्ने वस्तुमा संरक्षण र आन्तरिक प्रतिस्पर्धा, देशमा उत्पादन नहुने र हुन नसक्ने वस्तुमा उदारनीति, -यस्तो उदारवादले मात्र पछौटे मुलुकको राष्ट्रिय हित गर्छ। तर सरकारले अहिले अप्नाएको आर्थिक उदारवाद यस्तो छैन। सरकारले हचुवा उदारवाद अप्नाईरहेछ।

नेपालमा औद्योगिक विकास गर्ने हो भने कस्तो कस्तो उद्योग नेपालमा खोल्ने, कस्तो नखोल्ने, कस्तो वस्तु आयात गर्ने, कस्तो नगर्ने र कस्तो वस्तु निर्यात गर्ने, यी सबै विषयमा समुचित नियन्त्रणात्मक व्यवस्था हुनुपर्छ। राष्ट्रिय योजना भनेकै यही होइन र ? तर सरकारसित अहिले त्यस्तो कुनै नियन्त्रणात्मक व्यवस्था छैन। यसको अभावमा हुने उदारवादले देशलाई बर्बादीतिर लैजाने सिवाय केही गर्दैन।

# सि.आई.ए. का गोप्य कारवाहीहरु

आँखी-झ्याल

**साम्राज्यवादी स्वार्थ विरोधी विश्वका राजनेताहरु, कम्युनिष्ट नेताहरुलाई कसरी आफ्नो केन्द्रीय गुप्तचर संस्था सी.आई.ए. मार्फत् हत्या गर्ने, तिनीहरुको सत्ता पल्टाउने र आफ्नो कठपुतली सरकार गठन गर्ने कार्य अमेरिकी साम्राज्यवादले कसरी गरेको थियो भन्ने विषयमा गतांकमा हामीले विस्तृत रिपोर्टाज दिएका थियौं। यस अंकमा अमेरिकी साम्राज्यवादले सी.आई. ए. मार्फत गरेका विगतका केही कारवाहीहरुको एक झलकको टिपोट प्रस्तुत गरेका छौं। विश्वभरि मानव अधिकार र शान्ति सुरक्षाको वकालत गर्ने अमेरिकाको सक्कली स्वरूपलाई यसले उदांगो पारको छ -मूल्यांकन**

*सन् १९५३- इरानका प्रधानमन्त्री मुहम्मद मुसादिकको सत्ता पल्टाई रेजा पहलवी शाहलाई सत्तासीन गरियो।*

*सन् १९५४- ग्वाटेमालामा सैनिक विद्रोहद्वारा राष्ट्रपति हाकोबने आर्बेन्जको सत्ता पल्टाई कठपुतली सरकार गठन।*

*सन्१९५८- मिश्रका राष्ट्रपति नासेरको हत्याको षडयन्त्र।*

*सन्१९५९- श्रीलंकाका प्रधानमन्त्री सोलमन भण्डारनायकेको हत्या।*

*सन्१९६१- कंगो (वर्तमानमा जायर) का प्रधानमन्त्री प्याट्रिश लुमुम्बाको हत्या। डोमिनिकन गणतन्त्रका राष्ट्रपति राफेल तुजिलोको हत्या।*

*सन्१९६५- इण्डोनेशियामा राष्ट्रपति सुकार्णोको सत्ता पल्टाई १० लाख कम्युनिष्टहरुको हत्या।*

*सन्१९६६- घानाका राष्ट्रपति क्वामे एन्क्रुमाको सत्ता पल्टाउने षडयन्त्र।*

*सन्१९६७- बोलिभियामा अन्तर्राष्ट्रियतावादी नेता चे ग्वेभाराको हत्या।*

*सन्१९६९- मोजाम्बिक मुक्ति मोर्चा (फ्रेलिमो) का अध्यक्ष एडुनार्डो मोँडलानेको हत्या।*

*सन्१९७३- गिनी तथा केप भर्डे द्वीप-समूहको अफ्रिकी स्वतन्त्रता पार्टीका महासचिव अमिल्कार कब्रालको हत्या / चिलीमा सैनिक विद्रोह गराई वामपन्थी सत्ता परिवर्तन, राष्ट्रपति साल्भाडोर एलेण्डेको हत्या।*

*सन्१९७४- चिलीको एलेण्डे सरकारका गृहमन्त्री जनरल कार्लोस प्रात्सको हत्या।*

*सन्१९७५- बंगलादेशका प्रथम राष्ट्रपति शेख मुजीबर रहमानको हत्या / प्रगतिशील केन्याली नेता जोसेफ करिउकीको हत्या / लाइबेरियाका राष्ट्रपतिका भाइ एवं अर्थमन्त्री स्टिफन टाल्बर्टको हत्या।*

*सन्१९७६- चिलीको एलेण्डे सरकारकै मन्त्री चिलीका नेता ओर्लाडो लेतेलिएरको हत्या।*

*सन्१९७७- कंगोका राष्ट्रपति मारिएन न्गुआबीको हत्या।*

*सन्१९८१- पानामाका नेशनल गार्डका कमाण्डर इनचीफ जनरल ओमार तोरिखोसको हत्याको षडयन्त्र।*

*सन्१९८३- ग्रेनाडामाथि आक्रमण र प्रधानमन्त्री मोरिस विशपको हत्या।*

*(स्रोत : 'सि.आई.ए. बनाम एशिया' र 'सि.आई.ए. और आन्तर्राष्ट्रिय आतंकवाद)*



# आखिर बाढी आउँछ कसरी ?

- डा. नारायण पोखरेल

यस वर्ष हाम्रो मुलुकले भयावह बाढी भोग्यो। सयौं मानिसले ज्यान गुमाए । हज्जारौं वेघरवार भए। अरवौंको धनमाल नष्ट भयो।

आफ्ना आफन्तहरु आफ्नै आँखा सामुन्ने डुब्न, मर्न लाग्दा पनि उपायविहीन भएर हेर्न वाध्य भएकाहरु हृदयविदारक ती दृश्यहरु संझेर अझै पनि शून्यमा टोलाई रहेछन्। कैयन जिल्लामा यस पल्टको बाढी महाप्रलय जस्तै भएको छ।

आखिर यस्तो बाढी आउँछ कसरी ? यस्तो बाढी आउने गरी वर्षा हुन्छ कसरी ? यो सर्वसाधारण सबैको चासोको विषय भएको छ । यस लेखमा तिनै प्रश्नको वैज्ञानिक व्याख्या दिने प्रयत्न भएको छ।

सूर्यको तापक्रमको कारण पृथ्वीको सतह, समुद्र, ताल, नदी, माटो तथा जनावर एवं वनस्पतिबाट पानी तातेर निरन्तर वाफको रूपमा वायुमण्डलमा गइरहन्छ । हावाले पानीलाई वाष्पको रूपमा धारण गर्ने क्षमता यसको तापक्रम संगै बढ्दछ र जमीनमाथि कति मात्रामा जलवाष्प हुन्छ भन्ने कुरा जमीनमा पानीको श्रोतमा निर्भर गर्दछ । उदाहरणार्थ-हरिया वनस्पति एवं आर्द्र जमीनमा स्वभावत: बढी पानी वाष्पीकृत हुने संभावना रहन्छ भने मरुभूमि वा पत्थरीलो कडा भूभागबाट जलवाष्प माथि जानै सक्तैन । यसलाई हावाले टाढा टाढा र माथि माथि पुऱ्याउंछ । उचाईमा केही समयपछि त्यो वाफ कम तामक्रमका कारण पुन: घना हुन्छ र वरफका दाना वा पानीकै शुक्ष्म कणमा बदलिन्छ । यसैबाट हुस्सु, तुवांलो र अन्य विभिन्न प्रकारका वादलहरू बन्दछन् । यस्ता कण वा दानाहरू यति सुक्ष्म हुन्छन कि एक लिटर हावामा यिनीहरु दशौं लाख अटाउंछन्। यी कण वा दानाको गति नगण्य (करीव ३ मीमी प्र.से.) हुन्छ र कयौं दिनसम्म यी हावाको गतिसँगै तलमाथि झुलीरहन्छन् । माथिल्लो उचाईमा अझ कम तापक्रम हुनेहुंदा यस्ता कण वा दाना एक अर्कामा जोडिंदै वृद्धि हुन्छन्, र ठूला दाना बन्छन्, जसलाई सिमसिम पानी (drizzle) भनिन्छ । ०.१ देखि ०.५ मी.मी. सम्म ठूला यी दानाहरूको गति ०.३ देखि २ मीटर प्र.से. हुन्छ । यस्तै यस्ता दाना मिली फेरि ठूला दाना निर्माण हुन्छन्, जसलाई वर्षादका थोपा (Raindrops) भनिन्छ । यिनीहरूको आकार ३ देखि ५ मी.मी. सम्म हुने र गति ४ देखि १० मीटर प्र.से. सम्म हुन सक्तछ । हावामा हुने विभिन्न कृयाकलापका कारण ठूलाठूला पानीका थोपाहरू हावासंग ठक्कर खानु स्वभाविक हुन्छ । यसले गर्दा यी चकनाचुर हुन्छन् र साना कणमा बदलिन्छन् ।

यसरी टकराहट हुने क्रममा पानीका कण र हावामा विद्युतीकरण भएर आकाशमा विजुली चम्किन्छ।

तापक्रमकै विविधता तथा अन्य भौतिक कारणहरूको सम्मिश्रणबाट वायुमण्डलमा वरफ वा हिउँ बन्ने र, हिंउझरी पर्ने पनि गर्दछ । यसरी वादलभित्र विभिन्न कृयाकलाप भई झरी, वर्षाद, हिमपात आदि हुन्छ भने वादल बोक्ने बतासको उर्ध्व गति (Vertical motion) तेजिलो छ भने चट्याङ्ग र असीना पनि पर्न सक्तछ ।


वायुमण्डलले करीव २५ मी. मी. पानी बोक्न सक्तछ, जवकि बार्षिक औसत १००० मी.मी. बर्षा हुन्छ । यसको अर्थ १० दिनको बर्षाको लागि मात्र बायुमण्डलले पानी बोकेको हुन्छ।तसर्थ धर्तीलाई सिंचित गर्नका लागि प्रकृतिमा अरु पानीको निरन्तर वहावको व्यवस्था हुनु वान्छनीय भएको हो । त्यसहेतु जमीनको पानी तातेर वायुमण्डलमा जानु र निश्चित समयसम्म वाफको रूपमा रही, घनीभुत भई केही कालपछि पुन: पृथ्वीमै फर्कने यौटा चक्र कायम भएको हुन्छ । यसलाई जलचक्र (hydrological cycle) भनिन्छ। यही चक्रको कारणले वर्षाद संभव भएको हो । यसरी, के कुरा बुझियो भने-वाफको रूपमा माथि गएका पानीका अणुहरू पानी, हिंउं, असिना, शीत वा वरफ आदिका रूपमा ढीलोचांडो पृथ्वीमै फर्कन्छन् ।

जलअणु वायुमण्डलमा रहीरहने औसत समय १० दिनको मानिएको भए तापनि यसमा प्रसस्त विविधता छन् । किनकि एकतर्फ स्ट्रेटोस्फेयरसम्म पुऱ्याइएका जल - अणुहरू त्यहां ७ देखि १० वर्षसम्म रहेको पनि पाइएको छ भने अर्कोतर्फ ओसिलो जमीनबाट वाष्पीकृत जल-अणु घण्टाभित्रमै पृथ्वीमा झरेको पनि पाइएको छ । यी सवै जल अणुहरू वायुमण्डलमा रहुन्जेल विभिन्नप्रकारका मौसम निर्माण-सामाग्री बनेका हुन्छन् भने जमीनमा यही पानी जम्मा हुन्छ, समूद्रसम्म पुगुन्जेल हप्तौं, महिनौं वा वर्षौं बिताउन पनि सक्तछ ।

यसप्रकार वर्षा गराउनको लागि पानीको प्रचुर मात्रा बोकेर ल्याउने हावा(वतास) नै प्रमुख कारण हो । वेगवान वतासमा यदि ठूला आकारका पानीका दाना छन् र यी पृथ्वीतर्फ झर्ने क्रम लामो समयसम्म रहीरह्यो भने यसलाई मूसलधार वर्षा भनिन्छ । जमीनको माटोभित्र हावाले भरिएका स्थानहरू र सुक्ष्म छिद्र हुने गर्छन् । यसैकारण केही हदसम्म पानी जमीनले सोस्दछ । तर जमीनको यो पानी सोस्ने क्षमता पूरा भयो भने र मुसलधार वर्षा निरन्तर भइनै रह्यो भने जमीनको सतहमा पानी जम्मा हुन थाल्दछ । पानीले आफ्नू सतह आफै मिलाउने हुंदा अलिकति पनि भिरालो जग्गा पाउनासाथ वरपरको पानी त्यतैतिर बग्न थाल्दछ र भेलको रुप लिन्छ । यस्ता भेलहरू अन्तत्वोगत्वा खोला वा नदीमा मिसिन्छन् र तिनीहरूको स्वाभाविक पानी बोक्ने क्षमताभन्दा माथिको सतहमा पुग्दछन् । त्यसपछि खोला वा नदीले यति बिकराल रुप लिन्छ कि यसलाई पहिलेकै बाटो हिंडिरहनुपर्ने जरुरत रहन्न ।


पानीको मुहान ठूलो हुनु संगसंगै यसमा वहाव-धार पनि तीव्र हुन्छ र खोला, नदी वा नहर आदिका सांगुरा गल्छीहरूलाई भत्काउँदै डीलडीलबाट पानी बस्ती बस्तीतिर लाग्दछ, फलस्वरूप यौटा ठूलो विपदको सिर्जना हुन्छ, जीउधनको असुरक्षाको आतंक यसरी पानीले शुरु गर्छ, जसरी यसपालि श्रावण ४ र ५ को अविरल वर्षाबाट नेपालको मध्य र केही पूर्वी भागमा यसले गऱ्यो ।

पहाडी इलाकामा बग्ने खोलाहरू तेजधारका भएपनि तुलनात्मक रूपले गहिरो हुने हुंदा तिनले पानीको सामान्य वृद्धिलाई आफ्नो काबूमा राख्न सक्तछन् । तर ठूला फराकिला (समथर जमीनमा बग्ने) नदीहरूले आफूसँग बालुवा र माटो बोकी ल्याउनाले र त्यो निरंन्तर जम्मा हुने हुनाले नदीको धार कम हुन्छ र यो बढी फैलिएको हुन्छ । जताततै माटो जम्मा हुनाको कारण नदीले आफू हिंड्दै गरेको बाटो बिर्सन्छ र सबैतर्फ बग्न थाल्छ । नदीले नयाँ नयाँ किनारहरू सिर्जना गर्दछ । यसरी डरलाग्दो रुप धारण गर्दै बगेको नदीलाई बाढी भनिन्छ ।



जमीन र आकाशको मध्य सम्बन्धमा वर्षा

जमिनको पानी तातेर वायुमण्डलमा जानु र निश्चित समयसम्म बाफको रुपमा रही, घनीभूत भई केही काल पछि पुन: पृथ्वीमै फर्कने यौटा चक्र कायम भएको हुन्छ।



ी बाँध / दाहिने छेउमा यसको स्पील वे गेट



# बाढी प्रकोपको यो भयानक स

## प्रलयंकारी बाढीः कुलेखानी र बागमती बाँध कति जिम्मेवार ? भारतीय छेका-बाँधको

यस वर्ष साउनमा आएको बाढी पहिरोले देशका थुप्रै जिल्लाहरु र खासगरी सर्लाही, मकवानपुर, रौतहट, चितवन आदिमा गरी हजारौं मानिसहरुको बिल्लीबाठ पार्‍यो । यो बिल्लिबाठ निश्चय नै प्रकृतिको बौलठ्ठीपनाले गर्दा भएको हो तर के यसमा यति मात्रै कारण छ ? खासगरी, सर्लाही डुबाउनमा कुलेखानीको जलाशयको अचानक छोडिएको पानी र कर्मैयास्थित बागमती बाँधका ढोकाहरु संचालनमा भएका सरकारी लापरवाहीहरु विशेष कारणका रुपमा रहेका छन् । यस्तै कुलेखानीको पेनस्टक पाइप फुटेको पानीले राप्ती खोलामा पारेको असरको कुरा पनि आम चर्चाको र त्रासोको विषय बनेको छ ।

यस बाहेक, नेपालको लागि अर्को महत्वपूर्ण र दीर्घकालीन असर पारिरहेको कुरा रौतहट र सर्लाहीपारि भारत सरकारले सीमा क्षेत्रमा लगाएको एकतर्फी छेका-बाँधले नेपाली भूमि डुबान हुने गरेको र यस पल्ट पनि यसले नेपाली भाग डुबाएको सन्दर्भ पनि अत्यन्त महत्वका साथ हेरिएको र हेरिनु पर्ने विषय हो ।

कुलेखानी परियोजना, बागमती बाँध र भारतीय तटबन्ध- यी तीन वटै पक्षहरुसंग यसपालिको बाढीको अन्तरसम्बन्ध केलाउन हाम्रा कार्यकारी संपादक हरिगोविन्द लुईटेलको नेतृत्वमा एक टोली यी तीन वटै स्थलको स्थलगत अध्ययन भ्रमणमा गएको थियो । स्थलगत अध्ययनपछि केही जलस्रोत विषेशज्ञहरुसंग छलफल समेत गरी तयार गरिएको रिपोर्ट यहाँ हामीले प्रस्तुत गरेका छौं ।


बाढीले अत्यन्त प्रभावित जिल्ला सर्लाहीका थुप्रै गाउँहरु डुबेर हज्जारौं मानिसहरुको जुन बिचल्ली भयो, त्यस बिचल्लीमा सरकारले पुर्‍याएको "राहत" को नियत र प्रकृति आहत जनतालाई अरु "आहत" पार्ने किसिमको देखियो । वर्षा र बाढीले सताइएका जनताहरुमाथि गोली वर्षा गर्ने काम समेत भयो !

बाढीग्रस्त क्षेत्रका यी स्थितिहरुको संक्षेपमा चित्र उतार्ने प्रयत्न पनि हामीले यसमा गरेका छौं । अखिल नेपाल जनवादी युवा लिगका केन्द्रिय अध्यक्ष तथा वामपन्थी बुद्धिजीवी गिरिराजमणि पोखरेल लामो समयसम्म राहत कार्यका लागि सर्लाहीमा रहनु भएको थियो । उहाँले मूल्याङ्कनका लागि लेख्नु भएको पत्रले यसको झाँकी पाठकहरुसामु प्रस्तुत गर्ने आशा हामीले लिएका छौं । - मूल्याङ्कन

गेटबाट पानी बाहिरिएको



भाँचिएको पेन स्टक पाइप



यहाँ बजार थियो (पालुङ्ग)



नेपालको मध्य भागदेखि खासगरी पूर्वतिर यसपालिको वर्षाको ज्यादा प्रभाव रह्यो । साउन तेस्रो हप्तातिरदेखि चाहिं यसले मुलुकको पश्चिमी क्षेत्रमा पनि केही विस्तार लिए तापनि मध्यदेखि पूर्वी छेउसम्म नै क्षति ज्यादा भएको पाइन्छ । यसमा पनि सर्लाही, मकवानपुर, चितवन र रौतहट विशेष गरी प्रभावित भए ।

साउन ४, ५ र ६ गते आधा दिनसम्म यो क्षेत्रमा ज्यादै ठूलो वर्षा भयो । मकवानपुरको र ललितपुरको पनि केही पहाडी इलाकाहरु अति र तीब्र वर्षामा परेकाले बागमतीमा यिनीहरुको तीब्र प्रभाव पर्नु स्वभाविकै थियो । ५ गते कुलेखानी बाँध क्षेत्रमै ३२० मि.मि. पानी परेको रेकर्ड छ । ४ र ५ गते बीचको २४ घण्टामा यस वरपर करीव १० देखि ३० कि.मि.सम्म टाढाका ठाउँहरु मध्ये पालुङमा ४१० मि.मि., दामनमा ३७५ मि.मि., टिस्टुङमा ५७५ मि.मि., मार्खुमा ३६३ मि.मि, सिम्लाङकोटमा ३७५ मि.मि. पानी परेको रेकर्ड छ । वर्षभरिमा बढीमा करीव १३०० मि.मि.सम्म वर्षा हुने यस क्षेत्रमा एकै दिनमा यति पानी पर्नु भनेको निकै ठूलो वर्षा हुनु हो । स्मरणीय छ, काठमाण्डौंमा बर्षभरिमा पर्ने औषत वर्षा १४०० मि.मि. हो ।

काठमाण्डौं थानकोटबाट पश्चिमको चन्द्रागिरी डाँडा पैदल हिंडेर काटेपछि आउने बस्ती चित्लाङका एक जना ७० वर्षीय वृद्ध भन्छन्- "ठूलो पानी ०११ सालमा पनि आएको थियो । तर ०११ सालमा चिताङ खोला जस्तो सानो खोलाले पनि यसपाली जस्तो हात्तीभन्दा ठूला ढुंगा बगाएर ल्याएको चाहिं थिएन, यत्रा यत्रा रुखहरु बगाएको र यत्ति ज्यादा पहिरो गएको पनि थिएन ।"

टिस्टुङ, पालुङतिरका अग्ला डाँडाहरु प्रायः सबैमा पहिराका ठूला ठूला धब्बाहरु यत्रतत्र अझै पनि देखिन्छन् ।

## अति वर्षाले कुलेखानीमा के गर्‍यो ?

साउन ४ गते मध्यान्हदेखि नै चर्को पानी पर्न थाल्यो । पानी ५-७ मिनेट रोकिने, अनि फेरि चर्केर पर्ने गर्थ्यो । यस प्रक्रियामा दिउँसो २ बजेतिरबाट बाढी बढ्दै गई साँझ ५ बजेतिर त पूरै बगर ढाक्दै कुलेखानी जलाशय (इन्द्र सरोवर)मा खोलाहरु उर्लेर आए । जलाशयमा आई जम्मा हुने सबै खोलामा ढुंगा, माटो बालुवासहित ठूलो बाढी

आजको घटना / आजको विचार

# ...रुप वास्तवमा भयो कसरी ?

भूमिका कति ? सर्लाहीको पीडा ! बरहथवा गोलीकाण्डको अन्तरंग रिपोर्ट

जलाशयमा खनियो । दायाँबायाँ डाँडाहरुबाट पनि पानी र माटो ओइरिए ।

साँझ ८ बजेदेखि राति १२.०० सम्म वर्षा अरु बाक्लियो । वरपरका गाउँहरुबाट घरहरु बगेर र भत्केर मानिसहरुले गुहार माग्ने आवाजहरु वर्षाको आवाजलाई चिर्दै चारैतिर गुञ्जायमान हुन थाले ।

जलाशय - इन्द्र सरोवरमा पानी तीव्र गतिले बढ्न थाल्यो । साउन ४ गते अपरान्ह ४ बजेसम्म १४९९.३३ मिटर लेभल (समुद्री सतहदेखि माथिको सतहको नाप)मा भएको पानी राति साँढे १२ सम्ममा थप २० मिटर बढेर १५१९.३३ मिटरको लेभलसम्म उक्लियो ।

कुलेखानीको जलाशयमा १५१९.०८ मिटरको लेभलभन्दा बेसी पानी जम्मा भएमा र जरुरी परेमा गेट खोलेर बाहिर पठाउने दुई वटा निकास (स्पिल वे गेट) छन् । ती ९-९ मिटर लामा र साँढे ११ मिटर अग्ला छन् । अर्को एउटा निकास पनि छ (ओभर फ्लो गेट), जसबाट पानी १५३० मि. को सतहभन्दा बेसी भएपछि स्वत: पोखिन्छ । ती दुई स्पिल वे गेट मध्ये एउटा गेट संयोगवश अघिल्लो दिनदेखि नै ५.५ मिटरको उँचाइसम्म मर्मत गर्न खोलिएकोमा बन्द नगरी छोडिएकोले खुला नै भएको कुरा साइटका कर्मचारी र गाउँलेहरुले हामीलाई बताए । त्यो निकास खुला नभएको भए जुन गतिमा पानी पर्दै थियो, त्यो पानीले इन्द्र सरोवर चाँडै भरिने र अचानक बढेको पानीको जोडले खडा गर्ने भार-असन्तुलनले कुलेखानीको लजाशय नै भत्काउने संभावना थियो । निकास खुला भएकाले पनि पानी आंशिक रुपमा त्यहाँबाट पोखिन थाल्यो ।

यसरी गेटबाट पानी बाहिँरिदा बाहिँरिदै पनि वर्षा यति धेरै बढ्यो कि- भोलिपल्ट, अर्थात ५ गते, विहान ९ बजेसम्ममा पानीको लेभल १५२५.०६ मिटरसम्म पुग्यो । यो लेभल जलाशयको १५३० मिटरको अधिकतम उँचाइभन्दा पाँच मिटर मात्र तलको लेभल हो । यसरी एकै दिनमा २६ मिटर पानीको उँचाइ बढ्नु आश्चर्यजनक कुरा हो । कारण, यसभन्दा अघि एकै दिनमा ४ मिटरसम्म मात्र पानी बढेको (२०४७ साल)को रेकर्ड यहाँ छ ।

### क्युमेकको अर्थ के ?

- एक सेकेण्डमा एक घनमिटर तरल पदार्थ बग्ने अनुपातलाई एक क्युमेक भनिन्छ । सफा पानी एक घनमिटरमा १ हजार लिटर हुन्छ र यसको तौल एक टन हुन्छ ।

### कति क्युसेक पानी कतोहुन्छ ?

काठमाडौं, चोभार गल्छीमा हालसम्म रेकर्ड गरिएको बागमतीको सबैभन्दा ठूलो बाढी २८ जुलाई १९७२ को बाढी हो । त्यतिखेर, त्यहाँ ८७६ क्युमेकका दरले पानी बगेको थियो । पाठकहरु आफैं अनुमान गर्नुहोस् - यसपल्ट बागमती बाँध कर्मैयामा बाँधको क्षमताभन्दा कति बढी पानी बगेछ र कुलेखानी बाँधबाट कति पानी त्यतातिर अचानक गएछ ।

यसपछि डेढ-दुई घण्टा समय लगाएर मानिसहरुद्वारा बल्लतल्ल अर्को गेट पनि ०.८ मिटर माथिसम्म खोलियो । यो ढोका खोलुञ्जेल पानीको सतह अरु ३/४ मिटर बढ्यो र झण्डै अधिकतम सतहको १-२ मिटर मात्र तलको लेभलसम्म पुग्यो । आधिकारिक रुपमा यो तथ्य व्यक्त नगरिए पनि यो त्यहाँको वास्तविकता हो ।

यसैबीच, अर्को ढोका खोलेपछि पानीको लेभल अरु बढ्न पाएन ।

## पेन स्टक पाइप कसरी फुट्यो ?

४ गते साँझ ९ बजे नै जलाशय-बाँध-क्षेत्रभन्दा पश्चिम करीब साँढे ३ घण्टा पैदल बाटो हिंड्नु पर्ने दूरीमा (सुरुङ्को सोझो लम्बाइको हिसाबले पनि करीव ६.५ कि.मि. पर) जुरीखेत खोलामा आएको बाढी र यसले बगाएका विशाल ढुंगाहरुले गर्दा पाइप अड्याएका लठ्ठाहरु र जगसमेत पूरै भत्किएर पेनस्टक पाइप फुट्यो । यसको करीव ७० मिटरको टुक्रा खोलाले बगाएर लग्यो र १५-१६ कि.मि. टाढा पुर्‍यायो । करीव १ इन्च बाक्लो स्टीलले बनेको यो पाइप ५ फिट मोटो छ । यो ५ फिट मोटो पाइपलाई अड्याउन खोलामा बनाइएका त्यति नै मोटा दुई कंक्रिटका लठ्ठाहरु मध्ये एकलाई बाढीले मूला काटेझैं दुई टुक्रा पारेर छुट्याएर भाँचिदियो ।

जुरीखेत डाँडाबाट ठाडो स्लोपमा झारिएको पाइपलाई तल फेदीमा जुरीखेत खोलामा आइपुगेपछि कंक्रिटका लठ्ठाहरुद्वारा पूलको रुपमा खोलामाथि तेर्स्याएर पारिपट्टि डाँडाबाट पुन: अन्डरग्राउण्ड गराइएको यो स्थानमा नै सो पाइप ध्वस्त भएको थियो ।

पाइप यसरी फुटेपछि अब पाइपको पानी बडो जोडदार रुपमा यही जुरीखेत खोलामा नै पोखिन थाल्यो । उसै त बहुलाएर आएको बाढी, त्यसमाथि पनि पेनस्टक पाइपको पानी समेत मिसिंदा अब जुरीखेत खोलाले भयानक रुप लियो । यो खोला एउटा डाँडो घुमेर अलि पर धोर्सिङ्नेर पुगेपछि मण्डु खोलामा मिसिन्छ । यही मण्डु खोला केही पर पुगी भीमफेदी खोलामा मिसिएपछि बन्ने संयुक्त खोलाको नाम नै राप्ती खोला हो, जसले यस पल्ट प्रशस्तै क्षति पुर्‍यायो ।

४ गते बेलुकी ९ बजेतिर पेनस्टक पाइप भाँचियो । यो कुरा विद्युत प्राधिकरणको धोर्सिङ्स्थित अफिसलाई चाहिं करीव एक घण्टाभित्रै शंका भयो । तर निश्चित चाहिं भोलिपल्ट विहान मात्र भयो । तर मुख्य जलाशय र बाँध स्थलका कर्मचारीहरुले भने यो कुरा १३ घण्टापछि मात्र अर्थात भोलिपल्ट विहान १० बजेतिर मात्र थाहा पाए । किनभने, यस अघि नै यहाँको संपर्क विच्छेद भैसकेको थियो ।



डुबिरहेको बहथवा बजार / सर्लाही ▲

भत्किएका असंख्य घरमध्ये एक (सर्लाही) ▼



बाढीका शिकार भएकाहरु मध्ये एकको लास (सर्लाही) ▼



राहतको खाद्यान्न भ्रष्टाचार गर्नेहरुको विरुद्ध बाढी पीडितहरु (सर्लाही) ▼



यही १३ घण्टापछि ड्याम-साइटका कर्मचारीहरुलाई पेनस्टक पाइपतिर गइरहेको पानी बन्द गर्ने विशेष आदेश आयो ।

कर्मचारीहरुले यसको गेट ( ईनटेक गेट) बन्द गर्ने प्रकृया शुरु गरे । पानीको सतहभन्दा ६० मिटर भन्दा पनि बढी गहिराइमा रहेको यो गेट बन्द गर्न विद्युत प्रणालीबाट तुरुन्त संभव थियो । तर अघिल्लो साँझदेखि नै विद्युत सप्लाई बन्द भैसकेको थियो । साइटमा भएको जेनेरेटर पनि चलेन, किनभने त्यसको ब्याट्री चार्ज्ड अवस्थामा थिएन । तब मानिसहरुले हातैले यो काम गर्न थाले । त्यसैले नै यो काम स्वाभाभिक रुपले नै यति ढीलो भयो कि यसलाई बन्द गर्न १६ घण्टा लाग्यो ।

तर जलाशयमा यसरी पाइपको मुख बन्द गर्नु अघि नै उता धोर्सिङ्ग पावर हाउसनेरको भल्ब हाउसको (अडिट-३, सर्ज ट्यांकनेर) भल्ब बन्द गरिएछ । भल्ब बन्द हुनासाथ पेनस्टक पाइपको पानी बाहिर बग्न बन्द भयो ।

## मण्डु र राप्ती खोला बहुलाउनुमा पेनस्टक पाइपको योगदान

पेनस्टक पाइप फुटेपछि त्यसबाट आएको पानीले उद्दण्ड भएको मण्डु खोलाले अघोरको पाखाबाट आएको भारी वर्षाको पानी र पहिरोहरु समेत बोकी धोर्सिङ्गमा कुलेखानी-२ परियोजना (भैंसे)तिर लागिएको मण्डु खोलाको सानो ईन्टेक-बाँध पनि हुत्यायो । इन्टेकमा खुलेको सुरुङको मुखमा ढुंगा र बालुवा बगाएर ल्याएर करीब ३० मिटर भित्रसम्म कोचिदियो ।

यसले धोर्सिङ्गको पूलको किनार पनि चर्काइदियो । पूलको सतहको हाराहारीमा आएर छेवैको सैनिक-पोस्टमा समेत पानी पस्यो । यो मण्डु खोला मिसिएपछिको राप्ती खोलाले अब स्वाभाविक रुपले उग्र रुप लियो । खोला छेउमा रहेका सारा घर र खेतहरु यसले बगायो ।

यो त्यही राप्ती खोला हो, जसले भैंसेमा पूललाई ध्वस्त पार्‍यो ( जसमा हाल बेली ब्रिज राखिएको छ) । यो खोला यसरी भैंसे हुँदै हेटौंडासम्म दक्षिण लागेर त्यहाँबाट पश्चिम लाग्छ र नारायणी नदिमा मिसिनपुग्छ । यसले नै बाटामा पर्ने मकवानपुर र चितवन जिल्लाका थुप्रै ठाउँहरुलाई ठूलो असर पुर्‍यायो ।

## कुलेखानीको कूल असर

कुलेखानी परियोजनाको प्रभावमा भएको यस पल्टको कूल असर, यसरी दुईतिर पर्न गएको छ ।

एक, जलाशयको बाँधको गेटबाट बगेको पानीले गर्दा अति वर्षाले गर्दा उत्तिकै विकराल भएको वागमती अरु बहुलायो र सर्लाहीमा प्रलय ल्यायो । यसको चर्चा पछि गरिने छ । र दुई, पेनस्टक पाइप फुटेपछि १७ घण्टा खुला रहेको यो पाइपबाट बीचैमा निस्केर जोडसँग बगेको पानीको कारण मण्डूखोला र राप्ती खोला झन् उर्लिएर मकवानपुर तथा चितवनको प्रलयमा बल थप्यो ।

## राप्ती खोलामा के भयो ?

सर्वप्रथम, राप्ती खोलाको प्रसंग नै शुरु गरौं ।

वास्तवमा मण्डु र भीमफेदी खोला दुवैमा सो दिन साउन ४ गते आफैं पनि विशाल बाढी आउन थालको थियो नै । मण्डुको डांडाको ४ घर पहिरोले लगिसकेको र भीमफेदी खोलाले छेउको मूल बाटोलाई नामोनिशान नरहने गरी ३-४ सय मिटर लम्बाइसम्मका खण्ड खण्ड नै बगाएको कुराले यसको पुष्टी हुन्छ ।

यो ठूलो बाढीमा पेनस्टक पाइप फुटेपछिको पानी थपिंदा स्वाभाविक रुपले बाढीले झन ठूलो रुप लियो ।

धोर्सिङ्गदेखि भैंसेसम्म राप्ती खोलाद्वारा घर, गोठ र प्रशस्त अन्न एवं जग्गा बगाइएका गाउँलेहरु एक स्वरमा भन्छन् - "यत्रो ठूलो बाढी पेनस्टक पाइपको पानीले गर्दा नै आएको हो, हामीलाई कुलेखानी प्रोजेक्टले गर्दा यत्रो ठूलो मार पर्‍यो, सरकारले यसको क्षतिपूर्ति दिनुपर्छ ।"

## पाइप फुटेर निस्केको पानी कति थियो ?

मण्डु र राप्ती बहुलाउनुमा पेनस्टक पाइपको पानीको योगदान कति थियो ? भन्ने तथ्यमा नै राप्तीको बाढीमा थप यो पानीको भूमिका कति थियो भन्ने कुराको जवाफ आधारित छ ।

कुलेखानी खोलाको क्याचमेण्ट एरिया र हालसम्मको अधिकतम बाढीको रेकर्डको आधारमा हिसाब निकाल्दा मण्डु खोलाको यस पल्टको बाढी करीव १०० क्यूमेकको हाराहारीमा थियो । यसमा पेनस्टक पाइप फुटेपछि करीव १०८ क्यूमेक पानी थपिएको हिसाब विशेषज्ञहरुले निकालेका छन् । सामान्य अवस्थामा १३.१ क्यूमेक मात्र पानी पावर हाउसमा लैजाने यो पाइप बीचमा फुट्दा यसको बहाव अनियन्त्रित हुने हुनाले यो १०८ क्यूमेक हुन पुगेको प्राविधिकहरुको विश्लेषण छ ।

यसरी के देखिन्छ भने, मण्डु खोलाको बाढी उर्लनुमा पेनस्टक पाइप फुटेपछिको अनियन्त्रित पानीको योगदान करीव आधाआधी कै हैसियतमा छ ।

भैंसेसम्म राप्ती खोलाको बाढीमा पनि यो पाइपको पानीको योगदानको हिस्सा निश्चय नै २५% को भन्दा कम नभएको प्राविधिक विश्लेषण छ ।

राप्ती खोलाले भैंसे नपुग्दासम्म यति विशाल ढुंगाहरु बगाएर हुत्याएको छ, जसको बारेमा यहाँका स्थानीय बासिन्दाहरुले समेत ठूलो आश्चर्य व्यक्त गरेका छन् । ४० फिटसम्म व्यास भएको चट्टानलाई करीव ६० फूट परसम्म हुत्याएको प्रमाण यहाँ अझै खडा छ । यस्तो जोडको बाढीले भैंसे पूल सजिलै ध्वस्त गर्न सक्ने कुरा प्रष्ट नै छ ।

## वागमती

अब जाऔं- वागमतीको बाढीमा अचानक कुलेखानीबाट गएको पानीको भूमिका कति थियो भन्नेतर्फ ।

यसका लागि कर्मैयास्थित वागमती बाँधमा कुन कुन समयमा बाढीको जोड बढ्यो र त्यो समय कुलेखानीबाट पोखिएको पानीको समयसंग मेल खान्छ कि खान्न भन्ने कुराले महत्वपूर्ण अर्थ राख्दछ ।

४ गते राति १.०० बज्दा कुलेखानी जलाशयमा पानी १५२३ मिटरको सतहमा पुगिसकेको थियो । १५१९ मिटरको लेभलमा रहेको एउटा खुला गेटबाट त्यतिखेरभन्दा अघिदेखि नै पानी पोखिन थालिसकेको थियो । ४ घण्टा अघि ९.०० बजेतिर नै उता पेनस्टक पाइप फुटेर १०८ क्यूमेक पानी खुला रुपले बग्दाबग्दै पनि यसरी पानीको उँचाइ बढ्नुले त्यतिखेर वर्षा डरलाग्दो भैरहेको कुरालाई थप पुष्टी गर्छ ।

पेनस्टक पाइप फुटेर क्षति भयो तर यो नफुटेको भए जलाशयमा त्यो खेर जाने पानी पनि थपिएर जलाशय छिट्टै भरिएर बाँध नै खत्तम हुने निश्चित थियो । किनभने यो नफुट्दा १३ क्यूमेक पानि मात्र पाइपबाट पास हुन्थ्यो । अरु ९५ क्यूमेक यही जलाशयमै थपिन्थ्यो । यसरी साँच्चै बाँध खत्तम भएको भए रौतहट-सर्लाहीको यति भाग मात्र डुब्ने थिएनन्, त्यसले वागमतीका दुई छेउका अरु २-४ जिल्लाहरुसम्म पनि ढाकेर निकै ठूलो भूभाग डुबाउँथ्यो र भारतका भूभागहरु पनि । तर संयोगवश पेनस्टक पाइप फुट्नाले यो अति संभावित भयावह दुर्घटना हुनबाट बच्यो ।

यसैबीच रातिदेखि नै एउटा गेटबाट बाहिरिएको पानी क्रमशः बढ्दै गयो । एउटा गेटको खुलेको उँचाई ५.५ मिटर पूरा पानी बग्दा सामान्यतया २३० क्यूमेकका दरले पानी बाहिरिन्छ । भोलिपल्ट ५ गते बिहान ११.०० बन्दा थप एक ढोका ०.८० मि. उँचाइसम्म खुल्दा अर्को ५० क्यूमेक पानी गेटबाट बाहिरिन्छ । यसरी ५ गते विहान ११.० बजेतिर जम्मा २८० क्यूमेक पानी ओभर फ्लो भएर कुलेखानीबाट १३ किलो मिटर पर माल्टा भन्ने ठाउंभन्दा केही उत्तरमा वागमतीमा मिसिन्छ । र अन्ततः यो वागमती व्यारेज कर्मैया पुग्छ । कर्मैया वागमती बाँधस्थल पुग्न यसलाई करीव ८ घण्टा समय लाग्छ ।

## कर्मैयामा बाढीका २ झोक्काहरु

उता वागमती बांध कर्मैयामा के देखिन्छ भने यहां ५ गते सांझ ५ बजेदेखि नै भारी वर्षा भई सांझ ९.३० सम्म पहिलो झोक्कां बाढी आएको छ । यसपछि यो बाढी विस्तारै घट्न थालेको छ ।

यसपछि राती १.०० बजे पुनः अर्को विशाल झोक्का बाढी आएको छ । भोलिपल्ट ६ गते विहान ८.०० बजेसम्ममा यो घट्न थालेको छ । यही ७ घण्टाको बीचमा आएको यो बाढीले नै सर्लाहीलाई अत्यधिक असर गरेको थियो ।

साँझ ५ बजेदेखि बढ्न थालेको पहिलो झोक्काको बाढीमा

## ८ सैनिकहरु कसरी डुबे ?

साउन ७ गते कुलेखानी जलाशय पारिपट्टिको तसार गाउँका गाउँलेहरुको उद्धार गर्न भनी गएका १० जना सैनिकहरु मध्ये ८ जना डुबेर मरे । मत्स्य बिकास केन्द्रको सानो मोटर-बोटमा चढेर गएका ती सैनिकहरुलाई जलाशयमा आएको छालले बोटबाट धोद्यायो । बोटका अपरेटर र दुई जना सैनिकहरु पौडिएर बाँचे । बाँकी ८ जना सैनिकहरु जलाशयमा खस्न नपाई एकले अर्कोको सहरा लिन खोज्दा एक ढीक्का भई डुबे । १३ गते ७ जनाको लाश फेला पारी जलाउन लाग्दा अर्को एक जनाको पनि लाश फेला पर्‍यो । बोटको पत्तो अझै लागेको छैन ।

यो दुर्घटनामा परेकाहरु मध्ये अधिकांशलाई बचाउन सकिन्थ्यो- यदि त्यहाँ कुनै शक्तिशाली मोटर- बोट भएको भए । तर त्यत्रो कुलेखानी योजनाको साइटमा एउटा मोटर- बोट पनि छैन । काठका डुंगाहरु चार वटा थिए । तिनीहरु मध्ये एउटा गाउँलेहरुले वारपार गर्न प्रयोग गर्ने गर्दैन । ३ वटा यसपाली डुबे ।

स्पष्ट रुपले कुलेखानीको दुबै गेटबाट थपिएको न्यूनतम २८० क्यूमेक पानीको प्रभाव रहेको देखिन्छ । पहिलो झोक्का बाढीको बीच समय साँझ ७ बजेतिर थप ५० क्यूमेक पानीको प्रवाहलाई बागमती बाँधले धान्नु पर्ने हुन आउँदा निश्चय नै यसको निर्णायक प्रभाव पर्न संभव छ । किनभने, ज्यादा ठूलो प्रवाहमा थप सीमान्त प्रवाह सानो नै थपिंदा पनि पानी र छेउको तटबन्धका बीचको शक्ति-सन्तुलनमा निर्णायक प्रभाव पर्न सक्छ ।

अर्को विशेष स्थिति कुलेखानी जलाशयमा आयो - ५ गते साँझ ५ बजे ।

यो त्यही समय हो, जुन समयमा कुलेखानीमा पेनस्टक पाइप बन्द गर्न संभव भयो । अब यसबाट बगिरहेको १०८ क्यूमेक दरको पानीको बहाव पनि अचानक जलाशयमा जम्मा हुन थाल्यो । फलस्वरुप, जलाशयको पानीको लेभल बढेर करीब १५२९ मिटरको खतरनाक मिसिंदा यो सर्लाही डुबाउने अत्यन्त भयानक र विनाशकारी बाढीमा परिणत भयो । यसभन्दा अघि कुलेखानीको गेटबाट करीब ५० क्यूमेकभन्दा बढी पानी छोडिएको रेकर्ड नै छैन । यो थप ४६५ क्यूमेक पानी अगाडिका साना खोलाहरुलाई समेत संगेट्दै, ढुंगा र माटो बगाउँदै, पहिरोले थुनिदै र फेरि हुत्तिदै अघि बढेको छ ।

यसरी सर्लाहीमा मध्यरातमा प्रलय ल्याउने बाढीमा कुलेखानीको पानीको आयतनको अनुपात तुलनात्मक रुपले कम भएपनि अत्यन्त निर्णायक समय र परिस्थितिमा यो थपिएकोले यसको उल्लेखनीय र महत्वपूर्ण भूमिका रहेको छ । कारण, ज्यादै ठूलो जोडमा थपिने सीमान्त जोड मात्रामा सानै भएपनि त्यसले "वार वा पार"को असर गर्न सक्छ । तराजुमा आलु जोख्दा अन्तिम दुईचार वटा आलुहरु तौलको हिसाबले कम भएपनि तिनीहरुको तौलले नै तराजुको काँटा यताबाट उता ढल्किन पुग्छ ।

९००० क्यूमेकको मात्र भएको विश्लेषण गरेको जानकारी पनि हामीलाई एक विशेषज्ञ-सूत्रले दिएको छ ।

माथि हामीले गरेको विश्लेषण पानी छोडिएको भनी साइटबाट संकलित न्यूनतम तथ्याङ्कमा आधारित छ । यो न्यूनतम पानीको मात्रा मात्र बाँधबाट बगेको मान्दा समेत बागमतीको बाढीमा यसको सीमान्त र महत्वपूर्ण योगदान रहेको देखिन्छ भने यसको संभावित अधिकतम बहावको (१३०० क्यूमेकको) हिसाब गर्दा त यो झन बढी जिम्मेवार ठहरिन आउँछ ।

जलस्रोत मन्त्रालयले साउन ५ गते गो.प. मार्फत दिएको बयान (६ गते प्रकाशित) यस्तो छ - "अहिले बेलुका (५ गते बेलुका-) कुलेखानी बाँधमा जलस्तर नियन्त्रण गर्ने तीन वटा रेडियल गेट खोल्न सफलता मिलको छ ।"

यसको अर्थ हो, यसअघि गेट खोलिएकै थिएन, बल्ल तीन वटै लगाइएको हो ।


त्यसैले, थप, यसले सोझै जाहेर गर्छ - कुलेखानीको बाँधको पानी एक्कासी ५ गते साँझ खोलियो, जो रातमा १ बजे बाग मती व्यारेज कर्मैया पुगी दोस्रो खेपको बाढीलाई उराल्ने काम गऱ्यो ।

## सरकारको चरम लापरवाही

कुलेखानीबाट पानी त छोड्नै पर्थ्यो, अर्को उपाय नै थिएन । त्यो नछोडिएको भए बाँध नै फुट्ने संभावना थियो र त्यो भन्दा कैयन गुणा बेसी नोक्सानी पुग्थ्यो । त्यसैले, लापर्वाही पानी छोड्नुमा भएको होइन । त्यत्रो पानी जलाशयबाट छोडेपछि त्यसले कहाँ कहाँ के के परिणाम ल्याउन सक्छ, जनताको ज्यू धनमा के के नोक्सानी पुऱ्याउन सक्छ - यो नसोच्नुमा नै गिरिजा सरकारको मुख्य लापर्वाही देखिन्छ ।

श्रावण ५ गते साँझ ५

### कुलेखानी आयोजना




उँचाइसम्म पुग्यो, जलाशयको अधिकतम क्षमता भन्दा करीब एकै मिटर मात्र तल । यो उँचाइसम्मको पानी खोलिएको गेटबाट बग्दा करीब ४६५ क्यूमेकको दरले बाहिरिने कुरा विशेषज्ञहरुले हिसाब गरी निकालेका छन् ।

प्रत्यक्षदर्शी स्थानीय गाउँलेहरुले हामीलाई बताए - "त्यतिखेर बाहिरिएको यो पानी यत्ति ठूलो थियो कि - पानीले बाँधभन्दा २५० मिटर जति पर रहेको एउटा पुलको करीब ५-६ मिटर अग्लो माथिल्लो सतह नै छुन खोजेको थियो ।"

यही पानी ८ घण्टापछि राती १ बजेतिर सर्लाही कर्मैया पुगेको र अति वार्षाले उत्तिकै धेरै ठूलो भएको बागमतीमा दोस्रो झोक्काको प्रलयंकारी बाढी ल्याउन सहयोग पुऱ्याएको प्रष्ट देखिन्छ । विशेषज्ञहरुका अनुसार यो झोक्का बाढी करीब ११ हजार क्यूमेक थियो । त्यसमा कुलेखानीबाट आएको थप न्यूनतम ४६५ क्यूमेक पानी बागमतीको बाढीमा कुलेखानीको योगदान कम्तिमा पनि यस्तै "सानो" तर महत्वपूर्ण मात्राको भएको देखिन्छ ।

सरकारले उक्त बाढीको बेला कर्मैया बाँध क्षेत्रमा बागमतीमा १५,००० क्यूमेक दरको बाढी आएको विवरण प्रकाशमा ल्याएको छ । यस १५००० क्यूमेक दरको बाढीका तुलनामा न्यूनतम ४६५ क्यूमेक थप पानीको योगदान नगण्य देखाउन सरकारले यो १५,००० क्यूमेकको झूठो विवरण दिएको आशंका विशेषज्ञहरुले गरेको छन् । कुलेखानीका दुबै गेटहरु पूरै खोलिएको खण्डमा बग्ने अधिकतम करीब १३०० क्यूमेक पानीकै हिसाब गर्दा पनि बागमतीको बाढीमा यसको योगदान १०% भन्दा बढी नदेखियोस् भन्ने नियत सरकारको देखिन्छ ।

निश्चय नै बागमतीको बाढी ठूलो थियो । तर यो १५००० क्यूमेक थिएन । यसैबीच, केही भारतीय विशेषज्ञहरुले त यो बाढी करीब

खोलियो । (तीन वटा भन्नाले दुई वटा स्पील वे गेट र एउटा खुला ओभरफ्लो गेट भनिएको होला - लेखक)

सरकारको यो बयानले जाहेर गर्छ - कुलेखानीको एउटा गेट अघिल्लो दिन देखि नै खुला थियो भन्ने कुरा पछि आएर सरकारले बठ्याई गरी भनेको र प्रचार गरिएको हो, गर्न

### कुलेखानीको आयु १० वर्ष घट्यो

१०० वर्षको समयावधिको लागि डिजाइन गरिएको कुलखानी योजनाको निर्माण अवधिदेखि यता १० वर्ष त बिती नै सक्यो । यस पल्टको बाढीले जलाशयमा यति धेरै ढुंगा, माटो, बालुवा थुपाऱ्यो, जसको कारण कुलेखानी योजनाको करीब दश वर्ष आयु छोटिएको अनुमान विशेषज्ञहरुले गरेका छन् । यस अनुसार सामान्यतया कुलेखानी योजनाको आयु अब ८० वर्ष बाँकी रहेको छ ।

बजे देखि नै पानी गेटबाट बाहिरिन थालेको छ र त्यो तीव्र गतिमा वृद्धि हुँदैछ । त्यसको चेतावनी तुरुन्तै रेडियो वा हेलिकोप्टर जस्ता अन्य उपयुक्त माध्यमबाट प्रचार गर्नु संभव थियो । (अन्यत्र देशहरुमा यस्तो गर्ने गरिन्छ ।) त्यो प्रचार गरिएको भए ८ घण्टाको समयावधिभित्र कर्मैया बाँध क्षेत्र ज्यादा सतर्क हुन्थ्यो र सर्लाही र रौतहटका जनताहरुले आफ्नो ज्यू-धनको रक्षा गर्ने पर्याप्त समय पाउँथे ।

यस्तै पेनस्टक पाइप फुटेको खबर धोर्सिङदेखि पश्चिम राप्ती किनारका जनताले बेलैमा पाएको भए १-२ घण्टाको बीचमा उनीहरु पनि सतर्क हुन सक्थे । तर सरकारको तर्फबाट यस्तो केही पनि गरिएन । आफ्नो संचार प्रणालीले काम नगरेपछि सेनाको संचार माध्यमबाट साइटको स्थानीय कार्यालयले यथार्थ विवरण मन्त्रालयलाई समयमै दिएको थियो । पानी मन्त्रालयकै आदेश र

जानकारीमा छोडिएको थियो । तर जनधनको क्षतिप्रति यसको कुनै जवाफदेही र पर्वाह भएको देखिएन । त्यसैले, यत्रो ठूलो धनजनको क्षतिमा जलस्रोत मन्त्री र अन्तत: गिरिजा सरकार जिम्मेवार छ ।

कुलेखानी र काठमाडौं, एवं कुलेखानी परियोजनाका स्थानीय महत्वपूर्ण बिन्दुहरुमा पर्याप्त संचार केन्द खडा गर्ने काम त परै जावोस्, भएका केन्द्रहरुमा पनि गतिलो संचार व्यवस्था स्थापित गरिएको छैन । तार-संचार प्रणालीलाई पहिरोले टुटाउने हुनाले आ.वा. प्रणाली नै यसको लागि प्रभावकारी र उपयुक्त हुन्थ्यो । तर भैरहेको आ.वा. प्रणाली पनि व्याट्री चार्ज्ड नभएको र कम क्षमतायुक्त भएकोले संकटको बेलामा यसले काम दिएन । बाँध स्थालदेखि बागमती कर्मैया बाँध स्थल जस्ता महत्वपूर्ण केन्द्रहरु र बीचका वस्तीहरुमा वार्निङ्ग सन्देश पुऱ्याउनु पर्छ भन्नेतर्फ सोच नै निर्माण भएको पाइएन । "लौ है साईला ! भरेभोलि गेटबाट पानी छोडिन सक्छ भनी गाउंमा खवर गर्दिनू" भनी बटुवालाई खबर गर्नुमै सीमित छ - यहाँको वार्निङ्ग सिस्टम । कुनै शक्तिशाली साइरनको व्यवस्था हुन सक्नेतर्फ पनि ध्यान गएको छैन ।

भल्व हाउसमा पेनस्टक पाइप बन्द भएपछि जलाशयको बाँधको ढोका थप नखोलिंदा पानी झन छिटो भरिने खतरा शीघ्र संचार माध्यमको सहयोगविना टर्न सक्दैनथ्यो ।

यति मात्र हैन, कुलेखानी परियोजनामा एउटा गरीव गाउँलेको घरमा हुने स्तरको पनि आकस्मिक-सेवा व्यवस्था छैन । जेनरेटर गतिलो र चालु नभएकोले ढोका खोल्ने र बन्द गर्ने काम मानिसको हातले गर्नु पर्दा १६ औं घण्टा लागेको छ । सात किलोमिटर लामो जलाशयमा एउटा मोटर बोटसम्म पनि छैन, कोही कतै डुब्यो भने काठका डुंगा खियाउनु पर्छ, ती काठे डुंगाहरु पनि अहिले त सबै -चार वटै डुबेका छन् ।

यस्तै साइटमा कर्मचारीहरुको सिफ्टको व्यवस्था भर्खरै मात्र शुरु गर्न थालियो । नियन्त्रण पोष्टहरु र कर्मचारी संख्या कम छ । भएका कर्मचारीहरुलाई पनि कुनै सुविधा छैन । काठमाण्डौंमा दिइने सरहको मात्र तलबका भरमा कर्मचारीहरु यहाँ बस्न वाध्य छन् । आउट स्टेशन भत्ता १०% बाहेक कुनै विशेष सुविधा नभएकोले कर्मचारी-यन्त्रले उत्प्रेरणाको अवस्थामा काम गर्ने अवस्था छैन । ●

हरेक सोमबार प्रकाशित हुने
प्रकाश
पढ्न नभुल्नुहोस्

## सर्लाहीमा बाढी कसरी पस्यो ?

# गेट नखोल्ने यो सरकार मूर्खतापूर्ण डिजाइन गर्ने पंच-सरकार !

साउन ४ गते पनि बागमतीमा बाढी त ठूलै थियो तर गाउँमा भने यो पसेको थिएन । ५ गते साँझ यहाँ वर्षा पनि ज्यादा भयो र बाढी पनि बढ्न थाल्यो । साँझ ७ बजे यो बाढी अरु बढ्यो । पाँच गते बिहान १२८ मिटर शतहमा रहेको पानी साँझ ७ बज्दा १३० मिटर र ९ बज्दा १३४ मिटर शतहसम्म अर्थात बाँधको माथ्लो शतहसम्म पुगिसकेको थियो । तर साँझ साढे दशदेखि एघार बजेसम्म यो बाढी घट्न थाल्यो ।

यसपछि राति एक बजे अचानक झन ठूलो बाढी आयो र यसले बाँधलाई नाघ्यो । यसैबीच साँझ ९ बजेदेखि नै कन्ट्रोल टावरको जग खोतल्न थालेको पानीले यसलाई अरु खोतल्यो र बिहान ५.३० तिर यो टावर ढल्यो, जसमा ४ जना चिनीयाँहरु पनि पुरिए । पछि गेष्ट हाउस पनि बगायो, यसबाट भाग्न नसकेका अरु ३ जना चिनीयाँहरु पनि बगे ।


यतिञ्जेलमा बाढीले पूर्वी र पश्चिमी नहरको प्रवेशद्वार भत्काएर छेउ छेउबाट समेत विशाल मात्रामा पानी नहरमा प्रवेश गरीसकेको छ । पश्चिमी नहर फोरेर बगेको पानीले आधा कि.मि. पर गएर पूर्व पश्चिम राजमार्ग समेत बगाएर पारी क्यान्टिन बजारलाई डुवाएर पुन: यो बागमतीमै आएर मिसिएको छ ।

तर पूर्वी नहरको पानी भने कर्मैयालाई डुवाउँदै अघि बढ्छ । यो नहरमा कति ठूलो पानी बगेको थियो भन्ने कुरा यसले १.५ किलोमिटर परका दुई सिमेण्ट ढलान गरिएका पुलहरु भत्काएको प्रमाणले नै पुष्टी हुन्छ । भत्काएर यसले एउटा पूललाई त ढीक्कै करीव ३० फुट पर हुत्याएको छ । अनेक ठाउँबाट नहरको पानी दक्षिणतिर फुट्दै बाली र बस्ती पुर्दै अघि बढेको छ । करीव साँढे दुई कि.मि. परको गडारी खोलाको साइफननेर यसले काटेको किनार र बगाएका ठूला ठूला रुखहरु पत्याउनै नसकिने खालका छन् ।

नहर बाहेक बागमतीको विशाल पानी ... पूलको पूर्वी भाग भत्काउँदै दक्षिणतिर गएर बथनियाबाट गाउँतिर पस्यो र कर्मैयाका थप ठाउँहरुलाई ध्वस्त पाऱ्यो भने अझ दक्षिण गई टेकानीमा पुन यो गाउँभित्र पसी शंकरपुर, राजघाट,हजरिया, मुर्तिया, बरहथवा लगायतका गाउँहरुलाई बगायो । दक्षिणमा बलरा पुगेपछि भारतको सीमानामा भारतले रौतहट पारिपट्टिदेखि नै बनाएको छेका बाधले पानी छेकेर यस वरपरका ठाउँहरु डुबे ।

गाउँलेहरुले अचानक यसरी यत्ति ठूलो मात्रामा बाढी आउने कल्पना नै गरेका थिएनन् । रातमा बाढी झोक्काको रुपमा आएको छ र बस्तीहरुका मानिसहरुलाई भाग्ने अवसर पनि मिलेको छैन ।

पहिलो झोक्का बाढी आउँदासम्म बाँधको ढोका तल्लो सतहसम्म मात्र खोलिएको छ । यस कारण पहिलो झोक्का बाढीको पानी बाँधबाट बग्न पाएन र यसले किनारहरु खोस्रन थाल्यो । यो बाढी आएपछि ५ गते साँझ ८ बजे मात्र ढोका माथिल्लो शतहसम्म खोलिएको छ । यतिखेर पानीले बाँधलाई नाघिसकेको थियो । बाँधको अधिकतम बाढी- सतह १३२.२ मी.को उँचाईमा रहेको छ भने यतिखर पानी यो लेभल नाघी एक घण्टाभित्रमा १३४ मि. शतहमा पुगिसकेको थियो ।



सरकारले साउन ४ गते १२.० बजे नै ३३ वटै गेटहरुलाई अधिकतम १३३.७ मि. लेभल उठाइसकिएको भनी गरेको दावीलाई त्यतिखेरका प्रत्यक्षदर्शी आवाशीय इन्जिनियर हिल्वट वोक्माले दिएको प्रतिवेदनले समेत सोझै काटेको छ । उनका अनुसार ५ गते बिहान बाँध १२८.० मि. लेभलसम्म मात्र खुलेको थियो ।

यसरी पहिलो बाढीको १३२ मि. सम्म आएको पानीले १२८ मि. सम्मको ढोका मात्र प्रवेशको लागि पायो । बाँकी ४ मिटर उँचाईको पानीले साइडको बाटो खोज्नु स्वाभाविक छ । यसले गर्दा पानी बागमतीमा शिरानीतिर भरिने काम पनि भयो , जसको कारणले नहरका छेउहरुमाथिको धक्का अरु बढ्यो । जमीन खिइयो र रातको बाढीको लागि बाटो बनाइदियो ।

यतिखेर अर्को एक महत्वपूर्ण पक्षमा पनि ध्यान दिनु जरुरी छ - त्यो हो- वांधको डिजाइन ।

सामान्यतया नै के देखिन्छ भने बागमती वाँधका ढोकाहरुको खुला चौडाइ (स्पान) कम राखिएको छ । ढोकाको अनुपातमा पिलरको चौडाइ ज्यादा छ, जसले गर्दा पानी छेकिन्छ र रुखहरु बगाएर ल्याएमा तिनीहरु त्यहीं अड्किन्छन् । यसपल्ट पनि रुखहरु अड्किनुले पनि ढोकाहरु थुनिए।

यो बाँध ८००० क्यूमेकसम्मको बाढी धान्ने गरी डिजाइन गरिएको छ । तर ८००० क्यूमेकभन्दा बढी पानी यहाँबाट बग्छ भन्ने कुरा सरकारलाई बाँध बन्नुभन्दा पहिल्यै थाहा थियो । अधिकतम बाढीको सरकारी रेकर्डले नै देखाउंछ - यो बाँध स्थल कर्मैयामा दुई पल्ट ८००० क्यूमेक भन्दा ठूलो बाढी आइसकेको छ । ५ अगष्ट, १९७५ मा ९००० क्यूमेक र २१ अगष्ट, १९७९मा ८६५० क्यूमेकको बाढी यहाँ आइसकेको छ । स्पष्टत:डिजाइनको यो मूर्खताका लागि पंचायतकालीन जनविरोधी शासकहरु पनि स्पष्ट रुपले

सर्लाही को चिठ्ठी

# यसपालीको बाढी: पानीको झोक्कादेखि गोलीको चोटसम्म

दोषका भागी छन् ।

रातको ठूलो बाढी अचानक आई पूर्वपट्टिको यही छिद्रमा जोड गरी पसेर कन्ट्रोल टावर र वरपर भत्काउँदै अगाडि हुत्तियो । पानी नहरमा विशाल मात्रामा पस्यो , बाँकीले पूर्वी किनारका घरहरु र गोदाम घर बगाई ५०० मिटर परको राजमार्गको पूलको पूर्वी भाग बगाई अघि बढ्यो । अचानक पूर्वी किनार फोरेर हुत्तिएको यो पुल समेत बगाउन सक्ने क्षमता बोकेको पानीको झोक्का नै पछि केही किलोमिटर दक्षिण बथनिया र टेकानीबाट गाउँतिर पस्यो । पश्चिम किनारमा भने नहरको साइडबाट डील तोडी पानीले राजमार्ग समेत बगायो । यस प्रकार प्रष्ट रुपले देखिन्छ - बाँधको ढोका खोल्ने काममा ढीलाई हुनुले बढेको ४ मिटर अग्लो पानीको जोडले किनार खोतलेको हुनाले नै पछिल्लो बाढीको पानी ह्वात्तै हुत्तिन पाएको हो । यदि किनारा नखोतलिएको भए पानी बाँधको माथिबाट जान्थ्यो र यसको विनासलिला स्तर यति व्यापक हुने थिएन ।

यसका लागि पनि सरकार प्रत्यक्ष रुपले जिम्मेवार छ । एकातिर, कुलेखानीको पानी निकाशको वार्निङ्ग नदिनु ,अर्कोतर बाँधको ढोका तल्लो लेभलसम्म मात्र खोलिनु, यी दुवै कुराका लागि सरकारले जवाफदेही हुनुपर्छ । ●

श्यामजी,

आफूले सारै धेरै गुमाएपछि मात्र मानिसलाई प्रत्यक्ष ज्ञान हुँदोरहेछ, सर्लाहीमा बागमतीको बिनाश हेरेपछि पहिलो अनुभूति यही भयो । यदाकदा टि.भि.मा देख्न पाइने देश देशान्तरको प्राकृतिक प्रकोप र त्यसको बिनाश- लिला यहीं देखियो । मध्यरातमा सुतिरहेको बेला डस्न आउने गोमन सांप जस्तो भएर आएको बागमतीको बाढीबाट बाँच्नका लागि लडाई गर्नेहरुको अनुभव बेग्लै छ । चित्र ब.आल्, जसको बगलमा ४ जीबनलाई बाढीले अन्त्य गर्दियो, भन्नुहुन्थ्यो - "त्यो रातको बागमती संभदा सबै मर्नुपर्थ्यो । तर मान्छेसंग बाँच्नका लागि संघर्ष गर्ने अपार क्षमता हुँदोरहेछ ।"

सरल गाउँलेको आँकडा भन्ने हो भने - सदा पौने कोस बग्ने बागमती त्यो रात अढाई कोसभरि थियो ।"

## घटना, स्मरण र अनुभूतिहरुको ओइरो

९० सालको भुईचालोबारे इतिहासमा केही बिबरण त छ, सायद साहित्यमा अनुवाद हुन पाएन । यस पटकको बाढीले इतिहासबाहेक राजनीतिमा पनि स्थान ओगटेको देखिन्छ । राजनीति र इतिहासले नछोएको मानव जगतका धेरै कुराहरु साहित्यको आँखी-झ्यालबाट समेट्न सकिन्छ । बागमतीको महाबिनाशलाई साहित्यमा उतार्न चाहनेलाई रौतहट र सर्लाहीका गाउँमा अति धेरै घटना, संस्मरण र अनुभूतिहरुका ओइरो लागेका छन् । राहतको राजनीतिकरणले यतिखेर ती त्यतिकै रहँदै रहेका छन् ।

बाँसको झ्याङ र रुखमा २४ घण्टा चढेर बचेकाहरु, सानो रुखको ठुटो, घरको छानो र फल्याकको सहाराले ६ घण्टासम्म भेलमा बगेर बाँचेकाहरु, घरका १० जना मरेर बाँचेका ९ र ११ बर्षे बालक-बालिकाहरु, सपाङ्गहरु, मरेर बाँचेका अपाङ्गहरु, गोमन साँप र मानिसहरु एकै ठाउँमा मैत्रीपूर्बक बसेका अनुभवहरु, एक हप्तासम्म पनि दलदलमा भासिएर पनि जीबन-लिला नसकिएकाहरु, बाँचेर फर्किएपछि आफ्ना स्वजनहरु नभेटिएर पुनः मर्न खोजेकाहरु आदि एक खाले यस्ता स्मरणहरु छन् भने, अर्कातिर बाँच्नका लागि घरको धुरीमा डोरीले बाँधेका तर बाढीले लानुको सट्टा घरले थिचिएर मरेका, बाढीबाट बच्न काठका बोमल्ला घरमा चढ्दा धेरै मानिसहरु भएर घर नै ढलेर किचिएकाहरु, एउटा पाठो या एक मुठ्ठी अन्न बचाउन खोज्दा खोज्दै १ मिनेटको अन्तरले बाढीले लगेका मृत्युका हृदयबिदारक स्मरण पनि त्यत्तिकै छन् ।

## हृदय भएका र हृदयहीन मानिसहरु

यस्तै आपतको बेलामा नै

# सीमा क्षेत्रको बाँध

भारत सरकारले नेपाल-भारत सीमा क्षेत्रका प्राकृतिक श्रोतहरुको बारेमा लिएको प्रमुख नीति हो-फाइदा सकेसम्म आफूले बढी लिने तर बेफाइदाहरु भने सकेसम्म नेपाली क्षेत्रलाई मात्र हुने गराउने ।

भारतको यो रबैयाको शिकार हरेक बर्ष रौटहट जिल्ला हुने गर्दछ । बैरगनिया नीकट सीमापारि भारतले बनाएको बारपार छेका-बाँधले रौटहटको दक्षिणी भाग सधैं डुबानमा पर्ने गर्दछ । यस पल्ट पनि यसको कारणले रौटहट र सर्लाही समेत डुबानमा परे । संयोगवश केही ठाँउहरुमा यो बाँध फुटेको हुनाले अरु बढी क्षति हुन पाएन तर यो बाँधको खतरा यस भेगका जनताले कहिलेसम्म भोग्नु पर्ने हो ? - यो अझै अनिश्चित रहेको छ ।


रौटहट र सर्लाहीपारि सीमा रेखाको लगत्तै केही मिटर पर मात्र अन्तरराष्ट्रिय नियम समेत मिचेर भारतले बनाएको यो छेका-बाँधले बागमतीको बाढीलाई छेक्छ, भारतीय भू-भाग बच्दछ र नेपाली भू-भाग भने डुबानमा पर्दछ ।

सीमापारि भारतले बनाएको यो छेका- बाँध सर्लाहीको बलरा गा.वि.स. पारि २१ फूट अग्लो छ । तर यसलाई बाधको नाममा होइन, सडकको नाममा निर्माण गरिएको छ । २१ फूट माथिको यसको सतहलाई बाटोको रुपमा प्रयोग गरिएका छ । अझ यसमाथि भारत सरकारले अरु ४-५ फूट उचाई बढाउने योजना गरिरहेको कुरा थप चिन्ता र आश्चर्यको बिषय भएको छ ।


भारत सरकारले यस बाहेक अन्य क्षेत्रका सीमा स्थलहरुमा पनि सानातिना खोलाहरुको बहाव पनि नेपालतिरै पार्ने गरी नयाँ-नयाँ छेका-बाँधहरु बनाईरहेको छ । सर्लाहीकै मलङ्गवादेखि ८ कि.मि. पर भाडसार भन्ने ठाँउमा पोहोर साल मात्र भारतले सीमानाबाट केवल ५० फूट पर नयाँ छेका-बाँध लगाएको छ । दशगजा सीमा स्तम्भ नं. ३५ बाट शुरु गरिएको यो बाँध करीब आधा कि.मि. लामो छ र यसले भाडसार खोलाको बाढीलाई छेक्छ । यसमा पनि ३ ठाँउमा पानीले भत्काएकोले नेपाली क्षेत्रमा ज्यादा डुबान हुन पाएन । पानी भारतीय क्षेत्रको कनौली जिल्लाको छोटी भाड्सार गाँउ हुदै बगेर गयो ।

भारत सरकारले यसरी बलमिचाइ गरी नियम विपरीत छेका-बाँध बनाएकोमा पारि भारतीय बस्तीका जनताहरु पनि खुसी छैनन् । कारण, उनीहरुले पनि यस्तो बाँध कुन ठाँउमा फूट्छ र कुन गाँउ कति खेर बग्छ भन्ने सन्त्राशमा बाच्नु पर्ने हुन्छ ।

यस कारण दुवै देशका सीमा क्षेत्रका जनताको हितलाई ध्यानमा राखी यी छेका-बाँधहरु भत्काई परस्परमा समान स्तरमा फाइदा पुग्ने गरी बाढीको पानी नियन्त्रण गर्ने उपयुक्त तटवन्ध-प्रबिधि अपनाउन नेपाल सरकार र भारत सरकारले अविलम्ब पाइला चाल्न जरुरी छ । भारतलाई नेपालले यस मामलामा तुरुन्त दवाब दिनु जरुरी छ । होइन भने, नेपाली सीमा क्षेत्रका बस्तीहरु हरेक वर्ष डुबिरहने छन् । भारतीय शासक वर्गको यो विगतदेखिको बल मिच्याईंलाई कुनै पनि हालतमा र कुनै पनि बहानामा छाँया मा पार्ने काम गरिनु हुन्न । ●




बलरा पारी भारतले बनाएको "सडक" नाम को २१ फूट अग्लो छेका-बाँध




भाडसारमा प्रोहर मात्र भारतले बनाएको छेका- बाँध

हृदय भएका र हृदयहीन मान्छेहरु छुट्टिंदा रहेछन् । गहना लगाएका नारीहरुको गहना थुत्दै पुलिसले आफूले पुरपार पारेका र लोग्नेमान्छेलाई पुर्न चाहिं "डुम"हरु लगाएको देख्नेहरु पनि थुप्रै छन् । लोभले मान्छेको संवेदनशीलतालाई यति धेरै खाइदिंदोरहेछ – मान्छेलाई पशुभन्दा श्रेष्ठ भन्न पनि हिच्किचाउनु पर्छ । गैर सरकारी संस्था, दाता र सहयोगीहरुबारे यतिखेर जे जति प्रशंसा गरे पनि बागमती नै घरभित्र पसेको बेला अरुलाई बचाएर आफू मरेकाहरुको हृदय के कसैसंग तुलना हुन सक्छ ?

## बाढीका झोक्काहरु

रौतहट र सर्लाहीको यो महाविनाश पहिलो बाढीले गरेको होइन । साउन ५ गते बागमतीमा दुई वटा बाढी आए । पहिलो करीब ७ बजेदेखि ११ बजेसम्म र दोस्रो करीब १२ देखि बिहान ६ बजेसम्म । पहिलो बाढी स्वभाविक देखिन्छ, किनकि लो प्रेसर बेल्टमा परेका बारा, पर्सा, रौतहट र सर्लाही सबै जिल्लामा साउन ५ गते ज्यादै अतिवृष्टि भएको छ । र, किसानहरु राति खुसीसंग सुत्न पनि गएका छन् ।

सिमरा केन्द्रबिन्दु मानिएको सो बेल्टको वाष्पयुक्त हावा महाभारतमा ठक्कर खाँदा सिमभन्ज्याङ्ग पर्छ र सुन्लमा आएको छ – सिमभन्ज्याङ्गको २० कि.मि.को रेन्जमा जुन ३५० मि.मि. पानी पऱ्यो, त्यसको आधा भन्दा बढी

## केही झलकहरु

**मर्नेहरुको संख्या (जनप्रतिधिहरुद्वारा संकलित तथ्यांकमा आधारित)**


| गाविस | मर्ने संख्या |
|---|---|
| कर्मैया | १८५ |
| शंकरपुर | २४३ |
| मूर्तिया | १०३ |
| बरहथवा | ५८ |
| राजघाट | १४ |
| हजारीया | १२ |
| सुन्दरपुर चौहर्वा | ५ |
| बलरा- | ५ |
| सिसौट | २ |
| लौकट | १ |
| डुमरिया | ३ |
| खैयर्वा | २ |
| रामनगर बहुरवा | २ |
| मधवनी | ३ |
| महिनाथपुर | ३ |
| नत्रेगंज | ६ |
| परवानीपुर | १ |
| ईश्वरपुर | १ |

(यस बाहेक हिरापुरमा २८, भवानीपुरमा २८, हरकटवामा २४, हरिपुरमा १, श्रीपूरमा १ र झाडा-पखालाबाट १८ जना मरेको सूचना प्राप्त भएको छ ।

(काठमाण्डु र ललितपुरका प्रायः सबै, सिन्धुली मरिनका सबै, मकवानपुरका पूर्व उत्तर भागका सबै) बागमतीमा नै मिसिएको छ ।

स्मरणीय छ, श्री ५ को सरकारद्वारा १९८५ मा तयार पारेको नेपाल सम्बन्धी नक्सामा बागमती नदीका मकवानपुरबाट ३ वटा, ललितपुरबाट १ र सीन्धुलीबाट २ वटा सहायक नदीहरु देखिन्छन् । यी सबै नदीहरुमा त्यो दिन विशाल बाढी आएको छ । त्यसैले पहिलो बाढी पनि विशाल थियो ।

विवादस्पद दोश्रो बाढीको मूल्याङ्कन राजनीतिको सहायता नलिई गर्न सकिन्न । पहिरोको कारणले बागमतीको पानी कतै थुनिएको हुनुपर्छ भन्ने आशंकाभन्दा कूलेखानीको इन्द्रसरोवरको



बागमती बाँध: बाढीभित्र

फोटो साभार: Economic & Political Monthly

ओभरफ्लोको पानी मिसिएर बाढी आयो र बागमतीले ताण्डव नृत्य देखायो भन्ने तर्क तथ्यसंगत देखिन्छ । यस विषयमा छानबीन आयोग गठन गर्नु नै श्रेयस्कर छ । कथंकदाचित यस्तों आयोग गठन भएछ भने त्यसले बागमतीको ब्यारेज र नहरका ढोका मात्र होइन, ब्यारेजको डिजाइनबाटै अध्ययन आरम्भ गर्नु जरुरी पर्छ । ब्यारेजमा अड्किएको रुख र द.पश्चिमको क्यान्टिन बजार तहसनहस हुनुमा पिक सोलिङ्गमा पनि गडबढी भएर धेरै माटो, ढुङ्गा गेगर थुपारेको प्रतीत हुन्छ । सरकारी बयान विपरीत ब्यारेजको २९ नं. र अर्को एउटा ढोका ५ गते बिहान केनले मात्र खोलिएको छ भने बागमती सिंचाई नहर पूर्वतिरको ढोका पहिलो बाढी शुरु भएपछि मात्र बन्द गरिएको छ । योजनाको गैर जिम्मेवारी र कमिशनमुखी व्यवस्थापनको लापरवाहीले गर्दा नै बागमतीले धेरै क्षति गरेको छ । बागमती मात्र होइन, मनुस्मारा सिंचाई आयोजनाको हीरापुर ब्यारेजका सबै ढोका खोलेको भए लौकट गाविस वार्ड नं. ५ को क्षति त्यति हुने थिएन । यी सबै क्षतिका लागि जलश्रोत मन्त्रीले नैतिक जिम्मेवारी लिनु स्वस्थ्य राजनीतिभित्र पर्ने कुरा हो ।

## क्षति

यो प्राकृतिक प्रकोप र सरकारी लापरवाहीको समिकरण स्वरुप रौतहट र सर्लाहीमा के कति हानि भयो, त्यसको कुनै आंकडा भरपर्न लायक छैन । १०० वटा गा.वि.स.हरु मध्ये ५१ वटा गा.वि.स. सर्लाहीमा बाढी पीडित भए पनि ३४ वटा गा.वि.स.हरुमाथि बागमती बगेको छ । उत्तरतिरका कर्मैया, शंकरपुर, मुर्तिया, राजघाट, बरहथवा र हजारीया अति धेरै प्रभावित छन भने दक्षिणका हथिऔल, अचलगढ, बलरा, मिर्जापुर, अर्नाह र सीमास्थित गाविसहरुमा पनि ८ फिटसम्म पानीले डुबाएको छ । यी गाउँमा कति क्षति भयो के आंधारमा भन्ने ? मानिसको मृत्युको आंकडा भर पर्नै नसकिने छ । भारतबाट कतै ७५ लास, कतै ५०० लास भेटिए भन्ने खबर आइरहेछ । उत्तरमै पनि "बोलबम" तीर्थ यात्राका लागि गएका ३१ जना मध्ये २ जना मात्र बचेका छन्, अरु सबैलाई बगाएछ । ती "बोलबम"हरु कसको आंकडामा कसरी पर्छन् ? सरकारद्वारा १ लाख ६३,५१८ जनसंख्या बाढी पीडित भएको भनिएको छ । गैर सरकारी श्रोतले भने कम्तिमा २ लाख नाघ्ने देखाएको छ । पूर्णतः क्षतिग्रस्त घर ६१५२ देखाइएको छ, जब कि रेडक्रसले यो संख्या १३ देखि १५ हजारको अनुमान गरेको छ । सामान्य क्षति भएका घरमा उत्तरका २०% (किनकि पूर्ण क्षति नै धेरै छ) र दक्षिणका ७५% पर्दछन् । दक्षिणको उखु छोडेर सबै बालीनाली नष्ट भएको छ । करीब ३०,००० हेक्टर जमीन र कम्तीमा २० हजार पशु मरेको कुरा गैर-सरकारी श्रोतले देखाएका छन् ।

## शिविरहरु

शिविरहरु कुनै पनि सरकारले बनाएको होइन । ५ गतेदेखि नै जनताले स्वस्फूर्त रुपमा सार्वजनिक स्कूल, कलेज र भवनहरुमा पीडितहरुलाई राख्न शुरु गरे । सर्लाहीमा उत्तरका ६ वटा गाविसबाट १४ र रौतहटमा ८ स्थानमा क्रमशः १२६०८ र ११५९३ पीडित थिए । सर्लाहीको दक्षिणातिर गढैयासम्म शिविर थियो । शिविरमा नगएका मध्ये केही मानिसहरु आफन्तकहाँ गए, केहीले जस्तै हालतमा पनि गाउँ छोडेनन् । केही सडकको किनारमा नै बसे । शिविरमा पूर्वाधारहरु केही थिएनन् । न त गाउँमा नै खाने पानीका लागि तत्काल प्रबन्ध भयो । पातमा बच्चा जन्माएका सुत्केरीहरुलाई पनि विशेष व्यवस्था भएन । सडकमा स्याउलाको गोठ बनाएकालाई एक महिना बित्दा पनि एउटा प्लाष्टिक सिटसम्म पनि दिइएन । शुरुदेखि नै झारा टार्ने मानसिकताले शिविर चलाइयो । अन्य भौतिक सहयोग नै नगरी जसरी पनि शिविरमा बसेकालाई गाउँ फर्काउने प्रयत्न भयो । फर्कन त गाउँलेहरु फर्किए तर उनीहरुसंग न त एउटा प्लाष्टिक नै थियो, न "राहत" को नियमितता । कति ठाउँमा त गाउँ जान स्वास्थ्यको दृष्टिले लायक पनि थिएन ।

## वागमती सधैं मत्यु भएरै उभेको छ

किसानहरु दुःख चाहिं सामना गर्न सक्दा रहेछन् । दुःख गरेर गाउँमा अवर्णनीय संघर्षमा जुटेकाहरु जब श्रावण २५ र २६ गते पुनः बाढी आयो, बचेखुचेका कपडाको पोको टाउकोमा राखेर, साना नानीलाई काखी च्यापेर र भएका चौपायालाई डोऱ्याएर श्रावण २७ देखि शंकरपुर र राजघाटका मानिसहरु

## राहत कसरी पाइरहेछन् ? एउटा उदाहरण

श्री ५ सरकार खाद्यान्न राहतकार्ड
कार्ड नं २७, केशवप्रसाद श्रेष्ठ, वाड नं. ४, बरहथवा
परिवार संख्या १६ (६ जना घटाएर १० जनालाई मात्र)

| महिना | मिति | बजन | दर |
|---|---|---|---|
| श्रावण | ११ गते | १६ डिब्बा | ४०० ग्रामको दरले प्रति व्यक्ति |
| " | २१" | १६ " | " " |
| " | १३" | १० " | ३००" " |
| " | १६" | १० " | " " |
| " | १८" | १० " | " " |
| " | २३" | १० " | " " |

भाद्र १० गते हेर्दा यो कार्डमा श्रावण २३ पश्चात राहत बाडिएको कुनै विवरण छैन ।

पुनः शिविर फर्किएको ताँती हेर्न लायक थियो ।

अहिले धरहरा एउटा शिविरमा मात्रै १८,००० भन्दा बढी पीडित छन् । बागमतीको पुलदेखि लगभग ४ कि.मि. दक्षिण र माइली बागमती (सुकेको खोला) को मुखबाट मझुवा हुँदै पश्चिम टोकीसम्म लगभग ७ कि.मि. पूर्व दक्षिण–पश्चिमको बाँध बन्दैन भने शंकरपुर, राजघाटका जनताका लागि बागमती सधैं मृत्यु भएर उभिन्छ ।

### २० दिनमा डेढ किलो चामल

लठ्ठी टेकेर ३०० ग्राम चामल लिन दिनैपिच्छे धाइरहेका वृद्धहरु र साना नानीहरु असंख्य छन् र जतातते छन् । हुन् पनि दक्षिणमा १४ गा.वि.स.को प्राथमिक तथ्य संकलन गर्दा ६ गतेदेखि २६ गते बीच जम्माजम्मी सबादेखि डेढ किलोसम्म चामल बाँडिएछ । वर्षभरिको सबै अन्न नष्ट भएको, ती गाउँलेले २७ दिन कसरी बिताए ?– अनुमान गर्न सकिन्छ ।

बाढीले भिजेर कुहेको अन्न खाएर बाँच्नेहरु धेरै छन् । त्यसैले अधिकांश गाउँमा बिमारी छ । हैजाले नभेटेको हल्लामा सरकारले सबैको ध्यान केन्द्रित गर्न खोजे पनि झाडापखालाले मर्नेको संख्या दुई दर्जन नाघीसकेको छ ।

उत्तरतिर प्रशस्त राहत वितरण गरियो भन्ने अखबारी समाचारको कुनै तुक छैन । बरहथवा – ४ का केशव श्रेष्ठको राहत कार्डले यसको वास्तविकता बताउँदछ ।

क्षति पनि धेरै भएको र तुलनात्मक रुपमा संगठन शक्ति र चेतना ज्यादा हुँदाहुँदै पनि उत्तरतिरका जनताले राहत नपाएर बरहथवामा २ दिन र नयाँ रोडमा ५ घण्टासम्म दुई पटकसम्म चक्का जाम गरिसके । राहत सम्बन्धी अन्तरविरोध चर्कँदै गई प्रशासनले निर्दोष र निहत्था जनतामाथि गोली चलाएको घटना अझै ताजै छ । मर्ने त मरिहाले बाँचेकालाई गोली चलाएर समस्या समाधान खोज्ने जिल्ला प्रशासनलाई सरकारले संरक्षण दिएको छ भन्ने कुरा ८ गते प्रतिनिधि सभामा गृह मन्त्रीले दिएको बयानमा पनि झल्कन्छ ।



पीडित र अन्यौलग्रस्त जनताहरु

### उद्दारको जिम्मा

यस्तो जिल्ला प्राशासनलाई नै उद्दार गर्ने जिम्मेवारी दिइएको छ । उद्दार त ५ र ६ गते जनताले आफैं आफैं गरे, "राहत" वितरण भने उद्दार समितिको घेरामा कैद छ । उद्धार समितिमा पार्टीहरुको प्रतिनिधित्व नभएको होइन, तर विपक्षी पार्टीहरुको भनाइ छ– 'नीति स्वीकारियो भने पनि कार्यान्वयन हुँदैन ।"

बनाउनलाई सबै समिति बनाइएका छन् । अनुगमन समिति पनि छ, स्वास्थ्य र पुनरनिर्माण समिति पनि छन् तर नाम मात्रका । अधिकार सम्पन्न चाहिं नोकरशाहीहरुको छुट्टै समिति मात्रै छ । कांग्रेसलाई एकदलीय कार्य गर्न यहीमार्फत सजिलो हुँदोरहेछ । त्यसैले, उद्दार त्यहीं मात्र गरिन्छ, जहाँ मन्त्रीको निर्देशन हुन्छ, र कांग्रेसलाई फाइदा हुन्छ ।

यथार्थमा नोकरशाहीतन्त्रले यसै गरी कार्य गर्न रुचाउँदो रहेछ । अरु कुरा केही नभएर पनि कांग्रेसी नेता मन्त्रीहरु र संसदीय टोली आउँदा यिनीहरु पछि पछि हिंडेका छन्, तर वास्तविक बाढीपीडित क्षेत्रमा चाहिं यिनीहरु विरलै जान्छन् । फेरि, जिल्ला प्रशासकहरुले कांग्रेसी नेताहरुको "जी हजुरी" गर्ने अवसर प्रशस्त पाएका छन् । सर्लाही र रौतहटका बाढी पीडित क्षेत्र हेर्दा यस्तो प्रतीत हुन्छ कि त्यहाँ मेला लागिरहेछ । कांग्रेसी नेताहरु चढेका चिप्ला गाडीहरु मलङ्गवा– नयाँरोड, बरहथवा–बागमती र गौर–चन्द्रनिगाहपुर–बागमतीतिर प्रशस्त देखिन्छन् ।

### भ्रष्टाचार

जिल्ला उद्दार समितिको अर्को विशेषता छ– कयौं ठाउँमा भ्रष्टाचार गर्नेहरु रंगेहात पक्डिएका छन्, तर कुनै कार्वाही भएको छैन । कारण, भ्रष्टाचार गर्नेहरु कांग्रेसी हुन् । बलराको घटना यसको लागि उदाहरण हो ।

बरहथवामा गोली चल्ने स्थिति सिर्जना गर्नुमा यिनीहरुकै हात छ ।

राहत चुहावट धेरै प्रकारले भएका छन् । कांग्रेसको आपसी खिचातानी अनुरुप पालैपालोसँग उनीहरु "राहत" लैजान्छन् र उनीहरुका गुटहरुले चुनावलाई दृष्टिगत गरी बाँड्दछन् । एक क्विण्टल चामलमा २० देखि २२½ किलो सम्म कम हुन्छ । जिल्ला उद्दार समितिले आपूर्ति गर्दा एक क्विन्टल नै कागजमा लेख्छ, जनप्रतिनिधिहरु भने ७७ देखि ८० किलो मात्र वितरण गरिरहेका छन् । मन्त्री रामहरि जोशीलाई यी सबै सिकायत हामीले आफैंले गरेका थियौं । कुरा सबै स्वीकारियो तर केही पनि लागू भएन । बरहथवाका व्यापारीका कुहिएका चामल राहत सामाग्री बनेर वितरण भएका पनि पर्याप्त समाचारहरु छन् ।

### जरुरी तीन कामहरु

सर्लाही जस्ता बाढी पीडित जिल्लामा मुख्यतया तीन खालका काम छन् ।

एक, पुनर्वासको काम । जनको क्षति त भयो नै जमीन, घर, बाली र अन्न सबै गुमाएर शरणार्थी बन्न पुगेका एक खाले परिवार छन् । कर्मैयाको जिरायत, राजघाटको टेकानी, डंग्राही, शंकरपुरको लालबन्दीचौडी र हजारियाको मलाहा टोलका नागरिकका लागि तटबन्धले पनि समस्या हल गर्दैन । उनीहरुलाई पुनर्वास चाहिएको छ । पुनर्वासको व्यवस्था गर्नु पर्नेमा ऐलानी र नम्बरी दुवै खाले जमीनमा बसेका नागरिकहरु छन् । सर्लाहीको कर्मैया र रौतहटको क्याण्टिन बजारमा ऐलानीमा बस्नै सुकुम्बासी नै ज्यादा थिए ।

दोश्रो काम वा समस्या पुनर्निर्माणको छ । गिरिजा कोइरालाले भनेको "आदर्श गाउँ" ले पुनर्निर्माण चाहिं गर्दैन । विश्व बैंकसंग पैसा लिने कामको लागि भने सत्ताधारीको लागि यो राम्रो योजना हो, जसबाट गाउँका किसान पनि अब शहरका निम्न पूँजीजीवीहरु बिजुली–पानीको चर्को भाउमा चुसिए झैं चुसिने छन् ।

जन समस्याप्रति अलिकति पनि चासो राख्ने सरकार भए यतिखेर पुनर्निर्माण अभियानका लागि पूर्ण वा आंशिक रुपमा ध्वस्त भएका घर बनाउन एक मुष्ठ नगद सहायता, बिग्रेको जमीनलाई खेती योग्य पार्न एक मुष्ट ५ वर्ष निर्ब्याजी ऋण दिनु जरुरी छ । प्र.मं. कोषमा प्राप्त रकम "नगद" नै बाँड्न पनि सम्भव छ । भारततिर नगद बाँडेको पनि सुनियो । बालीयोग्य जमीन पुनर्निर्माण गर्न सरकारले समयमै पाइला

### "ऐसे अध्यक्षको क्या दवाई ? जुत्ता चप्पल और पिटाइ "

बाटो बन्द भएकाले दक्षिणी गाउँमा राहत पुगेको थिएन । साउन २२ गते बलरा गाबिसका लागि मलंगवाबाट ६ बोरा चामल पठाइयो । हरुनी चौधरी भन्ने घोडावालले घोडा मार्फत चामल पैठारी गरे । २२ गते राती चामल बलारा पुग्यो । त्यसमध्ये घोडावाललाई २ बोरा दिइयो, एक बोरा वाड.नं. ७ का सदस्य विश्वनाथ सिंह, एक बोरा गा.वि.स. अध्यक्ष राम बालक सिंह, र दुई बोरा १७ नं. इलाकाका सदस्य सूर्यकान्त मिश्र उर्फ ललन मिश्रलाई दिइयो । यी सबै जन प्रतिनिधि नेपाली कांग्रेसका हुन् ।

२३ गते रातमा सूर्यकान्त मिश्रको घरमा चामल पुऱ्याउँदा जनताले थाहा पाए र खोसे । २४ गते जुलूस निकाली "अध्यक्ष चोर" कुर्सि छोड़, "ऐसे अध्यक्षको क्या दवाई ? – जुत्ता, चप्पल और पिटाइ" भन्ने नारा लगाउदै गाउँभरि घुमेर दुई बोरा चामल प्रहरीलाई बुझाईदिए । तर आजसम्म यसबारे कार्यबाही भएको छैन ।

नचाल्ने हो भने मध्य तराईको अन्नको भण्डार कहलिएको सर्लाही अर्को वर्ष आफ्ना स्वजनहरुलाई भरणपोषण गर्न नसकेर सोमालियाका जस्ता भोकमरीग्रस्त दृश्यहरुले भरिने छ।

तेस्रो काम, बाढी डुबानमा परेका जनतालाई राहत दिनु पर्ने छ।

हाम्रो यहाँ "उद्दार" र "राहत" बारेमा पनि भ्रम नै देखियो। बाढीमा परेका, डुबान भएका ठाउँमा उद्दार कार्य गर्नु पर्थ्यो। दक्षिणी गाउँमा धेरै दिनसम्म उद्दार नै हुन सकेन। उत्तरतिर कयौं दिनसम्म घरले किचिएका लाशहरु झिकिएनन्। बाँचेकालाई केही किलो चामल बाँडिदिनुलाई राहत भनिँदैछ। यस दिशामा अहिलेसम्म जे जति भइरहेछ, त्यसलाई मानवीय दृष्टिले भन्ने हो भने "उद्दार" मात्र भन्नु पर्छ। हिउँदे फसल उत्पादन नहुन्जेल एउटा निश्चित नीति निर्धारण गरी निरन्तर खाद्यान्न दिनुपर्छ भने लत्ता, कपडा, औषधी र अन्य सुविधाको घोषणा गरिनु पर्छ, जसलाई "राहत" भन्नु पर्छ। यातायात र केही अन्य छुट बाढी पीडितलाई अनिवार्य रुपमा दिइनु पर्ने जरुरी देखिन्छ। बाढी पीडितको प्रमाण-पत्र बनाइदिएमा सक्कली र नक्कली छुट्याउन सजिलो पर्छ।

सं.ज.मो.का स्वयंसेवकहरुले पुनर्निर्माण अभियान संचालन गरी घर बनाउन श्रम-शक्ति उपलब्ध गराउने अभियान थालेकोमा अधिकांश घरमा किलाकाँटा किन्ने पैसा समेत नभएर घरहरु बन्न नसकेका धेरै पीडादायक अनुभवहरु उनीहरुले व्यक्त गरका छन्। यतिखेर राहत पनि सरकारबाट भन्दा गैर सरकारी संस्थाबाट मात्र भइरहेको छ भनेमा पनि त्यति अतिशयोक्ति हुँदैन।

## दक्षिण भारतीय सीमा-बाँध

सर्लाही र रौतहटका दक्षिणी गाउँहरुको समस्याभित्र भारतले पारिपट्टि बनाएको बाँध पनि ठूलो चिन्ताको विषय बनेको छ। सर्लाहीको दक्षिणका ४ ठाउँमा र रौतहटको पारि बैरगनियामा त्यो बाँध नफुटेको भए उत्तरभन्दा दक्षिण बाढीबाट बढी अक्रान्त हुन्थ्यो। भनिन्छ, त्यो बाँध बाढीले मात्र होइन, जनताले पनि भत्काए।

वर्तमान बाढीपछि त्यो बाँध बनाउन र थप ५ फिट उँचो पार्न भारत सरकारले रकम छुट्याइरहेको सुनियो। एकातिर त्यो बाँध "दश गजाबाट १४ कि.मी भित्र प्राकृतिक असर पर्ने गरी कुनै कार्य गर्न पाइँदैन" भन्ने अन्तर्राष्ट्रिय मान्यता विपरीत छ भने अर्कातिर वर्तमान बाढीले त्यसको उपस्थितिप्रति आपत्ति जनाएको तथ्यलाई हेरी उक्त बाँध हटाउन नेपाल सरकारले भारतसंग यथाशीघ्र कुरा गर्नु आवश्यक छ। त्यस क्षेत्रमा भारतीय जनताको पनि यसमा समर्थन रहने देखिन्छ।

## दीर्घकालीन उपाय

सर्लाही बागमतीबाट मात्र पीडित छैन, लखन्दी, कालीन्जोरले पनि यसलाई क्षतविक्षत पारेको छ। समग्र सर्लाहीलाई बाढी समस्याबाट मुक्त पार्न तात्कालीन मात्र नभएर दीर्घकालीन उपाय पनि खोज्नु जरुरी छ। सर्लाही जिल्लाका बागमती लगायत सबै नदीको बाढीलाई दृष्टिगत गर्दा नियमित बाँध Regulatad Damबनाएर सर्लाहीभरि फैलने गरी साना नहर मार्फत पानी वितरण गरिनु आवश्यक देखिन्छ। यस बारेमा जलस्रोत विशेषज्ञहरुका रायहरु बढी महत्वपूर्ण हुनेछन्।

बाढी पीडितलाई भविष्य त सपनाको कुरा भयो, वर्तमान उनीहरुको लागि असह्य घाउ बनेको छ। भित्रैबाट नियाल्दा उनीहरु पुरै लाभा र खरानी पालेर बसेका छन्। त्यो कहाँ, कतिखेर, कुन रुपमा विस्फोट हुने हो, भन्न सकिन्न। बरहथवाको जन आक्रोशले त्यसको पूर्व संकेत दिइसकेको छ। आज यति, अरु पछि। २०५० भाद्र

**- गिरिराजमणि पोखरेल,**

(तथ्य संकलनमा सहयोग गर्ने कमल बुढाथोकी, केही फोटो उपलब्ध गराउने डि.एन.राय प्रति आभारी छु- लेखक)

## "म मरें भन्दिनू !"

बरहथवा- ४ का महतोको घरमा पानी भरियो। ५ बच्चा र श्रीमती सहीत उनी छानामा गएर बसे। छानो पनि भत्किने थाल्यो। एक बच्चालाई बगायो। श्रीमती बच्चा लिन पानीमा पसिन् र बगिन्। पछि अरु सबैलाई बगायो। अन्तको बेलामा महतोले छानाबाट टर्चलाइट वरपर घुमाउँदै छिमेकीहरुलाई सुनाए -" म मरें भनिदिनु है।"

उनी बगेर २ किलोमिटर पर मुर्तिया-९ भागबानपुर पुगे। सिसौको एउटा रुख भेटे, समाते, तर त्यो बग्यो। अर्को रुख समाते, त्यो पनि बग्यो। धेरै रुखहरु यसरी बगाएपछि पछिल्लो त्यो रुख उनले समाउन पुगेछन, जुन रुखको आडमा उनकी श्रीमती र एक बच्चा पनि रहेछन्। बिहान उज्यालो भएपछि उनीहरु त्यहाँबाट उत्रे र बाँचे। ○

## डोरीको बँधाइले ज्यान गयो

कर्मैया ९ को ९ जनाको एउटा परिबारलाई बाढीले बगाउन आँट्यो। घरमूलीले एउटा डोरीमा बाँधिएर सबै जनालाई लहर लागेर आफू पछि पछि आउन भने र आफू अघि अघि लागी छेउ खोज्दै बढे।

तर पानीको छाल र बगेर आएका काठका मुढाहरु डोरीमा अल्झेर उनीहरु सबै बगे र मरे। ○

### यस वर्षको प्राकृतिक प्रकोपमा धन जनको क्षति कति भयो ? (सरकारी तथ्यांक)

| | | पीडित | | | क्षतिग्रस्त घर | | क्षतिग्रस्त | जनावर क्षति |
|---|---|---|---|---|---|---|---|---|
| | जिल्ला | परिवार | जनसंख्या | मृत्यु | पूरा | आंशिक | जमिन हेक्टर | संख्या |
| १. | बाग्लुङ | १२ | - | १ | ३० | ५ | १९ | - |
| २. | बाँके | - | - | १. | - | - | - | - |
| ३. | बारा | ४९३ | - | २ | ६३ | ४१ | ३४ | - |
| ४. | चितवन | ५२९३ | ३४९४३ | २२ | २२०० | ६१३ | १५२२ | १०१२ |
| ५. | धादिङ | ७७७ | २३८२८ | २४ | ३७५ | २१९ | १०१८ | ३२१ |
| ६. | धनुषा | १०४५ | ६७४० | - | ४९ | २५० | ३४ | १७ |
| ७. | दोलखा | - | - | - | - | ३० | १ | - |
| ८. | डोटी | - | - | १ | - | - | - | २२ |
| ९. | गोर्खा | २८ | - | - | २१ | - | १२ | - |
| १०. | झापा | - | - | - | १८ | ११ | १ | - |
| ११. | कैलाली | - | - | २ | - | - | १०६ | - |
| १२. | कास्की | - | - | १ | - | - | - | - |
| १३. | काठमाडौ | १० | | २ | ८ | - | ३ | - |
| १४. | काभ्रे | १९४९ | ८९७६ | २० | ८३ | ७८४ | ५८३ | ५८ |
| १५. | खोटाङ | - | - | १ | ३० | - | - | १०० |
| १६. | ल. पु. | - | - | ६ | ५७ | ५१ | १३५ | - |
| १७. | लम्जुङ | - | - | - | १ | ५ | - | - |
| १८. | महोत्तरी | १३ | - | ८ | - | - | - | - |
| १९. | मकवानपुर | १२९७५ | १०१२८२ | २४१ | १०४७ | ५१० | २०४२ | ६६५ |
| २०. | मोरङ | - | - | - | - | - | ५ | - |
| २१. | ओखलढुंगा | ७६ | - | - | २५० | ३१५ | ५५० | १०४ |
| २२. | पाल्पा | - | - | १ | - | - | - | - |
| २३. | पाँचथर | १११५ | ५५७५ | २२ | १३ | १६४ | १५२ | २३ |
| २४. | पर्सा | - | - | २ | २८ | १०७ | ८२ | १०४ |
| २५. | रामेछाप | - | - | ३ | २९९ | ३४५ | ४९८ | १२८ |
| २६. | रौतहट | १४६४४ | ८९१४६ | १११ | १९७३ | ४४४१ | १३६६ | ३२११ |
| २७. | सर्लाही | १५५६० | ८३२६५ | ६०१ | ७०६६ | ८४९४ | २५९६६ | १७७३६ |
| २८. | सिन्धुली | ११०५१ | ५९१४२ | ५२ | १२०४ | १३१४ | १९०० | १९३० |
| २९. | सिन्धुपाल्चोक | ५९ | ३७४ | - | ३ | १३ | १२ | - |
| ३०. | सिराहा | ११४५ | २८८०६ | - | ८० | ८५२ | ५५६ | २० |
| ३१. | सोलुखुम्बु | - | - | - | - | - | - | - |
| ३२. | तनहुँ | - | - | २ | ३ | - | ५ | - |
| ३३. | ताप्लेजुङ | ८११ | ३१८४ | २८ | ९३ | १ | १६६ | ३ |
| ३४. | तेह्रथुम | - | - | २ | ४५ | - | ४६ | ५४ |
| ३५. | उदयपुर | ३१८ | १५९० | १ | ० | - | ११५ | - |
| | कुल जम्मा | ६७३७४ | ४४६८५१ | ११५७ | १५०२९ | १८५६५ | ३६९२९ | २५५०८ |

स्रोत: गृह मन्त्रालय: २०५० भाद्र २५ (यसमा अन्न, सडक, बाँध, सार्वजनिक भवनहरु आदि समेतको हिसाब थप गरी सरकारले कूल रु. ४,८७,३७,२८,७०४।- को क्षति भएको देखाएको छ।)

# बरहथवा गोलीकाण्ड

## राहत माग्ने जनतालाई गोली

# युवाहरुको भित्ते पत्रिका "युग सम्वाद" द्वारा भ्रष्टहरुको भण्डाफोर गरिएपछि ...

**२०५० भाद्र ७ गते**

सर्लाही जिल्लाको मध्य दक्षिणमा पर्ने बरहथवा बजार प्रहरी आतंकको क्रिडास्थल बन्यो । साँझ झण्डै पौने ६ बजे एक घण्टासम्म एकतर्फी युद्ध भयो । हाट भर्न आएका जनता र राहत नपाएका बाढी पीडितको एक विशाल भीडमाथि ६६ फायर गोली चलाइयो । ४ जना घटनास्थलमै ढले । त्यसमध्ये बिजय महतो र कपिलि सिंहको मृत्यु भएको सरकारले स्वीकारीसकेको छ । प्रत्यक्षदर्शीहरु अन्य २ वा ३ का लाश प्रहरीले गायब गरेको बताउँदछन् । गोली लागेका तीन जनाको उपचार चलिरहेछ ।

## घटनाको पृष्ठभूमि

श्रावण ३१ गते देखि "राहत" नपाईरहेका बरहथवा- ४ का सबभन्दा धेरै बाढी पीडित जनताले भाद्र ४ गते "चक्का जाम" गरे । सर्बदलीय सक्रियतामा ५ दिन भित्र माग पूरा गर्ने शर्तमा भाद्र ५ गते "चक्का जाम" टुट्यो । "चक्का जाम"लाई बरहथवाको प्रस्तावित युवा क्लवले समर्थन दिएको थियो । अधिकांश १५/१६ बर्षे युवाहरु रहेको यस क्लबले "युग सम्बाद" नामको भित्ते प्रकाशन मार्फत राहतमा भ्रष्टाचार र अनियमितता गर्नेहरुको भण्डाफोर गरिरहेको थियो । वीरगंजका मारवाडी सेवा ट्रष्ट, उद्योग वाणिज्य संघ, नेपाल जैन समिति आदि संस्थाका राहत सामग्री र कूपनहरु वितरण गर्ने अवसर पाएका जगदीश राय र अक्षलाल शाहले बरहथवा- ४ का बाढी पीडितहरुलाई कुपन वितरण नगरेको र कम प्रभावितलाई वितरण गरेको आरोप थियो ।

४ नं. क्षेत्रका जनता र क्लबका युवाहरु एवं जगदीश राय र अक्षलाल बीच यसबारेमा अन्तरबिरोध चर्किसकेको थियो । यो अन्तरद्वन्द भनेको बरहथवा गाविस र बजारमा शक्तिमा रहेका त्यस्ता मानिसहरुको एउटा जत्थासंग जनता, वामपन्थी पार्टी र इमान्दार कांग्रेसीहरुको पनि अन्तरद्वन्द थियो । त्यस जत्थामा नयाँ पुराना अध्यक्षहरु, जनमुखी कम र नाफामुखी चरित्र ज्यादा भएका जनप्रतिनिधिहरु, दुई नंबरी व्यापार गर्ने र दलालहरु, यिनीहरुका चम्चाहरु, कमिशन खाने बैंकका भ्रष्ट व्यक्तिहरु र बरहथवा इलाका प्रहरी कार्यालयका अधिकृत पनि पर्दछन् ।

बिगतमा पंचायतकालका पंचहरु, हालमा स्वतन्त्र कहलिएका तर चरित्रमा दलाली, चम्चागिरी गर्ने, यस बरहथवा काण्डका कारणी जगदीश राय र अक्षलाल, त्यही जत्थाका सदस्य थिए । यस जत्थाले बैंक र व्यापारीको मिलिभगतमा बैकिंग गरिएको कुहेको ५१ क्वीन्टल चामल (जसको बजारभाउ रु ९।-छ ) श्रावण ७ गते बाढी पीडितहरुलाई वितरण गरी सट्टामा पोखरेली चामल (बजार भाउ रु १६।-) लिने प्रयत्न गर्दा विफल हुनु पर्‍यो । रेडक्रसद्वारा वितरित भाँडा र प्लाष्टिकमाथि पनि प्रारम्भमा यिनीहरुले नै एकलौटी र राजनीतिकरण गरे । सर्बदलीय उद्वार समिति बने पनि लामो समयसम्म वितरित राहत सामग्रीको हिसाब सार्वजनिक गरेनन् । "चक्काजाम" पछि सार्वजनिक गरेको हिसाबमा सं.ज.मो.का कार्यकताहरुले विरोध गरिरहेका थिए ।

## अन्तरद्वन्द गोलीकाण्डमा कसरी बदलियो ?

चक्काजाम र भण्डाफोरबाट क्रुद्ध भएका जगदीश रायले ४ नं. वार्डका केही मानिस र क्लबका सदस्यहरुलाई सार्बजनिक स्थलमा ६ गते आमाचकारी गाली गरेछन् । गाली गरेको सुनेर आक्रोशित भएका युवाहरुले जगदीश र अक्षलाल ७ गते बिहानै भाग्दैछन् भन्ने सुनि इलाका प्रहरी कार्यालयमा जानकारी गराए । प्रहरीबाट कुनै प्रतिकृया नआएपछि किरण श्रेष्ठ, लुचन नेपाली र शंकर रोक्का भन्ने युवकहरुले उनीहरु चढेको गाडी इलाका प्रहरी कार्यालय सामुन्ने रोके र छलफल (पंचायती) गर्न बोलाए । युवकहरुले गाडीबाट उतारेकोमा आफ्नो प्रतिष्ठामा आँच पर्न गएको "अहं"बाट ग्रसित जगदीश रायले पंचायती गर्नुअघि इन्स्पेक्टर बालकृष्ण चौधरीसंग गोप्य मन्त्रणा गरे । पंचायतीमा माथि उल्लेखित जत्थाका सदस्यहरुकै वाहुल्यता रहेकोले दोष जति तिनै युवकहरुमाथि थोपरियो । साथै जगदीश रायले जोर-जबरजस्ती गाडीबाट उतारेको भनी युवकहरुमाथि तत्कालै जाहेरी दियो ।

यसपछि घटनाक्रम भिन्नै ढंगले बिकास भयो । इस्पेक्टरले-तीनै जना युवकहरुलाई गिरफ्तार गरी हिरासतमा लिई हिराशतमै दुईतिर हात पक्रन लगाई निर्मम प्रकारले यातना दिए । लठ्ठीले पेटमा घोच्ने कार्य गरे । यसबाहेक फलामको छडले र धारिलो हतियारले किरण श्रेष्ठको पाखुरासहित ४ ठाउँमा र अरुको एक एक ठाउँमा चिरीदिए । १८-२० वर्ष मुनिका यी कलिला युवकहरुको हिरासतभित्रको यातनाले गर्दा क्रन्दन र रुवाइ बाहिर सुनियो ।

राजनैतिक पार्टीले थाहा पाई कार्यकर्ताहरुको सर्वदलीय प्रतिनिधि मण्डल बनाएर प्रहरी अधिकृतसंग कुरा गरी उनीहरुलाई छुटाए । यसअघि जगदीश राय त्यहाँबाट भागिसकेका थिए भने अक्षलाल इलाका प्रहरी कार्यालयमै थिए ।

रिहा भएका युवकहरु सर्वदलीय प्रतिनिधिमण्डल देख्ने वित्तिकै रुन थाले । किरण श्रेष्ठले पेट दुखेकाले विस्कुट र दूध पनि खान सकेनन् । करीव ३.५ घण्टाको हिरासतभित्रको यातना पाएका किरण श्रेष्ठ प्रतिनिधि मण्डलसामु मुर्छा परे । स्थानीय चिकित्सक अजय कुमार मिश्र र क्याम्पका सैनिक डाक्टरको सिफारिसपछि तत्कालै बरहथवा पुगेका डि.एस.पी.को गाडीबाट किरण श्रेष्ठलाई उपचारार्थ मलंगवा पठाइयो । यतिखेर दिनको १२ बजीसकेको थियो ।

त्यो दिन हाटको दिन थियो । युवकहरुलाई यातना दिइएको र बाहिर उपचार गर्न पठाएको समाचार चारैतिर फैलियो । यस समाचारबाट बरपर तुरुन्तै सनसनी फैलियो । बजार र हाटका जनता ईलाका प्रहरी कार्यालय पुगे । त्यसमा बाढी पीडित पनि थिए । जन आक्रोश उर्लियो ।

कि इन्स्पेक्टर बालकृष्ण चौधरीलाई गिरफ्तार गरियोस्, कि उसले सार्वजनिक रुपमा माफी माग्नु पर्छ भन्ने माग हुन थाल्यो । सर्वदलीय प्रतिनिधि मण्डल र जनतासामु डि.एस.पी.ले इन्स्पेक्टरलाई माफी मगाउने कबूल गरे, तर सकेनन् । डि.एस.पी.ले जति जति समय ज्यादा लिन थाले, जनताको भीड झन उत्तेजित हुन थाल्यो । कुनै पनि

### प्रत्यक्षदर्शी युवराज मैनाली के भन्छन् ?

## गोली लागेका दुई मान्छे थिए

**० भाइ कति वर्षको भयौ ?**
- १३ वर्ष ।

**० घर कहाँ ?**
- पिपराभित्ता ।

**० कतिमा पढ्छौ ?**
- पांचमा

**० गोली चल्दा कहाँ थियौ ?**
- प्रहरी कार्यालयभित्र ।

**० कसरी प्रहरी कार्यालयभित्र पुग्यौ ?**
- कपडा किन्न बजार आएको थिएं । थानामा झगडा भएको सुनेर हेर्न गएं । थाना अगाडि सबै मानिस बस्ने ठाउँमा म पनि थिएं । गोली चलेपछि अत्तालिएर कता भागौं, कता भागौं हुदा प्रहरी कार्यालयभित्र पुगेछु । त्यहाँ झ्यालनेर लुकेर हेरिरहें

**० प्रहरी थिएनन् ?**
- थिएनन्, सबै सडकमा थिए । एउटा चाहिं छतमा थियो, पछि भाग्दा देखें ।

**० सडकमा के गर्दै थिए ?**
- गोली चलाउँदै थिए ।

**० कति गोली चलाए ?**
- धेरै गोली चल्यो ।

**० तिमीले के देख्यो त?**
- दुईटा गोली लागेका मान्छे ल्याए र बीचको कोठामा लगे ।

**० मरेका थिए कि बाँचेका ?**
- खै मरेका जस्ता थिए । घिसार्दै ल्याका थिए । लाश होला । कोठामा फ्यालेर गए ।

**० लाश कस्ता थिए ?**
- एउटाले प्यान्ट सर्ट लाको थियो । अर्को धोती लाको जस्तो लाग्छ ।

**० अनुहार देख्यौ ?**
- याद छैन ।

**० पहाडे, मधिशे कस्ता थिए ?**
- एउटा मधिशे जस्तो लाग्छ ।

**० तिमीलाई पक्रेन ?**
- म त्यसपछि पछाडिबाट पाईपकालतिर गएं । ल्याटीनतिरबाट भागें ।

**० पुलिसले देखेनन् ?**
- देखेको भए त मारीहाल्थे नि ।

राजनैतिक पार्टीद्वारा नेतृत्व नगरिएको जनसमूहले स्वतस्फूर्त कारबाही गर्न थाल्यो । फण्डै ४ घण्टा बित्यो । तर पनि माफी मगाउने काम भएन । जनताको धैर्यले सीमा नाघ्यो । जनताले दबाब दिन इलाका प्रहरी कार्यालयमा ढुंगा हिर्काउन थाले । स्थिति चर्को भएपछि एक पटक इन्स्पेक्टर बाहिर निस्किए । तर माफी नमागी तुरुन्तै भित्र पसे । जनता अझ आक्रोसित भए ।

यति नै खेर एक ट्रक प्रहरी थपिएपछि डि.एस.पी.ले दमन गर्ने आदेश दिए । इलाका कार्यालयभित्र रहेकालाई त्यहीं थुनियो । बिना लाठी चार्ज, अश्रु ग्यास र पूर्व सूचना, केही हवाइ फायरपछि ताकी ताकी गोली चलाइयो । झमक्क साँझ नपरुन्जेल गोली चलीनैरह्यो । इलाका कार्यालयबाट सडकमा आएर उत्तर र दक्षिणतिर थुप्रै गोली चले । ६६ राउण्ड गोली चल्यो ।

थ्रिनटथ्रि को प्रहारबाट एक मिनेटभित्रै प्राणान्त हुन पुगेका कपिलि सिंहलाई करीब ५० फिटको दूरीमा दक्षिण पश्चिमतिर गोली लाग्यो, विजय कुमार महतोलाई करीब १५० फिटको दुरीमा उत्तरतिर । पिपराभित्ता १३ वर्षे युवराज मैनालीले हिरासतभित्र २ वटा लाश आफ्नै आँखाले देखेका थिए । सडकबाटै एक जना १०/१२ बर्षको बच्चाको लाश प्रहरीले लगेको देख्नेहरु पनि छन् । इलाका प्रहरी कार्यालयको भान्छाघरमा लुकाइएका लाशहरुलाई राती १२ बजे लैजाँदा ४ वटा थिए भन्ने निकटबर्ती प्रहरी- सूत्र पनि नभएका होइनन् ।

विजय महतोबाहेक सबैको लाश प्रहरीले बेपत्ता पारे । गोली लागेका राजकुमार महतो (बरहथवा), शिवप्रसार घिमिरे (जानकीनगर) र भूपेन्द्र ठकुरी (शंकरपुर) को वीरगन्जमा उपचार भइरहेछ ।

स्मरणीय छ, जसलाई गोली लागेको छ, तिनलाई भाग्दै गर्दा पछाडिबाट गोली लागेको छ । विजयकुमार महतोलाई पछाडिबाट टाउकोम गोली लागेको छ भने कपिलि सिंहलाई पछाडिबाट कम्मरभन्दा माथि, घाइते शिवकुमारलाई पछाडिबाट कुममा र भुपेन्द्र ठकुरीलाई ढाडमा । यसले देखाईरहेछ - भाग्दै गरेकालाई गोली हान्नु हुन्न, पछाडिबाट गोली हान्न हुन्न, घुँडामाथि हान्नु हुन्न भन्ने कानूनलाई बरहथवामा प्रहरीले धूलोमा मिलाएका छन् ।

## विजयको लाश जनताको कब्जामा

चिकित्सक अजय मिश्रको घर सामुन्ने ढलेका विजय महतोको लाशलाई संयुक्त जन मोर्चाका कार्यकर्ताहरुले कब्जा गरी रातभरि हजारीयामा जनताको पहरेदारीमा राखे । भोलिपल्ट अविरल बर्षाका बाबजूद बजार परिक्रमा गराई दाह संस्कार गरियो । यसको अगुवाई किसान आन्दोलनको नेतृत्व गर्दै आउनु भएका चित्रबहादुर आले लगायत स्थानीय नेताहरुले गर्नु भएको थियो । दाह संस्कारपछि गरिएको सभामा विजय महतो लगायत पुलिसद्वारा मारिएका सबैलाई शहीद घोषणा गरियो । लाश प्राप्त गरेदेखि अन्त्यसम्म आफ्नने एक मात्र छोराको मृत्युबाट मर्माहत भएकी विजयकी आमा पनि सँगै हुनुहुन्थ्यो । जनता शहीद गंगा उच्च मा.वि. कक्षा ८ मा अध्ययनरत विजय महतो १५ बर्षका थिए ।

४ वटा केटाकेटी र पत्नी सहितका घरमुली ३५ वर्षीय कपिलि सिंहलाई नजीकका भतिजा खोजी मलंगवामा प्रहरीको घेरामा त्यसै गरी जलाइयो, जसरी पंचायतकालमा राजनैतिक हत्यापछि जलाइन्थ्यो ।

## सरकारी समाचार सुनेर रेडियो नै फुट्यो

भदौ ८ गते प्रतिनिधि सभामा गृहमन्त्रीले दिएको बयान जब राति रेडियोबाट प्रशारण भयो, बरहथवा बजारमा बस्ने एक जना नागरिकले झुठ समाचार प्रशारण गर्ने आफ्नै रेडियो भुईमा बजारेर फुटाए । बरहथवा गोली काण्ड सम्बन्धी सरकारी बयानको सच्चाइ बुझ्न यो घटना नै प्रयाप्त छ ।

गृहमन्त्रीले जगदीश र अक्षलाल मात्र होइन, बालकृष्ण चौधरीलाई खुल्लमखुल्ला बचाएका छन् । जगदीश र अक्षलाललाई गाडीबाट ओराल्दा कुनै जबरजस्ती नभएको बयान दिनेमा त्यही बस चढ्ने बरहथवा निवासी थुप्रै नागरिक छन् । जोरजबरजस्ती गर्न कसैले इलाका प्रहरी कार्यालयको सामुन्नेमा बस रोक्दछ ? इन्स्पेक्टरलाई माफी माग्न जनताले ५ घण्टा भन्दा बढी समय दिएका छन् । जुन गाडी "राहत" का लागि प्रयोगभयो भनिएको छ ,यथार्थमा त्यो प्रहरी ओसार्न प्रयोग भएको छ र जुनगाडीमा आगो लाउन खोज्दा गोली हानियो भनिएको छ, मृतक विजय महतो गाडीभन्दा ५० फिट टाढा ढलेका छन् । उनको शरीरबाट बगेको रगत यतिन्जेल पानीले बगाए पनि चिकित्सक अजय मिश्रको घर परिवार लगायत थुप्रै मानिसहरुले यो दृश्य देखेका छन् । झुठ बोल्नमा गोएबल्सलाई पनि उछिनेको गृहमन्त्रालयले बनाएको छानबीन टोलीलाई यस स्थितिमा कसले विश्वास गर्ने ?

## निर्दोषहरु काठघरामा – अपराधीहरु फरार

जगदीश राय र अक्षलाल

# ए साले हान-गोली !

**-शुभद्रादेवी काफ्ले**

५८ बर्षिया शुभद्रादेवी काफ्लेको बरहथवा बजारमा होटल छ । उहाँ भन्नु हुन्छ-" रातिको खानाको लागि तरकारी केलाउँदै थिएँ । गोली चलेको सुनें । छोरा प्रहरी कार्यालयतिर थियो । डर लागेर हेर्न गएँ । गोली चल्दै थियो । म अगाडि बढ्दै गएँ । पुलिसले डर देखाएर यता नआइज भन्न थाल्यो । अन्तिम कठघरामा पग्दा थानाको दक्षिण पश्चिम भागमा एउटा मान्छे ढल्यो । म हेर्दै थिएँ । गोली लागेपछि त्यसले अलिकता टाउको उठायो, त्यसपछि ढल्यो । लडेपछि उठेन । त्यो मान्छेले धोती लाको, लठ्ठी टेकेको र हातमा झोला बोकेको थियो । पुलिसले मलाई टाढैबाट "छेउ लाग्" भनेर संकेत गऱ्यो । मैले छातितिर देखाउँदै "ए साले । सक्छस् भने हान गोली !" भन्दै अगाडि बढें । उनीहरु उत्तरतिर फायर गर्न थाले । यताको लाश देखेका रहेनछन् । पछि देखेर घिसार्दै लगे । म एक्लै थिएँ । बुढी मान्छे, लाश तान्न सकिन । गोली चलिरहेकै बीचमा मलाई तानेर तिर्थ घिमिरेले घरभित्र लगे ।

२२ पेजको बाँकी

गर्नु पर्दछ, त्यो कुराको ऐतिहासिक सन्दर्भ र क्रमिकताको पृष्ठभूमिमा नै गर्नुपर्छ । कुनै भविष्यको मापदण्डबाट त्यसको मूल्याङ्कन गर्नु सरासर अन्यायपूर्ण हुन जान्छ । जस्तो, मानौं, खगेन्द्र संग्रौलाजीकै कृतिहरुको, साहित्य सिर्जनाको मूल्याङ्कन गर्नु पऱ्यो । यसमा के भविष्यको मापदण्ड प्रयोग गर्नु न्यायपूर्ण हुन्छ ? कदापि हुन्न । संग्रौलाजीले समाजको कुन ऐतिहासिक समय परिस्थितिमा आफ्ना कृतिहरुको सिर्जना गर्नुभयो ? कुन साहित्यिक विकासको स्तरको ऐतिहासिक पृष्ठभूमि र सन्दर्भमा आफ्नो साहित्यको सिर्जना गर्नुभयो - त्यसैको सन्दर्भमा मात्र संग्रौलाजीका कृति र साहित्यको प्रगतिशीलताको सही मूल्याङ्कन हुन सक्छ । भविष्यमा नेपालको साहित्यिक विकासले अर्कै चुचुरो छोला, अर्कै उचाइ हाशिल गर्ला । त्यो भावी उँचाइका आधारमा संग्रौलाजीको साहित्यिक सिर्जनाको प्रगतिशीलताको मूल्याङ्कन गर्नु संग्रौलाजीप्रति सरासर अन्याय गर्नु हुन्न र ?

यही कुरा हरेक वस्तुलाई ठोस रुपमा र ऐतिहासिक विकास क्रममा मूल्याङ्कन गर्दा लागू हुन्छ । नेपालमा २०४७ सालमा बहुदल आउनु प्रगतिशील थियो कि थिएन भन्ने ऐतिहासिक घटनाक्रमको सवालमा पनि यही मापदण्ड लागू हुन्छ । पारिजात र हृदयचन्द्रसिंह प्रधानको साहित्यको मूल्याङ्कन गर्नु पऱ्यो भने पनि भविष्यको मापदण्डको प्रयोग गरेर यसो गर्नु न्यायपूर्ण हुन्न । हामी तात्कालीन ऐतिहासिक समय, परिस्थिति, तात्कालीन सन्दर्भ र पृष्ठभूमिमा नै जानु पर्ने हुन्छ । मार्क्सको पालामा साम्राज्यवादको विकास भएको थिएन । यो लेनिनको पालामा विकसित भयो । अब के मार्क्सले साम्राज्यवादको व्याख्या नै गर्न सकेनन् भनेर मार्क्सको कृतिलाई अप्रगतिशील वा पछौटे ठान्नु न्यायपूर्ण हुन सक्छ ? के भविष्यको मापदण्डबाट मार्क्सकै कृतिको वस्तुवादी र न्यायपूर्ण मूल्याङ्कन हुन सक्छ ? कदापि हुन्न ।

द्वन्द्ववादले प्रत्येक कुरालाई ठोस रुपमा र ऐतिहासिक विकास क्रममा मूल्याङ्कन गर्दा तात्कालीन समय र परिस्थिति, तात्कालीन ऐतिहासिक सन्दर्भसितै जोडेर हेर्न सिकाउँछ । किनकि द्वन्द्ववादका अनुसार हरेक वस्तु गतिशील छ र त्यो गति समय र परिस्थितिकै सम्बन्धमा हुन्छ । त्यसैले यसले मार्क्सका विचारको मूल्याङ्कन लेनिनको समयको छडीबाट गर्न सिकाउँदैन । बुद्धका विचारको प्रगतिशीलताको मूल्याङ्कन आइन्स्टाइनको समयको मापदण्डबाट गर्न सिकाउँदैन । यस्तो भविष्यको मापदण्ड त फगत अधिभूतवादले मात्र गर्न सिकाउँछ, किनकि त्यसले मात्र घटना र वस्तुलाई स्थिरतामा हेर्न सिकाउँछ । मार्क्सले बाँचेको समय र लेनिनले बाँचेको समयमा बुद्धले बाँचेको समय र आइन्स्टाइनले बाँचेको समयमा, परिस्थितिमा हावापानी र भौगोलिक हेरफेर बाहेक केही अन्तर भएको छैन । - यस्तो गलत दृष्टिकोण त खालि अधिभूतवादले मात्र राख्न सिकाउँदछ । त्यसैले वस्तु र समय परिस्थितिलाई स्थिर मान्ने हुनाले अधिभूतवादले मात्र ऐतिहासिक सन्दर्भ र समय परिस्थिति भन्दा अलग्ग वस्तुको प्रगतिशीलता / अप्रगतिशीलताको मूल्याङ्कन गर्न सिकाउँछ । यस्तो मूल्याङ्कन सही, वैज्ञानिक र यथार्थसम्मत हुँदैन ।

शाहलाई पलिसले मलंगवा हुँदै भारतको सोनबर्षामा पुऱ्याएको छ । स्मरण रहोस् अक्षलाल साँझसम्मै प्रहरी कार्यालयमा थिए । ७ गते राती १२ बजे करीब ४ बटा गाडी प्रयोग गरी लाश र बालकृष्ण चौधरीलाई बरहथवाबाट भगाइयो ।

९ जना गिरफ्तार गरिएका छन् । इन्दु शर्मा (१८ वर्ष), पार्वती रोका (१७),दानु ठकुरी (१४), यी युवतीहरु गोली चल्नुपूर्व इन्स्पेक्टरलाई माफी मगाउन प्रहरी कार्यालयमा गएका थिए । देवेन्द्रनाथ शर्मा (२५), दिवाकर (१४), विजय शाह (१५), देववहादुर राना (२०), शंकर अधिकारी (१९) आदि युवाहरुका प्रतिनिधि थिए । राजु श्रेष्ठ लगायत यी सबै निर्दोष युवा युवतीलाई उक्त गोलीकाण्डको निहुँमा फसाउने षडयन्त्र गरिएको बुझिन्छ ।

## जनताको एउटै माग: अपराधीहरुलाई कारवाही गर - गोलीकाण्डको छानवीन गर !

अलग अलग प्रसंगमा गएपनि संयोगस्वरुप सर्वदलीय जस्तो देखिन गएको उपसभामुख महन्थ ठाकुर,ने.का. सांसदहरु शैलजा आचार्य, मिना पाण्डे,सं.ज.मो. सांसद लिलामणि पोखरेल,लगायत एमाले र सं.ज.मो.का प्रतिनिधिहरुले स्थानीय प्रहरी, प्रशासन र जनतासंग संयुक्त रुपमा बयान लिने र तथ्य संकलन गर्ने काम गरेका छन् । जनताको एउटै भनाइ -"जगदीश र अक्षलाल समाजका सडेगलेका तत्व हुन, बालकृष्ण चौधरी गोली काण्ड नित्याउने अपराधी हुन, यी सबैलाई कारवाही गरी गोलीकाण्डको छानबिन हुनुपर्छ " भन्ने रहेको थियो ।

श्रावण १० गते संयुक्त जनमोर्चा, सर्लाहीले गोलीकाण्डको विरोधमा सभा आयोजना गरी ७ वटा माग राखेको छ, जसमा जगदीश र अक्षलाललाई तुरुन्त कारवाही गर्नु पर्ने, इन्स्पेक्टर चौधरीलाई निलम्बित गरी कारवाही शुरु गर्नु पर्ने, गोली काण्डको न्यायिक छानवीन गर्न सर्वपक्षीय आयोग गठन गर्नु पर्ने, घाइतेको उपचार र गिरफ्तारहरुको रिहाइ हुनुपर्ने, मृतकका परिवारलाई सहायता स्वरुप रु.१ लाख दिनुपर्ने र पुलिस हिंसाद्धारा मारिएकालाई शहीदको सम्मान दिनु पर्ने माग छन् ।

मानव अधिकारवादी संघ संगठन र जनस्तरबाट छानवीन गरी बरथहवा गोलीकाण्डको पोष्टमार्टम गर्न आवश्यक छ । ●

पढ्नुहोस् -
विश्वभूमि
नेपाल भाषा दैनिक

# राहतलाई दायित्व हैन, "दया" ठानिँदैछ




सामान्य स्थितिमा त जनताहरु येनकेन प्रकारले जीउने प्रयत्न गरीरहेका हुन्छन् नै । आफन्तहरु वा सरकारको विशेष सहयोगको जरुरी त्यतिखेर पर्छ, जब उनीहरुले असामान्य संकटको सामना गर्नु पर्ने हुन्छ । घोर-संकटबाट तत्काल उद्धार गर्ने र बाँचेका जनताहरुलाई आत्मनिर्भर हुन नसकुन्जेल राहत पुऱ्याउने कार्य कुनै पनि सरकारको स्वाभाविक दायित्वको कुरा हो ।

यसपालीको बाढी पहिरोको प्रकोपबाट पीडित जनताहरुको उद्धार र राहत कार्यमा सरकारले जे जति कामहरु गऱ्यो, तिनीहरुमा पंचायती कालको भन्दा कुनै उन्नत स्तर प्रदर्शन हुन नसकेको कुरा ठाउँ ठाउँका स्थलगत विवरणहरुबाट पुष्टी भएको छ । हाम्रो अध्ययनमा राहत कार्यमा सरकारको मूल रवैया यस्तो रहेको छ :

o काम गरिएको ... भन्दा छिटो र बढाई चढाई गरी अन्... जनतालाई भ्रम दिने र ... क्षेत्रमा भने काममा कुनै ... नअप्नाउने ।

o "राहत ... दायित्वको रुपमा हैन पीडितह... "दया" को रुपमा सरकारले ... । शारीरिक र मानसिक रुप... जनतालाई ४०० ग्राम चामल लिन १५ कि.मि. को दूरीसम्म दैनिक हिंडाउने, आफूले नाम लिष्ट अध्यावधिक नराख्ने, उल्टो लिष्ट मिलेन भनी पीडितहरुलाई हकार्ने, सिकायत गरेमा धम्की दिने जस्ता घटनाहरु असंख्य पटक दोहोरिएका छन् ।

o पीडितहरुमाथि धूर्त्याईपूर्ण व्यवहार गर्ने । शिविरहरुमा कम सुविधा र बढी हण्डर दिने, ता कि - उनीहरु दिक्क भएर गाउँतिरै फर्कियून् ।

o सबै पार्टीको सहभागिता जुटाए जस्तो मात्र गर्ने तर काम भने आफ्नै स्वार्थ अनुरुप गर्ने । विपक्षी पार्टीका मानिसहरुलाई राहत कार्यको सिलसिलामा नचाहिने कुरामा पनि दु:ख दिने । विपक्षीहरुले स्थानीय चुनाव जितेका ठाउँमा राहत कार्यलाई उपेक्षा गरी विपक्षीहरुलाई बद्नाम गर्ने र दमनकारी, भ्रष्टाचारीहरुलाई प्रोत्साहन दिने ।

o हरेक शिविरमा एक एक विरामी ओसार्ने छुट्टै गाडी, पानी ट्यांकी आदि मौजुद राख्नु पर्ने जस्ता साधारण कुरामा पनि सरकारको ध्यान नगएको कुराले समग्रमा राहतको नाममा सरकार कोष बढाई मात्र रहेको छ तर खासै "राहत" कार्यमा यसले गंभीरता अप्नाएको छैन भन्ने पुष्टी गर्दछन् ।

यसैबीच पीडित क्षेत्रहरुमा बाढी पहिरोको घटनाको लगत्तैपछिदेखि पटक पटक गरी पालुङ, भीमफेदी, रौतहट, सिन्धुली र सर्लाहीमा स्वास्थ्य सेवा पुऱ्याउन जानु भएका चिकित्साकर्मीहरु मध्ये केहीसंग हामीले राहत कार्यको स्थलगत स्थितिबारे कुराकानी गरेका थियौं ।

"सामाजिक उत्तरदायित्वको निम्ति चिकित्सकहरु" (PSRN) समेत संलग्न भई गठन भएको संस्था "प्रकोप रोकथाम तथा व्यवस्थापनको निम्ति स्वास्थ्यकर्मीहरु" मार्फत उहाँहरु जनस्तरबाट ती स्थलहरुमा जानु भएको थियो । यस संस्थाले गत साउन २९ र ३० गते काठमाडौं बसन्तपुर खुला चोकमा पीडित क्षेत्रबारे तस्वीर, पोष्टर र स्लाइड प्रदर्शनी पनि गरेको थियो ।

डा. महेश मास्के, डा. शरद वन्त, डा. श्री कृष्ण गिरी, डा. गोपी श्रेष्ठ र मेडिकल स्टुडेण्टहरु कृष्ण पन्थी, टंक बाराकोटी एवं नर्सेज दया जोशी र रनु राईसंगको सो कुराकानीमा उहाँहरुले राहतकार्य सन्तोषजनक नभएको गुनासो व्यक्त गर्नु भयो ।

ती स्थलहरुमा काम गर्दा उहाँहरुले सरकारी निकायहरुमा प्रकोप-व्यवस्थापन सम्बन्धमा अनुभव र ज्ञानको कमी रहेको र यसभन्दा पनि महत्वपूर्ण कुरा संबन्धित निकायहरुमा राहत पुऱ्याउनु पर्छ भन्ने प्रतिवद्धताको नै कमी रहेको अनुभव गर्नुभयो । स्थानीय संघ-संस्थाहरुको परिचालनमा कमी रहेको, सहयोग गर्न इच्छुक थुप्रै गैर-सरकारी संस्था (NGO) हरु हुँदाहुँदै पनि तिनलाई काम लगाउन सरकारले ध्यान नदिएको पनि उहाँहरुले पाउनु भयो ।

स्वस्थ्य भन्ने कुरा अरु राहतको स्थितिसंग पनि जोडिएको भएतापनि स्वास्थ्य संबन्धी छुट्टै राहत पुऱ्याउन सेवा केन्द्रहरुको विस्तार र तिनमा योजनाबद्धता कायम हुनु पर्ने अनुभव उहाँहरुको रह्यो ।

रौतहटमा ६ दिन बासी पाउरोटी बाँडिएर झन रोग थपिएको देखिएको जस्ता तीता स्मरणहरु पनि उहाँहरुले संगाल्नु भएको छ ।

पीडितहरुमध्ये कतिलाई शारीरिक रुपले केही नभएको देखिए पनि वाकवाकी लाग्ने, टाउको दुख्ने र मुटु दुखेजस्तो हुने लक्षणहरु थुप्रै देखिए । यी लक्षणहरु शारीरिक नभै आफन्तहरुको मृत्युले उनीहरुमा पैदा गरेको मानसिक पीडाको कारण उब्जिएका हुन र यी लक्षणहरु नीकट भविष्यमा अरु चर्कने संभावना भएको कुरा पनि चिकित्साकर्मीहरुले बताउनु भयो । ●

पृष्ठभूमि
साप्ताहिक पढनुहोस्

Always Remember Us For:

Water Turbine, Steel Structures & Workshop

Facility with Up to Date Machine

Complete Hydropower Generating Equipment, Trusses, Suspension Bridges, Steel Furnitures & Other Mechanical Engineering Works.

Please contact us for your service at:

Balaju Yantra Shala (P) Ltd

Balaju Industrial District
Balaju, Kathmandu. P.O.Box 209
Tel: 272147, 270894, Fax: 977-1-272379
Tlx: 2429 BYS NP

## मदन-आश्रितको भिसेरा र रगतको रिपोर्ट

# विषादि सुँघाएको आशंका

लण्डनस्थित बेलायती गृह मन्त्रालयको फोरेन्सिक प्रयोगशालामा क.मदन भण्डारी र क. जीवराज आश्रितको भिसेरा र रगतको परीक्षणपछि दासढुंगा घटना सम्बन्धमा थप रहस्यको उद्घाटन भएको छ।

प्रतिवेदन सिलबन्दी गरेर दिइएको छ र बाहिर सार्वजनिक गरिसकिएको छैन। तथापि, एक समाचार सूत्रका अनुसार परीक्षणको लागि लगिएको भिसेरा ९० दिन भन्दा पुरानो भएकाले त्यसको भरपर्दो वैज्ञानिक परीक्षण हुन संभव भएन। मुख्य रुपमा रगतको परीक्षण भयो।

रगतको परीक्षणबाट क.मदन भण्डारी र आश्रित दुवैलाई सुँघाउने प्रकारको विषादि प्रयोग भएको रिपोर्ट प्रयोगशालाले दिएको छ। रिपोर्ट शर्तवद्ध छ र त्यसमा "यदि रगतमा कीटाणुको संक्रमण भइसकेको छैन भने" भन्ने शर्तमा नतीजा दिइएको छ। ○

## खेतानको गिरफ्तारी

# के यो कमिशनतन्त्र विरोधी सरकारी अभियान हो ?

हंगकंग स्थित इण्डोस्वेज बैंकमा १९ लाख ७० हजार डलर रकम विना सरकारी स्वीकृति जम्मा भएको कुरा काकतालीवश राष्ट्र बैंकले बैंक निरीक्षणको क्रममा पत्ता लागेपछि प्रशिद्ध विदेशी कमिशन एजेन्ट, व्यापारी र उद्योगपति मोहनगोपाल खेतान गिरफ्तार भएका छन्। काठमाडौं जिल्ला अदालतले १२ करोड ४० लाख ४६ हजार ३६० रुपैयाँको धरौटीमा उनलाई छोड्ने आदेश दिए पनि धरौटी रकम नमिल्नाले उनी अझै अस्पतालकै बेडमा "थुना" मा छन्।

सरकार यो मुद्दालाई आफ्नो भ्रष्ट छवि जनतासामु पखाल्न साबुन पानीको रुपमा प्रयोग गर्न खोज्दैछ। तर खेतान प्रकरणसंगै सरकारको भ्रष्ट छवि अरु भ्रष्ट देखिने संभावना पनि उदांगो हुँदै गएको छ।

विदेशी बैंकमा अनुचित खाता हुने मानिसहरुलाई कार्बाही गर्न थाल्नु बेठीक कुरा होइन, त्यो त जनताको माग नै हो। तर हालै छापाहरुले लेखेका छन् - त्यस्तो विदेशी बैंकमा खाता हुने मानिस एक जना खेतान मात्रै होइनन् स्वयम अर्थ राज्यमन्त्री महेश आचार्यको जर्मनी बैंकमा, प्र.म.का पूर्व सल्लाहकार निरंजन कोइरालाको अमेरिकी बैंकमा, राष्ट्रिय योजना आयोगका उपाध्यक्ष रामशरण महतको पाकिस्तानी बैंकमा, शा.ने.वा.नि.का अध्यक्ष भुवनेश्वर दैवज्ञको बैंकको बैंकमा खाता छ।

यस्ता खाताहरु खोज्दै गएमा खाता हुने मानिस प्रधानमन्त्री र त्यो भन्दा माथि पनि हुन सक्ने प्रष्टै संभावना छ। के गिरिजा सरकार यी सबलाई पनि सख्त कार्बाही गर्न तयार छ ? तयार छ भने - त्यो कार्य उसले तुरुन्तै थालोस्। यो कमिशनतन्त्र विरुद्धको देश र जनताको लागि स्वागतयोग्य कदम हुनेछ। तयार छैन भने, फगत खेतानलाई कार्बाही गर्ने गिरिजा सरकारको यो नाटक दुई कमिशन एजेन्टका बीचको कमिशनको झगडा मात्र साबित हुनेछ। अरुण तेस्रोका ठेकेदार इटालीयन कम्पनीका कमिशन एजेन्ट खेतानलाई कार्बाही गरेर आफ्नी छोरी सुजाता जोष्टको आफन्तलाई कमिशन एजेन्ट बनाउन मात्रै गिरिजा सरकारले यो कार्बाही गरेको प्रमाणित हुनेछ। ○



### कस्तो खालको क्रान्ति ?

तपाईहरुले हालको नेपालको स्थिति अर्ध सामन्ती एवं अर्ध-औपनिवेशिक चरित्रको भएकाले जनवादी क्रान्ति गर्नु पर्छ भन्नु भएको छ। के शान्तिपूर्ण बाटोबाट जनवाद आउँछ र ? कि सशस्त्र क्रान्ति नै गर्ने ? के कसरी क्रान्ति गर्ने लक्ष्य राख्नु पर्छ भन्ने लाग्छ ?

-ठाकुरप्रसाद पौडेल
बेतौना चोक, बबियाविर्ता गा.वि.स.-३,
मोरङ

### बधाई छ, संग्रौलाज्यू !

कम्युनिष्ट आन्दोलनभित्रकै छद्म रुपीहरुले मार्क्सवादलाई धमिल्याउँदै लगिरहको यस अवस्थामा प्रज्ञान रत्नको लेखमाथि गरिएजसरी खग्रेन्द्र संग्रौलाज्यूले गर्नु भए झै सशक्त रुपमा मार्क्सवादी विश्लेषण हुनु जरुरी छ। तसर्थ मार्क्सवादी खोल आढेका र सत्ताको सिता टिप्ने पीत-पत्रकार, लेखक र रचनाकारहरुलाई समयमै नांगेझार पारी मार्क्सवादी दर्शनलाई अझ सशक्त रुपमा लैजानु हुनेछ, शुभकामना !

-जगवीर, सिमिकोट, हुम्ला

### अन्य फाँटमा पनि अन्तर्क्रिया

यसलाई अझ उच्चस्तरीय बनाउन नेपालका कला, साहित्य, शिक्षा संस्कृति, धर्म र दर्शन तथा अन्य फांटका, यस पत्रिकाको उद्देश्यसगं सहमत, कर्मी हरुलाई पनि व्यापक, गम्भीर र सूक्ष्म ढंगले समेटदै, ठाउ दिदै जानु पर्ने आवश्यकता देखिन्छ। किनकि अन्तर्क्रियालाई चलाउदै नेपाली समाजको आमूल परिर्वतन गर्ने अभियानमा अग्रसर यस पत्रिकाले बाञ्छित लक्ष्यमा पुग्न मानवजीवनका एक पक्षमा मात्र बढी ध्यान दिएर नहुने भएकाले सम्पूर्ण पक्षमा गहनतम रुपले र जिम्मेवारी पूर्ण ढगंले ठोस र सशक्त ध्यान दिनु पर्ने अत्यन्त आवश्यकता देखिन्छ।

गंगाधर पौडयाल
पाङवडहरे गा.वि.स.
पर्वत

### साउदी अरबबाट शोक र घृणा

मूल्याङ्कन पत्रिका यस खाडी क्षेत्रमा बसेर पनि पढ्न पाउंदा म स्वदेशमा नै रहेको अनुभूति हुन्छ।

यहाँ म जस्तै वाम समर्थक सबै दुखी भईरहेका छौं। हामी क. मदन भण्डारी र क. जीवराज आश्रितको शोकाकुल परिवारलाई म हार्दिक समवेदना प्रकट गर्दछु। आज देश र जनताले आसाका विन्दु गुमाउनु परेकोछ। तर हामी उहाँहरुले देखाउनु भएको बाटोमा हिड्ने प्रण गर्दछौं।

मैले सम्झना दाहालको हत्याको विवरण पढें र मेरो आंखांबाट आँसु आयो, ने.का. सरकारप्रति घृणा जाग्यो। ने.का. प्रति र त्यसका नेताप्रति दया पनि जाग्यो - शीर्षस्थ नेताहरुको वचकना राजनीति देखेर।

जयविक्रम श्रेष्ठ "फकिरा"
वुष्टान सकाका
साउदी अरब

### सामग्री कम तर उत्तम !

क. भण्डारी र क. आश्रित सम्बन्धी साभग्री कम भएतापनि लेख उत्तम, खोजपूर्ण भएकाले मन प्रसन्न भयो !

-आयोद धौम्य "निर्मल"
छाङ. पिपलटार, तनहुँ

### मार्क्सवादको प्रांरभिक ज्ञान

विश्वबाट कम्युनिज्म खतम भयो भनेर नारावाजी भइरहेको बेला कम्युनिष्ट सत्ता भएंका बाँकी देशहरु पनि खुला वजार अर्थतन्त्रको कारणले पलायन हुदैछन भनेर हुइय। चलाइएको छ। त्यसैले मुल्याकंनले ती देशहरुको वस्तुस्थिति, घटना प्रवाह र लेखहरुमा प्रकाशित गरी यर्थातता छर्लङग्यांई दिनेछ भन्ने कुरामा आशावादी छु। साथै, दर्शन सम्बन्धी स्थायी स्तम्भ राखियोस। त्यसमा मार्क्सवादको प्रारम्भिक चरणबाटै सरल रुपमा लेखहरु प्रकाशित गर्दै रहेमा ग्रामिण स्तरमा वढी लाभदायक र शिक्षाप्रद हुनेछ भन्ने मैले ठानेको छु।

-भक्ति पाण्डे
कोपवा -७,झण्डा
कपिलवस्तु


**केवल दिनको रु. १०/- जम्मा गर्नु भई निम्न लिखित फाईदा उठाउनु होस्।**

○१. सदस्य भएको मिति देखि २४ महिनाभित्र विरामी भएमा अस्पतालमा लाग्ने औषधी खर्च निशुल्क पाउनु हुने छ।

○२.केही गरी सदस्यको मृत्यु भएमा परिवारले पूरा रकम फिर्ता पाउनु हुनेछ।

○३. सदस्य भएको मिति देखि ३ महिना पछि साना-तिना व्यापार गर्न, साना-तिना उद्योग गर्न वा छोरा-छोरीहरुको व्यवहार गर्नको लागि सापटी पाउनु हुने छ।

अन्य जानकारीको लागि सम्पर्क राख्नुहोस्।
**हिमालय ढिकुरी कार्यक्रम नेपाल,**
ताहाचल, नेपाल फोन २७०५८६।

दृष्टि साप्ताहिक
प्रत्येक बुधवार प्रकाशित हुने
अवश्य पढ्नुहोस् !

# शक्तिको प्रतीक



यो शक्तिशाली सिंह पनि कहिले काँही कमजोर हुन्छ
जीव हो नि ।
तर म सधैं शक्तिशाली रहन्छु ।
यसका लागि चाहिने सबै गुणहरु ममा विद्यमान छन्।
यसो नठान्नु होला, यो आत्मश्लाघा होइन। म आत्मकथा मार्फत केही तथ्यको
जानकारी गराउन मात्र खोज्दैछु ।

अब २२४ छर्कमा (२६ ४ १२) तौल ट्याग सहित

## किनकि

१. म आयातित उच्च गुणस्तरका कच्चा पदार्थबाट बनी आधुनिक प्रयोगशालामा परीक्षण गरेपछि मात्र बजारमा आउंछु ।
२. सबैभन्दा महत्वपूर्ण कुरा, मेरो गुणस्तरको कारणले गर्दा नै मैले अन्य साथीहरूभन्दा पहिले नेपाल गुणस्तर चिन्ह (N) प्राप्त गरेको छु ।
३. गुणस्तरमा मात्र होइन , म अब तौलमा पनि विश्वास दिलाउन सक्दछु । किनकि अब त मेरो प्रत्येक मुठा (बण्डल)मा "वजन ट्याग" पनि रहनेछ ।
४. अतः "वजन ट्याग" हेरेर किन्नुस ,शंकाको ठाउँ नै रहनेछैन ।

## याद राख्नुस्

घर तपाईको प्रतिष्ठा हो, त्यसमा सम्झौता किन ?

आजै पंचकन्याका फलामे छडहरुका लागि नजिकका विक्रेताहरुसंग सम्पर्क राख्नुहोस् ।

सर्वप्रथम नेपाल गुणस्तर चिन्ह (N) प्राप्त फलामे छड

पंचकन्या....... विश्वसनीयताको प्रतीक

**पंचकन्या आइरन इण्डष्ट्रीज प्रा. लि.**
कोटिहवा, भैरहवा फोन : २०३१८, २०५०२
प्रधानकार्यालय :
पो.ब.नं २७४३, कृष्णगल्ली, ललितपुर, फोन ५२११९१

## नयाँ टायरको एक मात्र विकल्प

विश्व प्रसिद्ध अमेरीकी बैण्डेग प्रविधिमा
चिसो प्रकृयाबाट टायर रिसोलिङ्ग
गराउनु भई न्यूनतम मूल्यमा
अधिकतम किलोमिटरको उपभोग गर्न

**पंचकन्या कोल्ड रिट्रिडस प्रा.लि.**

पाटन औद्योगिक क्षेत्रमा नै टायर
रिसोलिङ्ग गराउनु होस् ।
पंचकन्या —— विश्वसनीयताको प्रतीक –
फोन नं. ५२११८९



# सुनियोजित परिवार, सुखको आधार




परिवार नियोजनका लागि
पुरूषहरूले प्रयोग गर्ने भरपर्दो,
अस्थायी साधन ढाल

नेपाल सि आर एस कम्पनी

MULYANKAN
A magazine for Thought-Interaction
ल.पु.जि.प्र.का द.नं. ११।०४१।५० म.क्षे.हु.नि./हु.द.नं. ४८।०४१।५०

फलाम जगतमा दशकौं पुरानो नाम
एभरेष्ट आईरन एण्ड स्टील प्रा. लि.
विराटनगरबाट उत्पादित

TESTED TORSTEEL

बलियो, किफायति र स्तरीय "एभरेष्ट छड"

आज गरिने ठूला - ठूला भवन, पुल, बाँध आदिको निर्माणमा "एभरेष्ट छड" प्रयोग गरी दशकौं सम्मको इतिहासलाई जिउँदो राखौं ।

कुनै पनि निर्माणको बलियो आधार
"एभरेष्ट छड" (TESTED – TORSTEEL)

विश्वसनीयताको प्रतीक
एभरेष्ट आईरन एण्ड स्टील प्रा. लि.

पो.ब.नं. ३६८, धाख्वा भवन, तेस्रो तल्ला धर्मपथ, काठमाडौं, नेपाल ।
फोन नं. २२०८७०, २२२९५१, २२३२१२
विराटनगर कार्यालय: भानुटोल फोन: २६४८२, २३२१५

प्रत्येक वण्डलमा उद्योगको "प्रतीक चिन्ह एभरेष्ट" अंकित ट्याग झुन्ड्याइएको हुन्छ ।

Division of NE Group